१४२ मोटोपनमा–तुलसीको रस ६ मासामा मह ६ मासा मिलाएर खाली पेटमा केही दिन नियमित रूपले सेवन गर्नाले मेदोवृद्धि (पेटको बोसो बढ़ेर शरीर भद्दा हुने) रोग नष्ट हुन्छ।

१४३ अथवा–तुलसीको रस ६ मासा मनतातो पारेर मिश्री र मह मिलाएर पिउनाले पनि स्थूलता नष्ट हुन्छ।

१४४ कलेजो र फियो बढ़ेमा–तुलसीको रस ६ मासा पिउने गर्नाले र छाती-कोखमा लगाउने गर्नाले पनि कलेजो र फियो बढ़ेको रोग नष्ट हुन्छ।

१४५ सूज (सुनिने) मा–तुलसीपत्र पिंधेर लगाउनाले सूजन नष्ट हुन्छ।

१४६ अथवा–तुलसी-पत्र र मकोय (धोतिलाएको फल) पिंधेर लगाउनाले सुनिएको नष्ट हुन्छ।

१४७ कुष्ठ (महारोग) मा–तुलसीको पातको रस एक तोला खाने र कुष्ठमा लगाउने पनि गऱ्यो भने केही दिनमा महारोग (कोढ़) नष्ट हुन्छ।

१४८ गजकर्ण कुष्ठमा–तुलसीको रस ६ मासा र माजूफलको चूर्ण ३ मासा मिलाई खाने गर्नाले र तुलसी तथा कागतीको रस मिलाई लगाउनाले पनि गजकर्ण (हात्तीको छालाजस्तो हुने रोग) नष्ट हुन्छ।

१४९ दाद र चिलाउने रोगमा–तुलसीको पात कागतीको रसमा पिंधेर लगाउनाले दाद र चिलाउने व्यथा नष्ट हुन्छ।

१५० अथवा–तुलसीको रस गाईको घ्यू र पत्थरको चून काँसाको भाँड़ामा घोटेर लगाउनाले दाद नष्ट हुन्छ।

१५१ अथवा–एक तोला तुलसीको पात र एक पोटो लसुन पिंधी लगाउनाले दाद नष्ट हुन्छ।

१५२ अथवा–तुलसीको पात र रातो माटो पिंधेर लगाउनाले दाद नष्ट हुन्छ ।

१५३ अथवा–तुलसीको पात मात्र दाद भएको ठाउँमा दल्नाले पनि दाद नष्ट हुन्छ ।

१५४ अथवा–तुलसीको रस लगाउनाले पनि दाद, पामा र अरु छालाका रोग सबै नष्ट हुन्छन् ।

१५५ छालाका रोगमा–कालो तुलसीको धूलोमा कागतीको रस मिलाएर लगाउनाले छालाका रोग नष्ट हुन्छन् ।

१५६ अथवा–तुलसीको जराको वरिपरिको माटो शरीरमा लगाएर एक छिनपछि नुहाएर चिसो रुमालले वेसरी पुछ्यो भने छालाका कुनै पनि रोग हुँदैनन् ।

१५७ श्वेतकुष्ठ (सेतोदाग) मा–विहान वेलुका तुलसीको पातको चूर्ण ६ मासा सेवन गर्नाले र तुलसीको पात र जरा वरिपरिको माटो पिंधेर लगाउनाले श्वेतकुष्ठ नष्ट हुन्छ ।

१५८ शीतपित्तमा–तुलसीको रस लगाउनाले शीतपित्त (गर्मीमा उच्छ्रेर गाण्टा-गाण्टी र फुन्सी हुने व्यथा) नष्ट हुन्छ ।

१५९ अथवा–तुलसीको रसमा सिंघेनूनको धूलो मिलाएर घोटेर खटिरामा लगाउनाले शीतपित्त नष्ट हुन्छ ।

१६० मुखको चायामा–तुलसीको पात कागतीको रसमा पिंधेर लगाउनाले मुखको चाया) पोतो वसेको) नष्ट हुन्छ ।

१६१ मुखको कान्ति बढाउनामा–तुलसीको सुकेको पात पिंधेर वुकुवाजस्तो गरी लगायो भने मुखको कान्ति वढ्दछ ।

१६२ रतौंधी (राती आँखा नदेख्ने) मा–तुलसी-पत्रको रस र बोक्रो झिकेको मरिचको चूर्ण घोटेर गोली वनाई छायामा सुकाएर राख्नू । यो गोली महमा घोटेर साँझमा आँखामा लगाउनाले रतौंधी नष्ट हुन्छ ।

१६३ अथवा–तुलसी-पत्र दाँतले चपाएर आएको रसको ४ थोपा रस आँखामा हाल्नाले रक्तान्धता (राती नदेख्ने) रोग नष्ट हुन्छ ।

१६४ कपाल दुखेमा–तुलसी-पत्र, ल्वाङ र सुठो बराबर लिई पिंधेर मनतातो गरी लेप गर्नाले रुघा-सम्बन्धी कपाल दुख्ने रोग नष्ट हुन्छ ।

१६५ अथवा–तुलसी-पत्र छायामा सुकाई धूलो बनाएर नस हाल्नाले शिर पीडा नष्ट हुन्छ ।

१६६ अथवा–तुलसी-पत्र र ल्वाङ पिंधेर लेप गर्नाले शिर-पीडा नष्ट हुन्छ ।

१६७ आधा कपाल दुख्नेमा–तुलसीको मञ्जरी छायामा सुकाई चूर्ण गरेर चौथाई तोलाको मात्रा गरी मह मिलाएर चाटनाले आधा रोग नष्ट हुन्छ ।

१६८ घाँटी दुखेमा–तुलसी-पत्रको रसमा मह मिलाएर चाटनाले घाँटी दुखेको नष्ट हुन्छ ।

१६९ पाठेघरको रोगमा–तुलसीको गेड़ा एक मासासम्म पानीमा पिंधेर[1] नछुने भएको बखतमा ३ दिन पिलायो भने गर्भाशय शुद्ध हुन्छ र गर्भ-धारण हुन्छ ।

१७० अथवा–तुलसीको पात ३ मासादेखि एक तोलासम्म सेवन गर्ने गरे पनि गर्भाशय शुद्ध हुन्छ ।

१७१ व्यथा लागेमा–तुलसीको रस ३ मासादेखि ६ मासासम्म पिलाउनाले प्रसव-पीडा नष्ट हुन्छ र चाँडै बच्चा पैदा हुन्छ ।

१७२ मक्कल[2] शूलमा–तुलसीको गेड़ा एक मासादेखि ६ मासा-सम्म पानीमा १२ घण्टा भिजाउनू र खूबसँग मलेर पिलाउनाले प्रसवपछिको गर्भाशयको पीडा नष्ट हुन्छ ।

१७३ प्रदरमा–तुलसी-पत्रको रस २ तोला चौलाईसँग सेवन गर्नाले र दूध-भात र घ्यू भातको पथ्य सेवन गर्नाले प्रदर रोग नष्ट हुन्छ ।

---

१ कोही रजस्वला भएको अवस्थामा औषधि खानु पनि भएछन् अतः ३ दिन बितेपछि मात्र खानू ।

२–बच्चा पैदा भएपछि पाठेघर खाली भएको हुनाले १ किसिमको शूल र बह लाग्छ, त्यसलाई "मक्कलशूल" भन्दछन् ।

१७४ अथवा–तुलसीको गेड़ा ३ मासासम्म साँझमा भिजाएर बिहान मर्दन गरी छानेर पिउनाले प्रदर नष्ट हुन्छ ।

१७५ रक्त प्रदरमा–तुलसी-पत्रको रस ६ मासा र मिश्री ६ मासा सेवन गर्नाले रक्त-प्रदर नष्ट हुन्छ ।

१७६ आमाशयको रक्त-स्रावमा–तुलसीको जराको चूर्ण एक मासासम्म पानको बीड़ामा राखेर खानाले आमाशयबाट हुने रक्त-स्राव नष्ट हुन्छ ।

१७७ बच्चाको जरो र खोकीमा–तुलसी-पत्रको रस सवा तोला, मह २॥ तोला, अदुवाको रस आधा तोला र ज्वानोको चूर्ण आधा तोला मिलाएर राख्नू । यसबाट १० देखि ३० थोपासम्म अवस्था हेरी बच्चालाई दिनाले बच्चाको कफज्वर र खोकी नष्ट हुन्छ ।

१७८ अथवा–तुलसीको रस सवा तोला, मिश्री आधा तोला र मरिचको धूलो ५ रत्ती मिलाएर अवस्थानुसार १० देखि ३० थोपासम्म बालकलाई दिनाले जरो र खोकी नष्ट हुन्छ ।

१७९ अथवा–तुलसीको रस ६ मासादेखि एक तोलासम्म, पिप्लाको धूलो ३ रत्ती र मिश्री आधा तोला मिलाएर पिउनाले बच्चाको ज्वर नष्ट हुन्छ ।

१८० अतिसार (बच्चाको) मा–तुलसीको गेड़ा एक मासा पिंधेर आमाको दूध वा गाईको दूधसँग चटाउनाले अतिसार नष्ट हुन्छ ।

१८१ जुका (कृमी) मा–तुलसीको रस ३ मासादेखि एक तोलासम्म मनतातो गरी पिलाउनाले बच्चाको पेटका जुका नष्ट हुन्छन् ।

१८२ अथवा–एक तोला तुलसीको रस मनतातो पारेर त्यसमा मरिचको चूर्ण ३ रत्ती र कालीकाठ (वायुविडङ्ग) को गेड़ा ३ लाल मिलाएर सेवन गर्नाले जुका मर्दछन् ।

१८३ बच्चाको पेट फुल्ने मा–तुलसीको पातको लेदो बनाएर एक मासादेखि ३ मासासम्म चटाउनाले पेट फुल्ने आदि रोग नष्ट हुन्छन् ।

१८४ अथवा–तुलसी-पत्रको रस ३ मासासम्म मनतातो पारेर पिउ-

नाले बच्चाको दिशा खलास हुन्छ र पेट फुल्ने आदि रोग नष्ट हुन्छन् ।

१८५ अथवा–तुलसीको जराको ६ मासा काढ़ामा मिश्री मिलाएर पिलाए पनि हुन्छ ।

१८६ अथवा–तुलसीको रस एक मासा र पानको रस एक मासा लिएर मनतातो गरी पिउनाले बच्चाको पेट फुल्ने आदि रोगहरू नष्ट हुन्छन् ।

१८७ खोकीमा–एक तोला तुलसी-पत्र र एक तोला मरिच पिंधेर मुगीजत्रो गोली बनाउनू । रात दिनमा ३-४ पटक बच्चालाई खुवाउनाले खोकी नष्ट हुन्छ ।

१८८ दममा–तुलसीको पत्र र मञ्जरीको एक तोला काढ़ा बनाएर शखर हालेर पिलाउनाले बच्चाको दमको रोग नष्ट हुन्छ ।

१८९ अथवा–तुलसीको रस अवस्थानुसार एकदेखि ३ मासासम्म मह मिलाएर दिनाले दम नष्ट हुन्छ ।

१९० वमनमा–तुलसीको रस ३ मासा र मह ३ मासा अवस्थानुसार सेवन गराउनाले वमन नष्ट हुन्छ ।

१९१ अथवा–तुलसीको गेड़ा एक मासादेखि ३ मासासम्म पिंधेर दूधमा दिनाले वमन नष्ट हुन्छ ।

१९२ शूलमा–तुलसीको रस ६ मासामा सुठोको चूर्ण आधा मासा हालेर दिनाले पेटको शूल नष्ट हुन्छ ।

१९३ अथवा–तुलसीको रस ३ मासा र अदुवाको रस ३ मासा मिलाएर मन तातो पारी पिलाउनाले बच्चाको शूल आदि पेटका विकार नष्ट हुन्छन् ।

१९४ कलेजोको रोगमा–तुलसी-पत्रको लेदो ३ मासादेखि ६ मासासम्म दिने गर्नाले कलेजासम्बन्धी रोग नष्ट हुन्छन् ।

१९५ बिफरमा–तुलसीको रस ३ मासा सेवन गराउनाले बच्चाको बिफर-सम्बन्धी रोग नष्ट हुन्छ ।

१९६ अथवा–तुलसी-पत्र र ज्वानो पिंधेर ३ मासादेखि एक तोलासम्मको मात्रामा सेवन गराउनाले बिफरको जरो नष्ट हुन्छ र बिफर-

सम्बन्धी अरू रोग पनि नष्ट हुन्छन् ।

१९७ अथवा–तुलसीको मञ्जरी ज्वानो र अदुवा ३।३ मासा पिंधेर दिनाले विफर नष्ट हुन्छ ।

१९८ अथवा–तुलसीको रस एक मासादेखि ३ मासासम्म अथवा तुलसीको ७ पात चौलानीमा पिंधेर पिलाउनाले विफरको दाह नष्ट हुन्छ ।

१९९ दादुरा र ठ्यौलामा–तुलसी-पत्रको रसमा ज्वानो पिंधेर लगाउनाले दादुरा र ठ्यौला राम्रोसँग नआएको भए आराम हुन्छ ।

२०० बच्चाको दाँत आउने बेलामा–आधा रत्ती तुलसीको गेडाको चूर्ण दिनाले बच्चाको झाड़ा लाग्ने आदि उपद्रव (दाँत आउने बेलाका)नष्ट हुन्छन् ।

२०१ नीरोग रहनेमा–तुलसीको रस र मिश्री मिलाई ५-१० थोपा पिलाउनाले बालक स्वस्थ (निरोग) रहन्छन । अरू रोग लागेको भए पनि आराम हुन्छ ।

२०२ अरू धेरै व्यथामा–तुलसीको रस र अदुवाको रस बराबर मिलाएर तताउनू, चिसो भएपछि त्यसैमा मह मिलाएर पिलाउने गर्नाले बच्चाको पेट फुल्ने, कोष्ठबद्धता, अजीर्ण, वमन, हिक्का, दम, खोकी, जरो र रुघा आदिको डर हुँदैन र बच्चा स्वस्थ रहन्छन ।

२०३ बच्चाको वात-विकारमा–तुलसी-पत्रको २ मासा रसमा मरिचको चूर्ण ३ लाल र मह ३ मासा मिलाएर पिलाउनाले वात-विकार नष्ट हुन्छन् ।

२०४ विषमा–जुनसुकै विष पेटमा परेको भए पनि पिउन सकेसम्म तुलसीको रस पियो भने त्यसको विकार शान्त हुन्छ ।

२०५ हरितालको विषमा–५ तोला तुलसीको रस एक सप्ताहसम्म पिउनाले अशुद्ध हरितालको विष नष्ट हुन्छ ।

२०६ लामखुट्टेको विषमा–तुलसीको रस लगाउनाले लामखुट्टेको विष नष्ट हुन्छ ।

२०७ बिच्छीको विषमा–तुलसी-पत्र चतुर्गुण(चारगुना) पानीमा पिंधेर ५–५ मिनटमा पिलाउनू र लगाउनू, बिच्छीले टोकेकोमा फाइदा गर्छ ।

२०८ अथवा–तुलसी-पत्र, कागर्ताको रस र गहुँत पिंधेर लेप गर्नाल बिच्छीको विष नष्ट हुन्छ।

२०९ अथवा–तुलसी-पत्र, चपाउनाले र त्यसैको रसमा सिंधेनून मिलाई बिच्छीले टोकेको ठाउँमा लगाउनाले बिच्छीको विष शान्त हुन्छ।

२१० अथवा–तुलसीको गेड़ा २ तोला र मरिच १५ दाना पानीमा पिंधेर मिलाउनू र टोकेको ठाउँमा तुलसीको पात र जरा पिंधेर लगाउनाले बिच्छी र बारुलाको विष शान्त हुन्छ।

२११ बारुलोको विषमा–तुलसीको रस पिलाउनू र लगाउनू, बारुलाको विष नष्ट हुन्छ।

२१२ सर्पको विषमा–तुलसी-पत्रको रस कानमा र आँखामा हालिदिनू र पिलाई दिनू। तुलसीको जरा पानीमा घोटेर टोकेको ठाउँमा लगाई दिनू, सर्पको विष नष्ट हुन्छ।

२१३ अथवा–५ तोला तुलसी-पत्र खुवाउनू र तुलसीको जरा नौनीमा पिंधेर लेप जस्तो बनाउनू र लगाउनु (यो लेप सेतो रङ्गको हुन्छ, लगाएपछि यसले सर्पको विष तान्छ र कालो हुँदै जान्छ। जब कालो भइ सक्छ तब त्यो लेप हटाएर आर्को पटक फेरि लेप लगाउनू, यस्ता प्रकारले धेरै पटक लगाउनू) साँपको विष शान्त हुन्छ।

२१४ अथवा–२ तोला तुलसी-पत्र र मरिच १०-१५ दाना पिंधेर आधा-आधा घण्टामा पिलाउनू। तुलसी-पत्र र तुलसीको जरा पिंधेर टोकेको ठाउँमा लगाउनू, सर्पको विष शान्त हुन्छ।

२१५ अथवा–सर्पले टोकेको मानिस मूर्च्छा परेको छ भने तालुमा अलीकति छुराले घाउ पारेर त्यस घाउमा कालो तुलसीको पात बाँधेर रस पनि हाल्नू सर्प-विष नष्ट हुन्छ। (तुलसीको रस पनि धेरै पटक पिलाउँदै गर्नू)।

२१६ मूसाको विषमा–तुलसीको रसमा अफीम घोटेर लगाउनाले मूसाको विष नष्ट हुन्छ।

कागती

कब्जियत १, २, ३
अजीर्ण ४, ५
शूल ६
ग्रहणी ७
अतिसार ८, ९
रगतमार्सी १०
झाड़ावान्त(हैजा) ११ देखि १६ सम्म
हैजाको प्यास १७, १८
वमन १९ देखि २६ सम्म
पिसाव वन्द भएमा २७
अलकाई २८, २९
हिक्का ३०, ३१
फियो बढ़ेमा ३२
मौसमी जरो ३३
पित्तज्वर ३४
रुघाको जरो ३५
औलाको जरो ३६, ३७, ३८, ३९
जरोको प्यासमा ४०, ४१
जरोको वमनमा ४२
जरोको कपाल दुखेमा ४३
तागत वढाउनामा ४४
रक्तविकारमा ४५
जुकाम ४६
कपाल दुखेमा ४७, ४८, ४९
आधा दुखेमा ५०
खल्वाटमा ५१
शिर रूखो भएमा ५२
कान दुखेमा ५३
आँखाको रोग ५४
मोतीविन्दु ५५
राती नदेखेमा ५६, ५७
नाथ्रो फुटेमा ५८, ५९
दादमा ६०
छ्याक र दुवीमा ६१
चिलाउनेमा ६२, ६३
अण्डकोश चिलाउनेमा ६४
शिरको खटिरा ६५, ६६
मुखको खटिरा ६७
मूसामा ६८
कपाल झरेमा ६९ देखि ७३
कपाल वढ़ाउनामा ७४
कपालको जुम्रा ७५
पथरी ७६
उन्माद ७७
छोप्ने व्यथामा ७८
वातरोग ७९
भिरङ्गी ८०
डण्डीफोर र चाया ८१, ८२, ८३

मुखको चाया ८४
बोसो बढ़ेमा ८५, ८६
पाण्डुरोगमा ८७
रिङटा लागेमा ८८
क्षय र हृदय रोगमा ८९
क्षय र सैन ९०
रक्तस्रावमा ९१
रुघा लागेमा ९२
न्यूमोनियाँमा ९३
दाँत र मुख शुद्धिमा ९४, ९५
छालाको रोगमा ९६
गर्मी भएमा ९७
बालकको हिक्का ९८
बालकको पिसाव रोकिएमा ९९
बालकको दूध वमनमा १००, १०१
बालकको भकभकाउनेमा १०२
पित्तलको भाँड़ा सफा गर्ने १०३
चाँड़ै दही जमाउनु परेमा १०४
पानीको दोषमा १०५
हावा शुद्ध गर्नमा १०६
घ्यू धेरै खाएमा १०७
प्रसवमा १०८, १०९
गर्भाशयको शुद्धिमा ११०
गर्भाधान १११, ११२
पाठेघर सुनिएमा ११३
छोरा नभएर छोरीमात्र भएमा ११४
सर्पको विषमा ११५
विच्छीको विषमा ११६, ११७
माकुराको विषमा ११८
वारुलो र माउरीको विषमा ११९
धतुरोको विषमा १२०
हरितालको विषमा १२१
नीलोतुथोको विषमा १२२
रक्सीको विषमा १२३
भाङको विषयमा १२४, १२५
पशुको रगतमा १२६
सर्प र अफीमको विषमा १२७

नेपाली—कागती। हिन्दी—नीबू। संस्कृत—निम्बुक।

१ दिशा खलास नहुने (कब्जियत) मा—दुइ दाना कागतीको वाहिर-को हरियो बोक्रा झिकेर सेतो बोक्रा समेतको चौटा दगल्च्याई यौटा काँचको गिलासमा हाल्नू र त्यसमा पानी पनि हालेर राती ओसमा राख्नू र बेहान मिचेर छान्नू र पिउनू। दिशा खलास भई आन्द्राको कमजोरी पनि हट्दछ।

२ अथवा—दुइ आंटा कागती निचोर्नू र पानी मिलाएर पिउनू। यस्तै प्रकारसंग दिनको ३ पटक (बेहान, दिउसो र बेलुका) पिउनाले दिशा खलास हुन्छ।

३ अथवा–दुइ ओटा कागतीको रसमा तातो पानी र चिनी मिलाएर पिउने गर्नाले दिशा खलास हुन्छ ।

४ अजीर्णमा–यौटा कागतीको दुइ फ्याँक पारेर त्यसमा सुठो र सिंधेनुनको धूलो दलेर आगामा सेकाउनू र चुस्नू, अजीर्ण नष्ट हुन्छ ।

५ अथवा–कागतीको रस छः मासा, अदुवाको रस छः मासा र सिंधेनुन एक मासा मिलाई चाटनू र खाना खानू; अजीर्ण नष्ट हुन्छ ।

६ शूलमा–कागतीको रस आधा पाउ, विरेनुन दुइ तोला र हिङ ६ मासा लिई पहिले बोतलमा कागतीको बोक्रो झिकेको गुदी हाल्नू र त्यसमाथि विरेनुन हाल्नू, गुदी गलेपछि हिङ हाल्नू र मुख बन्द गरी २१ दिनसम्म भुइँमा गाड़िदिनू, अनि झिकेर रोज एक तोला पिउने गर्नू, शूल नष्ट हुन्छ । कागतीको बोक्रा खाए पनि वायुको शूल नष्ट हुन्छ ।

७ ग्रहणीमा–यौटा कागती दुइ फ्याँक पारेर यौटा फ्याँकमा आधा रत्ती अफीम हाल्नू र आर्को फ्याँकले छोपिदिनू र आगोमा सेकाउनू । ठण्डा भए पछि निकालेर चुस्नू ग्रहणी नष्ट हुन्छ ।

८ अतिसारमा–कागतीको रस एक मासामा अफीम आधा लाल घोटेर चाट्नाले अतिसार नष्ट हुन्छ ।

९ अथवा–यौटा कागतीको रसमा आधा माना पानी मिलाउनू र पिलाउनू । यस्ता प्रकारले ५-७ पटक पिलाएपछि दिशा बन्द हुन्छ ।

१० रगतमासीमा–कागतीको रस तीन मासामा अफीम आधा रत्ती मिलाएर दूधसँग पिउनाले आउँ-मासी नष्ट हुन्छ ।

११ झाडावान्त (हैजा) मा–हैजा फैलिएको बखतमा दुइटा कागती प्रतिदिन खानासँग खानाले हैजाको डर हुँदैन ।

१२ अथवा–१।२ तोला कागतीको रस दिनाले हैजा नष्ट हुन्छ !

१३ अथवा–कपूर एक तोला र ज्वानो डेढ़ पाउ कुटेर कागतीको रसमा मुछेर मरिच-बराबर गोली बनाउनू एक-एक घण्टामा तातो पानीसँग खान दिनू, हैजा दूर हुन्छ ।

१४ अथवा–बिमिरोको बियाँ १५ दाना, दुइ तोला पानीमा पिंधेर

पिउनाले हैजा नष्ट हुन्छ ।

१५ अथवा–कागतीको रस दुइ मासा, भुटेको जीरा एक मासा, ल्वाङ चार लाल र मरिच चार लाल पिंधेर चटाउनू । हैजा नष्ट हुन्छ ।

१६ अथवा–कागतीको बोका र गेड़ा समेत खलमा राखी खूब पिंधनू । चटनी जस्तो भएपछि नुन हालेर चटाउने गर्नू हैजा नष्ट हुन्छ ।

१७ हैजाको प्यासमा–दुइ तोला सिंधेनून एक पार्था पानीमा मिलाउनु र पकाउनु, ४ माना पानी बाँकी रहेपछि कपड़ामा छान्नू र त्यसमा तीन मासा कागतीको रस हालेर माटाको भाँड़ामा राख्नू । हैजामा यही पानी बराबर पिलाउनु । यसले प्यास शान्त हुन्छ ।

१८ अथवा–कागतीको रस एक तोला, अफीम आधा रत्ती र मिश्री तीन तोला आधा माना पानीमा मिलाएर पिलाउनु । यसले प्यास, दाह र छाती ढुक्-ढुक गर्ने पनि आराम हुन्छ ।

१९ वमनमा–कागतीको रस चूसनाले पनि वमन शान्त हुन्छ ।

२० अथवा–बिमिरोको जरा छः मासा पानीमा घोटेर छः मासा मह मिलाई पिलाउनु । यसले वमन शान्त हुन्छ ।

२१ अथवा–एक चमचा कागतीको रस दुइ चमचा पानीमा दुइ चमचा मिश्री मिलाएर चाट्नाले वमन शान्त हुन्छ ।

२२ अथवा–कागतीको बोक्राको खरानी एक मासामा मह मिलाएर चाट्नाले वमन नष्ट हुन्छ ।

२३ अथवा–कागतीको रस एक तोला वा कागतीको शर्बत पिलाउनाले पित्तप्रकोपबाट उत्पन्न भएको वमन-विकार नष्ट हुन्छ ।

२४ अथवा–एक मासा बिमिरोको रस, एक मासा मह र एक मासा पिप्ला मिलाई चाट्नाले वमन बन्द हुन्छ ।

२५ अथवा–पैत्तिक वमनमा कागतीको बियाँ छः मासा पिंधेर छानेर पिलाउनू । वमन नष्ट हुन्छ ।

२६ अथवा–कागती काटेर डोरीमा उनी झुण्ड्याएर घाममा राख्नु । सुकेपछि उसको चार गुना मिश्री मिलाएर चूर्ण गरेर राख्नू ।

वमनमा पानीसँग खानू (नमकीन बनाउने इच्छा भए मिश्रीको सट्टा नुन हाले पनि हुन्छ) वमनको रोग नष्ट हुन्छ ।

२७ पिसाब बन्द भएमा–कागती दुइ फ्याँक बनाउनु र यसको गेड़ा झिकेर फ्याँक्नु, त्यसमा कलमी सोरा हालेर आर्को फ्याँकले बन्द गर्नू र कोइलाको आँचमा तताउनु र नाभिको वरिपरि मलिदिनु । एक छिन पछि पिसाब खुल्दछ ।

२८ अलकाई (अर्श) मा–कागतीको फ्याँक पारी सिंधेनुन मिलाएर चुस्ने गर्‍यो भने अलकाईबाट रगत झर्न बन्द हुन्छ ।

२९ अथवा–यौटा गिलासमा एक माना गाईको दूध लिनु र एक तोला कागतीको रस मुखमा हाल्नु र हाल्ने बित्तिकै दूध पिई हाल्नु । एक छिन पनि ढीला नगर्नु, दूध निली हाल्नु) अलकाई निको हुन्छ ।

३० हिक्कामा–बिमिरोको दुइ तोला रसमा छः मासा मह र तीन मासा बिरेनुन मिलाएर सेवन गर्नु । हिक्का नष्ट हुन्छ ।

३१ अथवा–दुइ तोला बिमिरोको रसमा तीन मासा सिंधेनुन मिलाएर चटाए पनि हिक्का नष्ट हुन्छ ।

३२ फियो बढ़ेमा–बेहान खाली पेटमा तीन-चार कागतीको रस एक गिलास पानीमा मिलाई उभिएर पिउनु । बढ़ेको फियो नष्ट हुन्छ । कागतीको अचार बनाएर खाए पनि फियो नष्ट हुन्छ ।

३३ मौसमी जरोमा–२॥ तोला कागतीको रस र चिराइतोको काढ़ा २॥ तोला मिलाएर पिलाउनाले मौसमी जरो नष्ट हुन्छ ।

३४ पित्त ज्वरमा–आधा माना मिश्रीको चासनीमा तीन मासा कागतीको रस हाली तताएर खानू, पित्त-ज्वर नष्ट हुन्छ । कागतीको जराको काढ़ा बनाएर पिए पनि जरो नष्ट हुन्छ ।

३५ रुघाको ज्वरमा–कागतीको तीन-तीन मासा रस तातो पानीमा एक-एक घण्टामा दिने गर्‍यो भने रुघाको जरो आराम हुन्छ ।

३६ औलाको जरोमा–कागतीको एक तोला रसमा मिश्री एक तोला मिलाएर पिलाउनु ।

३७ अथवा–कागती चिरेर दुइ फ्याँक गर्नु एक फक्ल्याँटोमा मरिच र सिंधेनुन, आर्को फक्ल्याँटोमा मरिच र मिश्री मिलाएर आगोमा तताउनु र चुस्नु । औलोमा फाइदा गर्छ ।

३८ अथवा–२॥ माना तातो पानीमा दुइटा कागतीको रस र ५ तोला चिनी हाल्नु, ठण्डा भएपछि २॥-२॥ तोलाको मात्रा गरी दिउँसो ६-७ पटक पिउन दिनू, यसले जरो उन्छ ।

३९ अथवा–यौटा कागतीको दुइ टुक्रा गर्नु प्रत्येक टुक्रामा एक-एक रत्ती अफीम घसेर तताउनु । जरो आउनुभन्दा दुइ घण्टा पहिले एक टुक्रा चुस्नु । औलो नष्ट हुन्छ ।

४० जरोको प्यासमा–कागतीको शर्बत पिउनाले प्यास र जरोको वेगलाई कम गर्दछ ।

४१ अथवा–४-५ ओटा कागतीको पातको बोक्रा झिकेर फ्याँकीदिनु र गेड़ा छोड़ाएर दगल्च्याउनु र पत्थरीमा वा माटोको भाँड़ामा राखेर त्यसमा एक माना तातो पानी हालिदिनु र मनतातो भएपछि १ पाउ मिश्री या चिनी हालेर मिचेर छानेर पिउनु । यसले जरोको प्यास र गर्मीलाई फाइदा गर्छ ।

४२ जरोको वमनमा–जरोमा वमन छ भने कागती दुई फ्याँक पारेर त्यसमा मरिच नुन अथवा चिनी मिलाएर चुस्नु बन्द हुन्छ ।

४३ जरोको कपाल दुखेमा–कागतीको रस, अदुवाको रस, सिंधेनुन तीन चीज बराबर लिएर तताउनु । यो नसजस्तो गरेर सुँघ्नू । छिक्का आउँछ, कफ निक्लन्छ र कपाल दुखेको निको हुन्छ ।

४४ तागत बढ़ाउनेमा–दुइ तोला सफा किसमिस यौटा काँचको गिलासमा राखेर यौटा कागतीको रस र पानी भरिदिनु र राती खुला शीतमा राखी दिनु । बेहान गिलास हल्लाएर रस पिउनु र एक-एक गरेर किसमिस पनि खाई दिनू । तागत खूब बढ़दछ ।

४५ रक्त-विकारमा–चार-पाँच तोला कागतीको रस र पानी बराबर मिलाएर खाली पेटमा पिउनू । रगतको विकार नष्ट हुन्छ ।

४६ जुका परेमा–बिमिराको सुकेको बोक्रा एक तोलाको काढ़ा बनाएर पिउनु, जुका नष्ट हुन्छ। (कागतीको बियाँको धुलो बनाई पानीसँग खानाले पनि पेटका जुका मर्दछन्)।

४७ कपाल दुखेमा–कागतीको बोक्रा खूबसँग पिंधनू, लेप जस्तो भए पछि कपालमा लेप गर्नू। यसले आधाकपाल दुख्ने पनि फाइदा गर्छ।

४८ अथवा–कागतीको दुइ फ्याँक बनाएर आगोमा तताएर कपाल दुखेको ठाउँमा सेक्नू।

४९ अथवा–चिया पकाउन् र त्यसमा दूधको साटो कागतीको रस मिलाएर तातातै रोगीलाई पिलाउन्। शिर-शूल तत्काल बन्द हुन्छ।

५० आधा दुखेमा–जतापट्टिको कपाल दुखेको छ, त्यसको आर्को-पट्टी अर्थात् कपाल नदुखेपट्टी चार-पाँच थोपा कागतीको रसको नस हाल्नू, आराम हुन्छ।

५१ खल्वाट भएमा–कागतीको बियाँ पानीमा पिंधेर लेप लगाउन्, रौं फेरि उम्रन्छ र खल्वाट नष्ट हुन्छ।

५२ शिर रूखो भएमा–कागतीको रस मनतातो पानीमा मिलाएर टाउकोमा हालेर मल्नू, यसले मयल पनि नष्ट हुन्छ र रूखोपन पनि हट्दछ।

५३ कान दुखेमा–बिमिरो, आँप र अदुवाको रस तताएर मन-तातो पारेर तीन-चार थोपा कानमा हाल्नू। कान दुखेको आराम हुन्छ।

५४ आँखाको रोगमा–फलामको खलमा कागतीको रस हालेर फलामकै बत्ताले खल गर्नू, खल गर्दागर्दै बाक्लो भएपछि शीशीमा राखी छाड़नू। आँखामा लेप गर्नाले आँखा रातो हुने र आँखा पोल्ने नष्ट हुन्छ।

५५ मोतीबिन्दुमा–चार तोला असल गाईको नौनीमा दुइटा कागतीको रस मिलाएर खूब घोट्नू र पानी हालेर दुइ दिन राख्नु अनि त्यो पानी फ्याँकी दिनु र फेरि पानी हाल्नु र फेरि फ्याँक्नु यस्ता प्रकारले पचीस पटक पानी फ्याँके पछि नौनी राम्रोसँग राख्नु।

राती सुत्ने वेलामा अलिकति आँखामा लाउनु मोतीविन्दुको पानी रोकिन्छ ।

५६ राती नदेख्ने (रतौंधी) मा–आधा माना बाख्रीको दूध तताएर त्यसमा कागतीको रस हालेर दूध फटाउनु, चीसो भएपछि कपड़ाले छान्नु र त्यसको झोल रोगीलाई पिलाउनु । ७ दिन पियो भने रतौंधी रोग निर्मूल हुन्छ ।

५७ अथवा–रोज दुइ थोपा कागतीको रस आँखामा हाल्नाले रतौंधी आराम हुन्छ ।

५८ नाथ्रो फुटेमा–कागतीको रसको नस हाल्नाले नाथ्रो फुट्ने रोग नष्ट हुन्छ ।

५९ अथवा–कागतीको रस जौको पिठोमा पिंधेर निधारमा लेप गर्नु । नाथ्रो फुट्ने रोग नष्ट हुन्छ ।

६० दाद भएमा–कागतीको रसमा चकमकेको गेड़ा पिंधेर लगाउनु, दाद नष्ट हुन्छ ।

६१ छ्याक र दूवीमा–कागतीको रसमा तिलको तेल मिलाएर दल्नु, दुइ घण्टापछि नुहाउनु, छ्याक (बिफर आदिको नयाँ खत) र दूवी आदिको दाग पनि नष्ट हुन्छ ।

६२ चिलाउने रोगमा–कागतीको रस १ तोलामा नरिवलको तेल दुइ तोला मिलाई शरीरमा मालिश गर्नु र तातो पानीले स्नान गर्नु । चिलाउने रोग नष्ट हुन्छ ।

६३ अथवा–कागतीको रसमा हलेदो र सस्यूं पिंधेर बुकुवा लगाउनाले पनि चिलाउने फाइदा हुन्छ । (कागतीको रसमा बारुद पिंधी लगाए पनि चिलाउने रोग नष्ट हुन्छ) ।

६४ अण्डकोश चिलाउनेमा–गुप्तेन्द्रिय र अण्डकोश चिलाउने भएमा कागतीको रस लगाउनाले फाइदा हुन्छ । (तर एकछिन चर्चर्‍याउँछ) ।

६५ शिरको खटिरामा–कागतीको रस एक तोला, नरिवलको तेल एक तोला र कपूर तीन मासा मिलाएर कपाल छुराले खौरेपछि

कन्याएर लगाउनू र एकछिन् पछि धुनू । खटिराहरू नष्ट हुन्छन् ।

६६ अथवा–कागतीको रसमा अफीम मिलाएर लेप गर्नाले शिरका साना-साना खटिरा, त्यसबाट पानी बग्ने, रौं झर्ने र खल्वाट रोग पनि आराम हुन्छन् ।

६७ मुखको खटिरामा–कागतीको रसमा रसाञ्जन मिलाएर दल्नू मुखका खटिरा नष्ट हुन्छन् ।

६८ मूसामा–पाँच मासा कागतीको रस, पाँच मासा जवाखार, तीन मासा नीलोतुथो र चार मासा स्वाग मसीनो गरी पिंधी मूसा कोच्याएर लगाउनाले मूसा काटिन्छ ।

६९ कपाल झरेमा–कागतीको रसमा अमला पिंधेर कपालमा मल्नाले कपाल झर्न बन्द हुन्छ, कपाल कालो र लामो पनि हुन्छ ।

७० अथवा–कागतीको टुक्रा शिरमा दल्नाले कपाल झर्न बन्द हुन्छ ।

७१ अथवा–कागतीको रसले मात्र कपाल धुनाले पनि कपाल सफा हुन्छ ।

७२ अथवा–कागतीको रस र चिनी लगाएर पाँच-छः घण्टापछि कपाल धुनाले चाया नष्ट भएर कपाल स्वच्छ हुन्छ ।

७३ अथवा–कागतीको रसमा रहरक। दाल पिंधेर धुनाले कपालको रौं स्वच्छ र नरम हुन्छ ।

७४ कपाल बढ़ाउनामा–कागतीको रसमा वरको दाह्री पिंधेर कपालमा मल्नू । एकछिन पछि कपाल नुहाएर नरिवलको तेल लगाउने गर्नाले कपाल झर्न बन्द हुन्छ र कपाल लामा पनि हुन्छन् ।

७५ कपालको जुम्रामा–लशुन पिंधेर रस निकाल्नू र कागतीको रस हाल्नू । यो औषधी कपालमा दल्नाले लिखा र जुम्राहरू नष्ट हुन्छन् ।

७६ पथरीमा–कागतीको रस एक तोला र सिंधेनून तीन मासा मिलाएर सेवन गर्नाले पथरी रोग नष्ट हुन्छ ।

७७ उन्माद (हावा बिग्रे) मा–छायामा सुकाएको कागतीको

बोक्रा छः मासाभा एक माना पानी हालेर रातभरि भिजाई दिनू र बेहान मलेर त्यसमा मिश्री हालेर पिउनू। यसले उन्माद र रिङटामा पनि फाइदा गर्छ।

७८ छोप्ने व्यथामा–दुइ तोला कागतीको रस र आँककको पातको रस दुइ तोला मिलाएर नाकमा पचका हाल्यो भने छोप्ने व्यथा ठीक हुन्छ।

७९ वातरोगमा–कागतीको रसको प्रयोगले नयाँ र पुरानो वातरोग पनि चाँडै नै आराम हुन्छ दिनमा तीन-चार-पटक चार-पाँच तोला कागतीको रस जलमा मिलाएर इच्छानुसार सेवन गर्ने गर्नु। कागतीको रसमा ३ लाल जवाखार र मह मिलाएर खाने गनाले जोर्नि दुख्ने वातरोग नष्ट हुन्छ।

८० भिरङ्गीमा–भिरङ्गी हुने बित्तिकै बराबर कागतीको रस पिउने गर्‍यो भने रोगले दबाउन सक्दैन।

८१ दण्डिफोर चायामा–राती कागतीको टुक्रा मुखमा मल्नु र सुकाउनु। बेहान असल विलायती साबुन र मनतातो पानीले मुख राम्रोसँग धुनु। यसले दण्डीफोर र मुखको पोतो समेत आराम गर्छ।

८२ अथवा–एक-एक कागतीको रस बेहान र बेलुका एक गिलास ताजा पानीसँग पिउनाले शरीर भित्रका दोष र छालाको रङ्ग समेत सफा हुन्छ।

८३ अथवा–दूधमा कागतीको रस मिलाएर मुखमा खूब घस्नु र सफासँग धुनु मुखको रङ सफा गर्छ।

८४ मुखको चायामा–कागतीको रस र मुसुरोको दालको धूलो खूब पिंधनु र बुकुवा जस्तो गरी लगाउनु, मुखको चाया जान्छ।

८५ बोसो बढ्मा–एक तोला कागतीको रस दस तोला पानीमा मिलाएर पिउनाले मोटोपन (यो पनि एक किसिमको रोग हो) नष्ट भएर शरीर आफ्नो स्वाभाविक अवस्थामा आउँदछ।

८६ अथवा–दिउँसो र राती खाना खाई सकेपछि एक-दुइ तोला

कागतीको रसको सेवन गर्नाले पनि वोसो बढ़ेको नष्ट हुन्छ ।

८७ पाण्डुरोगमा–दुइ-दुइ तोला कागतीको रस दिउसो चार-पाँच पटक दिने गर्नू, पाण्डुरोग नष्ट हुन्छ ।

८८ रिङटा लागेमा–कागतीको बोक्रा छोड़ाएर उसिन्नू र चाशनीमा हालेर मुरब्बा बनाउनु । आवश्यकतामा एक-एक मुरब्बा खाने गर्नू । यसले रिङटा लाग्ने र पित्त विकारका अरू रोग पनि नष्ट हुन्छन् ।

८९ क्षय र हृदय रोगमा–विमिराको रस छः मासादेखि एक तोला-सम्म, पिप्लाको धुलो चार लालदेखि एक मासासम्म र नौनी एक तोला मिलाएर सेवन गर्नु । यसले क्षय, हृदय-रोग र शूल पनि नष्ट हुन्छन् ।

९० क्षय र सैनको रोगमा–पहिला दिनमा थोटा सिङ्गो कागती वफाएर चुस्नु, आर्को दिनमा दुइटा चुस्नु । यस्ता प्रकारले बारह दिनमा बारह ओटा कागती पुऱ्याउनु । फेरि एक-एक घटाउँदै दुइ ओटामा आउनु । यति कागती खाई सकेपछि क्षय रोग र सैन रोग नष्ट भई सुवण जस्तो शरीर हुन्छ ।

९१ रक्तस्रावमा–चार-पाँच तोला कागतीको रस चिसो पानीसँग पिउनु । रक्तस्राव (नाक मुख या अरू कुनै ठाउँबाट रगत आएको भए पनि) बन्द हुन्छ ।

९२ रुघा लागेमा–दिनको पाँच-सात पटक एक-एक कागतीको रस चिसो पानीमा दिनु, रुघा आराम हुन्छ ।

९३ न्यूमोनियाँमा–दुइ-दुइ तोला कागतीको रस दिनको चार-पाँच पटक पार्नीसँग दिनु । न्यूमोनियाँमा (कफोल्वण सन्निपात) नष्ट हुन्छ । यो औपधी चाँडैनै पाऱ्यो भने रोग बढ़न सक्दैन ।

९४ दाँत र मुखको शुद्धिमा–कागतीको रसमा पानी मिलाएर कुल्ला गर्नाले दाँत र जिभ्रोको मल सफा हुन्छ । मुखको खटिरा र गिजा सुनिएमा पनि फायदा हुन्छ । (नुन मिलाएर कुल्ला गरे पनि हुन्छ) ।

९५ अथवा–सुपारीमा कागती बदामको बोक्रा पोलेर कागतीको रस मिलाई मञ्जन गर्नाले दाँत बलियो र मोती जस्तै चमकिलो हुन्छ ।

९६ छालाको रोगमा–नुन र कागतीको रस मिलाएको पानीले स्नान गरे छालाको रङ्ग सफा हुन्छ, छालाका अरू रोगहरू पनि नष्ट हुन्छन् ।

९७ गर्मी भयो भने–यौटा कागती निचोरेर मिश्री मिलाई शर्बत बनाई पिउनू । ठण्डा गर्छ ।

९८ बालकको हिक्कामा–काठे ज्यामिरको रस, सुठो, मरिच र अदुवाको रस बराबर मिलाएर एक मासासम्म चटाउनाले बालकको हिक्का बन्द हुन्छ ।

९९ बालकको पिसाब रोकिएमा–कागतीको बिउ थिचेर नाभिमाथि राखेर त्यसमा बिस्तारै-बिस्तारै चिसो पानी हाल्नाले रोकिएको पिसाब खुल्दछ ।

१०० दूध वमनमा–बिमिरोको जरा दूधमा घोटेर पिलाउनु र जरा घाँटीमा लगाउनाले बच्चाको दूध-वमन गर्ने रोग नष्ट हुन्छ ।

१०१ अथवा–दूध पिउनुभन्दा पहिले अथवा पछि कागतीको रस तीन-चार थोपा पिलाउनाले बच्चाको दूध-वमन गर्ने रोग शान्त हुन्छ ।

१०२ भकभकाउने व्यथामा–लेखपाड्ग्राको मसीनो चूर्ण दस तोला कागतीको रसमा मिलाई बेहान-बेलुका कुल्ला गर्नाले केही दिनमा जिभ्रो सफा हुन्छ र भकभकाउने रोग बन्द हुन्छ । बेलुकाको भोजनमा घ्यू र मरिच घेरै खाने गनु ।

१०३ पितलको भाँड़ा सफा गर्नामा–कागतीको बोक्रा नुनमा मिलाई पित्तलको भाँड़ामा दल्नाले दाग नष्ट हुन्छ ।

१०४ चाँड़ै दही बनाउनु परेमा–दुइ माना दूध सेलाएपछि एक-दुइ तोला कागतीको रस मिलाउनू पाँच मिनटमा दही बन्दछ ।

१०५ पानीको दोष नष्ट गर्नु परेमा–पानीमा कागतीको रस निचोरेर पिउनु । यसले पानीको दोष कीटाणु आदि नष्ट हुन्छन् , बिगार गर्दैन ।

१०६ हावा शुद्ध गर्नामा–कागतीको सुकेको बोक्रा चूर्ण पारी त्यो धूलोको धूप दिनू . वायु शुद्ध हुन्छ ।

१०७ घ्यू घेरै खाएमा–घ्यूको अजीर्ण भयो भने चार-पाँच ओटा कागतीको रस एक तोला पानीसँग पिउनू। घ्यूको उपद्रव नष्ट हुन्छ।

१०८ प्रसवमा–बिमिरोको जरा कम्मरमा बाँध्नाले चाँडै प्रसव हुन्छ।

१०९ अथवा–बिमिरोको जरा र मौवाको बोक्रा अथवा जेठीमधु बराबर लिएर चूर्ण गर्नू। दुइ मासा चूर्ण र तीन मासा मह, एक तोला घ्यूमा मिलाई चटाउनाले शीघ्र प्रसव हुन्छ।

११० गर्भाशयको शुद्धिमा–बिमिराको बिउ एक मासासम्म र सिमलको जरा तीन मासासम्म दूधमा पिंधी छानेर ऋतुस्नानको चार दिनपछि चार दिनसम्म यो औषधि खुवाउनाले गर्भाशय शुद्ध हुन्छ।

१११ गर्भाधानमा–बिमीरो र अरिणको एक-एक बिउ (गेड़ा) घ्यूसँग पिंधेर सेवन गर्नाले गर्भाधान हुन्छ।

११२ अथवा–बिमिराको जरा र सेतिगेड़ीको जरा घ्यूमा घोटेर चटाउनाले पनि गर्भाधान हुन्छ।

११३ पाठेघर सुनिएमा–प्रसव भएपछि पाठेघर सुनियो भने कागतीको रसमा श्रीखण्ड र रक्त-चन्दन पिंधेर लेप गर्नाले आराम हुन्छ।

११४ छोरा नभएर छोरीमात्र भएमा–रजस्वला भएको चार दिनपछि कागतीको जराको एक तोला रसमा आधा माना चौलानी मिलाएर पिलाउनू। तीन दिन यो औषधि खाएपछि सम्भोग गर्नू, छोरो पैदा हुन्छ।

११५ सर्पको विषमा–कागतीको बिउ (गेड़ा) २ मासा पिंधी खानाले सम्पूर्ण प्रकारका सर्पका विष नष्ट हुन्छन्।

११६ बिच्छीको विषमा–बिच्छीले टोकेको ठाउँमा कागतीको रस र नून मिलाई लगाउनू। बिच्छीको विष नष्ट हुन्छ।

११७ अथवा–कागतीको बिउ ८-१० गेड़ा र सिंधेनून पिंधेर पानीसँग पिउनाले बिच्छीको विष उत्रन्छ।

११८ माकुराको विषमा–कागतीको रसमा चना पिंधेर लगाउनाले माकुरो आदिको विष नष्ट हुन्छन्।

११९ बारुलो र माउरीको विषमा–कागतीको रस र नून पिंधेर लगाउनाले बारुलो र माउरी आदिको विष नष्ट हुन्छन् ।

१२० धतुरोको विषमा–बिमिरोको रसमा मिश्री मिलाएर पिउनाले धतुरोको विष शान्त हुन्छ ।

१२१ हरितालको विषमा–कागतीको रस दुइ-तीन तोला बेहान दिउँसो र बेलुका तीन दिनसम्म पिलाउनू, पानी पिउन नदिनू, हरितालको विष नष्ट हुन्छ ।

१२२ नीलोतुथोको विषमा–ज्यामिरको एक तोला रस चिनीसँग पिउनाले नीलोतुथोको विष नष्ट हुन्छ ।

१२३ रक्सीको विषमा–बिमिराको केस्रा दुइ-तीन तोला र अमिलो दारिम दुइ-तीन तोला खुवाउनाले रक्सीको विष नष्ट हुन्छ ।

१२४ भाँगको विषमा–कागती चूस्नाले वा पुरानो कागतीको अचार खानाले भाँगको विष नष्ट हुन्छ ।

१२५ अथवा–कागतीको रस दुइ तोलामा फणिरको पात ६ मासा पिंधेर पिउनाले भाँगको र गाँजाको विष नष्ट हुन्छ ।

१२६ पशुलाई रगत दिशा भएमा–दुइ माना गाईको दूधमा चार-ओटा कागती निचोरेर पिलाउनू । पशुको रगते दिशा नष्ट हुन्छ ।

१२७ सर्प र अफीमको विषमा–१०-१२ कागतीको रस मिश्री मिलाएर पिउनाले अफीमको विष र सर्पको विषमा पनि आराम गर्छ ।

मूला

कलेजा र फियो बढ़ेमा १—११
मिर्गौलाको वेथा १२, १३
पिसाव बन्द भएमा १४
अलकाई १५, १६, १७
रुघा लागेमा १८, १९
टाउकाको कीरामा २०
आँखा दुखेमा २१, २२, २३
कान दुखेमा २४, २५
कानमा कीरा परेमा २६
बहिरोपनमा २७
खोकीमा २८, २९
दममा ३०
पेट फुलेमा ३१
जलोदरमा ३२
सुकेलुतोमा ३३
कुष्ठमा ३४
वात रोगमा ३५, ३६
स्त्रीको रज खोल्नु परेमा ३७, ३८
जुम्रा र उडुस परेमा ३९
अफीम आदिको विषमा ४०
विच्छी आदिको विष्मा ४१
मूलाका योगहरू ४२

नेपाली—मूला। हिन्दी—मूली। संस्कृत—मूलक।

१ कलेजा र फियो बढ़ेमा–मूलाको विउ ३ मासा, कागतीको चूकमा मिलाएर प्रतिदिन रोगीलाई चटाउनू। केही दिनमा कलेजा र फियो बढ़ेको निर्मूल हुन्छ।

२ अथवा–मूलाको हरियो पात थिचेर रस निकाल्नु, एक माना रसमा गुलियो पुग्ने गरी मिश्री हाल्नू र मलमलले छानेर पिउनू। यो रस पिउने बित्तिकै रोगीलाई एकदम आराम हुन्छ, भोक खूब लाग्छ, दिशा खलास हुन्छ र फियो बिस्तारै-बिस्तारै घट्दै जान्छ, ७ दिनमा एकदम ठीक हुन्छ।

३ अथवा–मूलाको नुन[1] (क्षार) एक मासा, बेहान गाईको मोहीसँग र बेलुका मनतातो पानीसँग दिनू ; कियो र कलेजो बढ़ेमा आराम हुन्छ।

४ अथवा–मूलाको सागको रस निकालेर फियोको रोगीलाई सुँघाउनू (नस हाल्नू)। केही दिनमा कियो आराम हुन्छ। चिल्लो, आलु, पिंडालु, कर्कलो, मासु र गरम मसलाहरू नखानू। मूँगको दालको खिचड़ी, साबूदानाको खीर, मूला, उखू र सुन्तला आदि खानू।

५ अथवा–मूलाको नून एक मासा बेहान मोहीसँग खानू। यसले मासु पखालेको पानीजस्तो दिशा हुने, मुख, गोड़ा र पेट सुनिने कलेजाको रोग आराम हुन्छ। यो १०।१२ दिनसम्म सेवन गर्नु पर्छ।

६ अथवा–मूलाको रस दुइ तोला, मकोय (धोतीलाएको फल) को रस दुइ तोला मिलाएर दिनको ३।४ पटक पिलाउनू, केही दिनमा कलेजाका सम्पूर्ण रोग र सूजन पनि नष्ट हुन्छन्। मुख बार्नु पर्छ।

७ अथवा–एक मासा मूलाको क्षार र मकोयको रस साँझमा दियो भने पनि ५।७ दिनमा कलेजाको सूज नष्ट हुन्छ।

८ अथवा–यौटा राम्रो नीरोग मूला लिएर चार फ्याँक पारेर चिर्नू र यौटा माटाको रिकाबीमा राख्नू। त्यसमा ६ मासा नौसादरको धूलो छरिदिनू ; त्यसबाट पानी आउँछ। बेहान रोगीलाई पहिले त्यो रस पिलाउनू र पछि त्यो मूला सबै खान दिनू। जस्तै बढ़ेको कियो

१–पाकेको मूला पातसमेत उखेल्नू र माटो झार्नू र पुछ्नु र अनि टुक्रा-टुक्रा बनाएर घाममा सुकाउनू, १ मैन्हापछि यसलाई पोल्नू र खरानी (सेतो खरानी हुञ्जेल पोल्नुहुँदैन) पार्नू र यौटा भिउँटमा राखी पानी हालिदिनू। दिनको एक पटक काठको टुक्राले हल्लाउनू र चौथो दिनमा त्यसको पानी विस्तारै निथारेर जमेको खरानी फ्याँकीदिनू र पानी कलई गरेको भाँडामा हाली मन्द-मन्द-आँचले पकाउनु, किनाराको क्षार खुर्कंदै पानीमा मिलाउँदै जानू। सबै पानी सुकी सकेपछि सेतो क्षारमात्र बाँकी रहन्छ, क्षार भनेको यही हो। यसलाई नून पनि भन्दछन्। जुनसुकै बूटीको पनि क्षार बनाउने काइदा यही हो, क्षार तैयार भए शिशीमा राम्रोसँग काक लगाएर राखू, हावा र ओसले भेट्नाथो भने बिग्रन्छ।

भए पनि केही दिनमा एकदम आराम हुन्छ ।

९ अथवा–मूलाको हरियो पातको झोल आधा पाउ लिएर बेहान खाली पेटमा रोगीलाई पिलाउनू । यसले प्रतिदिन एक पटक दिशा हुन्छ । केही दिनसम्म लगातार खानू, फियोको सूज निको हुन्छ ।

१० अथवा–मूलाका साना-साना टुक्रा पारेर त्यसमा कागतीको चुक घस्नू, अनि रायो र मरिचको धूलो मिलाएर अचार बनाउनू । प्रतिदिन बेहानबेलुका ३।४ टुक्रा फियोको रोगीलाई दिनू, फियो नष्ट हुन्छ ।

११ अथवा–एक मासा मूलाको क्षार बेहान-बेलुका तातो पानीसँग दिनाले पनि फाइदा हुन्छ ।

१२ मिर्गौलाको व्यथामा–१० तोला मूलाको रसमा मिश्री मिलाएर बेहान रोगीलाई पिलाउनू । मिर्गौलाको शूल र पथरी पनि नष्ट हुन्छ ।

१३ अथवा–एक तोला कलमी सोरा खल गर्नू, त्यसमा १२ तोला मूलाको झोल हालेर सुकाउनू र बयरजत्रो गोली बनाउनू; एक गोली बेहान तातो पानीसँग दिनू । तीन-चार दिनमा पिसाब-सम्बन्धी रोग र पथरीसमेत आराम हुन्छ ।

१४ पिसाब बन्द भएमा–दुइ मासा मूलाको बिउ पिंधेर एक माना पानी मिलाएर रोगीलाई पिलाउनू, रोकिएको पिसाब तुरुन्त खुल्छ ।

१५ अलकाईमा–मूलाको पात छायामा सुकाउनू र उसको बराबर मिश्री मिलाएर चूर्ण गरिराख्नू । एक तोला प्रतिदिन बासी पानीसँग सेवन गराउनु । ४० दिनमा अलकाई पूर्ण आराम हुन्छ ।

१६ अथवा–दुइ माना मूलाको झोलमा १० तोला फिटकिरी हालेर फलामको कराहीमा पकाउनू । पानी सुकेपछि बयरजत्रो गोली बनाउनू । प्रतिदिन एक गोली नौनीमा लट्पट्याएर निल्नु र एक चौथाई दही पिउनु, अलकाई निको हुन्छ । मासु र अरू गरम चीज छाड्नु ।

१७ अथवा–मूला लम्बाईबाट ४ टुक्रा गरी काटनू र नून हालेर माटोको भाँडामा राती ओसमा राखी बेहान खान दिनु । अलकाई नष्ट हुन्छ । मूलाको झोलले दिशा धुनु, खटिरा पनि चाँड़ै नै बैलाउँछ ।

१८ रुघा लागेमा–चार लाल, मूलाको नून तातो पानीसँग खानु। रुघा र खोकी नष्ट हुन्छ।

१९ अथवा–मूलाको क्षार मर्सीनो बनाएर नस हाल्नु। रुघा र कपाल दुख्ने आदि रोगहरू नष्ट हुन्छन।

२० टाउकोका कीरामा–मूलाको नून मर्सीनो गरी पिंधी नस हाल्नू, ३।४ पटक हालेपछि टाउकामा भएका कीरा नष्ट हुन्छन्।[1]

२१ आँखा दुखेमा–तीन मासा मूलाको नूनमा एक तोला असल मह मिलाई खूब खल गर्नू र शीशीमा हाली राख्नु। राती सुत्ने वेलामा आँखाको डिलमा लगाउनु। आँखा दुखेको आराम हुन्छ।

२२ अथवा–पाँच तोला गुलाब-पार्नामा २ तोला मूलाको रस मिलाएर कपड़ाले छानी शीशीमा राख्नु। वेहान र वेलुका[2] २।२ थोपा दुखेको आँखामा हाल्नु। आँखा दुखेको नष्ट हुन्छ र आँखा तेजिलो हुन्छ।

२३ अथवा–मूलाको रस वा पातको रस आँखामा बराबर हाल्ने गर्‍यो भने आँखाको ज्योति बढ्दछ।

२४ कान दुखेमा–मूलाको पाँच तोला रस भिकेर त्यसमा २॥ तोला तिलको तेल हालेर मन्द आँचमा पकाउनु। तेलमात्र बाँकी रहेपछि छानेर शीशीमा राख्नु। कान दुखेको वखतमा त्यो तेल मन-तातो पारी कानमा तीन-चार थोपा हालिदिनु, कान दुखेको आराम हुन्छ।

२५ अथवा–तीन मासा मूलाको नून महमा मिलाएर राख्नु। कान पाकेमा यो औषधिमा कपास भिजाएर बत्तीजस्तो बनाई रोज २।३ पटक कान भित्र पुछी दिनु। आठ-दस दिनमा निको हुन्छ। यसले कान दुख्ने र चिलाउनेमा पनि आराम गर्छ।

२६ कानमा कीरा परेमा–मूला थिचेर सफा कपड़ामा राखेर रस निचोर्नु र मनतातो पारी कानमा ३-४ थोपा हाल्नु, २-३ दिनमा

१–यस रोगमा टाउको हल्लाउँदा असह्य दुख्दछ र स्वर-भङ्ग पनि हुन्छ।

२–राती आँखामा औषधि नहाल्नू। ५-६ बजेतिर हाले हुन्छ। ज्यादा कड़ा औषधि दिउँसो नहाल्नू, वेहान र वेलुकीपख मात्र हाल्नू।

कानका कीराहरू मर्दछन् ।

२७ बहिरोपनमा–५ तोला मूलाको पहेंलो पातको रस, ५ तोला मूलाको रस र ५ तोला तिलको तेल वा तोरीको तेल मिलाई मन्द-मन्द आँचमा पकाउनु तेलमात्र रहेपछि छानेर शीशीमा राख्नु । ३-४ थोपा मन-तातो पारी कानमा हाल्ने गर्नु । केही दिनमा बहिरोपन नष्ट भई सुन्ने शक्ति आउँछ र अरू कानका रोगहरू पनि नष्ट हुन्छन् ।

२८ खोकीमा–एक मासा मूलाको क्षारमा ६ मासा मिश्री मिलाएर बेहान-बेलुका तातो पानीसँग खानाले खोकी निको हुन्छ । नयाँ खोकीमा ४ रत्ती मात्र चार भए पनि हुन्छ ।

२९ अथवा–१५ तोला मूलाको झोलमा दस तोला मिश्री मिलाएर पकाउनू, चाक्लो भएपछि ६-६ मासा बेहान-बेलुका चटाउनु, खोकी आराम हुन्छ ।

३० दममा–३ मासा मूलाको चार महमा मिलाएर बेहान-बेलुका चटाउनु दम नष्ट हुन्छ ।

३१ पेट फुलेमा–एक मासा मूलाको क्षारमा तातो पानी मिलाएर खायो भने पेट फुल्ने र शूल-रोग नष्ट हुन्छ ।

३२ जलोदरमा–७ तोला मूलाको रसमा ३ तोला मिश्री मिलाएर बेहान पिलाउनु । यसले पेटबाट पानी निकाल्छ, केही दिनमा पेट हलुका हुन्छ र जलोदरमा आराम हुन्छ ।

३३ सुकेलुतोमा–६ मासा मूलाको नुन १० तोला तोरीको तेलमा मिलाएर मालिस गर्नु र १ घण्टापछि पानीले धुनु । सुकेलुतो नष्ट हुन्छ ।

३४ कुष्ठमा–मूलाको बिउ कागतीको चूकमा पिंधेर लेप गर्नु । कुष्ठ (महारोग) आराम हुन्छ, यसको घेरै दिनसम्म प्रयोग गर्नु पर्छ ।

३५ वात-रोगमा–मूलाको बिउ महमा पिंधेर नसामा लेप गर्यो भने नसाको साधारण दोष र वात आदि नष्ट हुन्छ ।

३६ अथवा–मूला खूबसँग खल गर्नु र तिलको तेल मिलाउनु, एक ज्यान भएपछि तताएर मालिश गरे सुकेको नसामा पनि ज्यान आउँछ ।

३७ स्त्रीको रज खोल्नु परेमा–मूलाको बिउ ६ मासा र पुरानो शक्कर

२ तोला, एक माना पानीमा पकाउनु; आधा बाँकी रहेपछि तात्तातै रोगीलाई पिलाउनु, ३-४ दिनसम्म पिएपछि मासिक धर्म ठीक हुन्छ।

३८ अथवा–एक मासा मूलाको नून र ६ मासा मूलाको बिउ तातो पानीसँग खाने गर्नू मासिक धर्म ठीक हुन्छ।

३९ जुम्रा वा उडुस पर्‍यो–डाँठ नभएको मूलाको पात र बराबर पारा लिएर खल गर्नू, जब बिलकुल मिल्दछ (पारा देखिंदैन) त्यसमा रुवो भिजाएर खाटको छेउमा राखिदिनु उडुस भाग्छन्। यही औषधीमा धागो डुवाएर कम्मरमा वा घाँटीमा बाँध्यो भने जुम्रा मर्दछन् र कहिल्यै पनि जुम्रा पर्दैनन्।

४० अफीम आदिको विषमा–कुनै पुरुषले अफीम, भाङ र धतुरो आदि धेरै खाएको छ भने एक तोला मूलाको नून तातो पानीमा घोलेर पिलाई दिनू। विष नष्ट हुन्छ।

४१ बिच्छी आदिको विषमा–मूलाको रस कपड़ाले छानेर शीशीमा राख्नु। बिच्छी, बारुलो बच्छ्यूँ र अरिङाल आदिले टोकेमा यो औषधि लगाइदिनू, १-२ पटक लगाएपछि एकदम ठण्डा गर्दछ र बिच्छीको विष शान्त हुन्छ।

४२ मूलाका कतिपय योगहरू–

एक—मूलाको झोलमा हात डुवाएर बिच्छी अथवा सर्पलाई समाते पनि तिर्नीहरूले टोक्न सक्दैनन्।

दुइ—बिच्छीलाई मूलाको झोल हालिदियो भने बिच्छी मर्दछ।

तीन—मूला धेरै खाने मानिसलाई बिच्छीले टोक्दैन।

चार—मूलाको पात दिउँसो चपायो भने भोक जाग्दछ र खाएमा चीजहरू पचाइदिन्छ।

पाँच—भोजनको अन्तमा एक टुक्रा मूला खायो भने ३ घण्टा। भित्रैमा सब चीज पचाइदिन्छ र भोक लाग्दछ।

छः—मूलाको बिउको अचारले भोक जाग्दछ।

सात—मूलाको पातको रस आँखामा हाल्नाले आँखा तेजिलो हुन्छ।

बर

स्मृति-शक्ति १
रिङ्टा लागेमा २, ३
खल्वाटमा ४
रुघा ५, ६
वढ्ता निद्रा लागेमा ७
आँखाको जालोमा ८, ९
आँखाको कमजोरीमा १०
नाकको घाउमा ११
नाथ्रो फुटेमा १२, १३, १४, १५
कानको कीरामा १६
कानको खटिरामा १७
बङ्गारो दुखेमा १८
दाँत हल्लिएमा १९
दाँतका रोगमा २०
खोकी २१, २२
दम २३
मुटु हल्लनेमा २४
वमनमा २५
आउँमा २६, २७
दिशा लागेमा २८, २९, ३०
अलकाईमा ३१, ३२, ३३, ३४, ३५
धातुको रोगमा ३६ देखि ४१
प्रमेह र स्वप्नदोष आदिमा ४२
शीघ्र पतनमा ४३
स्वप्नदोष ४४
घेरै पिसाव हुनेमा ४५
पिसाववाट रगत आएमा ४६
गोड़ा फुटेमा ४७
कम्मर दुखेमा ४८
वातको सूजमा ४९
चोट लागेमा ५०
फोड़ामा ५१
घाउमा ५२
कीरा परेको घाउमा ५३
कैटेमा ५४
सैन घाउमा ५५
कोढ़को घाउमा ५६, ५७
मौसमी जरोमा ५८, ५९
रक्तपित्तमा ६०, ६१, ६२, ६३, ६४
प्रदरमा ६५
गर्भधारणमा ६६
गर्भपातको शङ्कामा ६७, ६८, ६९
स्तनकठोर गराउनामा ७०
सर्पको विषमा ७१

नेपाली—बर । हिन्दी—वड़ । संस्कृत—वट ।

१ स्मृति-शक्तिमा–बरको बोक्रा छायामा सुकाउनू र सुकेपछि मसीनो गरी पिंधी चूर्ण बनाउनू। यो दस तोला चूर्ण र बीस तोला मिश्री मिसाई शीशीमा हाली राख्नू। आवश्यकतामा ६ मासा बेहान-बेलुका गाईको तात्तातो दूधसँग खानू। स्मृति-शक्ति बढ्दछ। अमिलो र पिरो नखानू।

२ रिङटा लागेमा–बरको दूधको एक-एक रत्तीको गोली बनाई राख्नु। दुइ गोली बदामको शर्बतसँग खानाले रिङटाको बेथा नष्ट हुन्छ।

३ अथवा–दुइ तोला बरको कमलो पालुवा आधामाना पानीमा पिंधेर मिश्री मिलाई पिउनु। रिङटा लागेको आराम हुन्छ।

४ खल्वाटमा–आलसको तेलमा बरको पात डढ़ाउनु र बेहान-बेलुका खल्वाट (कपालको रौं झर्ने) मा लगाउने गर्नु। अलिदिन यो क्रिया गर्नाले रौं उम्रन थाल्दछ।

५ रुघामा–बरको कोपिला छायामा सुकाउनु र दगल्न्याएर राख्नु। आवश्यक परेमा ५-६ मासा यसको धूलोमा एक माना पानी हालेर पकाउनु र चौथाई बाँकी रहेपछि छान्नु। यसमा दूध र चीनी मिलाएर पिउनेगर्नु, सर्दी-गर्मीको रुघा र मगजको दुर्बलता नष्ट हुन्छ।

६ अथवा–बरको दाह्री कुटेर बट्टामा भरेर राख्नु। आवश्यकतामा ५-६ मासा पानीमा उमालेर दूध र मिश्री मिलाई पिउनु। यसले सर्दी-गर्मीको रुघा र प्रमेह आदि सम्पूर्ण रोगमा आराम गर्छ र रसायनको जस्तै काम गर्छ।

७ बढ्ता निद्रा लागेमा–बरको पात छायामा सुकाई राख्नु। आवश्यकतामा एक तोला पात दुइ माना पानीमा पकाउनु र आधा माना बाँकी रहेपछि डेढ मासा नून मिलाएर बेहान बेलुका पिउनु। उँघी रहने र बढ्ता निद्रा लाग्नेमा आराम गर्छ।

८ आँखाको जालोमा–बरको दूध आँखामा बेहान-बेलुका लगाउने गर्नु। यसले जालो बसेको र फुलो नष्ट गर्छ।

९ अथवा–बरको दूधमा कपूर घोटेर आँखामा लगाउनाले ठूलो

र पुरानो भएको फुलो पनि काटिन्छ ।

१० आँखाको कमजोरीमा–एक तोला काली अथवा सेतो सुर्मा डाई तोला वरको दूधमा खल गरेर सुर्मा तैयार गर्नु । बहान-बेलुका आँखामा लगाउनाले धुन्ध, जालो, पानी बग्ने र आँखाको निर्बलता नष्ट हुन्छ ।

११ नाकको घाउमा–नाकको घाउमा ताजा वरको दूध हालिदिनु वा लगाउनु । नाकमा भएको घाउ नष्ट हुन्छ ।

१२ नाथ्रो फुटेमा–वरको बोक्रा छायामा सुकाउनु र मसीनो गरी पिंधी राख्नु । यसको नस हाल्नाले नाथ्रो फुटेको आराम गर्छ ।

१३ अथवा–वरको कोपिला लिएर पानीमा पिंध्नु अनि छान्नु र मिश्री मिलाई पिउनु । नाथ्रो फुट्ने बेथा नष्ट हुन्छ ।

१४ अथवा–वरको रातो कोपिलामा पानी हालेर चन्दनजस्तो गरेर पिंधेर रोगीको कञ्चटमा लेप गर्नू नाथ्रो फुट्ने बेथा नष्ट हुन्छ ।

१५ अथवा–वरको कोपिलामात्र पिंधेर पियो भने पनि नाथ्रो फुट्ने रोग आराम हुन्छ ।

१६ कानको कीरामा–३ मासा बाख्रीको दूध मनतातो पारी त्यसमा वरको दूध ३ थोपा मिलाई कानमा हाल्नू । तीन दिन हाल्नाले कानका कीरा मर्दछन् ।

१७ कानको खटिरामा–दुइ तीन थोपा वरको दूध कानमा हाल्नाले कानको खटिरा र कीरा पनि नष्ट हुन्छन् ।

१८ वङ्गारो दुखेमा–रुवाको सींक बनाएर वरको दूधमा भिजाउनु र वङ्गाराको प्वालमा राखि दिनु । दुर्गन्ध पनि जान्छ, दाँत दुख्न पनि बन्द हुन्छ र कीरालागेको भए पनि आराम हुन्छ ।

१९ दाँत हल्लिएमा–अरू दाँतमा नपर्ने गरी दुखेको दाँतमा मात्र वरको दूध लगाउनाले विना कष्टले दाँत निक्लन्छ ।

२० दाँतका रोगमा–वरको बोक्रा, खयर र मरिच पिंधेर राख्नु र प्रतिदिन यसको मञ्जन गर्नाले दाँत हल्लने, मयल र दुर्गन्ध आदि नष्ट

भएर दाँत सेतो र चमकिलो हुन्छ।

२१ खोकीमा–बरको बोक्रा छायामा सुकाउनु र कुटेर बट्टामा भरिराख्नु। आवश्यकतामा २ मासा चूर्ण आधामाना पानीमा पकाउनु, एक चौथाई बाँकी रहेपछि मह र मिश्री वा नून मिलाएर पिउनु; खोकी नष्ट हुन्छ।

२२ अथवा–एक तोला बरको बोक्राको काढ़ा पकाएर दूध र मिश्री मिलाई खाए पनि खोकी आराम हुन्छ।

२३ दममा–बरको काढाले दमलाई पनि आराम गर्छ; तर धेरै दिनसम्म सेवन गर्नु पर्दछ।

२४ मुटु हल्लनेमा–२ तोला बरको हरियो नरम पात लिएर १५ तोला पानीमा खूबसँग घोटी मिश्री मिलाएर बेहान र बेलुका पिउनु, मुटु हल्लने रोग आराम हुन्छ।

२५ वमनमा–बरको दाह्री ६ मासा पानीमा पिंधेर छान्नु र रोगीलाई पिलाउनु। यसले वमन र रक्त-वमनमा पनि फाइदा गर्छ।

२६ आउँमा–बरको जराको बोक्रा छायामा सुकाएर राख्नु र पिंध्नु। तीन मासा बेहान, दिउँसो र बेलुका चौलानी वा कुवाको ताजा पानीसँग दिनु, आउँ नष्ट हुन्छ।

२७ अथवा–तीन मासा बरको दूध पिलाए पनि आउँ नष्ट हुन्छ।

२८ दिशा लागेमा–६ मासा बरको कमलो कोपिला पानीमा घोटेर छान्नु र मिश्री मिलाई पिलाउनु। झाड़ा बन्द हुन्छ।

२९ अथवा–बरको दूध रोगीको नाभीमा हालिदिनु र नाभिको दायाँ-बायाँ लगाई दिनु। झाड़ा बन्द हुन्छ।

३० अथवा–मासादेखि एक तोलासम्म बरको कोपिला वा दाह्री, भातको माड़मा पिंधेर मोहीसँग पियो भने झाड़ा बन्द हुन्छ।

३१ अलकाईमा–बरको हाँगा छायामा सुकाएर कोइला बनाउनू र मसीनो गरी पिंधी राख्नू। यो औषधको ३ मासा प्रमाण गरी पानीमा मिलाई रोगीलाई पिलाई दिनू, रक्तार्श नष्ट हुन्छ।

३२ अथवा–२॥ तोला बरको कमलो पात आधा माना पानीमा घोटेर पिलाउनू। यसले रगत त दोस्रो दिनमा नै बन्द हुन्छ, केही दिन निरन्तर सेवन गर्नाले अलकाईमा पूर्ण लाभ हुन्छ।

३३ अथवा–रगत नआउने अलकाईमा २ तोला बरको बोक्रा एक माना पानीमा पकाउनू, आधा माना बाँकी रहेपछि एक तोला गाईको घ्यू र एक तोला शखर मिलाई मनतातो गरी पिलाउनू। अलकाई नष्ट हुन्छ।

३४ अथवा–३ मासा मिश्रीमा पहिलो दिन १० थोपा बरको दूध खाली पेटमा खानू, अनि प्रतिदिन एक-एक थोपा बरको दूध बढ़ाउँदै जानू २५ थोपा पुगेपछि एक-एक थोपा घटाउँदै ल्याउनू, जब १० थोपामा आइपुग्छ तब खान छाड़िदिनू। यसले हरकिसिम-को अलकाई नष्ट गर्छ।

३५ अथवा–बरको काठ पोलेर कोइला बनाउनू र मसीनो गरी पिंधी २१ पटक पानीमा धोएको गाईको[1] नौनीमा हालेर मलहम बनाउनू। बेहान-बेलुका अलकाईको खटिरामा लगाउने गर्नू। विना कष्ट अलकाई नष्ट हुन्छ।

३६ धातुको रोगमा–२ तोला बरको कमलो पात लिएर च्याच-च्याच थिचेर राती पानीमा भिजाउनू। बेहान छानेर मिश्री मिलाएर पिउनू। बिहान पनि यही क्रमले भिजाई बेलुका पिउनू। यसले धातुको रोग नष्ट हुन्छ, पिसाब पोल्ने रोग पनि नष्ट हुन्छ।

३७ अथवा–एक तोला बरको बोक्रा एक माना पानीमा पिंधेर मिश्री मिलाई पिउनू। धातुको रोग नष्ट हुन्छ।

३८ अथवा–यदि धातुको रोगमा रोगीको जलन र पीडा बन्द भयो, तर पीप बन्द भएको छैन भने-बरको जराको बोक्रा छायामा सुकाएर चूर्ण बनाउनू। तीन-तीन मासा बिहान-बेलुका पानीसँग दिनू। पीप पनि बन्द हुन्छ।

१-गाईको नौनी पाइएन भने असल तारीको तेल भए पनि हुन्छ।

३९ अथवा–एक तोला बरको जराको बोक्रा आधा माना पानीमा पकाउनू, आधा भएपछि रोगीलाई पिलाउनू। धातु बग्ने रोग नष्ट हुन्छ।

४० अथवा–असल पुरानो शक्खरमा बरको बराबर दूध खल गरी ३ मासा वा ६ मासा सेवन गर्ने गर्नू। यसले प्रमेह नष्ट गरी शक्ति प्रदान गर्छ।

४१ अथवा–बरको ताजा बोक्रा झिकेर छायामा सुकाउनू र मसीनो पिंधीराख्नू। त्यो बराबर मिश्री मिलाई ४-४ मासा बेहान-बेलुका पानीसँग दिनू। प्रमेह नष्ट हुन्छ।

४२ प्रमेह र स्वप्नदोष आदिमा–एक माना भैंसीको ताजा दूधमा १५ थोपा बरको दूध र ४ तोला मह मिलाउनू। त्यसलाई ७।८ पटक धारधुर गर्नू र पिउनू। प्रमेह स्वप्नदोष र धातु-क्षीणता आदि धातु-सम्बन्धी रोग नष्ट हुन्छन्।

४३ शीघ्र पतनमा–बरको ताजा बोक्रा लिएर छायामा सुकाउनु र चूर्ण बनाउनू। चार-चार मासा बेहान-बेलुका तातो दूधसँग सेवन गर्नू। शीघ्रपतन (चाँड़ै वीर्य स्खलित हुने रोग) नष्ट हुन्छ।

४४ स्वप्नदोषमा–चार मासा बरको दाह्रीको चूर्ण बेहान-बेलुका पानीमा खानू। स्वप्नदोष नष्ट हुन्छ।

४५ धेरै पिसाब हुने (बहुमूत्र) मा–बरको गेड़ा मसीनो गरी पिंध्नू र बेहान-बेलुका गाईको दूधसँग ३ मासा दिनू। यसको निरन्तर सेवन गर्नाले बहुमूत्र रोग दूर हुन्छ।

४६ पिसाबबाट रगत आएमा–एक तोला बरको ताजा हरियो पात आधा माना पानीमा पिंधनू र छान्नू, बेहान-बेलुका रोगीलाई पिलाउनु, पिसाबबाट रगत आउन बन्द हुन्छ।

४७ गोड़ा फुटेमा–बरको दूध गोड़ा फुटेको ठाउँमा भरिदिनू। गोड़ा फुटेको ठीक हुन्छ।

४८ कम्मर दुखेमा–बरको कोपिला खानाले र बरको दूध कम्मरमा लेप गर्नाले कम्मर दुख्ने व्यथा नष्ट हुन्छ।

४९ वातको सूजमा–वातले सुनिएको ठाउँमा बरको दूध लगाउनू। दुख्न बन्द हुन्छ।

५० चोट लागेमा–चोट लागेको ठाउँमा बरको दूध लगाउनु। दुख्न बन्द हुन्छ।

५१ फोड़ा (खटिरा) मा–बरको नुन निकालेर गहुँत मिलाएर खटिरामा लगाउनू। खटिरा पाकेर चाँडै नै फुट्तछ र आराम हुन्छ।

५२ घाउमा–सिउनु पर्ने घाउमा सफा गरी घाउको मुख बन्द गरेर बरको पात तताई बाँधीदिनू र तीन दिनसम्म त्यो घाउ नखोल्नू। ठीक हुन्छ।

५३ कीरा परेको घाउमा–बेहान, दिउँसो र बेलुका कीरा परेको घाउमा बरको दूध हालिदिनू। सबै कीरा नष्ट हुन्छन्।

५४ कैटेमा–बरको पातमा तिलको तेल लगाएर कैटेमा बाँध्नू। आराम हुन्छ।

५५ सैन घाउमा–सर्पको काँचुली भस्म गरेर बरको दूध मिलाई बत्तीजस्तो बनाएर सैनको घाउ भित्र हाल्नू र घाउमाथि पनि लगाउनू। यसले सैनको घाउ चाँडै नै भरिन्छ र आराम हुन्छ।

५६ कोढ़को घाउमा–कुष्ठको घाउ हड्डीसम्म कुही सकेको भए पनि बरको दूध सातदिन सम्म घाउमा भरिदिनू। घाउ ठीक हुन्छ।

५७ अथवा–बरको दाह्री र दूबेलहरो मिलाई काढ़ा पकाउनू र कपड़छान गरी पिउनू। कोढ़का रक्त विकार आदि नष्ट हुन्छन्।

५८ मौसमी जरोमा–बरको बोक्रा छायामा सुकाइ राख्नू। एक तोला बोक्रा एक माना पानीमा पकाउनु, आधा बाँकी रहेपछि त्यसमा एक मासा नुन मिलाएर पिलाउनु। दिनको ३ पटक तात्तातै पिउनाले मौसमी जरो नष्ट हुन्छ।

५९ अथवा–गर्मीले जरो आएको छ र प्यास धेरै छ भने बरको दाह्री पकाएर चियाजस्तो गरी पिलाउनु। मौसमी (गर्मीको) जरो नष्ट हुन्छ।

६० रक्तपित्तमा–बरको दाह्रीमा चन्दन मिलाई काढ़ा पकाएर

पिउनाले रक्त-प्रित्त आराम हुन्छ ।

६१ अथवा–बरको कोपिला महमा पिंधेर चटाउनू, यसले रक्त-पित्त नष्ट हुन्छ ।

६२ अथवा–बरको कमलो पात वा बोक्राको काढ़ा पिलाए पनि रक्त-पित्त आराम हुन्छ ।

६३ अथवा–बरको दाह्री दूधमा हालेर पकाई पिलाउनाले अधोगत (दिशाबाट रगत जाने) रक्त-पित्त नष्ट हुन्छ ।

६४ अथवा–बरको काढ़ामा कुखुराको मासु पकाएर दिनाले रक्त-पित्तको रोगीको दिशा खलास हुन्छ र रक्त-पित्त आराम हुन्छ ।

६५ प्रदरमा–बरको हरियो बोक्रा छायामा सुकाई मर्सानो पिंध्नू । ४।४ मासा बेहान-बेलुका पानीसँग दिनू प्रदर नष्ट हुन्छ ।

६६ गर्भ-धारणमा–रजस्वला भएपछि १६ दिनभित्र (शुक्ल पक्षको पुष्य नक्षत्र पारी) बरको दाह्री ३-४ मासा पिंधेर स्त्रीलाई खान दिए गर्भ-धारण हुन्छ ।

६७ गर्भपातको शङ्कामा–६ मासा बरको बोक्रा वा कमलो दाह्री पानीमा पिंधेर पिलाउनू । गर्भपातको आशङ्का नष्ट हुन्छ ।

६८ अथवा–गर्भको चौथो महीनामा रगत आयो भने वर र अरू ठण्डा गर्ने औषधिको काढ़ा पकाएर चिसो बनाई गर्भिणीलाई सुताएर नाइटो मनि पट्टी बनाई राख्नू र दूध वा घ्यूमा बरको नयाँ पालुवा हाली पकाएर खान दिनू । रगत आउन बन्द भएर गर्भ पुष्ट हुन्छ ।

६९ अथवा–६ मासासम्म बरको दाह्री बाख्राको दूधमा पिंधी खान दिए पनि गर्भ पुष्ट र स्थिर हुन्छ ।

७० स्तन कठोर गर्नमा–बरको दाह्री पिंधी पानीमा मिलाई स्तनमा लेप गर्नाले स्त्रीको स्तन कठोर हुन्छ ।

७१ सर्पको विषमा–बरको कोपिला पिंधेर सर्पले टोकेको ठाउँमा लगाउनाले सर्पको विष उत्रन्छ ।

दुवो

जरो १, २, ३
नेत्र रोग ४, ५
नाथ्रो फुटेमा ६, ७, ८
मुख-पाकमा ९
आमातिसार १०
जलोदर ११, १२
अलकाई १३, १४, १५
छाती पोलेमा १६
हैजा १७
अतिसार १८
सूजाक (धातुको गर्मी) १९, २०
सूजन २१
पथरी २२
पित्तको वमन २३, २४
पिसाब पोलेको २५, २६
रगत पिसाब भएमा २७
उपदंशमा २८
घाउ भएमा २९
काटेको घाउमा ३०
दाद र खुजली (चिलाउने व्यथा) ३१, ३२, ३३
गलेनी फाटेमा ३४
कामोत्तेजना भएमा ३५
रक्त प्रदर ३६
अपस्मार ३७
बच्चाको तालु बसेमा ३८
पुरानो प्रमेह ३९
सर्पको विषमा ४०

नेपाली—दुवो। हिन्दी—दूब। संस्कृत—दूर्वा।

१ जरोमा—श्मशानको वरिपरि पैदा भएको दुवोको जरा, काँचो धागोले हातमा बाँध्यो भने प्रत्येक किसिमको जरो आराम हुन्छ।

२ अथवा—३ मासा दुवोको रसमा एक मासा अतिरस कन्दको चूर्ण मिलाएर दिनको २–३ पटक चाट्नाले पाली गरेर आउने जरो नष्ट हुन्छ।

३ अथवा—३ मासा दुवोको रसमा अलिकति मिश्री मिलाएर मनतातो गरी चाट्नाले रुघा र रुघाको जरो नष्ट हुन्छ।

४ नेत्र रोगमा—हरियो दुवोको रस आँखा बाहिर मनतातो पारेर लगायो भने आँखा दुख्ने र घेरै चिप्रा आउने रोग नष्ट हुन्छ।

५ अथवा–दुवोको पात पिंधेर चटनीजस्तो बनाएर आँखामा बाँधेर सुत्नू। आँखाका रोग नष्ट हुन्छन्।

६ नाथ्रो फुटेमा–दुवोको ताजा रस नाकमा टप्काउनाले नाथ्रो फुटेको आराम हुन्छ (रगत थामिन्छ)।

७ अथवा–३ मासादेखि ६ मासासम्म दुवोको ताजा रसमा मिश्री मिलाई पिउनू र दुवोको रस नाकमा हाल्नाले पनि नाथ्रो फुटेको तुरुन्त आराम हुन्छ।

८ अथवा–दुवो पिंधेर निधारमा लेप गरे पनि नाथ्रो फुटेको आराम हुन्छ।

९ मुख पाकमा–दुवोको काढ़ा पकाएर कुल्ला गर्नाले मुखमा घाउ-खटिरा आदि नष्ट हुन्छन्।

१० आमातिसारमा–दुवो सुठो र मदिसे सौंफ ३-३ मासाको काढ़ा बनाएर एक तोला प्रमाण गरी दिनको ३ पटक पिलाउनाले आमातिसार नष्ट हुन्छ।

११ जलोदरमा–दुवो र मरिच बराबर पिंधेर ३ मासाको मात्रा गरी पानीसँग पिलायो भने पिशाव बढ़ेर भएको जलोदर र सर्वाङ्ग-शोथ नष्ट हुन्छ।

१२ अथवा–२ तोला दुवोको पञ्चाङ्गको रस अथवा दुवोको चटनी बनाएर दिनाले पिसाब धेरै गराएर पेट हलुका पार्दछ।

१३ अलकाईमा–दुवोको रस तीन मासादेखि ६ मासासम्म पिला-उनाले अलकाईबाट रगत आउने र अलकाईको खटिरा पनि नष्ट गर्छ।

१४ अथवा–१ तोला दुवोको पञ्चाङ्ग पिंधेर दही मिसाई खानाले अलकाईको रगत र अलकाई समेत आराम गर्छ।

१५ अथवा–दुवोको पात मसीनो गरी पिंधेर अलकाईमा लेप गर्नाले अलकाई आराम हुन्छ।

१६ छाती पोलेमा–६ मासा दुवो पिंधेर मिश्री मिलाई पिलाउनाले हृदयको जलन शान्त हुन्छ।

१७ हैजामा–६ मासा दुबो र तीन मासा धोएको चामलमा मिश्री मिलाई पिउनाले हैजा नष्ट हुन्छ ।

१८ अतिसारमा–एक तोला दुबोको रस पिलायो भने झाड़ा लाग्ने र पुरानो अतिसार समेत नष्ट हुन्छ ।

१९ सूजाक (धातुको गर्मी) मा–६ मासा दुबोको जरा दूधमा पिंधेर दिनाले सूजाक नष्ट हुन्छ ।

२० अथवा–६ मासा दुबो पानीमा पिंधेर दिनाले सूजाक नष्ट हुन्छ ।

२१ वातको सूजनमा–दुबोको पञ्चाङ्ग थिचेर तताई लगाउनाले ग्रन्थि-वात र वातको सूजन पनि नष्ट हुन्छ ।

२२ पथरीमा–तीन तोला दुबो पानीमा पिंधी मिश्री मिलाई पिउनाले पथरी आराम हुन्छ ।

२३ पित्तको वमनमा–एक तोला दुबोको रसमा चौलानी मिलाई पिउनाले पित्तको वमन नष्ट हुन्छ ।

२४ अथवा–एक तोला सेतो दुबोको रस पिलाउनाले पित्तको वमन नष्ट हुन्छ ।

२५ पिसाब पोलेमा–एक तोला दुबो दूधमा पिंधी छानेर पिलाउनाले पिसाबको जलन नष्ट हुन्छ ।

२६ अथवा–७॥ मासा दुबोको जरा पिंधेर दहीसँग पिलायो भने पिसाब पोल्ने र भित्र खटिरा भएको भए पनि नष्ट हुन्छ ।

२७ रगत पिसाब भएमा–एक तोला दुबो मिश्रीसँग पिंधी छानेर पिउनाले रगत पिसाब हुने व्यथा नष्ट हुन्छ र पिसाब पनि सफा हुन्छ ।

२८ उपदंशमा–उपदंशमा सारा शरीरमा चट्टा भएर दुःख दिएको छ भने २ तोला दुबोको जराको काढ़ा पकाएर पिलाउनू । यसले उपदंशका खटिराहरू बैलाई दिन्छ र शीतल गर्छ ।

२९ घाउ भएमा–दुबोको पञ्चाङ्ग खूब मसीनो गरी पिंधेर लेप गर्नाले घाउबाट रगत बग्न एकदम बन्द हुन्छ ।

३० काटेको घाउमा–दुबोको पात सफा ठाउँमा खूब पिंधनू र

चन्दनजस्तो भएपछि काटेको ठाउँमा लगाई दिनू रगत आउन बन्द हुन्छ र घाउ पनि पाक्तैन ।

३१ दाद र खुजलीमा–आधा माना तिलको तेल र २ माना दुवोको रस पकाउनू र तेलमात्र बाँकी रहेपछि छानीराख्नू । यो तेल लगाउनाले दाद, चिलाउने र अरु चर्मका रोगहरू पनि नष्ट हुन्छन् ।

३२ अथवा–दुवो र हलेदो पिंधेर लगाउनाले पनि दाद र खुजली नष्ट हुन्छन् ।

३३ अथवा–आधा तोला दुवोको काढ़ा पकाएर पिउनाले र त्यही काढ़ाले धुनाले पनि दाद आदि चर्मरोगहरू नष्ट हुन्छन् ।

३४ गलेनी फाटेमा–दुवोको पात मशानो पिंधी गलेनी फाटेको ठाउँमा लेप गर्नाले गलेनी (औंलाको जोर्नी) फाटेको नष्ट हुन्छ ।

३५ कामोत्तेजना भएमा–आधा तोला सेतो दुवो पिंधेर रस निकाली पिउने गर्नाले कामशक्ति एकदम घट्दछ ।

३६ रक्तप्रदरमा–एक तोला दुवोको रसमा एक मासा श्रीखण्डको धूलो र मिश्री मिलाई पिउनाले रक्तप्रदर नष्ट हुन्छ ।

३७ अपस्मारमा–एक तोला दुवोको पञ्चाङ्गको रस खानाले अत्यधिक मासिकधर्म, भूतोन्माद, अपस्मार र रगत पिसाब हुने रोग नष्ट हुन्छ ।

३८ बच्चाको तालु बसेमा–आधा तोला घोड़ेदुवोको रसमा २–३ मासा नागेश्वरीको फूल र सुकुमेलको दाना पिंधेर सूर्योदयभन्दा पहिले नाकमा टपकायो भने तालु उक्सन्छ, तागत बढ्दछ र बच्चा दूध नपिउने भए पनि पिउन लाग्दछ । दुर्ब्लोपन पनि नष्ट हुन्छ । ग्रहको दोष पनि जान्छ ।

३९ पुरानो प्रमेहमा–२ तोला दुवो पिंधेर दही मिलाई पिउनाले पुरानो प्रमेह नष्ट हुन्छ ।

४० सर्पको विषमा–आधा तोला दुवोको रस र तीन मासा सफा चामल रात्रो गरी पिंधेर मिश्री मिलाई पिउनाले सर्पको विष नष्ट हुन्छ ।

खुर्सानी

मोतीविन्दु १
बङ्गारो दुखेमा २
बङ्गारो र कान दुखेमा ३
घाँटीको घाउमा ४
स्वर बन्द भएमा ५
मुखको खटिरामा ६
न्यूमोनियामा लेप ७
मिर्गौलाको शूलमा ८
औलाको जरो ९, १०
सुन्नवातमा ११
अग्निमान्द्यमा १२
हैजा १३, १४, १५
शूल १६, १७
खटिरा १८
फुन्सी (खटिरा पटिरा) १९
सर्पले टोकेमा २०, २१
बिच्छीको विषमा २२
कुक्कुरले टोकेमा २३
धूप २४

नेपाली—खुर्सानी । हिन्दी—लाल मिर्च । संस्कृत—कटुवीरा

१ मोती-विन्दुमा—२० वर्ष पुरानो खुर्सानीको बोटको जरा सुरक्षित गरेर राख्नू । आवश्यकतामा पानीमा घोटेर आँखामा लगाउनू, मोतीविन्दु हुन लागेको र भइसकेको भए पनि आराम गर्छ ।

२ बङ्गारो दुखेमा—खुर्सानीमा पानी हालेर खूब पिंधनू, एक ज्यान भएपछि कपड़ामा छान्नू । यो झोल दाहिने पट्टिको बङ्गारो दुखेको छ भने देब्रे पट्टिको कानमा हाल्नू, देब्रे पट्टिको बङ्गारो दुखेको छ भने दाहिने पट्टिको कानभित्र हाल्नू । यसले तुरुन्त बङ्गारोको पीडा नष्ट हुन्छ । कदाचित् कान पोल्यो भने अलिकति घ्यू तताएर कानमा हालिदिनू, एकदम आराम हुन्छ ।

३ बङ्गारो र कान दुखेमा—तीन तोला तिलको तेल तताएर एउटा खुर्सानी हाल्नू, खुर्सानी डढ़ेपछि तेल निकाल्नू र सेलाएपछि

कपड़छान गरी शीशीमा राख्नू। ३-४ थोपा मनतातो पारेर कानमा हाल्नाले कानको पीड़ा नष्ट हुन्छ र बङ्गारो दुखेको भए त्यो आर्को कानमा हाल्नू, यसले कान र बङ्गाराको पीडा नष्ट हुन्छ।

४ घाँटीको घाउमा–एउटा खुर्सानी पानीमा पकाएर छान्नू र अलीकति मह मिलाएर कुल्ला गर्नू, यसले घाँटीको घाउ नष्ट हुन्छ (एक छिन अलि-अलि पोल्दछ)।

५ स्वर बन्द भएमा–खुर्सानी तीन, बदाम तीन, मिश्री र बबूरको गूँद २-२ मासा पिंधेर मरिचजत्रो गोली बनाई दिउँसो दुइ गोलीको रस चुस्नू। आवाज मसीनो र सुरीलो हुन्छ। बन्द भएको स्वर खुल्दछ।

६ मुखको खटिरामा–एउटा खुर्सानी मसीनो पिंध्नू र आधा माना पानीमा पकाउनू, १-२ पटक उम्लेपछि निकाल्नु र ठण्डा गराई कुल्ला गर्नु। मुखको खटिरा र घाउ आदि नष्ट हुन्छ।

७ न्यूमोनियाँमा लेप–खुर्सानी पानीमा मिलाएर खूब पिंध्नू, मसीनो भएपछि मनतातो पारी दुखेको ठाउँमा लेप गर्नू, एकछिनपछि दुखेको घट्न थाल्दछ। त्यस ठाउँमा घेरै पोल्यो भने १५ मिनटपछि निकाल्नू र गाईको घ्यू घसिदिनू।

८ मिर्गौलाको शूलमा–खुर्सानी खूब पिंध्नु र पानी मिलाएर शूल भएको ठाउँमा लेप गर्नु, शूल एकदम आराम हुन्छ। (पथरी जमेर शूल भएको भए फाइदा गर्दैन)।

९ औलाको जरोमा–खुर्सानी पानीमा भिजाएर खूब पिंध्नू र जरो आउनुभन्दा २ घण्टा पहिले देब्रे हातको चोर औंलामा लेप गर्नू र खूब बलियोसँग पट्टि बाँध्नू, अनि त्यसमा बराबर पानी हाल्दै गर्नू। यसो गर्नाले छाती धुक्-धुक् गर्छ; तर जरो आउँदैन। एक दिनमा भएन भने अर्को दिन पनि गर्नू, अवश्य जरो रोकिन्छ।

१० अथवा–जरो आउनुभन्दा एक घण्टा पहिले खुर्सानी पिंधेर दुबै हातका दश नङमा लेप गर्नू। यसले जरो आउँदैन, रोकिन्छ।

११ सुन्नवातमा[1]–खुर्सानी पिंधेर लेप गर्ने गर्नू। वात एकदम आराम हुन्छ।

१२ अग्निमान्द्य भएमा–खुर्सानीको गेड़ा पिंधी कागतीको अमिलोमा ७ पटक भावना दिनू र एक-एक लालको गोली बनाई राख्नू। अग्निमन्द र अरुचिमा एक-एक गोली बेहान-बेलुका तातो पानीसित निल्न रुचि बढ्दछ।

१३ हैजामा–खुर्सानीको गेड़ा निकालेर बोक्रामात्र खूब मसीनो बनाउनु, त्यसमा मह मिलाएर २।२ रत्तीको गोली बनाउनु। हैजामा दुइ गोली पानीसँग खुवाउनू। १० मिनटपछि रोगीको पसीना बन्द भएर शरीर र हृदयको गर्मी बढ्न थाल्दछ र जरो आउँछ। (यो औषधि शीताङ्ग भएको बखतमा तत्काल आफ्नो गुण देखाउँछ)।

१४ अथवा–एक पाउ खुर्सानी कुटेर २ माना पानीमा राती भिजाउनु र बेहान मन्द-मन्द आँचमा पकाउनू एक पाउमात्र बाँकी रहेपछि निकालेर छान्नू र फेरि पकाउनु; जब एकदम बाक्लो हुन्छ तब झिकेर सेलाएपछि दुइ रत्तीको गोली बनाउनु। एक-एक घण्टामा एक-एक गोली पार्नासँग वा खाली दिने गर्नु। यसले हैजाबाट अवश्य प्राण बच्दछ।

१५ अथवा–नाडी क्षीण भयो, शरीर शीताङ्ग भयो, शरीरमा चाउरी पऱ्यो र आँखा पनि गड़ी सक्यो भने यस्ता अवस्थामा तीन मासा खुर्सानी अलीकति पानीमा पिंधी पिलाउनू। यो औषधी मुख भित्र पर्ने बित्तिकै शरीरमा जरो चढ़ी हाल्दछ, अनि एकदम ठीक हुन्छ। पछि पथ्यमा हेर-विचार गर्नू।

१६ शूल भएमा–४।५ तोला गाईको घ्यू तताउनु र त्यसमा एउटा खुर्सानी हाल्नू, त्यो डढ़ेपछि खुर्सानी झिकेर आकों खुर्सानी हाली डढाउनू यस्ता प्रकारले ७ ओटा खुर्सानी डढ़ाएपछि घ्यू मनतातो गरी

१–यो वातमा अङ्ग बिलकुल बेकार हुन्छ, त्यसमा छोएको पनि थाह पाईंदैन; दुख्न दुख्तैन, त्यो ठाउँ एकदम लाटो हुन्छ।

रोगीलाई पिलाउनु, शूल एकदम आराम हुन्छ ।

१७ अथवा–शूल शुरू हुनेबित्तिकै एउटा खुर्सानी हातले मली शखरमा लपेटेर खानदिनु । एकछिनपछि फेरि त्यही किसिम सँग-खानु । यस्ता प्रकारले ७ खोर्सानी खाएपछि शूल एकदम आराम हुन्छ । एक-दुइ पटकमा नै शूलको बल घटाइहाल्छ ।

१८ खटिरामा–खुर्सानी अति मसीनो गरी पिंध्नु र खटिरामाथि लेप गरिदिनु भित्र पीप नभएको भए थाक्छ । पीप भइसकेको रहेछ भने पकाइदिन्छ ।

१९ पोल्ने फुन्सीमा–एक किसिमको फुन्सी घमौरा निक्लने बित्तिकै पोल्न थाल्दछ, यसमा खुर्सानी र चुलोको माटो राम्ररी पिंध्नु र पानी मिलाएर लेपजस्तो गराउनू । यो लेप फुन्सीमा लगाउनाले पोल्न बन्द हुन्छ, त्यस ठाउँमा बरफ हाले जस्तो ठण्डा हुन्छ ।

२० सर्पले टोकेकोमा–खुर्सानी सुर्मा जस्तो गरी लगाउनू । विषको प्रभाव भएसम्म खुर्सानीले आँखा पोल्दैन । विष नष्ट भए पछि खुर्सानीले आँखा पोल्दछ । आँखा पोल्नलागे पछि विष उत्रेछ भनी जान्नू ।

२१ अथवा–सर्पले टोकेर मनुष्य मूर्च्छित भएको छ भने खुर्सानीको धूलो जिभ्रामा हालिदिनू । तुरुन्त होस खुल्दछ ।

२२ बिच्छीको विषमा–खुर्सानी खूब मसीनो गरी पिंधी मह मिलाएर टोकेको ठाउँमा लगाइदिनू । विष उत्रन्छ ।

२३ कुकुरले टोकेमा–कुकुरले टोकेमा खुर्सानी बाँधी दिनू । जस्तो कुकुरले टोकेको भए पनि विष उत्रन्छ र आराम हुन्छ ।

२४ धूप–खुर्सानीको धूप दिनाले कीटाणु र लामखुट्टे, मुसुना, झिङा र अरू जहरीला कीराहरू पनि नष्ट हुन्छन् । हावा शुद्ध हुन्छ ।

मरिच

शूल १
कपाल दुखेमा २
अधामा ३, ४
रुघा ५, ६, ७
खोकी ८
कफ फटाउनामा ९
हिक्कामा १०
फियो बढ़ेमा ११
कामजरोमा १२, १३
राती नदेख्नेमा १४, १५
आँखाको रोग १६, १७
विषमा १८
कण्ठमाला १९
छालाको रोग २०
घाँटी सुनिएमा २१
अङ्ग नचल्नेमा २२
दाँत दुखेमा २३, २४, २५
नाथो फुटेकोमा २६
अतिसार २७
मन्दाग्नि २८
अलकाई २९
सुनिएमा ३०
पिनास ३१
सूजाक ३२
हैजा ३३
अमिलो पानी आएमा ३४

नेपाली—मरिच। हिन्दी—काली मिर्च। संस्कृत—मरिच।

१ शूलमा—एउटा इन्द्राणीको फल भित्र मरिचका गेड़ा कपड़ामिट्टी गरेर सुकाउनू र चुलोको नगीचे गाड़ीदिनू, ७ दिनपछि निकाली छायामा सुकाइराख्नू। शूल भएमा ५-७ गेड़ा मरिच चपाएर पानीले निल्नू। शूल आराम हुन्छ। भोक बढ़ाउँछ र मल पनि सफा गर्छ।

२ कपाल दुखेमा—गाईको घ्यू ५ तोला कराहीमा हालेर तताउनू, त्यसमा ७ गेड़ा मरिच हाल्नू र डढ़ेपछि त्यसलाई उतारेर छानेर राख्नू। कपाल दुखेको बखतमा यो घ्यू शिरमा र कञ्चटमा मालिश गर्नू, कपाल दुखेको आराम हुन्छ।

३ अधामा—मरिच घ्यूमा घोटेर नस हाल्नू अधा आराम हुन्छ।

४ अथवा–मरिच पानीमा पिंधेर देब्रे पट्टिको कपाल दुखेको भए दाहिने पट्टिर दाहिने पट्टि दुखेको भए देब्रे पट्टि कञ्चटमा लेप गर्नू, अधा कपाल दुखेको नष्ट हुन्छ ।

५ रुघामा–२१ गेड़ा सेतो मरिच प्रतिदिन पानीमा मली खानू ठण्डा र गर्मीले भएको र पुरानो कचमचिएको रुघा पनि नष्ट हुन्छ ।

६ अथवा–२५ दाना कालो मुनक्का लिनू र गेड़ा झिक्नू, पचिस गेड़ा मरिच मिलाएर खूबसँग पिंध्नू; त्यसमा आधा माना पानी मिलाएर पकाउनू, पानी घटेपछि हलुवा जस्तो हुन्छ । रुघाको रोगी-लाई मनतातो गरी चटाउनू र दोलाई वा सिरक ओढ़ेर बसाउनू, एक छिनपछि पसीना आउँछ र रुघा-पिनास र कपाल दुख्ने आदि रोग तुरुन्त नष्ट हुन्छन् । ठण्डा हावा र चिसो पानी बचाउनू ।

७ अथवा–मरिच पिंधेर शखर मिलाएर दोलाई ओढ़ेर खाए पनि पसीना आएर रुघा आदि आराम हुन्छन् ।

८ खोकीमा–१ तोला मरिच खूब मसीनो गरी पिंध्नू र शखरमा १।१ मासाको गोली बनाउनू । दिनको ३।४ पटक १।१ गोली चुस्नाले खोकी नष्ट हुन्छ र कफ फटाइदिन्छ ।

९ कफ फटाउनामा–मरिच पिंधेर मह मिलाएर चटाउनू । दिनको ३।४ पटक चाटनाले छातीभित्र र कण्ठनालीभित्र रहेको कफ फाट्छ र रोगीलाई आराम हुन्छ ।

१० हिक्कामा–हिक्का लाग्यो र केही गरे पनि फाइदा भएन भने भुङ्ग्रामा अलिकति मरिच हाल्नू र रोगीको नाकमा धुवाँ जाने गरी रोगीलाई बसाल्नू । धुवाँ नाक-भित्र जानेबित्तिकै हिक्का रोकिन्छ । कपाल दुखेको पनि नष्ट हुन्छ ।

११ फियोबढ़ेमा–कागतीको चुकअमिलोमा मरिच मसीनोसङ पिंधी फियोमा लेप गरिदिए आराम हुन्छ ।

१२ कामजरोमा–३ मासा मरिच २ तोला घ्यूमा पिंधेर शरीरमा मालिश गर्नाले जाड़ो भएर आउने कामजरो नष्ट हुन्छ ।

१३ अथवा–३ तोला मरिच एक मिनट पनि नरोकी ४८ घण्टासम्म लगातार खल गर्नू र शीशीमा राख्नू। १।२ लाल यो औषधीमा बराबर शक्कर मिलाएर खुवाउनू। जस्तो पुरानो औलो, कामजरो र तिजरो (३।३ दिनमा आउने) भए पनि आराम हुन्छ।

१४ राती नदेख्नेमा–मरिच चपाएर आएको थुक एउटा सलाईले रतौंधी भएको आँखामा लगाउनाले रतौंधी नष्ट हुन्छ। (तर रोगीलाई यो औषधी नबताउनू)।

१५ अथवा–दहीको पानीसँग मरिच घोटेर आँखामा लगाउनाले रतौंधी नष्ट हुन्छ।

१६ आँखाका रोगमा–मरिच धूमा मिलाएर खानाले अनेक प्रकारका नेत्ररोग नष्ट हुन्छन्।

१७ अथवा–महमा मरिच घोटेर आँखामा लगाउनाले धुन्ध, जाला र फूलो पनि नष्ट हुन्छ।

१८ विषमा–६ मासासम्म मरिचको काढ़ा सेवन गर्नाले सर्प, बिच्छी र अरु जानवरले टोकेको विष नष्ट गर्छ। अफीमको विष पनि नष्ट हुन्छ।

१९ कण्ठमालामा–मरिच पिंधेर पानीको साथ लेप लगाउनाले कण्ठमाला नष्ट हुन्छ।

२० छालाको रोगमा–मरिचको धूलो धूमा मिलाई लगाउनाले छालाका रोगहरू नष्ट हुन्छन्।

२१ घाँटी सुनिएकोमा–मरिचको धूलो पानीमा मिलाई लेप गर्नाले घाँटीको सूज र चर्मरोगहरू पनि नष्ट हुन्छन्।

२२ अङ्ग नचलेकोमा–मरिच पिंधी तेलमा मिलाएर नचल्ने अङ्गमा लेप गर्नाले पक्षाघात नष्ट हुन्छ र अङ्ग चल्न लाग्छ।

२३ दाँत दुखेमा–मरिच र कागतीको अमिलोमा पानी मिलाई तताएर कुल्ला गर्नाले दन्त-पीडा नष्ट हुन्छ।

२४ अथवा–मरिच खरी र कपूर पिंधी दाँत माझ्नाले दाँत दुख्ने,

हल्लिने, कीरा लागेको र गिजा पाक्ने आदि रोगहरू नष्ट हुन्छन् ।

२५ अथवा–मरिच र पोस्तादानाको काढ़ालें कुल्ला गरे दाँत दुख्न निको हुन्छ ।

२६ नाथ्रो फुटेमा–१ मासा मरिच पिंधेर दही र १ तोला पुरानो शखरसँग मिलाई खानालें नाथ्रो फुट्ने रोग नष्ट हुन्छ ।

२७ अतिसारमा–१ लाल मरिच, आधा लाल हीङ र चौथाई लाल अफीम पिंवेर जीरा-पानीसँग दिनाले अतिसार नष्ट हुन्छ ।

२८ मन्दाग्निमा–मरिच सुठो, पिप्ला, जीरा र सिंधेनुन बराबर पिंधेर १।। अथवा २ मासाको मात्रा गरी भोजनपछि दिनाले मन्दाग्नि हटेर भोक लाग्छ ।

२९ अलकाईमा–२ मासा मरिच, १ मासा जीरा, ७।। तोला मह वा शखर मिलाएर चियाको चम्चाको १ चम्चा दिनालें अलकाई नष्ट हुन्छ ।

३० सुनिएमा–मरिच पिंधेर पानी मिलाई सुनिएको ठाउँमा लेप गर्नाले सूज नष्ट हुन्छ ।

३१ पिनास भएमा–१ मासासम्म मरिच, शखर र दहीसँग खानाले पिनास आराम हुन्छ ।

३२ सूजाकमा–१ मासा मरिच र ३ मासा गोखरुको काढ़ा बनाई पिउनाले सूजाक आराम हुन्छ ।

३३ हैजामा–६ रत्ती मरिच, १ तोला फुराएको हिङ र ६ रत्ती अफीम मिलाएर ६ गोली बनाउनू । हैजाको वखतमा १-१ घण्टामा १-१ गोली जीरा पानीसँग दिनू, हैजा नष्ट हुन्छ ।

३४ अमिलो पानी आउनेमा–२-३ लाल मरिच चूर्ण गरी महमा मिलाएर पानीसँग खानाले कलेजाको वायु नष्ट भएर गर्मी चढ्दछ र मुखवाट अमिलो पानी आउन बन्द हुन्छ ।

सिमाली

अधामा १
कपाल दुखेमा २
खोकी र दम ३
दाँतको रोगमा ४
कानको रोग ५
घाँटीको रोग ६, ७
जरोमा ८, ९, १०, ११, १२
फियो बढ़ेमा १३
गण्डमाला १४
शूल १५
सन्धिवात १६
सूजाक १७, १८
सूज १९
सैन र बिम्रे को घाउ २०
लिङ्ग-शिथिलतामा २१
काम-शक्ति बढ़ाउनामा २२
सूतिकारोग २३, २४
सर्पविष २५
बिम्रेको कुकुरले टोकेमा २६
सम्पूर्ण रोगमा २७

नेपाली—सिमाली। हिन्दी—निर्गुण्डी। संस्कृत—निर्गुण्डी।

१ अधामा–जतापट्टिको कपाल दुखेको छ त्यसको आर्कोपट्टिको कानमा ५ थोपा सिमालीको रस हाल्यो भने अधा दुखेको नष्ट हुन्छ।

२ कपाल दुखेमा–सिमालीको एक तोला पातको काढ़ा पकाएर दिनाले रुघाले कपाल दुखेको र कान बहिरो भएको भए पनि आराम गर्छ।

३ खोकी र दममा–सिमालीको रस एउटा माटाको भाँड़ोमा पकाउनू, चास्नीजस्तो बाक्लो भएपछि राख्नू। दम र खोकीले ग्रस्त भएको मानिसलाई वमन विरेचन इत्यादि पञ्चकर्महरू गराएर यो अवलेह १ मासासम्मको मात्रा ७ दिनसम्म सेवन गराए नाक, मुख र कानबाट रोगोत्पादक जन्तु निक्लन्छ; खोकी र क्षय पनि दूर हुन्छन्। ३ महीनासम्म निरन्तर यसको सेवन गरे वृद्धावस्था हट्दछ र दीर्घायु प्राप्त हुन्छ। यो औषधको सेवन गर्दा अन्न र पानीको त्याग गरेर खाली दूध मात्र सेवन गर्नु पर्दछ।

४ दाँतको रोगमा–सिमालीको जरा पिंधेर फटकिरी मिलाई दन्तमञ्जन गर्नाले दन्तशूल नष्ट हुन्छ ।

५ कानको रोगमा–सिमालीको जरा तिलको तेलमा पकाउनू र तेल-मात्र बाँकी रहेपछि शीशीमा भरिराख्नू । यसले कान पाक्ने रोगमा आराम गर्छ । बहिरोपन हटाउँछ र घाउ, खटिरा आदि भए पनि नष्ट गर्छ ।

६ घाँटीको रोगमा–सिमालीको सुकेको पात चिलिममा हालेर तमाखु जस्तो गरी धूम्रपान गऱ्यो भने घाँटी सुनिएको आराम हुन्छ ।

७ अथवा–६ मासा सिमालीको पातको काढ़ामा १ मासा सानो पिप्ला र श्रीखण्डको धूलो मिलाएर पिए पनि घाँटीको रोग नष्ट हुन्छ ।

८ जरोमा–सिमालीको पातको धूलो २ मासा र सिमालीको पञ्चाङ्गको रसको चटनी वा काढ़ा बनाएर सेवन गर्नाले पालो गरेर आउने जरो, सूतिकाको जरो र अरू जरो पनि नष्ट हुन्छन् । यसैको काढ़ाले शरीर धोए शरीरको दुर्गन्ध नष्ट हुन्छ र पिसाब पनि सफा हुन्छ ।

९ अथवा–६ मासा सिमालीको पातको धूलो, ६ मासा हर्रो र २-३ तोला गो-मूत्र मिलाएर दिनाले औलोको जरोको साथ रोगीको फीयो र कलेजा बढ़ेको समेत नष्ट हुन्छ ।

१० अथवा–३ मासा सिमालीको पात, ३ मासा कालो कुटकी र १ मासा रसाञ्जन मिलाएर दिनाले पनि औलोको जरो, फियो—कलेजा बढ़्ने अरू उपद्रव भए पनि सबै नष्ट हुन्छन् ।

११ अथवा–जरोमा वमन भएर आत्तिएका मानिसलाई ३ मासा सम्म सिमालीको फूल महसँग दिनू आराम हुन्छ ।

१२ अथवा–कफ-ज्वरमा र फोक्सो सुनिएमा १ तोला सिमालीको पातको रस अथवा काढ़ा ३-४ लाल पिप्लाको धूलो मिलाएर दिनू र सिमालीको पातले छाती पनि सेकिदिनू, आराम हुन्छ ।

१३ फियो बढ़ेमा–२ तोला सिमालीको पातको रस गो-मूत्रमा मिलाएर प्रतिदिन बेहान दिने गर्नाले फियो र कलेजा बढ़ेको नष्ट हुन्छ । कलेजाको क्रिया सुव्यवस्थित राख्न सिमाली र भृङ्गिराजको

रस मिलाई १ तोला पिउनू ।

१४ गण्डमालामा–सिमालीको पातले गण्डमाला सेक्नाले र सिमालीको पातको रस नाकमा नस हाल्नाले गण्डमाला नष्ट हुन्छ ।

१५ शूलमा–१ तोला सिमालीको पातको रसमा १ मासा मरिच र ज्वानोको धूलो मिलाई दिनाले पेटमा भएको वात-सञ्चय र त्यसबाट हुने उदर शूल आदि नष्ट हुन्छन्, पाचनक्रिया सुधरन्छ, पेटभित्र वायुको सञ्चय हुँदैन र पेटका तमाम रोगहरू नष्ट हुन्छन् ।

१६ सन्धिवातमा–५ मासा सिमालीको रस, ३ मासा भृङ्गिराजको रस र ३ मासा तुलसीको पातको रसमा १ मासा ज्वानोको धूलो मिलाई सेवन गर्नाले सन्धिवात नष्ट हुन्छ । आमवात पनि नष्ट हुन्छ र आमवातका सूजन आदि उपद्रव पनि सबै नष्ट हुन्छन् ।

१७ सूजाकमा–२ तोला सिमालीको काढ़ाको सेवन गर्नु, सूजाक नष्ट हुन्छ र सूजाकबाट पैदा भएका सूज, गठिया आदि पनि नष्ट हुन्छन् ।

१८ अथवा–सूजाकको रोगमा कैलेकाहीं रोगीको पिसाब बन्द हुन्छ र अत्यन्त तकलीफ हुन्छ, त्यस अवस्थामा ७-८ तोला सिमालीको पातको तात्तातो काढ़ामा रोगीलाई बसाल्नू, तुरुन्त पिसाब हुन्छ ।

१९ सूजमा–१ पाउ सिमालीको पात दगल्च्याएर यौटा माटाको हाँड़ीमा हाल्नू र मुख ढाक्नू । अनि मन्द आँच दिनू, भित्रको पात पाकेपछि उतार्नू र तुरुन्त बिर्को खोल्नु । त्यो पात निकाली तात्तातै सुनिएको ठाउँमा राखी बाँधिदिनू । ४ घण्टा पछि त्यो खोलेर फेरि आर्को तातो पात बाँधीदिनू । ४ घण्टा पछि त्यो खोलेर फेरि आर्को तातो पात राखी बाँधीदिनू । यसले जस्तै सूज भए पनि नष्ट हुन्छ । हात गोड़ा मर्केको भए पनि यो बाँध्नाले ठीक हुन्छ । गण्डमाला आदिमा पनि यसको प्रयोग गर्नु उचित छ । (यसमा धतुरोको पात पनि हालिदिए झन् उत्तम हुन्छ) पुरानो सूजमा धेरै दिनसम्म प्रयोग गर्नु पर्ने भयो भने रोगीलाई पहिले जुलाब दिएर मात्र प्रयोग गर्नू र बीच-बीचमा पनि जुलाब दिंदै जानू, आराम हुन्छ ।

२० सैन र बिग्रेको घाउमा–आधा पाउ सिमालीको रसमा १ पाउ तिलको तेल हाली पकाउनू र तेल मात्र बाँकी रहेपछि यो तेल जस्तै घाउमा प्रयोग गरे पनि हुन्छ। सैन पनि नष्ट हुन्छ। गण्डमालाको फोड़ामा लगाए पनि आराम हुन्छ।

२१ लिङ्ग-शिथिलतामा–सिमालीको जरा घोटेर कामेन्द्रियमा लेप गर्नाले कामेन्द्रियको शिथिलता नष्ट हुन्छ। (सुपारी बचाई लेप गर्नू)।

२२ कामशक्ति बढ़ाउनामा–४ तोला सिमालीको जराको धूलो र ४ तोला सुठोको धूलो मिलाई ८ मात्रा बनाउनू, रोज १-१ पुड़िया दूधसँग सेवन गऱ्यो भने मनुष्यको कामशक्ति अत्यन्त बढ़्दछ।

२३ सूतिका रोगमा–१ तोला सिमालीको पातको काढ़ो दिनाले सूतिकाको जरो नष्ट हुन्छ। गर्भाशयको संकोचन हुन्छ, भित्रको मैला निस्कन्छ र सफा हुन्छ। गर्भाशय भित्र (पाठेघर) को सूज पनि नष्ट हुन्छ।

२४ अथवा–६ मासादेखि १ तोलासम्म सिमालीको रसको सेवन गर्नाले पनि उही गुण प्राप्त हुन्छ। प्रसूति अवस्थाको स्राव हटाउँछ, घाउ भरिदिन्छ, घाउमा कीरा परेको भए पनि नष्ट हुन्छ।

२५ सर्प विषमा–सिमालीको जरा, बोक्रा र पात पिंधेर लेप गर्नू र यसको पातको ताजा रस रोगीको नाकमा हालिदिनू, यसको २-३ तोला जराको काढ़ा पनि पिलाउनू। यसले सर्प र बिच्छीको विष नष्ट हुन्छ। (यो औषधी अरू जानवरले टोकेकोमा पनि उपयोग गरिन्छ)।

२६ बिग्रेको कुकुरले टोकेमा–सिमालीको पात पिंधेर लेप लगाउनाले पागल कुकुरले टोकेको विष नष्ट हुन्छ।

२७ सम्पूर्ण रोगमा–सिमाली र शिलाजीत मिलाई सेवन गरे (रोग हेरी अनुपान मिलाएर) शरीरका सम्पूर्ण रोग नष्ट हुन्छन्।

धत्रारो

दन्त-रोग १
अतिसार २, ३
सैन ४
अलकाई ५
आगाले पोलेकोमा ६
घाउमा ७
जुकामा ८
प्रदर ९, १०
व्यथा लागेमा ११
पुष्टिमा १२
सर्प-विषमा १३

नेपाली—धत्रारो । हिन्दी—धाई । संस्कृत—धातकी ।

१ दन्तरोगमा—धत्रारोको फूल, कोइरालाको बोक्रा र फिटकिरी मिलाई पिंध्नू र मञ्जन बनाउनू । यसले दाँतका रोगहरू नष्ट हुन्छन्, दाँत चमकिला र बलिया हुन्छन् ।

२ अतिसारमा—७। मासा धत्रारोको सुकेको फूल पिंधेर मोहीसँग पिलाउनाले अतिसार र प्रवाहिका नष्ट हुन्छन् ।

३ अथवा—धत्रारोको फूलको चूर्ण १ मासादेखि २ मासा सम्मको मात्रामा महसँग चटायो भने अतिसार नष्ट हुन्छ ।

४ सैनमा—धत्रारोको फूल आलसको तेलमा पिंधेर लगाउनाले सैन नष्ट हुन्छ ।

५ अलकाईमा—१-२ तोला धत्रारोको फूलको शर्बत बनाएर पिउनाले रगत आउने अलकाई नष्ट हुन्छ ।

६ आगाले पोलेमा—धत्रारोको सुकेको फूलको धूलो आलसको तेलमा मिलाई लगाउनाले व्रण, सैन, आगोले पोलेको र जहरीला कीराले टोकेको पनि नष्ट हुन्छ ।

७ घाउमा–धत्तारोको फूल खूब मसीनो गरी पिंधेर घाउमा लगाउनाले घाउ पुरिन्छ ।

८ जुकामा–३ मासा धत्तारोको फूल र ३ मासा वायुविडङ्गको धूलो मिलाएर दिनाले जुका नष्ट हुन्छन् ।

९ प्रदरमा–१ तोला धत्तारोको फूलको काढ़ा पकाएर दियो भने स्त्रीको रक्तप्रदर, श्वेतप्रदर र अलकाई पनि नष्ट हुन्छ ।

१० अथवा–३ मासा धत्तारोको फूल पिंधी महसँग चटाउनाले रक्तप्रदर नष्ट हुन्छ ।

११ बेथा लागेमा–१ तोला धत्तारोको फूल र मिश्रीको काढ़ा पकाई पिलाउनाले प्रसूतिको पीडा नष्ट हुन्छ ।

१२ पुष्टिमा–५ तोला धत्तारोको फूल, ५ तोला घ्यूमा भुटेको चामलको पिठो र घ्यूमा भुटेको ५ तोला गहुँको पीठो मिलाउनू र खूब मल्नू, अनि आधा पाउ मिश्रीको चास्नी त्यसमा हाली त्यसको ३१ ओटा लड्डू बनाउनू । १-१ लड्डू बेहान र बेलुका दूधसँग दिनाले स्त्रीको मासिक धर्म, रगत खराब भएको, सूतिकावायु आदि रोग नष्ट भई खूब मोटाउँछन् ।

१३ सर्पविषमा–१ तोलादेखि ५ तोलासम्म धत्तारोको पातको रस सर्पले टोकेको मानिसलाई पिलाउनू, नाकमा पनि टप्काउनू र टोकेको ठाउँमा पनि लगाउनू । यसले सर्पको विष नष्ट हुन्छ ।

छिउँकेझार

दाँतको दर्दमा १
मस्तिष्कको व्यथामा २
नाकको खटिरामा ३
हिक्का ४
फियो र कलेजा बढ़ेमा ५
गानोमा ६
भोक बढ़ाउनेमा ७, ८
दादमा ९
जोर्नि दुखेमा १०
कटिवातमा ११
गर्भ तुहाउनेमा १२

नेपाली—छिउँकेझार। हिन्दी—नकछिकनी। संस्कृत—छिक्कनी।

१ दाँतको दर्दमा–छिउँकेझार पिंधी ततार गालामा लेप गर्नाले दाँत दुखेको भए दूर हुन्छ।

२ मस्तिष्कको व्यथामा–छिउँकेझारको फूल माड़ेर नस हाल्नाले खूब छिका आउँछ, मस्तिष्क सफा हुन्छ, कफ र वायुको दोष नष्ट हुन्छ। पिनास पनि नष्ट हुन्छ।

३ नाकको खटिरामा–नाक-भित्र पट्टि एक किसिमको फुन्सी हुन्छ, त्यसलाई बङ्गाल तिर "अहोवा" भन्दछन्, यो भयो भने खूब जरो आउँछ र ३।४ दिनमा नै मनुष्य मर्दछ। त्यस्तो भएमा छिउँकेझार, पिप्लामूल २-२ मासा र कस्तूरी आधा मासा पिंघेर नस हाल्नाले छिका हुन्छ, रोगले जोड़ गर्न सक्दैन र आराम हुन्छ।

४ हिक्कामा–छिउँकेझार माढ़ेर नस हाल्नाले हिक्का आराम हुन्छ। घाँटीमा रहेको कफ नष्ट हुन्छ, कुक्कुर-खोकी नष्ट हुन्छ र वातले मुख जकड़िएको भए पनि ठीक हुन्छ।

५ फियो बढ़ेमा–छिउँकेझारको पात सुकाउनू र पिंधनू, १ मासा-देखिन् अलि-अलि बढ़ाउँदै ३ मासा सम्म पुऱ्याउनू, १ हप्ता सम्म

सेवन गर्नाले फियो बढ्को र कलेजा बढ्को भए पनि नष्ट हुन्छ। यसले गर्मी गर्छ, अतः मिश्रीको काढ़ासँग खानू।

६ गानोमा–१ मासा छिउँकेक्षार शखरमा मिलाएर खानाले गानो गएको आराम हुन्छ।

७ भोक बढ़ाउनेमा–हिउँदको समयमा ४ रत्ती छिउँकेक्षार शखर मिलाएर खानू र १-१ रत्ती बढ़ाउँदै १ मासा सम्म पुऱ्याउनू। (गर्मी गऱ्यो भने मिश्रीको काढ़ासँग खानू र घ्यू बढ्ता खानू) यसले खाना हजम गर्छ र भोक खूब बढ़ाउँछ।

८ अथवा–४ तोला छिउँकेक्षार, २ पाउ अदुवामा पिंधेर, २ पाउ गाईको घ्यूमा हालेर पकाउनू; घ्यू मात्र बाँकी रहेर अरू डढ़े पछि निकाल्नू र छानेर राख्नू। यो घ्यू चना बराबर खानाले खूब भोक बढ्दछ।

९ दादमा–छिउँकेक्षार पिंधेर मह मिलाई दादमा लेप गर्नाले दाद नष्ट हुन्छ।

१० जोनिंदुखेमा–छिउँकेक्षार पिंधेर तताई लगाउनाले जोनिं दुखेको नष्ट हुन्छ, यसले लकवा (पक्षवात) पनि नष्ट हुन्छ।

११ कटिवातमा–४ तोला छिउँकेक्षार पानी हाली पिंध्नू र १ माना तिलको तेलमा पकाउनू। तेल मात्र बाँकी रहेपछि निकाल्नू र छानेर राख्नू। यो तेल लगाउनाले कटिवात नष्ट हुन्छ।

१२ गर्भ-तुहाउनेमा–गर्भिणी अति रोगिणी छ र (गर्भ रहेर उसको जीवन सङ्कटावस्थामा पर्ने छ भने) गर्भ तुहाउनू आवश्यक परेमा छिउँकेक्षार पिंधेर महमा मिलाई गर्भिणीको नाभिमा लेप गर्नाले गर्भ गिर्दछ।

नागेश्वरी

आउँ-रगतमा १
खोकीमा २
अलकाईमा ३, ४
गोड़ा पोल्नेमा ५
जोर्निवात ६
बिम्रे को घाउ ७
चिलाउने (लुतो) ८
कामोत्तेजनामा ९
श्वेतप्रदर १०
गर्भपातमा ११
सर्पको विषमा १२, १३

नेपाली—नागेश्वरी । हिन्दी—नागेश्वर । संस्कृत—नागकेशर ।

१ आउँ-रगतमा–१ मासा नागेश्वरीको फूल मिश्रीको काढ़ासँग खानाले आउँ-रगत अलकाई र गुदा पोल्ने रोग पनि आराम हुन्छ । हात-गोड़ा पोल्ने पनि नष्ट हुन्छ । नागेश्वरीको फूलको कोपिलाले पनि आउँ-रगत नष्ट हुन्छ ।

२ खोकीमा–१ मासा नागेश्वरीको फूलको धूलो ३ मासा मह मिलाई चाटनाले कफ-युक्त खोकी नष्ट हुन्छ ।

३ अलकाईमा–१ मासा नागेश्वरीको फूल नौनी र मिश्री मिसाई चटाउनाले रक्तार्शको रगत रोकिन्छ र हात गोड़ाको दाह पनि नष्ट हुन्छ ।

४ अथवा–३ मासा नागेश्वरीको फूलको भित्रको केशर रातो पानीमा भिजाउनू, बेहान मलेर छान्नू र मिश्री मिलाएर पिउनू । ४० दिनसम्म यो क्रिया गर्नाले अलकाईमा खटिरा बैलाउँछन् । यसले जुका पनि नष्ट हुन्छ ।

५ गोड़ापोल्नेमा–नागेश्वरीको फूल पिंधेर बाख्रीको दूध मिलाई गोड़ामा लगाउनाले गोड़ा पोलेको नष्ट हुन्छ ।

६ जोर्निवात–नागेश्वरीको गेड़ाको तेल मर्दन गर्नाले जोर्नि दुख्ने वात नष्ट हुन्छ र कमर दुख्ने पनि नष्ट हुन्छ ।

७ बिग्रेको घाउमा–नागेश्वरीको गेड़ाको तेल लगाउनाले बिग्रेको र कुहेको घाउ पनि सफा हुन्छ र मासु पलाउँछ ।

८ चिलाउनेमा–नागेश्वरीको गेड़ाको गुदी कपड़ामा पोको पार्नु र त्यो पोको पानीमा भिजाएर चिलाउने ठाउँमा खूब मल्नू । यसले दुवै किसिमका चिलाउने (सुके र पाके) लुतो नष्ट हुन्छ ।

९ कामोत्तेजनामा–कामेन्द्रियमा नागेश्वरीको अतरको मालिश गर्नाले काम-शक्ति खूब बढ्दछ । पानमा १ सींक लगाएर खानाले पनि कामोत्तेजना खूब बढ्दछ । (तर गरम प्रकृतिका मानिसले नखानू) ।

१० श्वेत-प्रदरमा–३ मासासम्म नागेश्वरीको फूलको चूर्ण मोहीमा पिउनाले श्वेत-प्रदर नष्ट हुन्छ ।

११ गर्भपातमा–कुनै स्त्रीको तेस्रो महीनामा गर्भ गिर्ने भय भयो भने १ मासासम्म नागेश्वरीको फूलको धूलो मिश्री मिलाई दूधसँग सेवन गऱ्यो भने गर्भ स्थिर हुन्छ ।

१२ सर्पको विषमा–नागेश्वरीको फूल र पात पिंधी सर्पले टोकेका ठाउँमा लेप गऱ्यो भने सर्पविष नष्ट हुन्छ ।

१३ अथवा–नागेश्वरीको फूल र पत्ता पिंधेर पिलाए पनि सर्प-विष नष्ट हुन्छ ।

सुन्तला

जरो र खोकीमा १
अतिसार २
वमन ३
जुका ४
दाद ५
रगतको विकार ६
खुजली ७
स्त्रीको छोप्ने व्यथा ८
आमाशयको व्यथा ९

नेपाली—सुन्तला । हिन्दी—नारङ्गी । संस्कृत—नागरङ्ग ।

१ जरो र खोकीमा–सुन्तलाको विजुलामा मिश्री मिलाई तताएर खानाले जरो र खोको नष्ट हुन्छ ।

२ अतिसारमा–१।२ तोला सुन्तलाको शर्बत पिलाउनाले पित्तको अतिसार नष्ट हुन्छ ।

३ वमनमा–१ मासा सुन्तलाको बोक्राको चूर्ण बनाएर चटाउनाले वमन बन्द हुन्छ ।

४ जुकामा–१ तोला सुन्तलाको बोक्राको काढ़ामा १ लाल हिङ मिलाएर दिनाले पेटका जुका मर्दछन ।

५ दादमा–जुन दाद भित्र पट्टि सेतो र माथिबाट दाग भएको हुन्छ, त्यसमा सुन्तलाको पुल्टिस बाँध्नू, त्यो ठाउँ नरम भएर दाद नष्ट हुन्छ ।

६ रगतको विकारमा–१ तोला सुन्तलाको रसमा ३ मासा चिराइतो-को रस मिलाएर पिउने गर्नाले रगत शुद्ध हुन्छ । तागत पनि बढ्दछ ।

७ खुजलीमा–साना-साना खटिरा र चिलाउने रोग भएमा सुन्तलाको ताजा बोक्रा मल्नाले आराम हुन्छ ।

८ स्त्रीको छोप्ने व्यथामा–सुन्तलाको फूलको अर्क पिउने गर्नाले स्नायु-जालको ऐठन र हिस्टीरिया रोग नष्ट हुन्छ ।

९ आमाशयको व्यथामा–१ तोला सुन्तलाको बोक्रा, आधा तोला नीमको बोक्रा तातो पानीमा मिलाई छोपेर राख्नू । १५ मिनट पछि छानेर ५-७ तोला पिउनू । दिनको ३ पटक पिउने गर्नाले आमाशय खूब बलियो हुन्छ ।

नासपाती

अरुचि १
मन्दाग्नि २
आंखाको रोग ३
नजला ४
आमाशयको रोग ५
जुका ६
रक्तातिसार ७
कपाल दुखेमा ८
रगत-वमनमा ९, १०
अलकाईमा ११
सूजमा १२
घाउमा १३, १४
सर्पको विषमा १५

नेपाली—नासपाती। हिन्दी—नासपाती। संस्कृत—अमृत-फल।

१ अरुचिमा–२।२ तोला नासपातीको रसमा सिंधेनुन, मरिच र भुटेको जीरा छरेर पिउनाले अरुचि नष्ट हुन्छ।

२ मन्दाग्निमा–२।३ तोला नासपातीको रसमा पिप्लाको धूलो छरेर पिउनाले मन्दाग्नि नष्ट हुन्छ।

३ आँखाको रोगमा–नासपातीको रसको लेप गर्नाले आँखा सुनिएको नष्ट हुन्छ।

४ नजलामा–नासपातीको रस कञ्चटमा र कपालमा लेप गर्नाले गर्मीको रुघा नष्ट हुन्छ। दिमागमा तरावट हुन्छ।

५ आमाशयको रोगमा–३।४ तोला नासपातीको रस पिउनाले आमाशयलाई तागत दिन्छ। पागलपन नष्ट हुन्छ, प्यास हटाउँछ, छातीलाई बलियो पार्छ, तल्लो पेट पोल्ने र सूजन पनि नष्ट गर्छ। फोक्सोको पीडा हटाउँछ र वमन पनि रोक्दछ।

६ जुकामा–नासपातीको बिउ (गेडा) १॥ मासा पिंधेर ३ मासा वायुविडङ्गचूर्णसँग खायो भने जुकाहरू नष्ट हुन्छन्।

७ रक्तातिसारमा–१।२ तोला नासपातीको शर्वतमा १ मासा बेलको चाना मिलाएर चटाउनाले रक्तातिसार नष्ट हुन्छ ।

८ कपाल दुखेमा–२।३ तोला नासपातीको रसमा मिश्री मिलाएर चाट्नाले पित्तको शिरः पीड़ा नष्ट हुन्छ ।

९ रगत-वमनमा–१।२ तोला नासपातीको मुरब्बामा १ मासासम्म नागकेशरको धूलो मिलाएर खानाले रगतको अलकाई र रगत वमन गन व्यथा नष्ट हुन्छ ।

१० अथवा–१।२ तोला नासपातीको शर्वतमा १ मासा बयरको गुदी मिलाई पिउनाले रक्त-वमन नष्ट हुन्छ ।

११ अलकाईमा–१।२ तोला नासपातीको मुरब्बा दिनको ३ पटक सेवन गर्नु अलकाईबाट रगत आउन बन्द हुन्छ ।

१२ सूजमा–नासपातीको बोटबाट निक्लेको गूँद लगाउनाले सूजन नष्ट हुन्छ ।

१३ घाउमा–नासपातीको पात पोलेर त्यसको खरानी घाउमा छर्नाले घाउ पुरिन्छ ।

१४ अथवा–नासपातीको डाँठको खरानीको धूलो छरे पनि घाउ नष्ट हुन्छ ।

१५ सर्पको विषमा–नासपातीको पात पिंधेर पिलाउनाले सर्पको विष नष्ट हुन्छ ।

दमाईंफल (निर्मली)

आँखाको रोगमा १, २, ३, ४	सूजाक ९, १०, ११
अलकाई ५, ६	जुकामा १२
अतिसार ७	कुष्ठ १३
प्रमेह ८	सर्पको विषमा १४

नेपाली—दमाईफल । हिन्दी—निर्मली । संस्कृत—कतकफल ।

१ आँखाको रोगमा–दमाईंफलको गेड़ा पिंधेर मह र कपूर मिलाएर आँखाको वरिपरि लेप पानी बग्ने रोग नष्ट हुन्छ ।

२ अथवा–दमाईंफलको गेड़ा पानीमा पिंधेर सिंघेनुन मिलाई आँखाको वरिपरि लेप गऱ्यो भने आँखा पोल्ने र सेतो भागका रोग नष्ट हुन्छन् ।

३ अथवा–दमाईंफलको गेड़ा खूब मसीनो गरी पिंध्नू र आँखामा सुर्मा जस्तो गरी लगाउनू । यसले फुलो नष्ट हुन्छ र आँखाका घेरै रोगहरू नष्ट हुन्छन् ; आँखाको ज्योति पनि बढ्दछ ।

४ अथवा–दमाईंफलको गेड़ा खूब मसीनो गरी पिंध्नू र मह मिलाई आँखामा लगाउनाले मोती-विन्दु नष्ट हुन्छ ।

५ अलकाईमा–२।३ लाल दमाईंफलको गेड़ा पोलेर त्यसको खरानीमा नौनी मिलाई चाट्नाले अलकाईबाट जाने रगत बन्द हुन्छ ।

६ अथवा–२।३ लाल दमाईंफलको गेड़ा पोलेर त्यसको २ मासा खरानीमा मिश्री मिलाई खानाले पनि अलकाई नष्ट हुन्छ ।

७ अतिसारमा–दमाईंफलको १ गेड़ा पिंधेर मोहीमा मिलाएर ७ दिनसम्म खानाले पुरानो झाड़ा र पेटको व्यथा जो कुनै औषधिले पनि फाइदा भएको छैन, त्यो एकदम आराम हुन्छ ।

८ प्रमेहमा–१ देखि ४ गेड़ासम्म दमाइँफल पिंधेर मोही र महसँग मिलाई खायो भने सम्पूर्ण प्रकारका प्रमेह नष्ट हुन्छन् ।

९ सूजाकमा–४ गेड़ा दमाइँफल पानीमा पिंधेर मिश्री मिलाई पिउनाले सूजाक नष्ट हुन्छ । पिसाव वन्द भएको खुल्दछ र पोल्ने पनि आराम हुन्छ । ७ दिनसम्म खानाले पूर्ण आराम हुन्छ ।

१० अथवा–४ दाना दमाइँफलको गेड़ा पानीमा पिंधेर दही मिलाई माटाको भाँड़ामा राखेर कपड़ाले मुख वाँधेर रातभर राखिदिनू र वेहान पिउनू । यस्ता प्रकारले ७ दिनसम्म पिउनू र पथ्यमा दही भात मात्र खानू । यसले सूजाक, पिसाव पोल्ने र पिसाववाट रगत आउने व्यथा पनि नष्ट हुन्छ ।

११ अथवा–१ देखि ४ सम्म दमाइँफलको गेड़ा पिंधेर दूधसँग खानाले पनि सूजाक नष्ट हुन्छ ।

१२ जुकामा–दमाइँफलको गेड़ा पानीमा पिंधेर नाभिको वरिपरि लेप गर्नाले पेटका जुकाहरू नष्ट हुन्छन् ।

१३ कुष्ठमा–दमाइँफलको जरा घोटेर लगाउनाले सम्पूर्ण प्रकारका कुष्ठहरू नष्ट हुन्छन् ।

१४ सर्पको विषमा–दमाइँफलको गेड़ा पिंधेर सर्पले टोकेको मनुष्यलाई दिनाले सर्पको विष नष्ट हुन्छ ।

नीम

जरोमा १, २, ३, ४, ५, ६, ७
कपाल दुखेमा ८
कान दुखेमा ९, १०
आँखा दुखेमा ११ देखि १५
दाँतका रोगमा १६, १७
नाथ्रो फुटेमा १८
दममा १९
झाड़ा लागेमा २०
हैजामा २१
हैजामा बाउँड़िएमा २२
मन्दाग्निमा २३
अरुचिमा २४
अलकाईमा २५, २६
शीत-पित्तमा २७
वातरक्तमा २८
जुकामा २९, ३०, ३१
रक्तपित्तमा ३२, ३३
गण्डमालामा ३४
सन्धिवात आदिमा ३५, ३६
पक्षाघातमा ३७, ३८
सूजाकमा ३९
उपदंशमा ४०, ४१, ४२, ४३
प्रमेहमा ४४
पथरीमा ४५
कलेजाको रोगमा ४६
कफ र पित्तको बिकारमा ४७
कामेच्छा घटाउनामा ४८
खटिरा आदिमा ४९, ५०, ५१
कुष्ठमा ५२, ५३, ५४
दादमा ५५
बिग्रेको घाउमा ५६
विषाक्त घाउमा ५७
बगीरहने घाउमा ५८
सैन र पीप भएको फोड़ामा ५९, ६०
रगत शुद्ध गर्नु परेमा ६१
श्वेत कुष्ठमा ६२
प्लेगमा ६३, ६४, ६५
मासिक धर्ममा ६६, ६७, ६८, ६९
प्रसूति-कष्टमा ७०, ७१
सूतिकामा ७२, ७३, ७४
रक्तार्बुदमा ७५
चोट लागेमा ७६
लू लागेमा ७७
बिफरमा ७८, ७९, ८०, ८१
बिफरको प्यासमा ८२, ८३
बिफर गड़ेकोमा ८४
बिफर सुकेपछिमा ८५
बिफरको दागमा ८६

बिफरले कपाल झरेकोमा ८७
कतिपय उपयोगहरूमा ८८
बारुलो र बिच्छीको विषमा ८९
सर्पको विषमा ९०
अफीमको विषमा ९१
संखियाको विषमा ९२
सन्तति-निरोधमा ९३, ९४

नेपाली—नीम । हिन्दी—नीम । संस्कृत—निम्ब ।

१ जरोमा—शरीरमा हर हमेशा रही रहने जरो अरू कुनै औषधीले पनि हटेन भने १ तोला नीमको अन्तरछाला ३ चौथाई पानीमा हालेर पकाई ५ तोला पानी बाकी रहे पछि झिकेर बेहान रोगीलाई पिलाउनू । यही क्रमले केही दिनसम्म सेवन गर्नाले भित्रको ज्वरांश समेत नष्ट भई दिव्य देह हुन्छ ।

२ अथवा—नीमको अन्तरछाला सुकाई कुटेर चूर्ण बनाउनू । ६ मासा तातो पानीसँग सेवन गर्नाले पालो गरेर आउने जरो नष्ट हुन्छ ।

३ अथवा—नीमको अन्तरछाला, कुटकी, सुठो र मरिच मिलाई चूर्ण गर्नू र ३-४ मासासम्म तातो पानीमा सेवन गर्नाले अनेक प्रकारका औलाका ज्वरहरू नष्ट हुन्छन् ।

४ अथवा—नीमको तेल ५ थोपादेखि १० थोपासम्मको मात्रामा दिनाले पुरानो औलोको ज्वर एकदम नष्ट हुन्छ ।

५ अथवा—१ तोला नीमको अन्तरछालाको काढ़ा बनाएर त्यसमा मह मिलाई दिनाले सूजन-युक्त ज्वर र उष्ण ज्वर आदि नष्ट हुन्छन् ।

६ अथवा—आधा तोला नीमको पातको रस दिए पनि जरो निर्मूल हुन्छ ।

७ अथवा—६ मासा नीमको बोक्रा र ६ मासा गुर्जोको लहरोको काढ़ा दिनाले जरो र औलाको जरो आदि नष्ट हुन्छन् ।

८ कपाल दुखेमा—नीमको ताजा पातको रस निकाली नाक भित्र हाल्नाले कपाल दुखेको नष्ट हुन्छ ।

९ कान दुखेमा—नीमको पातको रस मनतातो पारी कानमा

हाल्नाले कान दुखेको नष्ट हुन्छ ।

१० अथवा–नीमको तेलमा मह मिलाएर त्यसमा कपासको बत्ती बनाई भिजाएर कानमा राख्नाले कानबाट पीप आउन बन्द हुन्छ ।

११ आँखा दुखेमा–नीमको कमलो पातको रस झिकेर मन तातो पारी जतापट्टिको आँखा दुखेको छ त्यसको आर्कोपट्टिको कानमा ३-४ थोपा रस हाल्नाले आँखा दुखेको आराम हुन्छ । दुवैपट्टि दुखेको छ भने दुवै कानमा हाल्नू ।

१२ अथवा–नीमको पातको रस आँखामा हाल्नाले आँखाका घेरै रोग नष्ट हुन्छन् ।

१३ अथवा–नीमको फूल छायामा सुकाएर बराबर कलमी सोरा मिलाई पिंध्नू र कपडामा छानी खूब मसानो पार्नू । सुर्मा जस्तो आँखामा लाउनाले फुलो, धुन्ध र माड़ा आदि रोग नष्ट हुन्छन्, आँखाको तेज पनि बढ्दछ ।

१४ अथवा–नीमको फूलको गाजल बनाएर आँखामा लगाउनाले पनि धुन्ध र फुलो काटिन्छ र आँखाको ज्योति पनि बढ्दछ ।

१५ अथवा–नीमको तेल आँखामा लगाउनाले र ६ तोला नीमको रस बेहान पिउनाले राती नदेख्ने व्यथा नष्ट हुन्छ । (२ दिनभन्दा बढ्ता नपिउनू) ।

१६ दाँतका रोग–नीमका फूलको काढ़ा बनाएर कुल्ला गर्नाले दाँत र गिजाका रोगहरू नष्ट हुन्छन् ।

१७ अथवा–नीमको बोक्राको काढ़ा पकाएर कुल्ला गर्नाले पनि दाँत र गिजाका रोग नष्ट हुन्छन् र बलिया हुन्छन् ।

१८ नाथ्रो फुटेमा–नीमको पात र ज्वानो पिंधेर कञ्चटमा लेप गर्नाले नाथ्रो फुट्ने रोग नष्ट हुन्छ ।

१९ दममा–नीमको तेल ३० थोपासम्मको मात्रा पानमा हाली खानाले दम नष्ट हुन्छ ।

२० झाड़ा लागेमा–५ तोला नीमको अन्तरछाल थिचेर २॥ पाउ

पानीमा हाली पकाउनू, १ पाउ बाँकी रहेपछि छान्नू, त्यो छानेको चौटा फेरि २॥ पाउ पानीमा पकाउनू र १ पाउ बाँकी रहेपछि छान्नू अनि पहिलेको काढ़ामा मिलाई शीशीमा बन्द गरी राख्नू। झाड़ा लागेको मानिसलाई ५-५ तोला काढ़ा दिनको ३ पटक पिलाउनू, झाड़ा थामिन्छ।

२१ हैजामा–नीमको पात पिंधेर गोला बनाउनू र त्यसमाथि माटाको १ अङ्गुल मोटो लेप गर्नू र भुङ्ग्रो भित्र हालिदिनू, जब माटो रातो हुन्छ तब निकालेर त्यसको रस निचोर्नू र शीशीमा भरिराख्नू। त्यो रस हैजाले प्यास लागेको रोगीलाई १-१ तोलाको मात्रा गरी गुलाफ पानीसँग बराबर दिनाले हैजा र प्यास नष्ट हुन्छ।

२२ हैजाले बाउँड़िएमा–हात-गोड़ामा नीमको तेल मालिश गरिदिनू, एक छिनमा आराम हुन्छ।

२३ मन्दाग्निमा–नीमको पाकेको गेड़ा प्रतिदिन ८-१० ओटा खाने अभ्यास गर्नाले मन्दाग्नि नष्ट हुन्छ।

२४ अरुचिमा–३-४ तोला नीमको कमलो पात घ्यूमा तारेर खानाले भयंकर अरुचि पनि तुरुन्त नष्ट हुन्छ।

२५ अलकाईमा–नीमको गेड़ा र सिंदुरे रुखको गेड़ाको धूलो मिलाई ६ मासा खानाले अलकाईको खटिरा वैलाउँछ।

२६ अथवा–प्रतिदिन मुङको छाँटा बनाएर त्यसमा नीमको २१ पात हालेर पिंध्नु (अरू केही मसला नमिलाउनू) र घ्यूमा फुरौला पकाएर ५-७ ओटा फुरौला खाने गर्नू, यस्ता प्रकारले २१ दिनसम्म खानाले सब प्रकारका अलकाई नष्ट हुन्छन्। यो औषधी सेवन गर्दा खाली मोही मात्र पिउनू। सकिएन र गाहारो भयो भने अलिकति भात खानू। नुन खाने मन भयो भने अलिकति सेंवेनुन खानू। अरु केही पनि नखानू।

२७ शीत-पित्तमा–नीमको तेलमा कपूर मिलाएर मालिश गर्नाले शीतपित्त नष्ट हुन्छ।

२८ वात-रक्तमा–नीमको मद १ तोलादेखि ४ तोला सम्मको मात्रामा लगातार ६-७ महीना सेवन गर्नाले वातरक्त, कुष्ठ र अरू चर्मरोग पनि नष्ट हुन्छन्। क्षयको जरो र अजीर्ण रोग पनि नष्ट हुन्छन्।

२९ जुकामा–तर्कारीमा नीमको पातले झानेर खाने गर्नाले पेटका जुका मर्दछन्।

३० अथवा–५ थोपादेखि १० थोपासम्म नीमको तेल खाने गर्नाले पेटका जुका मर्दछन्।

३१ अथवा–नीमको तेल पेटमा मालिश गरे पनि पेटका जुकाहरू मर्दछन्।

३२ रक्त-पित्तमा–१।२ तोला नीमको पातको रस पिउनाले र शरीरमा मालिश गर्नाले पनि रक्त-पित्त नष्ट हुन्छ।

३३ अथवा–५।७ थोपा नीमको तेल खानाले र लगाउनाले पनि रक्त-पित्त नष्ट हुन्छ।

३४ गण्डमालामा–गण्डमाला पाकेर घाउ भएको छ र सैन भएको भए पनि नीमको तेलको बत्ती बनाएर घाउ भित्र कोची पट्टी बाँधिदिनाले घाउ भरिन्छ र आराम हुन्छ।

३५ सन्धिवात आदिमा–नीमको तेलको मालिश गर्नाले सन्धि-वात, आमवात इत्यादि वातरोगहरू नष्ट हुन्छन्।

३६ अथवा–५ थोपादेखि १० थोपासम्म नीमको तेल पिलाउनाले पनि आमवातहरू आराम हुन्छन्।

३७ पक्षाघातमा–नीमको तेल निकालेर पक्षाघातमा मालिश गर्नाले पक्षाघात बिस्तारै-बिस्तारै आराम हुन्छ।

३८ अथवा–नीमको तेल पानमा हालेर खानाले वा ३० थोपा नीमको तेल रास्नादि-काढ़ामा मिलाई पिउनाले पक्षाघात, बातको ऐंठन र अरु किसिमका वात समेत नष्ट हुन्छन्।

३९ सूजाकमा–सूजाकमा जब इन्द्रिय सुनिएर रोगीको पिसाब

बन्द हुन्छ तब आधा पाउ नीमको पातको काढ़ा पकाएर त्यसमा रोगीलाई बसाउनू, पिसाब हुन्छ र सूज पनि नष्ट हुन्छ।

४० उपदंशमा–१ पाउ नीमको बोक्रा दगल्च्याएर २ माना भक्भकी पाकेको पानीमा हालेर रातभर राखिदिनू, बेहान कपड़ामा छानेर ५ तोला रोगीलाई पिलाउनू र अरु काढ़ाले गर्मीको घाउ धुनू। ३-४ महीनासम्म यो क्रिया गर्नाले उपदंश आराम हुन्छ।

४१ अथवा–नीमको पातको रस वा नीमको तेल लगाउनाले र खानाले पनि उपदंश नष्ट हुन्छ।

४२ अथवा–कुनै औषधीले पनि निको नभएको उपदंशलाई नीमको मद[1] १ तोलादेखि ४ तोलासम्मको मात्रा (रोगीको अवस्था हेरी) मा रोगीलाई पिलाउने गर्‍यो भने उपदंश नष्ट हुन्छ।

४३ अथवा–नीमको पात पिँधेर टिकिया बनाई तावामा सेकेर पानीसँग ६ मासा जती खाए लिङ्ग भित्रको खटिरा (उपदंश वा सूजाकवाट भएको भए पनि) नष्ट हुन्छ। रगत पनि शुद्ध हुन्छ।

४४ प्रमेहमा–१ तोला नीमको बोक्राको काढ़ा बेहान केही दिनसम्म पिए सिकता[2]-प्रमेह र इक्षु[3] प्रमेह आराम हुन्छ।

४५ पथरीमा–नीमको पातको खरानी बनाई २ मासाको मात्रामा केही दिन पानीसँग खायो भने पथरी गलेर झर्दछ।

४६ कलेजाको रोगमा–५ तोला नीमको ताजा पात १ माना तातो पानीमा हाल्नू र छोपिदिनू १५ मिनट पछि छानेर ५ तोलाको मात्रा

१–पुरानो नीमको वृक्षबाट एक किसिमको मद चुहेर बग्न लाग्छ। बगे पछि वर्षौंसम्म पनि आईरहन्छ। यो मद आउँदा रुखबाट एक किसिमको शब्द पनि भई रहन्छ। यही मद जम्बा गरेर राख्नू। धेरै रोगमा औषधी लाग्छ।

२–यो प्रमेहमा पिसाबबाट बालुवाजस्तो पदार्थ निस्कन्छ र धातु पनि बगी रहन्छ।

३–यो प्रमेहमा पिसाबबाट गुलियो पदार्थ निस्कन्छ र त्यसमा कमिला आदि लाग्दछन्।

गरी पिउनाले कलेजाको दोष मेटी दिशाको रङ्ग पहेंलो गराई दिन्छ। अर्थात् कलेजाबाट पित्त ठीक रीतिले निकाली दिन्छ।

४७ कफ र पित्तको विकारमा–३ मासा नीमको फूल, ३ मासा मिश्री मिलाई खानाले कफ र पित्तका विकारहरू नष्ट हुन्छन्।

४८ कामेच्छा घटाउनमा–केही दिनसम्म लगातार नीमको सेवन गरे बिस्तारै काम-शक्ति घटेर जान्छ। धेरै दिन सेवन गरे नपुंसक हुन्छ[१]।

४९ खटिरा आदिमा–नीमको एक मुठी पात पिंधेर टिकड़ी बनाई पुल्टिस लगाए बिस्फोटक, बालतोड़ र फोड़ा फुन्सीहरू नष्ट हुन्छन्। कीरा पनि नष्ट हुन्छन्।

५० अथवा–नीमको तेल लगाउनाले उपदंशको घाउ, फोड़ा, फुन्सी, कैटे र अरू दुष्ट व्रणहरू पनि आराम हुन्छन्। यसले कहिल्यै नपुरिएको घाउ पनि पुरिदिन्छ।

५१ अथवा–नीमको पात पिंधी ततार्इर बाँध्नाले कैटेको गाँठो, खटिरा र खटिरा बिग्रे र सुनिएको पनि नष्ट हुन्छ।

५२ कुष्ठमा–कुष्ठ रोगीले बारहैं महिना नीमको रुखमनि बस्नू, नीमको दतिउन लगाउनू, बेहान ५ तोला नीमको रस पिउनू, तमाम शरीरमा नीमको रस वा नीमको तेल मालिश गर्नू। खाना खाए पछि दुवै समय ५-५ तोला नीमको मद पिउनू, ओछ्यानमा नीमकै पात बिछ्याउनू, नीमको पातको रस पानीमा मिलाएर नुहाउनू र नीमको तेलमा नीमको पातको खरानी मिलाएर मलहम बनाएर कुष्ठको घाउमा लगाउने गर्नाले रोग एकदम निर्मूल हुन्छ।

५३ अथवा–२ देखि ४ तोलासम्म नीमको बोक्राको अर्क पिउनाले र पथ्यको रूपमा २ घण्टापछि ताजा रोटी घ्यूसँग खाने गर्नाले अर्धाङ्गवात, लकवा, गठिया, जलोदर, कोढ, दूषितव्रण, पाके लुतो र दाद आदि रोगहरू पनि नष्ट हुन्छन्।

१–साधु-सन्तहरू कामशक्ति घटाउन नीमको सेवन गर्दछन्।

५४ अथवा–१ तोला नीमको बोक्राको काढा पिउनाले रगत सफा भएर रगतका सब दोष नष्ट हुन्छन् ।

५५ दादमा–नीमको पात पिंधेर दही मिलाई लगाए दाद जान्छ ।

५६ बिग्रेको घाउमा–नीमको पातको पुल्टिस बाँधे निको हुन्छ ।

५७ विषाक्त घाउ–आधा पाउ नीमको पातको रस, १ पाउ तोरीको तेल अलिकति पानी मिलाई पकाएर तेलमात्र बाँकी रहेपछि निकाली छान्नू र शीशीमा राख्नू । यसले विषालु घाउ पनि निको हुन्छ ।

५८ वगी रहने घाउमा–नीमको बोक्राको खरानी लगाउनाले बगिरहने घाउ आराम हुन्छ ।

५९ सैन र पीप भएको फोड़ामा–नीमको पातलो पुल्टिस बाँध्नू । सैन र पीप भरिएको फोड़ा पनि नष्ट हुन्छ ।

६० अथवा–नीमको सुकेको पात र भिजाएको चून बराबर लिई नीमको हरियो पातको रसमा घोटेर सैनमा भरिदिए आराम हुन्छ ।

६१ रगत शुद्ध गर्नुपरेमा–वसन्त ऋतुमा ७ मासा नीमको कमलो कोपिला र ७।८ गेड़ा मरिच पनि पिंधी ७ दिनसम्म खाएर पथ्यमा खाली बेसनको रोटी र घ्यू मात्र खानाले १ वर्षसम्म कुनै किसिमका पनि चर्म-रोग र कुनै किसिमका रक्त-दोष पनि हुँदैनन ।

६२ श्वेत-कुष्ठमा–नीमको फूल, फल र पात बराबर लिएर खूब मसीनोसँग २ मासा पिंध्नू र शर्बत जस्तै गरी पानीमा धारधुर गरी पिउनू ४० दिनसम्म पिउनाले श्वेत कुष्ठ नष्ट हुन्छ (२ मासादेखि सुरू गरी अलि-अलि बढाउँदै ४० दिनसम्ममा ६ मासा पुऱ्याउनू) ।

६३ प्लेगमा–२ तोला नीमको अन्तरछाला ५ तोला पानीमा पिंधेर छानेर बेहान पिउनाले र नीमको पात मसीनोसँग पिंधी गाण्टोमा पुल्टिस बाँध्नाले प्लेग नष्ट हुन्छ ।

६४ अथवा–१ तोला नीमको पञ्चाङ्ग कुटेर पानीमा मिलाई छानेर १०-१० तोलाको मात्रा गरी १५-१५ मिनटमा पिलाउनाले र गाण्टोमा नीमका पातको पुल्टिस बाँधी नीमकै काठको धूवाँ दिई रहनाले

प्लेगको जरो, प्लेगको गाण्टो र अरू सब विकार नष्ट हुन्छन् ।

६५ अथवा–२१ ओटा नीमको डाँठ भएको पात र ७ गेड़ा मरिच, १ छटाँक गुलाफ-पानीमा पिंधेर २-२ घण्टामा पिलाउने र बारूद र मटितेल पिंधी गाण्टोमा लेप गर्नाले प्लेग नष्ट हुन्छ ।

६६ मासिक-धर्ममा–२ तोला नीमको बोक्रा, ४ मासा सुठो र २ तोला शखरको काढ़ा पकाएर पिउनाले रोकिएको मासिक धर्म खुल्दछ ।

६७ अथवा–१ तोला नीमको बोक्राको काढ़ा बनाएर पिउनाले रगत सफा भएर रगतका सम्पूर्ण रोग आराम हुन्छन् ।

६८ अथवा–४ मासा नीमको बोक्रा र २ तोला पुरानो शखरमा डेढ़ पाउ पानी हाली काढ़ा पकाई आधा पाउ बाँकी रहेपछि छानू र पिलाउनू । यसले रोकिएको मासिक-धर्म फेरि चालू हुन्छ ।

६९ अथवा–नीमको पात तताएर स्त्रीको तल्लो पेटमा बाँध्नाले मासिक-धर्मको बखतमा हुने कष्ट र पुरुष-प्रसङ्गको समयमा हुने कष्ट पनि नष्ट हुन्छन् ।

७० प्रसूति-कष्टमा–नीमको जरा गर्भवती स्त्रीको कम्मरमा बाँध्नाले बच्चा सजिलोसँग पैदा हुन्छ; तर बच्चा हुने बित्तिकै फुकालेर फ्याँकिदिनू ।

७१ अथवा–व्यथा लाग्नेबित्तिकै आधा तोला नीमको पातको रस दिनाले गर्भाशयको संकोचन हुन्छ, रजः-स्राव सफा हुन्छ, गर्भाशय र वरिपरिको सूज नष्ट हुन्छ, भोक लाग्छ, दिशा खलास हुन्छ, जरो आउँदैन र आए पनि ज्यादा जोड़ गर्दैन ।

७२ सूतिकामा–प्रसव भएको ६ दिनसम्म प्रसूतीलाई प्यास लागेको बखत नीमको बोक्रा हाली पकाएको पानी दिने गर्नाले उसको प्रकृति राम्रो रहन्छ ।

७३ अथवा–नीमको मनतातो पानीले प्रसूता स्त्रीको योनि धुनाले प्रसवाऽवस्थाको कारणले भएको योनि-शूल र शोथ नष्ट हुन्छ, व्रण चाँडै नै सुक्दछ, योनि शुद्ध र संकुचित पनि हुन्छ ।

७४ अथवा–३ सेर नीमको अत्तरछाला लिनू, टुक्रा-टुक्रा बनाउनू

र ३ हाँड़ीमा ४-४ पाथी पानी हाल्नू र त्यसमा माथिको नीमको अन्तरछाला १-१ सेर मुख बन्द गरेर छोप्नू अनि पकाउनू, जब खूब पाक्छ तब सूतिका रोगले ग्रस्त भएकी स्त्रीलाई बच्चयान नराखेको डोरीको खाटमा सुताउनू र खाटमनि घाँटी मन्तिर पर्ने गरी यौटा हाँड़ी राखी मुख खोलिदिनू, सुत्केरीलाई कम्बल ओढ़ाएर गुंस्याउनू (मतलब यो हो कि त्यसको बाफ सुत्केरीको शिरपट्टिको अङ्गमा नपरोस्) यो अलि सेलाएपछि कम्मरतिर सार्नू र अर्को नयाँ हाँड़ी उही ठाउँमा (घाँटी मन्तिर) राखिदिनू, त्यो पनि सेलाएपछि पहिलेको हाँड़ी गोडातिर, दोस्रो हाँड़ी कम्मरतिर र तेस्रो हाँड़ी घाँटीतिर राखी बाफले सेक्नू। खूब पसीना निस्कन्छ, अनि हावा बचाएर हाँड़ी हटाउनू। यस्ता प्रकारले ७ दिनसम्म सेक्नू। जस्तै सूतिका बिग्रे पनि यसले नष्ट हुन्छ। पथ्यमा मात्र दूध, भात, घ्यू तातो पानी ठण्डा भएपछि मात्र दिनू।

७५ रक्तार्बुदमा—नीम-काढ़ पानीमा घोटेर १ अङ्गुल मोटो लेप गर्नाले रक्ताऽर्बुद नष्ट हुन्छ।

७६ चोट लागेमा—चोट लाग्नाले भित्र दखल परेको र सुनिएको भए नीमको पातको बाफले सेक्नाले आराम हुन्छ।

७७ लू लागेमा—नीमको पञ्चाङ्ग र मिश्री १-१ तोला लिएर पानी-सँग पिँधी छानेर पिए लूका सबै उपद्रव नष्ट हुन्छन्।

७८ बिफरमा—नीमको प्रयोग गर्नाले बिफर हुँदैन, भए पनि त्यस्तो उग्ररूप धारण गर्दैन।

७९ अथवा—नीमको रातो रङका ७ कोपिला र ३ गेड़ा मरिच पिँधेर नियम-पूर्वक १ महीना खाए १ वर्षसम्म बिफर र दादुरा हुँदैन।

८० अथवा—नीमको गेड़ा, बर्रो भित्रको गुदी र हलेदो बराबर लिएर पिध्नू, १ मासाको मात्रा गरी ठण्डा पानीमा पिँधेर १५ दिनसम्म खायो भने बिफर र दादुराको डर हुँदैन।

८१ अथवा—नीमको ३ मासा कोपिला १५ दिन लगातार खायो भने बिफर र दादुराको डर हुँदैन। बिफर आयो भने पनि ज्यादा

जोड़ गर्न सक्दैन र आँखा विग्र्दैन ।

८२ बिफरको प्यासमा–नामको बोक्रा पोलेर त्यो अङ्गार पानीमा झ्वाई पार्नू र त्यो पानी पिलाउनू । प्यास शान्त हुन्छ ।

८३ अथवा–१ सेर पानीमा १ तोला नीमको कमलो पात पकाउनू, आधा बाँकी भए पछि छानेर पिलाउनू । यसले प्यास शान्त गर्छ, बिफरको विष र जरोको वेग पनि हलुका गर्छ र बिफरको दाना चाँड़ै सुक्छ ।

८४ बिफर गड़ेमा–कुनै बखत बिफरको दाना राम्रोसँग निक्लँदैन, बिफरको गर्मीले रोगी छटपटाउँछ, विषले भित्रभित्रै उग्र रूप धारण गर्दछ, रोगी प्रलाप गर्छ र अतिशय कष्ट पाउँछ; यस्ता अवस्थामा नीमका हरियो पातको रस १-१ तोला दिनको ३ पटक पिलाउनाले दाना खुलेर आउँछ र सबै उपद्रव शान्त हुन्छन् ।

८५ बिफर सुकेपछि–नीमको पात पानीमा पकाएर सेलाएपछि त्यही पानीले स्नान गर्नू र नीमको तेल शरीरमा मालिश गर्नू ।

८६ बिफरको दागमा–खटिरा आराम भईसकेर गड़ेको दागमा नीमको तेल वा नीमको गेड़ाको गुदी पानीमा पिंधेर लगाउनाले तीं सब दागहरू नष्ट भई सफा एकै रङ्गको छाला हुन्छ ।

८७ बिफरले कपाल झरेमा–शिरमा केही दिन नीमको तेल मालिश गर्नाले कपालका रौं उम्रन थाल्छन् ।

८८ नीमका कतिपय उपयोगहरू :—

(क) बिफर निस्क्यो भने बड़ो पवित्रता र धैर्यसाथ रोगीको सेवा शुश्रूषा गर्नुपर्दछ । बिफर मात्र छ अरु केही उपद्रव छैनन भने हड़बड़ाउनु हुँदैन, कुनै औषधीको प्रयोग पनि नगर्नू । आफै घटेर गएको बिफर असल हुन्छ । खाली नीमको प्रयोग सावधान भएर गर्नू ।

(ख) रोगीको कोठामा नित्य नीमको ताजा पात झुण्ड्याउनू । कोठाको भ्याल र ढोकामा पनि नीमका पातहरू झुण्ड्याउनू ।

(ग) रोगीलाई घेरै दाह भयो भने उसको ओछ्यानमा नीमको कमला पात ओछ्याउनू, वैलाएपछि फेरि बदलिदिनू ।

(घ) विफरको घाउमा झिङ्गाहरूलाई बस्न नदिनू, नीमको पंखा बनाएर त्यसको हावा पर्ने गरी रोगीलाई बराबर हाँक्नू।

(ङ) रोगीलाई धेरै दाह भयो भने नीमको पात पिंधी पानीमा घोलेर कपड़ामा छान्नू, मदानीले मथ्नू र अनि जो फींज आउँछ त्यसले रोगीको शरीरमा लेप गर्नू। यसले दाह नष्ट हुन्छ।

(च) विफरको दानाले यस्तो गर्मी गर्दछ कि रोगी सहन सक्तैन, असह्य वेदनामा नीमको पात पिंधेर अथवा नीमको गेड़ाको गुदी पानीमा पिंधेर दानामा पातलो लेप गर्नू, दानामा कहिल्यै पनि बाक्लो लेप नलगाउनू।

८९ बारुलो र बिच्छीको विषमा—नीमको पात माड़ेर टोकेको ठाउँमा दल्नाले बिच्छी र बारुलोले टोकेको आराम गर्छ।

९० सर्पको विषमा—सर्पले टोकेको मानिसलाई नीमको पात चपाउन दिनू। तितो लाग्दैन। तितो लागेपछि विष उत्रेछ भनी जान्नू।

९१ अफीमको विषमा—नीमको पातको खूब तेजिलो अर्क निकालेर पिउनाले अफीमको विष नष्ट हुन्छ।

९२ संखियाको विषमा—नीमको पातको रस पिउनाले विष उत्रन्छ।

९३ सन्तति-निरोध—१ तोला नीमको गूँदको धूलो १ चौथाई पानीमा गलाउनू र कपड़ामा छान्नू। त्यसमा १ हात लामो र १ हात चौड़ा नयाँ मलमलको कपड़ा भिजाउनू र सुकाउनू, सुकेपछि रुपियाँ बराबर गोल टुक्रा काटेर शीशीमा राखिछाड्नू। संभोगभन्दा पहिले १ टुक्रा लिएर स्त्री आफ्नू योनिको जरायु-पिण्डमा टाँसोस्। सह-वासको एक घण्टा पछि त्यो टुक्रा निकालेर फ्याँकोस्। यो प्रयोगले जरायुमा विचित्र स्फूर्ति पैदा हुन्छ र गर्भ रहन सक्दैन।

९४ अथवा—नीमको शुद्ध तेलमा रुईको फाहा बनाएर तर गरेर सहवासभन्दा पहिले जरायु पिण्डमा राख्नाले पनि गर्भ रहँदैन।

बकाइनो

कपाल दुखेमा १
गण्डमालामा २, ३
खल्वाटमा ४
शूलमा ५
कर्णशूलमा ६
सर्दीको सूजमा ७
वातरोगमा ८
गृध्रसी वातमा ९
जुकामा १०, ११
अलकाईमा १२, १३
पथरीमा १४
प्रमेहमा १५
फोड़ा-फुन्सीमा १६
फियो र कलेजामा १७
जरोमा १८, १९
कुष्ठमा २०, २१
छोप्ने व्यथामा २२
मासिक-धर्ममा २३
कतिपय उपदेश २४

नेपाली—बकाइनो। हिन्दी—बकायन। संस्कृत—महानिम्ब।

१ कपाल दुखेमा–बकाइनोको फूल र पातको पुल्टिस अथवा लेप लगाउनाले स्नायुको मस्तक-शूल नष्ट हुन्छ।

२ गण्डमालामा–३ मासादेखि ६ मासासम्म बकाइनोको पात र बोक्राको काढ़ा पकाएर पिउनाले कुष्ठ र गण्डमाला आराम हुन्छ।

३ अथवा–बकाइनोको अन्तरछाला पिंधी लेप गर्‍यो भने पनि गण्डमाला नष्ट हुन्छ।

४ खल्वाटमा–बकाइनोको गेड़ा तोरीको तेलमा फुराएर डढ़े पछि त्यसको खरानी र तेलको मलहम जस्तो बनाई शिरमा लेप गर्नाले खल्वाट नष्ट हुन्छ र नयाँ रौं पैदा हुन्छ।

५ शूलमा–आधा तोलासम्म बकाइनोको बोक्राको काढ़ामा २ मासा सुठोको चूर्ण मिलाई पिउनाले उदर-शूल नष्ट हुन्छ।

६ कर्ण-शूलमा–बकाइनोको गेड़ाको तेल कानमा हाल्नाले कर्ण-शूल नष्ट हुन्छ।

७ सर्दीको सूजमा–बकाइनोको रस तातो पारी लगाउनाले सर्दीबाट पैदा भएको शोथ (सूज) नष्ट हुन्छ।

८ वातमा–४ लाल बकाइनोको गेड़ाको चूर्णखानाले र बकाइनोको गेड़ाको धूलो खुर्सानीसँग पिंधेर लेप गर्नाले गठिया बात नष्ट हुन्छ।

९ गृध्रसी वातमा–१-२ लाल बकाइनोको सत्त्व पानीमा मिलाएर पिलाउनाले र बकाइनोको जराको बोक्राको लेप जस्तो बनाई लेप गर्नाले गृध्रसी वात नष्ट हुन्छ।

१० जुकामा–१ मासासम्म बकाइनोको पातको रस पिलाउनाले पेटका जुका मर्दछन्। जुकाले जरो आएको भए पनि नष्ट हुन्छ।

११ अथवा–बकाइनोको सुकेको फल (गेड़ा) कागतीको अमिलोमा पिंधेर १ रत्तीदेखिन् ४ रत्ती सम्मको मात्रा गरी दिनाले, बच्चाको पेटमा हुने चुर्ना र जुका पनि नष्ट हुन्छन्। बकाइनोको लामो अत्तरछाला झिकेर कम्मरमा बाँध्नाले पनि जुकाहरु मर्दछन्।

१२ अलकाईमा–बकाइनोको गेड़ा र मदिसे सौंप बराबर पिंधेर त्यसको बराबर मिश्री मिलाएर २ मासाको मात्रा गरी पानीसँग खानाले अलकाई नष्ट हुन्छ।

१३ अथवा–१ पाउ बकाइनोको पातमा २ तोला सिंधेनून मिलाई पिंधेर बयर जत्रो गोली बनाउनू। १-१ गोली बेहान-बेलुका पानीसँग दिनाले अलकाई नष्ट हुन्छ।

१४ पथरीमा–६ मासा बकाइनोको पातको रसमा ३ मासा जवाखार मिलाएर पिलाउनाले शर्कराश्मरी नष्ट हुन्छ।

१५ प्रमेहमा–१ रत्तीदेखि ४ रत्तीसम्म बकाइनोको गेड़ा पिंधेर चौलानी र घ्यूसँग खानाले पुरानो प्रमेह नष्ट हुन्छ।

१६ फोड़ा-फुन्सीमा–बकाइनोको फूल पिंधेर लेप गर्नाले फोड़ा-फुन्सी र अरू चर्म रोग पनि नष्ट हुन्छ।

१७ फियो र कलेजाका रोगमा–३-४ रत्ती बकाइनोको तेल पानी-

सँग पिउनाले फियो र कलेजाको विकार नष्ट गर्छ, रक्त शुद्ध गर्दछ, मस्तिष्कलाई तागत दिन्छ; अलकाई र सूज पनि नष्ट गर्छ।

१८ जरोमा–३ मासादेखि ६ मासा बकाइनोको बोक्राको काढ़ाले पालो गरी आउने जरो नष्ट गर्छ। मन्दाग्नि पनि नष्ट गर्छ।

१९ अथवा–बकाइनोको गेड़ा १ देखि ४ लालसम्मको मात्रा गरी खाने गऱ्यो भने सन्निपात ज्वर, रोकिएको पिसाव र तल्लो पेटको दर्द पनि नष्ट गर्छ।

२० कुष्ठमा–बकाइनोको फूलको पुल्टिस लाउनाले गलित कुष्ठ र कण्ठमाला पनि नष्ट हुन्छ।

२१ अथवा–बकाइनोको पातको पुल्टिस अथवा बकाइनोको अन्तरछालाको पुल्टिस लाउनाले पनि कुष्ठ र गण्डमाला नष्ट हुन्छ।

२२ छोप्ने व्यथामा–६ मासासम्म बकाइनोको पातको काढ़ाले स्त्रीको छोप्ने व्यथा नष्ट हुन्छ।

२३ मासिक-धर्ममा–६ मासा बकाइनोको रसमा ३ मासा अकरकलाको रस मिलाई पिउनाले स्त्रीहरूको मासिक-धर्म शुद्ध हुन्छ। सर्दीको सूजन पनि नष्ट हुन्छ र नाथ्रो फुटेमा पनि यसले फाइदा गर्छ।

२४ कतिपय उपदेश–

(क) फाल्गुन र चैत महीनामा यो बूटीको व्यवहार नगर्नू। यसको रसमादक र विषैला हुन्छ।

(ख) यसको बोक्रा पात र फलको मात्रा धेरै पऱ्यो भने यसको विष लाग्दछ। वमन, ज्यू बाउँड़िने र हैजाको लक्षण देखिन्छ। मनुष्य बेहोश हुन्छ र केही बेरपछि मृत्यु पनि हुन सक्दछ; अतः खूब सावधान भएर यसको प्रयोग गर्नू।

(ग) यसको बोक्रा ३ मासादेखिन् ६ मासासम्मको मात्रा र गेड़ा १ रत्तीदेखिन् ४ रत्ती सम्मको मात्रा हो। देश, काल र अवस्था हेरेर मात्र प्रयोग गर्नू।

●

आँक

खोकी र दमा १, २, ३
आँखाको रोगमा ४, ५
मोर्तीबिन्दुमा ६
फुली परेमा ७
आधा टुखेमा ८, ९, १०
कानको रोगमा ११, १२, १३
दाँतको रोगमा १४, १५, १६
दर्द र सूजमा १७
श्वास नलीको सूजमा १८
छोप्ने व्यथामा १९, २०, २१
वात-रोगमा २२, २३
अण्ड-वृद्धिमा २४
नामर्दीमा २५
श्लीपदमा (गोड़ा सुनिनेमा) २६
घाउमा २७
रक्तातिसारमा २८
उपदंश आदि रक्त दोषमा २९, ३०
पेट दुखेमा ३१
सर्पको विषमा ३२
बिच्छीको विषमा ३३, ३४
आँकको दूध निकाल्ने तरीका ३५

नेपाली—आँक। हिन्दी—मदार। संस्कृत—अर्क।

१ खोकी र दममा—१॥ मासा आँकको फूल, १॥ मासा सिंघेनून, ३ लाल अफीम र ६ मासा ज्वानो सब चीज एकत्र गरी पिंधेर सानो केराउ बराबर गोली बनाउनू। ३-३ घण्टामा १-१ गोली तातो पानीमा दिनाले खोकी र दम नष्ट हुन्छ।

२ अथवा—आँकको फूल र मरिच बराबर लिएर पिंध्नू र १-१ लालको गोली बनाउनू। दिन भरमा ४ पटक १-१ गोली तातो पानी-सँग खान दिनू। दम, खोकी, छोप्ने व्यथा र वायुका रोग नष्ट हुन्छन।

३ अथवा—आँकको फूल, लाहोरी नुन र पिप्ला १-१ तोला लिई पिंधेर मरिच बराबरको गोली बनाउनू। राती सुत्ने वेला बालकलाई १ गोली र जवानलाई २ गोली तातो पानीसँग खुवाउनू। यसले सम्पूर्ण प्रकारका खोकी र दम आराम गर्छ। पेट दुखेमा, हैजा, अजीर्ण र सुतेको बखत मुखबाट राल बग्ने पनि फाइदा गर्छ।

४ आँखाका रोगमा–१ तोला आँकको जराको बोक्रा कुटेर एक पाउ पानीमा एक घण्टासम्म भिजाउनू, अनि छान्नू। यो पानी १-२ थोपा आँखामा हाल्नाले आँखा रातो भएको, आँखा भारी हुने र चिलाउने रोग पनि नष्ट हुन्छ।

५ अथवा–सेतो आँकको जरा नौनीमा पिंधेर सुर्मा जस्तो गरी आँखामा लगाउनाले आँखाको तेज बढ्दछ।

६ मोती बिन्दुमा–१ तोला पुरानो इंटको मसीनो धूलो आँकको दूधमा भिजाएर सुकाउनू र ६ फूल ल्वाङ मिलाएर खूब मसीनो गरी पिंध्नू। यो चूर्णको नस हाल्यो भने मोती-बिन्दु नष्ट हुन्छ।

७ फुलो परेमा–पुरानो रुवोमा ३ पटक आँकको दूध भिजाउँदै सुकाउँदै गर्नू र त्यो सुकेपछि फेरी तिलको तेलमा भिजाउनू र यौटा सिपीको टुकड़ामा राख्नू, आर्को सीपीको टुक्राले छोपिदिन र आगामा पोल्नू अनि पिंधेर राख्नू। यो खरानी सुर्मा जस्तो गरेर आँखामा लाउनाले आँखाको फुलो काटिन्छ।

८ अधा दुखेमा–आँकको पहेंलो पातको रस निकाली नाक भित्र २-३ थोपा हाल्नू। आधा नष्ट हुन्छ।

९ अथवा–गुइँठाको खरानीमा आँकको दूधको ३ पटक भावना दिनू र छायामा सुकाउनू। सुके पछी कपड़छान गरी शीशीमा राख्नू। आवश्यकतामा अलिकति यसको धूलो, नाकमा नस हाल्नू। यसले छिक्का धेरै पटक हुन्छ र अधा दुखेको, नजला, रुघा र मस्तकका सम्पूर्ण रोग नष्ट गरि दिन्छ। यो अत्यन्त तीव्र छ, अतः गर्भिणी र बालकलाई नदिनू। मूर्छा परेको मानिसलाई पनि होश खुलाई दिन्छ। कदाचित् छिक्का बन्द भएन भने अलिकति गाइको घ्यूको नस हाल्नू, छिक्का रोकिन्छ।

१० अथवा–अलिकति चामलमा आँकको दूधको ३ पटक भावना दिएर सुकाउनू, सुके पछि खूब मसीनी गरी पिंध्नू र कपड़-छान गरिराख्नू। आवश्यकतामा सुँघ्नू वा नस हाल्नू, कपाल दुख्ने,

अघा रुघा र नजला पनि नष्ट हुन्छन् ।

११ कानको रोगमा–आँकको पहेंलो पात पुछेर त्यसमा घ्यू दल्नू र आगामा सेकाउनू, वैलाएपछि त्यसलाई हातले निचोरेर कानमा चुहाउनू । कान दुखेको नष्ट हुन्छ ।

१२ अथवा–आँकको प्वाल नपरेको पहेंलो पात लिएर आगोमा तताएर त्यसको रस कानमा हाल्नाले बहिरोपन नष्ट हुन्छ ।

१३ अथवा–आँकको फूल र कमलो पात, काञ्जी (अन्न कुहाई अमिलो पारेको रस) मा पिंधेर तिलको तेल र सिंधेनुन मिलाई स्यूँडीको डाँठ खोक्रो पारी त्यसमा माथिका औषधी हाल्नू र त्यो डाँठमा आँकको पातले लपेटेर धागोले बाँध्नू र त्यसमा कपड़-मिट्टी गरेर आगामा पोल्नू । जब माथिको माटो रातो हुन्छ, तब त्यसलाई निकालेर त्यसको तातो रस भिकेर कानमा हाल्नू । यसले कान चसचसी बोल्ने, पोल्ने, कान चिलाउने र कानका खटिरा आदि नष्ट भई बहिरोपन पनि हटाई दिन्छ ।

१४ दाँतका रोगमा–आँकको दूधमा रुवो भिजाएर त्यसमा घ्यू लगाई तताएर वङ्गारामा राख्नाले वङ्गाराको पीडा नष्ट हुन्छ ।

१५ अथवा–आँकको जराको बोक्रा पानीमा घोटेर दाँतमा लगाउनाले दाँतका कीराहरू नष्ट हुन्छन् ।

१६ अथवा–आँकको जराको दतिउन लगाउनाले दाँत दुख्ने आदि रोग नष्ट हुन्छन् ।

१७ दर्द र सूजनमा–आँकको पात तताएर बाँध्नाले दुखेको नष्ट हुन्छ र यसले सूजमा पनि आराम गर्छ ।

१८ श्वास नलीको सूजनमा–पहिलो अवस्थाको श्वास-नलीको सूजमा १ रत्ती आँकको जराको धूलो १-१ घण्टामा दिनाले गला नरम हुन्छ, पसीना आउँछ, दिशा खलास गर्छ, कफ गिराउँछ र सूज पनि घटाउँछ । दोस्रो अवस्थामा कफलाई पातलो गराएर चाँड़ै नै कफ गिराउँछ ।

१९ छोप्ने व्यथामा–आँकको फूल र मरिच बराबर लिएर पिध्नू र २।। रत्तीको गोली बनाउनू। दिनमा ३।४ पटक १-१ गोली तातो पानीसँग खानाले मृगी[1] अपस्मार[2], दम रगतको बिगार र स्नायुका रोग नष्ट हुन्छन्।

२० अथवा–आँकको जराको धूलो बाख्राको दूधमा पिंधेर नाकमा हाल्नाले छोप्ने व्यथा नष्ट हुन्छ।

२१ अथवा–चार घड़ी दिन बाँकीमा मृगीको रोगीको पैतालामा आँकको दूध लगाउनू र त्यसमा मरिचको धूलो छरिदिनू र त्यस माथि आँकको पात वेह्रेर मोजा लगाई दिनू। भोलिपल्ट पनि यस्तै क्रमले दूध लगाउनू। ४० दिनसम्म गोड़ा नधोएर यो प्रयोग गर्ने गऱ्यो भने मृगी, अपस्मार आदि सम्पूर्ण वात-सम्बन्धी रोग नष्ट हुन्छन् र शरीर चमकिलो हुन्छ।

२२ वात-रोगमा–आँकको ७ पात र ९ गेड़ा भलायो १ पाउ तिलको तेलमा हालेर पकाउनू। यी औषधी डढ़े पछि तेल छानेर शीशीमा हाली राख्नू। यो तेल घाममा बसेर मालिश गर्नाले हर प्रकारको वात-व्याधि नष्ट गर्छ।

२३ अथवा–आँकको कोपिला, सुठो, मरिच र बाँसको पात बराबर लिएर पिंध्नू र पानीमा चना जत्रो गोली बनाउनू। बेहान-बेलुका २-२ गोली तातो पानीसँग खानाले गठिया वात नष्ट हुन्छ।

२४ अण्ड-वृद्धिमा–आँकको जरा काञ्जीसँग पिंधेर लेप गर्नाले अण्ड-वृद्धि र श्लीपद नष्ट हुन्छ।

२५ नामर्दीमा–आँकको दूध १२ प्रहरसम्म गाईको घ्यूमा खल गर्नू र राख्नू। यो घ्यू १ रत्ती प्रतिदिन इन्द्रियमा[3] मालिश गर्नाले

१–छारे रोगलाई मृगी भन्दछन्। यसमा रोगी अकस्मात् गर्दछ र बेहोश हुन्छ र मुखबाट फिज आउँछ; अनि एकछिन् पछि होश खुल्दछ।

२–अंग्रेजीमा हिष्टीरिया भन्दछन्, नेपालीहरू बोक्सी लागेको भन्दछन्।

३–सुपारीलाई छाड़ी मालिश गर्नू (लिङ्गको अग्रभागलाई सुपारी भन्दछन्)।

हस्त-मैथुनबाट पैदा भएको नपुंसकतामा फाइदा गर्छ ।

२६ श्लीपद (गोड़ा सुनिएमा)–आँकको जरा घोटी लेप जस्तो बनाएर काञ्जीमा मिलाई सुनिएको ठाउँमा लेप गर्नू । श्लीपद नष्ट हुन्छ।

२७ घाउमा–आँकको पात सुकाई कुटेर धूलो पार्नु । त्यो धूलो घाउमा हाल्नाले खराब मासु हटेर नयाँ मासु पैदा गर्दछ र घाउ चाँड़ै नै पुरिन्छ ।

२८ रक्तातिसारमा–२।३ लाल आँकको जराको बोक्राको धूलोले रक्तातिसार नाश गर्दछ ।

२९ उपदंश आदि रक्त-दोषमा–आँकको जराको बोक्राको चूर्ण ६ लालसम्म खानाले र बाहिर लगाउनाले सबै जातका फोड़ा रक्त-दोष वा उपदंश अथवा अरू कुनै दोषबाट भएका भए पनि नष्ट हुन्छन् ।

३० अथवा–उपदंशको दोस्रो अवस्थामा छालामा फोका पैदा भए आँकको जराको बोक्राको चूर्ण उपयोग गरे बड़ो फाइदा हुन्छ ।

३१ पेट दुखेमा–आँकको पात तताएर पेटमा बाँधे पेट दुखेको नष्ट हुन्छ ।

३२ सर्पको विषमा–आँकको जरा र कपासको जरा पानीमा पिंधेर पिउनू सर्पको विष उत्रन्छ ।

३३ बिच्छीको विषमा–पहिले बिच्छीले टोकेको ठाउँमा गोकुल-धूपको धूप दिनू र आँकको पात पिंधेर टोकेको ठाउँमा लेप गर्नू । बिच्छीको विष उत्रन्छ ।

३४ अथवा–टोकेको ठाउँमा आँकको दूध मले पनि विष नष्ट हुन्छ । बारुलो, माउरी, बच्छ्यूँ र अरिंगाल आदिको विषमा पनि आराम गर्छ ।

३५ आँकको दूध निकाल्ने सरल तरीका–बोट उखेलेर माटो सफा गरी जरा माथिको बोक्रा मूला छोड़ाए जस्तो झिक्नू र बोक्रा सुकाउनू, बोट यौटा ठूलो भाँड़ामा राखिदिनू । भाँड़ामा सारा बोटको दूध आफै जरापट्टिबाट झर्छ यो विधिले एकै पटकमा धेरै दूध निक्लन्छ ।

अमिली

हृदयको दाहमा १
कब्जियतमा २, ३, ४
अजीर्णमा ५
आमातिसारमा ६, ७, ८, ९ १०
दममा ११
आँखाको रोगमा १२
सुन्नवातमा १३
अलकाईमा १४
फोड़ामा १५
खराब घाउमा १६
सूज र मर्केकोमा १७, १८
लू लागेमा १९
वीर्यको कमजोरीमा २०
प्रवाहिका २१
पिसाबको व्यथामा २२
घाँटीको घाउमा २३
शरीरको दाहमा २४
बिफरमा २५
भोक बढ़ाउने चटनी २६

नेपाली—अमिली। हिन्दी—इमली। संस्कृत—तिन्तिडिका।

१ हृदयको दाहमा–३ मासा पाकेको अमिलीको रसमा मिश्री मिलाएर पिउनाले छाती पोल्ने रोग नष्ट हुन्छ।

२ कब्जियतमा–१५-२० वर्ष पुरानो अमिलीको शर्बत पिउनाले पुरानो कब्जियत नष्ट हुन्छ।

३ अथवा–१ तोला अमिलीको फल पानीमा पकाएर मिश्री मिलाई छानी खानाले पेट फुल्ने र कब्जियतको रोग नष्ट हुन्छ।

४ अथवा–२ मासा अमिलीको गुर्दी मात्र सेवन गर्नाले पनि पुरानो कब्जियतको रोग निर्मूल हुन्छ।

५ अजीर्णमा–अमिलीको रूखको बोक्रा र सिंधेनुन बराबर माटाको भाँड़ामा राखेर आगोमा सेतो खरानी पार्नू यो खरानी १ रत्ती तातो पानी साथ दिए अर्जीर्ण र पेटको शूल नष्ट गर्छ।

६ आमातिसारमा–४ मासा पाकेको अमिलीको गेड़ाको बोक्राको

धूलो, ६ मासा जीरा र ६ मासा मिश्री मिलाएर चूर्ण गर्नू, ४-४ मासाको मात्रा गरी ३-३ घण्टामा तातो पानीमा दिनाले पुरानो भईसकेको आमातिसार पनि नष्ट हुन्छ।

७ अथवा–१ वर्षको अमिलीको बोटको जरा र मरिच बराबर लिएर मोहीमा पिंधेर ३ मासाको परिमाण गरी दिनमा ३ पटक तातो पानीसँग दिनाले ६ दिनमा आमातिसार नष्ट हुन्छ।

८ अथवा–१-२ मासा अमिलीको गेड़ा माथिको रातो बोक्रा मसीनोसँग पिंधी पानीसँग खानाले अतिसार, रक्तातिसार र आउँलाई पनि नष्ट गर्छ।

९ अथवा–५ रत्ती अमिलीको गेड़ा, ५ रत्ती जीरा र ५ रत्ती मिश्री मिलाए पिंधेर दिनको २-३ पटक दिनाले आमातिसार नष्ट हुन्छ।

१० अथवा–१ मासा अमिलीको गेड़ा मात्र पिंधी खानाले पनि उही गुण हुन्छ।

११ दममा–२-३ रत्ती अमिलीको बोक्राको सत्व महसँग चाट्नाले दम नष्ट हुन्छ।

१२ आँखाको रोगमा–अमिलीको फूल थिचेर आँखामा पुल्टिस जस्तो लगाउनाले आँखाको लाली र पीड़ा नष्ट हुन्छ।

१३ सुन्नवातमा–अमिलीको बोक्रा थिचेर सुन्नवात (कुनै ठाउँमा छोएको पनि थाहा नपाउने) रोग नष्ट हुन्छ।

१४ अलकाईमा–अमिलीको फूलको रस अलकाईमा लगाउनाले अलकाईको रगत थामिन्छ।

१५ फोड़ामा–अमिलीको गेड़ा थिची पकाएर फोड़ामा बाँध्नाले फोड़ा आराम हुन्छ।

१६ खराब घाउमा–अमिलीको पात पकाएको पानीले घाउ धोएर अमिलीकै पातको धूलो घाउमा लगाए घाउ सुक्छ।

१७ सूज र मर्केकोमा–अमिलीको पात पानीमा पकाएर पुल्टिस बाँध्नाले सूज र मर्केको आराम हुन्छ। दमको परेकोमा पनि ठीक गर्छ।

१८ अथवा–काँचो अमिलीको फल र पात पिंधी तताएर सुनिएको ठाउँमा लेप गर्नाले सुनिएको, मर्केको र दमको परेको पनि ठीक हुन्छ।

१९ लू लागेमा–पाकेको अमिलीको गुदी हत्केला र पैतालामा मल्नाले लूको[1] असर जान्छ।

२० वीर्यको कमजोरीमा–अमिलीको गेड़ा रातभर पानीमा भिजाई पिंधेर बराबर मिश्री मिलाएर ६ मासाको गोली बेहान बेलुका दूधसँग खानाले नपुंसकत्व नष्ट भई पुरुषार्थ बढ्दछ।

२१ प्रवाहिकामा–फलामको टुक्रा आगामा पोलेर अमिलीको पातको रसमा इवाई पारेर पिलाए घेरै दिशा लाग्ने रोग नष्ट हुन्छ।

२२ पिसाबको व्यथामा–३ मासा अमिलीको बोक्राको खरानी त्रिफला पानीसँग खुवाउनाले मूत्र-सम्बन्धी रोग र सूजाक समेत आराम हुन्छ।

२३ घाँटीको घाउमा–अमिली भिजाएको पानीले कुल्ला गऱ्यो भने घाँटीको घाउ नष्ट हुन्छ।

२४ शरीरको दाहमा–१ तोला पाकेको अमिली भिजाएको पानीमा मिश्री मिलाएर पिउनाले शरीरको दाह र भाङ आदि पदार्थको नशामा फाइदा गर्छ।

२५ बिफरमा–२ मासा अमिलीको पात र १ मासा हलेदो पिंधेर पिलायो भने उपद्रव समेत बिफरको रोग नष्ट हुन्छ।

२७ भोक बढ़ाउने चटनी–२॥ तोला अमिलीको गुदी, १ माना पानीमा हालेर मल्नू र छान्नू, अनि त्यसमा ५ तोला मिश्री, ३॥ मासा दालचिनी, ३॥ मासा ल्वाङ र ३॥ मासा अलैंची पिंधेर हाल्नू र आवश्यकतामा चाट्नू। यसले वात-सम्बन्धी शिकायत र कमजोरी हटाउँछ, भोक बढ़ाउँछ मन प्रसन्न गराउँछ र पेट-सम्बन्धी धेरै रोग नष्ट गर्छ।

१–एक किसिमको तातो हावा, यो हावा लाग्नाले मनुष्यलाई जरो आउँछ र बेहोश भएर कसैको प्राण पनि जान्छ।

खयर

खोकीमा १
कफबाट रगत आएमा २
मुखको खटिरामा ३
दाँतको रोगमा ४, ५, ६, ७
कान पाकेमा ८
अतिसारमा ९, १०
फोड़ा-फुन्सीमा ११
घाउ खटिरामा १२
अलकाईमा १३
जुकामा १४
कुष्ठमा १५
कामोत्तेजनामा १६
सैनमा १७

नेपाली—खयर। हिन्दी—कत्था। संस्कृत—खदिर।

१ खोकीमा–२ रत्ती खयर २ रत्ती हलेदोको चूर्ण मिश्री मिलाएर तातो पानीसँग दिनू यसबाट सुक्खा खोकी नष्ट हुन्छ।

२ कफबाट रगत आएमा–३ मासा खयरको फलको धूलो महमा मिलाएर चाट्नाले कफबाट रगत आउने रोग नष्ट हुन्छ।

३ मुखको खटिरामा–सेतो खयर र कलमी शोरा बराबर पिंधी जिभ्रोमा छरेर एक छिन कुल्ला गर्नू यसले मुख पाकेको, खटिरा आएको र गिजाका रोग समेत नष्ट हुन्छन्।

४ दाँतको रोगमा–१ तोला खयर, १ तोला दालचिनी र १ तोला जाइफल लिएर खूबसँग पिंध्नू र २-२ लालको गोली बनाएर राख्नू। यो गोली चुस्ने गर्नाले गिजा पाकेर पीप आउने, घाँटी दुख्ने र दाँत दुख्ने रोग पनि आराम हुन्छ। यही औषधी भेसलीन वा गाईको घ्यू मिलाई मलहम जस्तो बनाएर फोड़ामा लगाउनाले फोड़ा पनि आराम हुन्छ।

५ अथवा–खयरको धूलो र अफीम बराबर मिलाएर आधा लालको गोली बनाउनू र मुखमा हाल्नू अथवा धूलो नै मुखमा हालेर

कुल्ला गऱ्यो भने पनि गिजा दुख्ने, मुखको खटिरा र राल बग्ने व्यथा आदि पनि नष्ट हुन्छ। यही औषधी १ गोली तातो पानीसँग खायो भने अतिसार पनि नष्ट हुन्छ।

६ अथवा–२॥ रत्ती खयरको मात्र गोली बनाएर मुखमा राखी चूस्नाले गिजाको दुस्साध्य दर्द पनि नष्ट हुन्छ।

७ अथवा–१ मासा खयर ५ तोला पानीमा पकाउनू र आधा तोला बाँकी रहेपछि उतारेर त्यसमा ५ लाल जाईफल, ५ लाल कपूर र ५ लाल सुपारी पिंधेर हाल्नू र २ लालको गोली बनाउनू। यसले मुख-पाक र दन्त-रोग आदि नष्ट गर्छ।

८ कान पाकेमा–पाकेको कानमा खयरको धूलो छरिदिनाले पीप आउन बन्द हुन्छ।

९ अतिसारमा–५ रत्ती खयर र ५ रत्ती दालचिनी पिंधेर कागतीको रसमा ४ गोली बनाउनू। दिनको ३ पटक १-१ गोली तातो पानीको साथ दिनाले अतिसार नष्ट हुन्छ।

१० अथवा–१ मासा खयर, १ मासा दालचिनी र १ मासा अफीम खूब राम्रोसँग पिंधी २४ गोली बनाउनू। अवस्थानुसार १।२ गोली तातो पानीमा दिनाले अतिसार नष्ट हुन्छ।

११ फोड़ा-फुन्सीमा–खयर र मइन मिलाई लेप जस्तो बनाउनू र पुरानो पीप बगीरहेको फोड़ामा आगोमा तताएर लेप लगाउनाले खराब पीप नष्ट भई नयाँ मासु पलाएर आउँछ।

१२ घाउ-खटिरामा–खयरको धूलो घाउ-खटिरामा छरिदिनाले रगत बग्न बन्द हुन्छ र आराम हुन्छ। भिरङ्गीको खटिरा पनि यसले फाइदा गर्छ।

१३ अलकाईमा–रिट्ठाको बोक्राको खरानी र खयर बराबर पिंधेर राख्नू। १ रत्ती चूर्ण नौनीमा मिलाएर खानाले अलकाईबाट आउने रगत बन्द हुन्छ। नुन, पिरो र अमिलो खान छाड्नू।

१४ जुकामा–१ तोला खयरको काठको काढ़ा पकाएर पिउनाले

पेटका जुका मर्छन्, मामूली दिशा पनि रोकिन्छ। आन्द्राको घाउ र आउँ पनि नष्ट हुन्छ।

१५ कुष्ठमा–खयरको शर्वत बनाई प्रयोग गऱ्यो भने कुष्ठ, सूजाक र फोड़ा-फुन्सी पनि आराम हुन्छ; खयरको र गाईको घ्यूको लेप बनाई घाउमा प्रयोग गर्नू।

१६ कामोत्तेजनामा–१ तोला खयर र १ लाल कपूर मिलाई खानाले मनुष्य एकदम नामर्द हुन्छ। पुरुषत्व नष्ट हुन्छ। यो अलिकति मुखमा राखेर चूस्नाले लिंगलिंगे सुनिएको नष्ट हुन्छ र त्यसैबाट भएको खोकी पनि नष्ट हुन्छ।

१७ सैनमा–खयर र नीलो तुथाको लेप गर्नाले सैनको घाउ नष्ट हुन्छ।

धनियाँ

आँखाको रोगमा, १, २, ३, ४, ५
खल्वाटमा ६
कपाल दुखेमा ७
नाथ्रो फुटेमा ८
शूलमा ९
अतिसारमा १०
रक्तातिसारमा ११
जुकामा १२
शीतपित्तमा १३
कामोत्तेजनामा १४
गर्मीको सूजनमा १५, १६
सार्की खटिरामा १७
घाँटी दुखेमा १८
अलकाईमा १९
मन्दाग्निमा २०
गण्डमालामा २१
जोर्निको दर्दमा २२
गर्भाऽवस्थाको वाकवाकीमा २३
बालकको खोकीमा २४

नेपाली—धनियाँ। हिन्दी—धनियाँ। संस्कृत—धान्याक।

१ आँखाको रोगमा–१ मासा धनियाँको गेड़ा कुटेर आधा माना पानीमा पकाउनू र कपड़ामा छान्नू, अनि त्यो रस आँखामा टप्काउनाले आँखा दुखेको नष्ट हुन्छ। आँखा पोल्ने र पानी बग्ने पनि नष्ट हुन्छ।

२ अथवा–हरियो धनियाँको रस छोरीकी आमाको दूधमा मिलाई आँखामा टप्काउनाले आँखाको कठिन दर्द पनि आराम हुन्छ।

३ अथवा– धनियाँको काढ़ा पकाएर आँखा धुने गर्‍यो भने आँखाको पुरानो सूज र बिफरबाट भएको आँखाको घाउ पनि आराम हुन्छ।

४ अथवा–धनियाँको गेड़ा र जौ पिंधेर पुल्टिस बनाएर आँखामा बाँध्यो भने आँखाको डिल सुनिने र आँखाका अरू रोग पनि आराम हुन्छन्।

५ अथवा–हरियो धनियाँको रस आँखामा हाल्नाले बिफरको खटिरा आँखामा आउँदैन ।

६ खल्वाट भएमा–धनियाँको धूलो कागतीको चुकमा मिलाएर लेप गऱ्यो भने खल्वाट नष्ट हुन्छ र रौं उम्रन्छ ।

७ कपाल दुखेमा–३-४ मासा धनियाँ र अमला बराबर लिई राती भिजाउनू र बेहान पिंधेर मिश्री मिलाई पिउनू; यसले गर्मीबाट भएको शिर-दर्द आराम हुन्छ ।

८ नाथ्रो फुटेमा–धनियाँको पात पिंधेर त्यसको रस नाकमा हाल्नाले र शिरमा लेप गर्नाले नाथ्रो फुट्ने रोग नष्ट हुन्छ । रगत बन्द हुन्छ ।

९ शूलमा–धनियाँको गेड़ाको धूलो र मिश्री मिलाई ५-६ मासा पानीसँग दियो भने गर्मीबाट भएको शूल नष्ट हुन्छ ।

१० अतिसारमा–४-५ मासा धनियाँको भुटेको गेड़ा खानाले तुरुन्त दिशा बन्द हुन्छ ।

११ रक्तातिसारमा–२।३ मासा धनियाँको गेड़ा पानीमा भिजाएर पिंधी छानेर खानाले रक्तातिसार नष्ट हुन्छ ।

१२ जुकामा–१ मासा धनियाँको गेड़ाको चूर्ण रक्सीसँग खानाले पेटबाट जुका निस्कन्छन् र फेरि पैदा हुँदैनन् ।

१३ शीतपित्तमा–हरियो धनियाँको रसमा तिलको तेल मिलाएर मालिश गर्नाले शीतपीत्त नष्ट हुन्छ ।

१४ कामोत्तेजनामा–४-५ मासा धनियाँको गेड़ा पानीमा भिजाएर पिउनाले काम-शक्ति नष्ट हुन्छ ।

१५ गर्मीको सूजनमा–हरियो धनियाँको रस र कागतीको रस मिलाएर लगाउनाले गर्मीको सूजन नष्ट हुन्छ ।

१६ अथवा–धनियाँको ताजा पात पिंधेर त्यसमा चनाको पिठो र तिलको तेल मिलाएर लगाउनाले कठोर सूजन र जहर बातको सूज पनि नष्ट हुन्छ ।

१७ सार्कीखटिरामा–हरियो धनियाँको रस शीशाको खलमा हालेर शीशाकै वत्ताले घोट्नू र गुलरोगन (तिलको तेलमा गुलाफको पात हाली बनाएको तेल) मिलाई लगाउनाले सार्कीखटिरा (कारवङ्कल) नष्ट हुन्छ।

१८ घाँटी दुखेमा–१ मासा धनियाँको गेड़ा चपाउनाले घाँटीको दर्द नष्ट हुन्छ।

१९ अलकाईमा–२-३ मासा धनियाँको गेड़ा मिश्री हाली पकाएर पिउनाले अलकाईबाट आउने रगत बन्द हुन्छ।

२० मन्दाग्निमा–१ मासा धनियाँको गेड़ा र १ मासा सुठोको काढ़ा पकाएर पिउनाले पाचन-शक्ति बढ्दछ र पेटको दर्द आराम हुन्छ।

२१ गण्डमाला–धनियाँ र जौको पिठो पिंधेर लगाउनाले गण्ड-माला नष्ट हुन्छ।

२२ जोर्निको दर्दमा–६ मासा धनियाँको गेड़ाको धूलोमा १० मासा शखर मिलाएर लगाउनाले गर्मीबाट दुखेको जोर्निको पीडा नष्ट हुन्छ।

२३ गर्भाऽवस्थाको खोकीमा–१ मासा धनियाँको काढ़ामा मिश्री र चौलानी मिलाई पिउनाले गर्भवती स्त्रीको वाक्वाकी नष्ट हुन्छ।

२४ बालकको खोकीमा–१ मासा चौलानीमा धनियाँ हाली पकाएर पिलाउनाले बालकको खोकी र दम नष्ट हुन्छ।

कपूर

दममा १
पुरानो खोकीमा २
रुघामा ३
स्नायु-पीडामा ४
वातमा ५, ६
मूर्च्छा र उन्निद्र रोगमा ७
जरो र शीताङ्गमा ८
पुरानो वातमा ९
प्रमेहमा १०
सूजाकमा ११
दाँतको पीडामा १२
हैजामा १३
नार्डी मन्द भएमा १४
उन्मादमा १५
कामोत्तेजना भएमा १६
आम-वातमा १७
शीतपित्तमा १८
नाथ्रो फुटेमा १९
चिलाउनेमा २०
आँखाको फुलोमा २१
विफरमा २२
संखियाको विषमा २३
बिर्च्छीको विषमा २४

नेपाली—कपूर । हिन्दी—कपूर । संस्कृत—कर्पूर ।

१ दममा–१ तोला कपूर र १ तोला असल फुराएको हीङ मिलाएर ४-४ लालको गोली बनाउनू । दमले आक्रमण गरेको बखत २-२ घण्टा वा ३-३ घण्टामा रोगीलाई १-१ गोली मनतातो पानीमा दिनू र छातीमा तारपीनको तेल पनि मालिश गर्नू । यसबाट जस्तै पुरानो दम पनि आराम हुन्छ ।

२ पुरानो खोकीमा–१ मासा सुठो, १ मासा पिप्ला, १ मासा मरिच, ३ मासा मिश्री र १ मासा कपूर खूब राम्रोसँग खल गरी मिलाई पानीमा ३ लालको गोली बनाउनू, दिनको ३ पटक १-१ गोली मुखमा राखेर चुस्नू । पुरानो खोकी नष्ट हुन्छ ।

३ अथवा–कागतमा कपूर पोको पारेर पोल्नू र त्यसको धुवाँ रोगीको नाकमा पार्नू । रुघा नष्ट हुन्छ ।

४ स्नायु पीडामा–२ तोला कपूर, १ तोला कागतीको रसमा खल गर्नू र त्यसमा २ तोला पानी मिलाएर राख्नू। यो औषधीमा कपड़ा भिजाएर सन्धि-पीडा, स्नायु-पीडा र कपाल दुखेको ठाउँमा राखीदिनू, पीडा नष्ट हुन्छ।

५ वातमा–१ तोला कपूर, तताएको ४ तोला कडुवा तेलमा हाल्नू; कपूर पग्लेपछि निकाल्नू, यसले वातको पीडा, कटिवात जाङ्गिक स्नायु-शूल, छाती दुख्ने र मर्केकोमा समेत फाइदा गर्छ।

६ अथवा–२ रत्ती कपूर र चौथाई रत्ती अफीम पिंधी १ गोली बनाई बेहान बेलुका सेवन गर्नाले पुरानो आमवात, शरीर भित्रको पीडा, अनैच्छिक वीर्यपात र छातीको पीडा समेत नष्ट गर्दछ।

७ मूर्च्छा र उन्निद्र रोगमा–२ रत्ती कपूर र २ रत्ती शुद्ध हीङ मिलाएर २ गोली बनाउनू। बेहान र बेलुका १-१ गोली दिनाले दम, मूर्च्छा र निद्रा नलाग्ने रोग पनि आराम हुन्छ।

८ जरो र शीताङ्गमा–२ रत्ति कपूर, २ रत्ति कस्तूरी र २ रत्ति मह मिलाएर ६ गोली बनाउनू। यसले जरो र अरू व्यथामा शीताङ्ग भएको र नाडी क्षीण भएको वा मृदु हान्न लागेको बखतमा १-१ गोली खानू, शरीर तातेर आउँछ, तातेपछि फेरि नखानू।

९ पुरानो वातमा–१-१ मासा अफीम र कपूर आधा पाउ रायोको तेलमा पकाएर राख्नू। यसको मर्दन गर्नाले मांस-पेशी शिराको र गठियाको पुरानो दर्द समेत नष्ट हुन्छ।

१० प्रमेहमा–२ रत्ती कपूर र चौथाई रत्ती अफीमको १ गोली बनाएर राती सुत्ने वेलामा खानाले प्रमेह र स्वप्न-दोष आदि रोग नष्ट हुन्छन्।

११ सूजाकमा–२ रत्ती कपूर र आधा रत्ती अफीम मिलाएर दिनाले सूजाक नष्ट हुन्छ र पिसाब गर्दा पोल्दैन।

१२ दाँतको पीडामा–दाँतको छिद्रमा कपूरको टुक्रा राख्नाले दाँतको पीडा र दाँतको कीरा नष्ट हुन्छ।

१३ हैजामा–हैजामा हात-खुट्टा चिसो भए शुद्ध रक्सी (रेक्टी-फाइड-स्पिरिट) मा कपूर गालेर ८-१० थोपा पानीमा मिलाई बराबर पिलाउनू । हातगोडा तातेर आउँछ ।

१४ नाडी मन्द भएमा–१ तोला शुद्ध कपूर, १ तोला फुराएको असल हींग र आधा तोला असल कस्तूरी अदुवाको रसमा मिलाएर २॥ लालको गोली बनाउनू । रोगीको नाडी क्षीण भएमा १ गोली दिनाले नाडी एकदम तेज भएर आउँछ । रोगी बेहोश भए यही औषधी उसको जिभ्रोमा लगाई दिनू । ४-४ घण्टामा यो औषधी दिनाले रोगी होशमा आउँछ र एकदम ठीक हुन्छ ।

१५ उन्माद भएमा–२ रत्ती कपूर दिनको ३ पटक दिनाले प्रसूति कालमा भएको उन्माद, भूतोन्माद र अरू उन्मादमा पनि आराम हुन्छ ।

१६ कामोत्तेजना भएमा–२ रत्ती कपूर दिनको २ पटक दिनाले सूजाकको अवस्थामा स्त्रीको योनि चिलाउने व्यथामा र कामोत्तेजना भएकोमा पनि फाइदा हुन्छ ।

१७ आम-वातमा–२ रत्ती कपूर र आधा रत्ती अर्फाम सूठोको काढ़ासँग दिनाले जीर्ण आम-वात रोग नष्ट हुन्छ, पसीना आउँछ, पीडा हटाई दिन्छ र निद्रा पर्दछ ।

१८ शीत-पित्तमा–नरिवलको तेलमा कपूर मिलाएर मालिश गर्नाले शीत-पित्त नष्ट हुन्छ ।

१९ नाथ्रो फुटेमा–कपूर, गुलाफ पानीमा पिंधेर नाकमा हाल्नू र तालु र कञ्चटमा लेप गर्नू, नाथ्रो फुट्ने व्यथा नष्ट हुन्छ ।

२० चिलाउनेमा–१ तोला कपूर, १ तोला सेतो खयर र आधा तोला सिन्दूर मिलाएर काँसको भाँडामा हाल्नू, त्यसमा १० तोला घ्यू हालेर हातले मल्नू र १२१ पटक पानीले धुनू । मलहम तैयार भए पाछे राख्नू । यो मलहमले घाउ चिलाउनेमा र कुहेको घाउमा पनि फाइदा गर्छ ।

२१ आँखाको फुलोमा–कपूर र बरको दूध खल गरेर आँखामा सलाईले लगाउनाले फुलो नष्ट हुन्छ ।

२२ विफरमा–विफरमा ज्वरको वेगले जब रोगी निर्बल हुन्छ र प्रलाप गर्न लाग्छ, तब १।। रत्ती कपूर र १।। रत्ती हींगको ३ गोली बनाएर ३-३ घण्टामा १-१ गोली दिने गर्नू, पैताला र छातीमा तारपीनको तेल लगाउनू वा रायोको प्लास्टर लगाउनू । आराम हुन्छ ।

२३ संखियाको विषमा–१ मासा कपूर गुलाफ पानीमा पिंधेर पिलाउनाले संखियाको विष नष्ट हुन्छ ।

२४ बिच्छीको विषमा–कपूर अमिलोमा पिंधेर लगाउनाले बिच्छी, भिंगा र बारुलो आदिको विष उत्रन्छ ।

कोइरालो

मुखको खटिरामा १, २
दाँतका रोगमा ३, ४
गाँड़ र गण्डमालामा ५, ६, ७, ८
प्रमेहमा ९
पेटको रोगमा १०
पेटको कमजोरीमा ११
अलकाईमा १२, १३, १४, १५
आउँमासीमा १६, १७
कुष्ठमा १८
जुकामा १९, २०
कलेजाको रोगमा २१
घाउ खटिरामा २२
फोड़ामा २३
सर्पको विषमा २४

नेपाली—कोइरालो। हिन्दी—कचनार। संस्कृत—कोविदारः।

१ मुखको खटिरामा—५ तोला कोइरालाको अन्तरछाला (बोक्रा) २ माना पानीमा पकाउनू। आधा माना पानी बाँकी रहेपछि त्यो पानीले कुल्ला गर्नू। मुखको खटिरा र घाउ कुनै औषधीले पनि फाइदा भएको छैन भने यसले फाइदा गर्छ। सुत्केरीको मुखको खटिरा पनी ठीक हुन्छ।

२ अथवा—कोइरालाको बोक्रा र अनारको फूलको काढ़ा बनाएर कुल्ला गर्‍यो भने मुखको खटिरा र घाउ आदि नष्ट हुन्छन्।

३ दाँतको रोगमा—कोइरालाको बोक्रा सुकाएर धूलो पारेर फटकिरी मिलाएर दाँत माझनाले दाँतका तमाम रोगहरू नष्ट हुन्छन्।

४ अथवा—कोइरालाको काठको कोइला बनाएर त्यसमा फटकिरी र सिंघेनुन मिलाई मञ्जन गर्नाले पनि दाँतका सम्पूर्ण रोग नष्ट हुन्छन्।

५ गाँड़ र कण्ठमाला—कोइरालाको बोक्राको धूलो चौलानी र अदुवाको रससँग बेहानबेलुका लगाउनाले कण्ठमाला र गाँड़ नष्ट हुन्छ।

६ अथवा–१ तोला कोइरालाको बोक्रा वा फूलको काढ़ा पकाई ठण्डा गरेर मह मिलाई खानाले गण्डमाला नष्ट हुन्छ ।

७ अथवा–३ तोला कोइरालाको बोक्रा र १ तोला सुठो पिंधी कपडछान गर्नू र ३ मासा यो धूलो चौलानीसँग बेहान-बेलुका खायो भने गाँड़ नष्ट हुन्छ ।

८ अथवा–कोइरालाको बोक्रा पिंधी त्यसमा मदिसे सौंफको धूलो मिलाई चौलानीसँग ३-४ मासा बेहान-बेलुका खानाले गाँड़ र गण्डमाला नष्ट हुन्छन् ।

९ प्रमेहमा–३ मासा कोइरालो बोक्राको चूर्ण बेहान-बेलुका त्रिफलाको रससँग खानाले प्रमेह नष्ट हुन्छ ।

१० पेटको रोगमा–३ मासा ज्वानोको धूलो फाँकेर १ तोला कोइरालाको काढ़ाले निल्यो भने पेट फुलेको नष्ट हुन्छ र वायु पचाई दिन्छ ।

११ पेटको कमजोरीमा–१ तोला रातो कोइरालाको काढ़ा पिउनाले पाचन-शक्ति ठीक रहन्छ ।

१२ अलकाईमा–कोइरालाको कोपिला छायामा सुकाई राख्नू, सुके पछि पिंध्नू र ३ मासा यसको चूर्ण नौनी र मिश्री मिलाई चटाउनू; यसबाट रगत आउने अलकाई नष्ट हुन्छ ।

१३ अथवा–कोइरालाको बोक्रा, फणीरको बोक्रा र मौलसिरी (बकुल पुष्प) को बोक्रा बराबर गरी काढ़ा पकाएर त्यसले गुदा धोयो भने रगत आउने अलकाई नष्ट हुन्छ ।

१४ अथवा–कोइरालाको कोपिला ३ मासा पिंधी खानाले खोकी, दिशा लाग्ने, रगत आउने अलकाई, स्त्रीको रज धेरै हुने र पिसाबबाट रगत आउने व्यथा पनि नष्ट हुन्छ ।

१५ अथवा–१ तोलासम्म कोइरालको कोपिलोको काढ़ा पिउनाले खोकी, अलकाई र लाहु-मुता रोग पनि नष्ट हुन्छ ।

१६ आउँमासीमा–कोइरालाको सुकेको गेड़ा पिंध्नू र १-२ मासा

खाएर पानीले निल्यो भने आउँ रोकिन्छ ।

१७ अथवा–२ तोला कोइरालो बोक्रा र सुठो मिलाई काढ़ा पकाउनू र त्यो काढ़ामा मदिसे सौंफको १ मासा धूलो मिलाई खानू । यसबाट आउँ-रगतको व्यथा आराम हुन्छ ।

१८ कुष्ठमा–१ तोला कोइरालाको बोक्राको काढ़ामा २० थोपा बक्चीको तेल मिलाई पिउनाले कुष्ठ रोग आराम हुन्छ ।

१९ जुकामा–१ तोला पहेंलो कोइरालाको बोक्राको काढ़ा पिउनाले आन्द्राको कीरा (जुका) मर्दछन् ।

२० अथवा–१ तोला कोइरालाको कोपिलाको काढ़ा पिए पनि जुका मर्दछन् ।

२१ कलेजाको रोगमा–१ तोला कोइरालाको जराको बोक्राको काढ़ा पकाएर पिउनाले कलेजा सुनिएको नष्ट हुन्छ ।

२२ घाउ र खटिरामा–कोइरालाको बोक्राको काढ़ाले घाउ धुनाले घाउ शुद्ध हुन्छ र चाँड़ै भरिन्छ ।

२३ फोड़ामा–कोइरालाको जरा छायामा सुकाएर धूलो पार्नू, त्यसमा चौलानी हाल्नू र तताएर पुल्टिस बाँध्नाले कचमचिएको र नपाकेको फोड़ा यसले चाँड़ै पकाइदिन्छ ।

२४ सर्पको विषमा–कोइरालाको ताजा बिउको लेदो बनाएर त्यसमा कागतीको अमिलो हालेर सर्पले टोकेको ठाउँमा लगाइदिनू, यसले सर्पको विष उत्रन्छ र बिच्छीको विष पनि नष्ट हुन्छ ।

फर्सी

कमल-पित्तमा १
उन्मादमा २
क्षयरोगमा ३
तृषा रोगमा ४
कलेजाको दाहमा ५
पिसाब खोल्नु परेमा ६
दिशा खलास गर्नमा ७
पित्तका रोगमा ८
कपाल दुखेमा ९
अलकाईमा १०
आमाशयको दाहमा ११
जुकामा १२
छाती पोलेमा १३
थुनेलोमा १४
ओठ फुटेमा १५
पोल्ने खटिरामा १६
फोड़ा र सैनमा १७
प्रमेहमा १८
बिच्छीको विषमा १९, २०

नेपाली—फर्सी। हिन्दी—कद् (कोहँडा)। संस्कृत—पीत-फला।

१ कमल-पित्तमा—गहुँको पिठो मुछ्नू र त्यो भित्र फूल नभरेको सानो फर्सीको कैंड़ो हाल्नू र आगाको भुङ्ग्रो भित्र हालिदिनू पाकेपछि निकाल्नू र भित्रको फर्सी झिकेर थिचेर रस निकाल्नू। त्यो रस आँखामा सुर्मा जस्तो गरी लगाउनाले कमल पित्त रोग नष्ट हुन्छ।

२ उन्मादमा—फर्सीको बिउको तेल निकालेर कपालमा मल्ने गर्‍यो भने उन्माद उदासी, कानको सूज, खोकी र क्षयहरू पनि नष्ट हुन्छन्। निद्रा न लाग्ने रोग र कपालको रूक्षता पनि यसबाट नष्ट हुन्छ।

३ क्षय रोगमा—फर्सीको तर्कारीको सेवन गर्नाले क्षयको गर्मी नष्ट भई शरीर फुर्तिलो हुन्छ।

४ तृषा रोगमा—पाकेको फर्सी उसिनेर यसको रस पिउनाले तृषा रोग नष्ट हुन्छ।

५ कलेजाको दाहमा–पाकेको फर्सी उसिनेको रस र मिश्री मिलाई खानाले कलेजाको घुसेको गर्मी र पित्तबाट पैदा भएको बेचैनी पनि नष्ट हुन्छ ।

६ पिसाव खोल्नु परेमा–उसिनेको पाकेको फर्सीको रसमा जवाखार ३।४ मासा मिलाई पिउनाले रोकिएको पिसाव खुल्दछ र मिर्गौला पनि शुद्ध हुन्छ ।

७ दिशा खलास गर्नमा–पाकेको फर्सीको तर्कारीमा सुठो हाली खानाले दिशा खलास हुन्छ ।

८ पित्तको रोगमा–पाकेको फर्सीको तर्कारीमा अमिलो दारिम र काँचो दाख मिलाई खानाले पित्त-सम्बन्धी रोग नष्ट हुन्छ ।

९ कपाल दुखेमा–फर्सी, अमिली र मिश्री पकाएर मलेर छानी पिउनाले दिमागको गर्मी, कपाल दुख्ने र पागलपन नष्ट हुन्छ । (यसको वात-कफ-सम्बन्धी रोगमा धेरै प्रयोग नगर्नू ।)

१० अलकाईमा–फर्सीको सुकेको बोक्रा पिंधेर त्यसमा मिश्री मिलाई ३-४ मासा पानीमा खानाले आन्द्रा र अलकाईबाट रगत आउन बन्द हुन्छ ।

११ आमाशयको दाहमा–पाकेको फर्सी पोलेर रस निकालेर २-३ तोला पिउनाले कलेजा, मेदा, हृदय, फोक्सो र आमाशयको दाह पनि नष्ट हुन्छ ।

१२ जुकामा–८-१० दाना फर्सीको बिउ पिंध्नू, त्यसमा पानी मिलाई खाली पेटमा खुवाउनाले जुका नष्ट हुन्छन् (यो औषधी खाएको ४-५ घण्टा पछि हर्रोको धूलो खाएर दिशा लगाउनू पर्छ ।)

१३ छाती पोल्ने मा–फर्सीको बिउ १०-१२ गेडा पानीमा पिंधी मिश्री मिलाई पिउनाले छाती पोल्ने मुखबाट रगत आउने र पिसाव पोल्ने आदि रोग नष्ट भई गर्मीबाट पैदा भएका रोग र मूर्च्छाको रोग पनि नष्ट हुन्छन् । यसले छाती र दिमागलाई पनि तागत दिन्छ ।

१४ थुनिलोमा–पाकेको फर्सीको भेट्नू पानीमा घोटी तताएर

लगाउनाले थुनिलो आराम हुन्छ ।

१५ ओठ फुटेमा–फर्सीको गेड़ा पिंधेर ओठमा लगाउनाले ओठ फुटेको नष्ट हुन्छ ।

१६ पोल्ने खटिरामा–फर्सीको गिद्रा पिंधी लगायो भने पोल्ने खटिरा र चिलाउने व्यथा पनि नष्ट हुन्छ ।

१७ फोड़ा र सैनमा–फर्सीको गिद्रामा फटकिरी मिलाई फोड़ा वा सैनमा लगायो भने फोड़ा र सैन आराम हुन्छ ।

१८ प्रमेहमा–पाकेको फर्सीको तर्कारी खाने गर्नाले पित्त-जन्य प्रमेह नष्ट हुन्छ ।

१९ बिच्छीको विषमा–फर्सीको गुदी पुल्टिस जस्तो गरी बिच्छीले टोकेको ठाउँमा लगाउनाले बिच्छीको विष उत्रन्छ ।

२० अथवा–पाकेको फर्सीको भेटना निकालेर घोंटेर बिच्छीको विषमा लगाउनाले विष उत्रन्छ ।

कुभिण्डो

क्षय रोगमा १, २, ३
रक्त-पित्तमा ४, ५
खोकी र दममा ६
उन्मादमा ७, ८
छारे रोगमा ९, १०
पिसाव पोल्नेमा ११
मधु-मेहमा १२
जलेजाको गर्मीमा १३
अलकाईमा १४
हैजामा १५
जुकामा १६
शूलमा १७
रक्त-प्रदरमा १८

नेपाली—कुभिण्डो। हिन्दी—पेठा। संस्कृत—कूष्माण्ड।

१ क्षय रोगमा–कुभिण्डोको रसमा २ लाल काँचो लाहा मिलाई १ तोला पिउनाले क्षय रोग नष्ट हुन्छ।

२ अथवा–क्षय-रोगीले कुभिण्डोको तर्कारी नियमित रूपले व्यवहार गर्ने गऱ्यो भने क्षय-रोग नष्ट हुन्छ।

३ अथवा–कुभिण्डोको तर्कारी, कुभिण्डोको रसमा पकाएको दूधको र हर प्रकारको खानामा कुभिण्डोको नै प्रयोग गर्ने गऱ्यो भने क्षय रोग अवश्यमेव नष्ट हुन्छ।

४ रक्त-पित्तमा–कुभिण्डोको १ तोला रस पिउनाले हर प्रकारको रक्त-स्राव आराम हुन्छ।

५ अथवा–उँभो र उँधो दुवै किसिमका रक्त-पित्तमा कुभिण्डोको घेरै प्रकारसँग सेवन गर्नू अर्थात् तर्कारी र अरू किसिमसँग पनि प्रयोग गऱ्यो भने रक्त-पित्त नष्ट हुन्छ।

६ खोकी र दममा–कुभिण्डोको जराको चूर्ण गरी ३ मासाको मात्रामा तातो पानीसँग खानाले दम र खोकी नष्ट हुन्छ।

७ उन्मादमा–उन्मादमा जब रोगीका आँखा राता हुन्छन्,

नाड़ी तीव्रगतिको हुन्छ; रोगीलाई बिलकुल होश रहँदैन, तब कुभिण्डोको रस ५-१० तोलासम्म (बलाबल हेरेर) पिलाउनाले निद्रा पनि राम्रोसँग पर्दछ, दिशा पनि खलास हुन्छ र होश पनि खुल्दछ। यसले मधु-मेह पनि आराम गर्छ।

८ अथवा–कुभिण्डोको रसमा घ्यूकुमारी, बोजो र घोड़ताप्रेको रस पनि मिलाएर १।२ तोला पियो भने उन्माद नष्ट हुन्छ।

९ छारे रोगमा–१ तोला कुभिण्डोको रसमा ५ मासा मिश्री र २-३ लाल केशर मिलाएर पियो भने उन्माद, मृगी, वायुको दर्द र मधुमेह पनि आराम हुन्छ।

१० अथवा–९ माना कुभिण्डोको रसमा आधा माना घ्यू र १ पाउ जेठी मधु (गुलियो काठ) को लेदो हालेर पकाउनू, घ्यू मात्र बाँकी रहेपछि छानेर राख्नू। यो घ्यू आधा तोलादेखि १ तोला सम्मको मात्रामा खाने गर्नाले छारे रोग जस्तै पुरानो भए पनि नष्ट हुन्छ।

११ पिसाब पोल्नेमा–२॥ तोला कुभिण्डोको रसमा ३ लाल जवाखार र ३ लाल फुराएको हींङ मिलाई खानाले पिसाब पोल्ने व्यथा नष्ट हुन्छ। यसबाट मूत्रेन्द्रियको शूल र पथरी पनि नष्ट हुन्छ।

१२ मधु-प्रमेहमा–कुभिण्डोको १० तोला रसमा ६ मासा र २ लाल केशर, ६ मासा र २ लाल सठिया चामलको खोष्टा (धान ढिकीमा कुटेपछि भुस निक्लेर फेरि फल्दा आउने मसीनो भुस—धुटो भिजाएर बेहान-बेलुका दिनाले मधु-मेह नष्ट हुन्छ। पथ्य—खाली जौको रोटी मात्र।

१३ कलेजाको गर्मीमा–१।२ तोला कुभिण्डोको रसमा मिश्री मिलाई दिनाले कलेजाको गर्मी शान्त हुन्छ, कमल पित्त पनि नष्ट हुन्छ, उन्माद, पित्त-जनित जरो, हृदय, फोक्सो र आमाशयको जलन पनि नष्ट हुन्छ।

१४ अलकाईमा–५।६ मासा कुभिण्डोको सुकेको बोक्राको धूलो

पानीसँग दिनाले आन्द्रा र अलकाईबाट आउने रगत वन्द हुन्छ ।

१५ अथवा–६ मासा कुभिण्डोको फूल पिंधेर दिनाले अलकाई र हैजा पनि आराम हुन्छ ।

१६ हैजामा–कुभिण्डोको विउको तेल १। तोला पिलाएर ३ घंटा पछि हलुका जुलाव दियो भने वस्ति र मूत्रेन्द्रियको शूल पथरी र मूत्र-कृच्छ्र पनि आराम हुन्छ ।

१७ शूलमा–कुभिण्डो टुक्रा पारेर घाममा सुकाउनू र यौटा हाँड़ीमा हालेर मुख बन्द गरिदिनू र कपड़मिट्टी गर्नू । सुकेपछि चुलोमा वसाल्नू र आँच दिनू (यसरी आँच दिनू कि खरानी सेतो नहोस्, काले रहोस्) र खरानी पार्नू; अनि सेलाएपछि निकाल्नू र त्यो कोइला पिंध्नू र त्यसको वराबर सुठोको धूलो हाल्नू, अनि कपड़छान गरेर राख्नू । खाना खाएपछि ३ मासाको मात्रामा तातो पानीसँग खानाले जस्तै पुरानो भएको शूल-रोग पनि आराम हुन्छ ।

१८ रक्त-प्रदरमा–[1]कुभिण्डोको ३ तोला रसमा १ तोला मिश्री मिलाई दिनाले रक्तप्रदर आराम हुन्छ । शरीरको जुन अङ्गबाट आएको रक्त भए पनि यो औषध लाउने र खाने गर्नाले आराम हुन्छ ।

●

१–गर्भावस्थामा कुभिण्डोको प्रयोग नगर्नू, यसले गर्भ गिराउँछ ।

कम

आँखाको रोगमा १
वमनमा २
जरोमा ३
आमातिसारमा ४
अलकाईमा ५
छाती र घाँटीको पीडामा ६
कलेजाको व्यथामा ७
प्रमेहमा ८
अनैच्छिक वीर्य-पतनमा ९
गर्भ पुष्टिमा १०
गर्भ-स्रावमा ११
रक्त-प्रदरमा १२, १३, १४
स्तन गिरेमा १५
वर्नु निस्केमा १६, १७
पिसाव खोल्नु परेमा १८
बिफर रोगमा १९
पागलपनमा २०
हैजामा २१
हैजाको प्यासमा २९
बच्चाको दाँत निस्कँदामा २३
कुष्ठ रोगमा २४
दादमा २५
कमल-पित्तमा २६
सर्पको विषमा २७, २८
बिच्छीको विषमा २९

नेपाली—कमल । हिन्दी—कमल । संस्कृत—पद्म ।

१ आँखाको रोगमा–कमलको फूलको चोप (पद्म-मधु) सुर्मा जस्तो गरेर आँखमा लगाउनाले आँखाका तमाम रोग नष्ट हुन्छन् ।

२ वमन–कमलगट्टा आगामा तताएर बोक्रा झिकेर भित्रको गुदी पिंधेर राख्नू त्यसमा मह मिलाएर १ मासा चाट्नाले वमन बन्द हुन्छ ।

३ जरोमा–कमलको फूल, अनारको बोक्रा र कमलको केशर बराबर लिएर पिंधेर मनतातो पानीसँग १ तोला खानाले रक्तातिसार-युक्त पुरानो जरो नष्ट हुन्छ ।

४ आमातिसारमा–६ मासादेखि १ तोलासम्म कमलको जरा पिंधेर मनतातो पानीमा दिनाले आमातिसार र अलकाई

फाइदा गर्छ ।

५ अलकाईमा–२-३ मासा कमलको केशर, मिश्री र नौनी मिलाएर दियो भने रगत आउने-अलकाई आराम हुन्छ ।

६ छाती र घाँटीको पीडामा–१ तोलासम्म कमलको जरा पिंधेर पानीसँग खानाले छाती र घाँटी दुख्ने व्यथा नष्ट हुन्छ ।

७ कलेजाको व्यथामा–६ मासादेखि १ तोलासम्म कमलको फूल पिंधेर मिश्री मिलाई खानाले कलेजाको गर्मी, रक्तातिसार, हैजा र जरो पनि नष्ट हुन्छ । यसले छाती पनि बलियो गराउँछ ।

८ प्रमेहमा–६ मासा कमलगट्टाको गुदी पिंधी १ तोला त्रिफलाको काढासँग दिनू, यसबाट पुरानो प्रमेह र धातु सम्बन्धी सम्पूर्ण रोग नष्ट हुन्छन् ।

९ अनैच्छिक वीर्य-पातमा–१ तोला कमलको जरा पिंधेर दूधसँग पियो भने वीर्य गाढ़ा हुन्छ र अनैच्छिक वीर्य-पात नष्ट हुन्छ, स्वप्न दोष आदि धातु सम्बन्धी दोष पनि नष्ट हुन्छन् ।

१० गर्भ-पुष्टिमा–१-२ मासा कमलगट्टाको गुदी दूधसँग दिनाले गर्भ पुष्ट हुन्छ, पिसाबको व्यथा र रगतका विकार पनि नष्ट भई शरीर पुष्ट गराउँछ ।

११ गर्भ-स्रावमा–कमलको डाँठ ५ मासा र नागकेशर (नागेश्वरीको फूल) ३ लाल पिंधेर दूधसँग पिलाउनाले दोस्रो महीनामा गर्भ-स्राव हुने व्यथा नष्ट हुन्छ, गर्भ पनि पुष्ट हुन्छ र स्त्रीको धेरै रोगहरू नष्ट हुन्छन् ।

१२ रक्त-प्रदरमा–२।३ मासा कमलको केशर र मिश्री धूलो पारी पानीसँग पिउनाले रक्त-प्रदर र अलकाई नष्ट हुन्छ ।

१३ अथवा–कमलको डाँठको धागो र मिश्री पिंधी १ तोलाको मात्रामा पानीसँग खानाले रगतको अलकाई र रक्त-प्रदर नष्ट हुन्छन् ।

१४ अथवा–यही औषधी मह र ताजा नौनीसँग खाए पनि हुन्छ ।

१५ स्तन गिरेकोमा–आधा तोलासम्म कमल गट्टा पिंधेर मिश्री

मिलाएर दूधसँग १ महीनासम्म सेवन गऱ्यो भने स्त्रीको स्तन कठोर हुन्छ र उन्नत हुन्छ। (रोग-विशेषले र वार्धक्यले स्तन गिरेको भए पनि फाइदा गर्छ)।

१६ बेर्नु निस्केमा–१ तोला कमलको कमलो पात मिश्री मिलाई पिंधी बेहान खानाले बेर्नु निस्कने रोग नष्ट हुन्छ।

१७ अथवा–१ तोला कमलको पात सुकाएर मिश्री मिलाएर पिंधी बेहान-बेलुका पानीसँग खानाले बेर्नु निस्कने व्यथा नष्ट हुन्छ।

१८ पेसाब खोल्नु परेमा–१ तोला कमलको जरा पिंधेर त्यसमा १ मासा जवाखार हालेर पियो भने पिसाव खुल्दछ र मिर्गौला सफा हुन्छ।

१९ बिफर रोगमा–बिफरको गर्मी घुसेको १ तोला कमलको जरा पिंधेर मिश्री मिलाई खानू। बिफर र दादुराको गर्मी घुसेको नष्ट हुन्छ। कमलको फूलको शर्वत पिउनाले पनि त्यही गुण हुन्छ।

२० पागलपनमा–६ मासा कमलको फूल, १ मासा केशर र ५ मासा मिश्री मिलाई खानाले पागलपन नष्ट भई हृदय (मुटु) बलियो पार्दछ।

२१ हैजामा–कमलगट्टाको भित्र पट्टी हरियो जिब्री रहन्छ, त्यो जिब्री गुलाफपानीमा मिसाई पिंधी १ मासा खानाले हैजाको आखिरी अवस्थामा फाइदा गर्छ।

२२ हैजाको प्यासमा–६ मासा कमलको फूल, ३ मासा मिश्री र ३ लाल कपूर एकत्र गरी पिंधी पानीमा पिलाउनाले हैजाको प्यास नष्ट हुन्छ।

२३ बच्चाको दाँत निस्कने वेलामा–१।२ लाल कमलगट्टा भित्रको हरियो जिब्रीमा मिश्री मिलाई आमाको दूध वा गाईको दूधसँग पिलाउनाले दाँत निस्कने वखतमा झाड़ा लाग्ने व्यथा नष्ट हुन्छ।

२४ कुष्ठ रोगमा–कमलको जरा पिंधी घाउमा लगाउनाले र २-३ मासा कमलगट्टा पिंधी मिश्रीको साथ खाने अभ्यास गर्नाले कुष्ठ र

अरू चमरोग पनि नष्ट हुन्छन् ।

२५ दादमा–कमलको जरा घोटी त्यसमा सुठोको धूलो र स्वाग मिलाई लेप गर्नाले जस्तै पुरानो दाद भए पनि नष्ट हुन्छ ।

२६ कमल-पित्तमा–६ मासा कमलको फूल र ३ मासा द्रोणपुष्पी (गाण्टे झार) पिंधी, मिश्री मिलाई पिलाउनाले कमल-पित्त, पित्त-ज्वर र औलोको जरो समेत नष्ट हुन्छ । कमल-पित्तमा द्रोणपुष्पीको रस आँखामा पनि हाल्नू ।

२७ सर्पको विषमा–३-४ तोला सेतो कमलको जरा पिंधेर ३ तोला मिश्री मिलाई खानाले र जरा पिंधी टोकेको ठाउँमा लगाउनाले गोमन सर्पले टोकेको विष उत्रन्छ । रोगी बेहोश भएको भए पनि होश खुल्दछ र रोगी बाँच्दछ ।

२८ अथवा–१ तोला कमलको केशर र १ तोला मरिच पिंधेर पिलाउनू र औषधी लगाउनाले पनि सर्प-विष नष्ट हुन्छ ।

२९ बिच्छीको विषमा–२ तोला कमलको फूल पिंधी मिश्री मिलाई खानाले र टोकेको ठाउँमा लगाउनाले पनि बिच्छी र सर्पको विष उत्रन्छ ।

करेला

मुख-पाकमा १
घाँटी सुनिएमा २
कमल-पित्तमा ३, ३
जुकामा ५, ६
बिफरमा ७
अलकाईमा ८
पथरीमा ९
सूजाकमा १०
गठिया वातमा ११, १२
फोड़ामा १३
आँखाको रोगमा १४
अम्लपित्तमा १५
अग्नि बढ़ाउनामा १६
रति-शक्तिको कमजोरीमा १७
बच्चाको रोगमा १८
योनि-भ्रंशमा १९
सर्पको विषमा २०
बिच्छीको विषमा २१
फियो बढ़ेमा २२, २३
जलोदरमा २४
हैजा २५
राती नदेख्नेमा २६

नेपाली—करेला । हिन्दी—करेला । संस्कृत—कारवेल्ल ।

१ मुख-पाकमा—करेलाको रसमा खरी-माटो मिलाएर लगाउनाले मुख-पाक रोग नष्ट हुन्छ ।

२ घाँटी सुनिएमा—सुकेको करेला कागतीको रसमा पिंधेर घाँटी सुनिएको ठाउँमा लेप गर्नाले घाँटी सुनिएको नष्ट हुन्छ ।

३ कमल-पित्तमा—करेलाको रस र द्रोणपुष्पी (गाएटे-झार) को रस मिलाई १ तोला खाने गर्नाले कमल-पित्त नष्ट हुन्छ ।

४ अथवा—१ तोला करेलाको पातको रसमा हर्रो घोटेर पिलाउनाले कमल-पित्त नष्ट हुन्छ ।

५ जुकामा—१ तोला करेलाको रस र ३ मासा वायु-विडङ्ग (काली-काठ) को धूलो मिलाई खानू, ३ घण्टा पछी हलुका जुलाब दिनाले जुका नष्ट हुन्छन् ।

६ अथवा–१-२ तोला करेलाको पातको रस पिलाउनाले आन्द्राका जुकाहरू मर्दछन् ।

७ विफरमा–१ तोला करेलाको पातको ताजा रसमा १ मासा हलेदो मिलाई पिलाउनाले विफर र विफरका उपद्रव र दादुराहरू नष्ट हुन्छन् । विफरहरू फैलिएको वखतमा यो औषधि खाने गर्नाले विफर आदिको डर हुँदैन, कदाचित् आयो भने पनि ज्यादा जोड़ गर्न सक्तैन ।

८ अलकाईमा–१ तोला करेलाको रस र ४-५ मासा हर्रोको धूलो मिलाई बराबर सेवन गर्नाले अलकाईले दुःख दिन सक्तैन र आराम हुन्छ ।

९ पथरीमा–३ दिनसम्म ३ तोला करेलाको हरियो पातको रस, १॥ तोला दहीसँग मिलाएर ५-६ तोला मोही बनाएर पिलाउनू, अनि ३ दिनसम्म औषधि बन्द गर्नू र ४ दिनसम्म फेरि यही क्रमले औषधी खानू, अनि ४ दिन बन्द गर्नू । फेरि ५ दिनसम्म खानू, अनि फेरि ५ दिन बन्द गर्नू । यही क्रमले ७ दिसम्म पुऱ्याउनू । जस्तै पुरानो पथरी रोग भए पनि नष्ट हुन्छ । पथ्यमा खाली चामलको जाउलो मात्र दिनू ।

१० सूजाकमा–१ तोला करेलाको पातको रस मिश्री मिलाई केही दिन नित्य सेवन गर्नाले सूजाक नष्ट हुन्छ ।

११ गठिया वातमा–करेलाको काँचो फलको रस तताएर लेप गर्नाले गठिया-वात नष्ट हुन्छ ।

१२ अथवा–करेलाको फल चक्कूले ताछेर भित्रको भाग यौटा हाँड़ीमा राखी वफाउनू र अलीकति मिश्री मिलाएर तात्तातै रोगीलाई खुवाउनू, यस्तो क्रमले १ दिनमा १ पाउ अन्दाजी करेला खायो भने वातको रोग (जोर्नि बात र स्नायु-वात) आराम हुन्छ । कमसे कम १० दिनसम्म यसको लगातार सेवन गर्नु पर्दछ ।

१३ फोड़ामा–करेलाको पातको रस पकाएर बाक्लो पारी फोड़ामा

लगाउनाले फोड़ा नष्ट हुन्छ। (भित्र पीप भएको पाक्छ, पीप नभए त्यसै थाक्छ)।

१४ आँखाको रोगमा–करेलाको जरा पानीमा घोटेर मह मिलाई आँखामा सुर्मा जस्तो गरी लगाउनाले आँखा निर्मल हुन्छ।

१५ अम्ल-पित्तमा–करेलाको खूब सेवन गर्नू, तर्कारी पनि खानू र काँचो फल चपाउनाले पनि अम्ल-पित्तमा आराम गर्छ।

१६ अग्नि बढ़ाउनामा–करेलाको पातको ३ मासा रसमा २-३ लाल मरीच नुन मिलाई चाट्नाले पेट फुलेको, पेटमा गुड़-गुड़ शब्द गर्ने वायु आदि रोग र अरुचि पनि नष्ट भई अग्नि बढ़ाउँछ।

१७ रति-शक्तिको कमजोरीमा–करेलाको रस र करेलाको पातको रस समेत ४ माना बनाउनू र आगामा पकाउनू। गाढ़ा भएपछि निकाल्नू र ३-३ मासाको गोली बनाउनू। गाईको दूध मुखमा हाल्नू र यो औषधी १ गोली मुखमा हाली निल्नू र दूध पिउनू; अनि मह चाट्नू। यो औषधीले रति-शक्ति खूब बढ्दछ र स्तम्भन पनि हुन्छ।

१८ बच्चाको रोगमा–१ मासासम्म करेलाको पातको रसमा मह मिलाएर बच्चालाई चटाउनाले पेटको रोग नष्ट भई बच्चा हृष्ट-पुष्ट हुन्छ।

१९ योनिभ्रंश रोगमा–करेलाको जराको रस १ तोला पिलाउनू। योनि-भ्रंशमा पनि लगाउनू र योनि विस्तारै भित्र पसाली लँगोटा लगाउने गर्नाले योनि[1]-भ्रंश रोग नष्ट हुन्छ र गुद-द्वारको पीडा र बेर्नु पनि नष्ट हुन्छ।

२० सर्पको विषमा–सर्पले टोकेको-करेलाको रस रोगीलाई पेट भरी पिलाउनू, वमन हुन्छ, फेरि पिलाउनू एवं रीत्या वमन बन्द नभएसम्म पिलाई रहनू, वमन बन्द भएपछि सर्प-विष नष्ट हुन्छ। यसैको लेप जस्तो बनाई घाउमा पनि लगाउनू। यसैको रस आँखामा पनि हाल्नू)।

१-योनि बाहिर आउने रोगलाई "योनि-भ्रंश" भन्दछन्।

२१ बिच्छीको विषमा–करेलाको जरा नुन-पानीमा घोटेर लाउनाले बिच्छीको विष नष्ट हुन्छ। माकुरो, अरिङ्गाल, वच्छ्यूँ आदिको विष पनि नष्ट हुन्छ।

२२ फियो बढ़ेमा–१ तोला करेलाको रसमा अलीकति रायो र नुन मिलाई पिलाउनाले फियो बढ़ेको नष्ट हुन्छ र कलेजालाई पनि फाइदा गर्छ।

२३ अथवा–१ तोला करेलाको रस मात्र केही दिन पियो भने पनि फियोको रोग र कलेजाको रोग पनि नष्ट हुन्छन्।

२४ जलोदरमा–२ तोला करेलाको रसमा मह मिलाएर पिलाउनाले जलोदरमा विरेचन भई पानी झरी आराम हुन्छ।

२५ हैजामा–करेलाको रस र तिलको तेल मिलाई १ तोला खानाले हैजा आराम हुन्छ।

२६ राती आँखा नदेखेमा–करेलाको पातको रस र मरिच खूबसँग पिँधेर सुर्मा जस्तो गरी आँखामा लगाएो भने राती आँखा नदेख्ने रोग नष्ट हुन्छ।

काफल

कपाल दुखेमा १
दाँतको पीडामा २, ३
खोकीमा ४
कानको रोगमा ५
पेट दुखेमा ६
सुनिएकोमा ७
दममा ८
अलकाईमा ९, १०
हात-गोड़ा चिसो भएमा ११
अतिसारमा १२
अपस्मारमा १३
घाँटी दुखेमा १४
वायु र कफका रोगमा १५
वातमा १६
वात रोगको घ्यू १७
आँखाको रोगमा १८
चोट लागेमा १९
घाउ खटिरामा २०
नपुंसकतामा २१
मासिक-धर्मको कष्टमा २२, २३

नेपाली—काफल। हिन्दी—कायफल। संस्कृत—कट्फल।

१ कपाल दुखेमा—काफलको बोक्रा धूलो पारेर नस हाल्नू, खराब कफ निस्केर छिउँकबाट बाहिर आउँछ र शिरको पीडा नष्ट हुन्छ (यो प्रयोग तीक्ष्ण छ)।

२ दाँतको पीडामा—काफलको बोक्रा पिंधेर कागतीको अमिलो मिलाएर दाँत र गिजामा मल्यो भने दाँतको पीड़ा नष्ट हुन्छ।

३ अथवा—काफलको बोक्राको धूलाले मात्र दाँत मल्यो भने पनि दाँतको पीड़ा नष्ट हुन्छ (काढ़ाले कुल्ला गरे पनि हुन्छ)।

४ खोकीमा—काफलको बोक्राको धूलो र दालचिनी मिलाई चूर्ण गर्नू, २-३ मासाको मात्रा गरी महसँग खानाले पुरानो खोकी, चातुर्थीको जरो, अलकाई र धातु-पतन रोग नष्ट हुन्छन्।

५ कानको रोगमा—काफलको बोक्राको काढ़ा तिलको तेलमा हाली पकाउनू र तेल मात्र बाँकी रहेपछि छानेर राख्नू। कान दुखेका

वखतमा ३-४ थोपा यो तेल हाल्नू । कान दुख्ने, कानबाट पीप आउने र बहिरोपन पनि यसले नष्ट गर्छ ।

६ पेट दुखेमा–कुनै कारणले पेट दुख्ने रोग भयो र कुनै औषधीले पनि फाइदा भएन भने काफलको बोक्रा ४ मासा मिश्री मिलाइ काढ़ा पकाएर ३-४ दिन पिलाए पेट दुख्ने व्यथा नष्ट हुन्छ ।

७ सुनिएकोमा–काफलको फूलबाट निकालेको तेलले सूजको रोग आराम हुन्छ । यो तेल नाकमा हाल्नाले आधा रोग, कपाल दुख्ने र नजरा नष्ट हुन्छन् । यो तेल मालिश गर्नाले पक्ष-वात पनि नष्ट हुन्छ र कामेन्द्रियमा मले नपुंसकता पनि नष्ट हुन्छ (सुपारी बचाएर मल्नू) ।

८ दममा–६ मासा काफलको बोक्राको काढ़ा मिश्री मिलाएर पिलाउनाले दम खोकी, हृदय रोग, अग्निमान्द्य, अरुचि, अपच र अपचबाट पैदा भएका उपद्रवहरू समेत आराम गर्छ ।

९ अलकाईमा–२-३ मासा काफलको बोक्राको धूलो महसँग खानाले र यसको तेल लगाउनाले अलकाई नष्ट हुन्छ ।

१० अथवा–काफलको बोक्रा मसीनो गरी पिंधेर त्यसमा शतधौत घृत मिलाएर अलकाईको खटिरामा लेप गऱ्यो भने अलकाई र अलकाईबाट पैदा भएका उपद्रवहरू सबै नष्ट हुन्छन् ।

११ हात-गोडा चीसो भएमा–हैजा या अरु बीमारीले हात-गोडा चीसो भए १ तोला काफलको बोक्राको धूलो र १ तोला सुठोको धूलो मिलाएर हात-गोड़ामा मल्नू, तुरुन्त तातेर आउँछ ।

१२ अतिसारमा–३ मासा काफलको बोक्रा र ३ मासा बेलको चानाको काढ़ा पकाउनू र १।२ तोला पिउनू ; अतिसार नष्ट हुन्छ ।

१३ अपस्मारमा–काफलको बोक्राको धूलो, छिउँकेझार, कण्टकारीको सुकेको फल ६-६ मासा र सुर्ती ४ तोला पिंधेर कपड़छान गर्नू । यो नस नित्य नाकमा हाल्नाले अपस्मार (छोप्ने व्यथा) नष्ट हुन्छ ।

१४ घाँटी दुखेमा–१-२ लाल काफलको बोक्रा पानमा हालेर खानाले

घाँटी सुनिएको, सर्दीले दुखेको र खटिरा भए पनि आराम गर्छ।

१५ वायु र कफका रोगमा–काफलको बोक्रा सुठो र दालचिनी बराबर मिलाई १ तोलाको काढ़ा पिउने गर्नाले दम, खोकी, रुघा आमातिसार; रक्तातिसार, पेट फुलेको र जुकामा समेत फाइदा गर्छ।

१६ वातमा–काफलको बोक्राको काढ़ालाई तेलमा मिलाई फेरि पकाउनू, त्यसमा काफलको बोक्राको लेदो पनि मिसाउनू; तेल मात्र बाँकी रहेपछि ठण्डा गरिराख्नू। यो तेल लगाउनाले र यसको चौटा (छानेर बाँकी रहेको) ले सेकनाले जस्तै पुरानो बात भए पनि आराम हुन्छ। सन्धि-वात पनि नष्ट हुन्छ।

१७ वा--रोगको घ्यू–२ पाउ काफलको बोक्रा लिनू र दगल्च्याउनू, अनि . पाथी पानी हाली मन्द-मन्द आँचमा पकाउनू, ४ माना बाँकी रहेपछि छानेर रहेको काढ़ामा ४ माना घ्यू हालिदिनू, काढ़ा घटीसकेर घ्यू मात्र बाँकी रहेपछि छान्नू र राख्नू। यो घ्यू २-३ तोलाको मात्रा गरी खानू र माथि १६ नं० को तेल पनि मालिस गर्नू, यसले सब किसिमका वात-रोग नष्ट हुन्छन्।

१८ आँखाका रोगमा–वात र कफ सम्बन्धी आँखाका रोगमा काफलको बोक्रा खूब मसीनो पिंध्नू र सुर्माजस्तो आँखामा वेहान-बेलुका लगाए आँखाका रोग नष्ट हुन्छन् र आँखा पनि निर्मल हुन्छ।

१९ चोट लागेमा–काफलको बोक्राको धूलो पानीमा पिंधी तताएर तात्तातै लगाइदिनू, चोटमा सुनिएको र नील जमेकोमा पनि रगत फैलिएर सूज नष्ट गरिदिन्छ।

२० घाउ घटिरामा–बिग्रेको घाउमा काफलको बोक्राको धूलो छरिदिनू र काढ़ाले पनि धुने गर्नू, केही दिनमा आराम हुन्छ। १६ नं० को काफलको तेलले पनि उक्त रोगहरू नष्ट हुन्छन्।

२१ नपुंसकतामा–काफलको बोक्राको धुलो भैंसीका दूधमा पिंधेर राती कामेन्द्रियमा लेप गर्नू र वेहान धुनू। यो क्रिया केही दिन निरन्तर गर्नाले नपुंसकता नष्ट हुन्छ र जवानी फर्कर आउँछ।

२२ मासिक धर्मको कष्टमा–काफलको बोक्रा, केशर, कालो तिल र पुरानो शखर मिलाई १-२ मासाको मात्रा तिलको काढ़ासँग दिनाले मासिक-धर्मको कष्ट र गर्भाशयको दोष आदि नष्ट हुन्छ। यो औषधी खाएका केही बेरपछि खाना खान दिनू, नत्र शरीर बेचैन हुन्छ।

२३ अथवा–काफलको बोक्रा बत्ती जस्तो बनाई योनि-मार्गमा राख्नाले गर्भाशयको संकोच-विकास क्रिया बढ़छ र मासिक-धर्म ठीक हुन्छ।

२४ वन्ध्यत्वमा–काफलको बोक्राको धूलो र मिश्री बराबर मिलाएर ७। मासा चूर्ण स्त्रीको मासिक-धर्म चोखिएपछि ३ दिनसम्म लगातार दिनाले स्त्री गर्भ-धारण गर्न योग्य हुन्छन्। (यो औषधीले शरीर बेचैन रहन्छ, कमजोर प्रकृतिका स्त्रीहरूलाई दिनू योग्य छैन)।

ज्वानो

रुघामा १, २
आँखाको रोगमा ३, ४
कानको रोगमा ५
खोकीमा ६
दममा ७, ८
फोक्सोको व्यथामा ९
पेटको व्यथामा १०, ११, १२
गठियाको पीडामा १३
पक्षाघात र कम्पवायुमा १४
जुकामा १५
हैजामा १६
छालाको रोगमा १७
स्त्रीको रजोदोषमा १८
सूतिका रोगमा १९
नपुंसकतामा २०
वच्चाको झाड़ा-वान्तमा २१

नेपाली—ज्वानो । हिन्दी—अजवायन । संस्कृत—यवानी ।

१ रुघामा–ज्वानो तताएर मलमलको टुक्रामा पोको पारी सुँघ्नाले छिक्का आएर रुघाको वेग कम गर्दछ ।

२ अथवा–ज्वानो चूर्ण कपड़छान गरेर सुँघे पनि कपाल दुख्ने र रुघा नष्ट भई मस्तकका कीराहरू पनि मर्दछन् ।

३ आँखाका रोगमा–ज्वानोको काढ़ा पकाएर आँखा धुनाले आँखाका रोग नष्ट हुन्छन् । आँखा तेजिलो हुन्छ ।

४ अथवा–ज्वानो पोलेर कपड़छान गर्नू र जस्ताको सलाईले आँखामा सुर्मा जस्तो गरी लाउने गर्नाले ७ दिनमा फुलो काटिन्छ, जालो पनि नष्ट हुन्छ । आँखा सफा हुन्छ ।

५ कानको रोगमा–ज्वानोको काढ़ा तिलको तेल हाली पकाउनू । तेल मात्र बाँकी रहेपछि छानी शीशीमा राख्नू । यो तेल कानमा हाल्नाले बहिरोपन नष्ट हुन्छ ।

६ खोकीमा–ज्वानो पानमा हालेर खानाले सूखा खोकी नष्ट हुन्छ ।

७ दममा–३-४ मासा ज्वानोको चूर्ण तातो पानीमा दिए दम

निको हुन्छ ।

८ अथवा–ज्वानो चिलिममा हालेर धूम्र-पान गरे पनि दम निको हुन्छ ।

९ फोक्सोको व्यथामा–ज्वानोको चूर्णको सेवन गर्नाले फोक्सोका रोगहरू नष्ट हुन्छन्, कफ बन्न पाउँदैन ।

१० पेटको व्यथामा–६ मासा ज्वानो र १॥ मासा बिरेनुन फाँकी मारेर तातो पानी पिए पेट फुल्ने रोग नष्ट हुन्छ । बेहान, दिउसो र बेलुका तीन समय खाए वायुगोला पनि नष्ट हुन्छ ।

११ अथवा–३ मासा ज्वानो, मरिच र सिंधेनुन पिंधेर बेहान तातो पानीसँग पिउनाले पेटको शूल र मन्दाग्नि नष्ट हुन्छ ।

१२ अथवा–ज्वानो, सिंधेनुन संचरनुन, यवक्षार र हर्रो बराबर लिएर चूर्ण गर्नू र कपड़छान गर्नू, ५ रत्तिदेखि १० रत्तीसम्मको मात्रामा तातो पानीसित खानाले आन्द्रा दुख्ने र पेट दुख्ने पनि नष्ट हुन्छ ।

१३ गठियाको पीडामा–ज्वानोको तेल मर्दन गर्नाले सन्धिस्थानको दर्द नष्ट हुन्छ ।

१४ पक्षाघात र कम्पन वायुमा–ज्वानोको शर्बत बनाई पिउनाले पक्षाघात र कम्प वायु नष्ट हुन्छ ।

१५ जुकामा–४ मासा ज्वानोको धूलो मोहीसित पिए पेटका जुका मर्छन् (२ घण्टापछि हर्रोको धूलो ५-६ मासा खाएर तातो पानी पिउनू)।

१६ हैजामा–४ मासा ज्वानो, १ मासा बावरी र १ रत्ती हींग मिलाई दिनाले शुरुको हैजामा फाइदा गर्छ ।

१७ छालाको रोगमा–ज्वानो पानीमा बाक्लो गरी पिंधेर दिनमा २ पटक लगाउनाले दाद खाज, कृमि भएको घाउ आदि नष्ट हुन्छन् ।

१८ स्त्रीको रजोदोषमा–२ मासा ज्वानोको चूर्ण दिनको २ पटक तातो दूधसँग दिनाले स्त्रीको रोकिएको रज खुलेर आउँछ ।

१९ सूतिका रोगमा–२-३ मासा ज्वानोको चूर्ण तातो पानीसित

वेहान, दिउसो र वेलुका दिनाले सूतिका-रोग नष्ट हुन्छ, भोक जाग्छ, अन्नपाक हुन्छ, कम्मर दुखेको नष्ट हुन्छ, गर्भाशय शुद्ध हुन्छ र जरो पनि नष्ट हुन्छ।

२० नपुंसकतामा–४ तोला ज्वानोको धूलोमा कागतीको रसको ७ पटक भावना दिनू र सुकेपछि शीशीमा राख्नू। यो औषध ३-४ मासा मिश्री मिलाएर दूधसित दिनाले नपुंसकता नष्ट हुन्छ।

२१ वच्चाको झाड़ा-वान्तमा–ज्वानोको धूलो २-३ लाल आमाको दूधसित दिनाले वच्चाको रङ्ग-विरङ्गी झाड़ा-वान्त नष्ट हुन्छ।

असुरो

दम र खोकीमा १ देखि १० सम्म
जरोमा ११, १२, १३, १४
वात आदिमा १५, १६
मिर्गौलाको बीमारीमा १७
आउँ र रगतमा १८
पाण्डुरोग र जलोदरमा १९

नेपाली—असुरो। हिन्दी—अडूसा। संस्कृत—वासक।

१ दम र खोकीमा—असुरोको पात सुकाएर चिलिममा राखेर तमाखु जस्तो गरेर धुवाँ पियो भने दम नष्ट हुन्छ।

२ अथवा—७॥ मासा असुरोको पातको ताजा रस लिएर मह वा अदुवाको रस सित चटायो भने पुरानो खोकी, दम र क्षय रोग पनि नष्ट गर्छ।

३ अथवा—१ तोला असुरोको पातको काढ़ा २-२ लाल मरिच र पिप्लाको धूलो मिलाएर पिलायो भने पुरानो खोकी आदि रोग नष्ट गरी कफ पातलो गरेर निकाल्दछ।

४ अथवा—६४ तोला असुरोको रस, ३२ तोला मिश्री र ८ तोला घ्यू मिलाई मन्द-मन्द आँचमा पकाउनू, वाक्लो भएपछि निकालेर ८ तोला पिप्लाको धूलो मिलाउनू र ठण्डा भएपछि ३२ तोला मह मिलाएर राख्नू। यो औषधी आधा तोला देखिन् १ तोलासम्म खानाले खोकी, दम, हृदयरोग र रक्त-पित्त नष्ट गर्छ।

५ अथवा—असुरोको पञ्चाङ्गबाट क्षार[1] बनाएर ४-४ रत्तीको मात्रामा दिनाले खोकी र दममा अद्भुत गुण देखिन्छ।

६ अथवा—२ सेर असुरोको पात, २ सेर असुरोको जराको बोक्रा र २ सेर असुरोको फूल यी ३ तीन चीज लिएर अलि-अलि दगल्च्याएर कुटी २० सेर पानीमा पकाउनू, आधा बाँकी रहेपछि फेरि तीनै

१—क्षार बनाउने विधि मूलाको प्रकरणमा दिएको छ।

चीज १-१ सेर थपेर पकाउनू, आधा बाँकी रहेपछि झिकेर खूब मल्नू र छान्नू। अनि फेरि तीनै चीज आधा-आधा सेर हालेर पकाउनू र आधा बाँकी रहेपछि कपड़ामा छानेर बोतलमा राख्नू। यो २॥ तोला औषधी एक तोला मह मिलाएर दिनको ३ पटक पिलाए खोकी, जरो, मुखबाट रगत आउने रगतको वमन र रगतको अलकाईसमेत आराम हुन्छ।

७ अथवा–असुरोको पात र त्यो बराबर कालो धतूरोको पात पनि लिई उसको बीड़ी बनाएर अथवा चिलिममा कक्कड़ जस्तो गरी धूम्र-पान गर्नाले दम र कफ ननिक्लने खोकीमा अत्यन्त प्रभाव देखाउँछ।

८ अथवा–असुरोको पात सुकाई चूर्ण बनाउनू र २ मासा चूर्णमा ३-४ लाल पिप्लाको रायो मिलाई महमा चाट्नू, दिनभरमा ३ पटक चाट्नाले खोकी, दम र रक्तपित्त आदि रोग नष्ट हुन्छन्। श्वासनली सुनिएर आएको खोकी पनि नष्ट हुन्छ। कफ पातलो पारेर निकाल्छ।

९ अथवा–६ मासा असुरोको जरा सुकाई धूलो पारी मह मिलाएर चाटे पनि उस्तै गुण गर्छ। स्वर उत्तम बनाउँछ।

१० अथवा–असुरोको फूल गो-घृतमा तारेर सिंधेनुन मिलाई तर्कारी खाए क्षयको खोकी, कण्ठ-नालीको शोथ, रक्त-पित्त र दमसमेत आराम गर्छ।

११ जरोमा–१ तोला असुरोको पात, १ तोला चिराइतो, १ तोला कुटकी र १ तोला पिप्लाको ४ मात्रा काढ़ा बनाएर पिए पुरानो जरो, औलोको जरो, रक्त-पित्त र क्षयको जरो आदि पनि नष्ट हुन्छन्।

१२ अथवा–६ मासा असुरोको जराको काढ़ा पकाई मिश्री मिलाएर दिनाले जरो, दम र खोकी समेत नष्ट गर्छ।

१३ अथवा–६ मासा वासक (कालो असुरो) को रसमा मिश्री मिलाई पिलाए बिग्रेको जरो र औलो आदि सब नष्ट हुन्छन्। (वासक तीक्ष्ण हुन्छ, रोगीको बलाबल विचार गरी यसको प्रयोग गर्नू।)

१४ अथवा–६ मासा वासकको पात, ६ मासा नीमको पात,

६ मासा चिराइतो, ६ मासा कुटकी र ६ मासा गुर्जो मिलाई कुट्नू र कपड़छान गरी ६ मात्रा वा ९ मात्रा बनाउनू र महमा १ मात्रा चटाउनाले पुरानो बिग्रेको जरो, औलो, क्षयको जीर्ण ज्वर, दम, खोकी र रक्तपित्त आदि रोग नष्ट भई आँखा तीव्र हुन्छन् ।

१५ वात आदिमा–असुरोको पाकेको पातले सेक्यो भने सन्धिवात, पक्षवात आदि नष्ट हुन्छ, पीडा युक्त सुनिएको रोग पनि नष्ट हुन्छ ।

१६ अथवा–६ मासा असुरोको पातको धूलो, मिश्री मिलेको सुठोको काढ़ासित खायो भने वात विकार नष्ट हुन्छ ।

१७ मिर्गौलाको बीमारीमा–आधा तोला असुरोको पातको रसमा आधा तोला मह मिलाएर पिउनू र असुरो र नीमको पात बफाएर तल्लो पेटमा सेक्नाले मिर्गौलाको भयंकर दर्द नष्ट हुन्छ ।

१८ आउँ र रगतमा–६ मासा असुरोको पातको रस मिश्री मिलाई पिउनाले आउँ र रगत नष्ट हुन्छ ।

१९ पाण्डुरोग र जलोदरमा–६ मासा असुरोको पातको रस ६ मासा अदुवाको रस र ३ मासा यवक्षार मिलाई दिनाले जलोदर र पाण्डु रोग आदि नष्ट हुन्छन् ।

अदुवा

दाँत दुखेमा १
खोकी र दममा २
हैजामा ३, ४
वमनमा ५
कान दुखेमा ६, ७
सुनिएमा ८
कमल-पित्तमा ९
मन्दाग्निमा १०, ११
वातमा १२
जलोदरमा १३
फोड़ा आदिमा १४
जुकामा १५

नेपाली—अदुवा। हिन्दी—अदरख। संस्कृत—आर्द्रक।

१ दाँत दुखेमा–सर्दीले दाँत दुखेकोमा अदुवाको टुक्रा आगोमा तताई दाँत भित्र च्यापेर राख्नाले दाँतको पीडा नष्ट हुन्छ।

२ खोकी र दममा–१-२ मासा अदुवाको रसमा मह मिलाएर चटाउनाले दम, खोकी र रुघा आदि नष्ट हुन्छन्।

३ हैजामा–१ तोला अदुवाको रस र १ तोला आँकको जरा खूब खल गर्नू, जब गोली बन्न लायकको हुन्छ तब मरिच जत्रो गोली बनाउनू। १-२ गोली मनतातो पानीसित दियो भने हैजा नष्ट हुन्छ।

४ अथवा–१-२ मासा अदुवाको रस, तुलसीको रस र ३-४ लाल मुजूरको प्याँखको खरानीमा मह मिलाएर चटाउनाले पनि हैजा नष्ट हुन्छ।

५ वमनमा–१-२ तोला अदुवाको रस र प्याजको रस मिलाएर पिलाउनाले वमन बन्द हुन्छ र वह लाग्ने व्यथा पनि नष्ट हुन्छ।

६ कान दुखेमा–अदुवाको रस मनतातो पारी कानमा हाल्नाले कान दुखेको नष्ट हुन्छ।

७ अथवा–अदुवाको रसमा सिंघेनुन मिलाई मनतातो पारी कानमा हाल्नू। कान दुखेको नष्ट हुन्छ।

८ सुनिएमा–१-२ तोला अदुवाको रसमा पुरानो शखर १ तोला मिलाएर चटाउनाले सारा शरीरको सूजन नष्ट हुन्छ (यो औषधी खाँदा बाख्रीको दूध मात्र पथ्य लिनु पर्दछ)।

९ कमल-पित्तमा–अदुवा, त्रिफला (हर्रो, बर्रो र अमला) र शखर बराबर मिलाएर राख्नू। यो औषधी ५-६ मासाको मात्रामा पानीसँग पिउनाले कमल-पित्त रोग नष्ट हुन्छ।

१० मन्दाग्निमा–१ तोला अदुवाको रसमा १ तोला कागतीको रस मिलाएर पिउनाले मन्दाग्नि नष्ट हुन्छ।

११ अथवा–१ तोला अदुवाको रस र सिंघेनुन भोजनको आदिमा चाटेर भोजन गर्नाले मन्दाग्नि नष्ट हुन्छ।

१२ वातमा–२ माना अदुवाको रसमा १ माना तिलको तेल मिलाएर पकाउनू। जब तेल मात्र बाँकी रहन्छ तब निकाल्नू र छानेर बोतलमा राख्नू। यो तेल मालिश गर्नाले जोर्निको वात रोग नष्ट हुन्छ।

१३ जलोदरमा–५ तोला ताजा अदुवा कुटेर रस निकाल्नू र बराबर मिश्री मिलाएर बेहान जलोदरमा-रोगीलाई पिलाउनू। आर्को दिन ७॥ तोला अदुवाको रस दिनू, एवं रीत्या २॥ तोलाको दरले २५ तोलासम्म पुऱ्याउनू, अनि २॥ तोलाको दरले घटाउँदै जानू, जब ५ तोला बाँकी रहन्छ, तब औषधी बन्द गरिदिनू। तैपनि राम्रो आराम भएको छैन भने फेरि प्रयोग गर्नू, अवश्य आराम हुन्छ। पथ्य–केवल दूध मात्र दिनू।

१४ फोड़ा आदिमा–अदुवा कुटेर फोड़ा आएको ठाउँमा बाँधी दिनू। फोड़ा आराम हुन्छ।

१५ जुकामा–३ मासा अदुवाको साना-साना टुक्रा गर्नू र रोगीलाई निल्न लगाउनू। ३-४ दिनपछि जुका नष्ट हुन्छन्।

अपामार्ग (दतिउन)

जरोमा १, २
नेत्र-रोगमा ३, ४
दन्त-शूलमा ५
कण्ठमालामा ६
सुनिएमा ७
अतिसारमा ८
जलोदरमा ९
शूलमा १०
उपदंशमा ११
पथरीमा १२, १३
कानको रोगमा १४, १५
खोकीमा १६
मस्तक-रोगमा १७, १८, १९
अलकाईमा २०, २१
भस्माग्निमा २२
रति-शक्तिको कमजोरीमा २३
रक्त-प्रदरमा २४
प्रसव-विलम्बमा २५, २६
भूतोन्मादमा २७
विषमा २८
भोक नष्ट गर्नु परेमा २९
सर्पको विषमा ३०
दमको रोगमा ३१

नेपाली—अपामार्ग । हिन्दी—ओंगा । संस्कृत—अपामार्ग ।

१ जरोमा–अपामार्गको पात, मरिच र लशुन बराबर लिई शक्कर-सित ३ मासाको गोली बनाएर दिनाले कालाजार[1] नष्ट हुन्छ ।

२ अथवा–अपामार्गको पात र मरिच बराबर लिएर शक्करसँग २-२ रत्तीको गोली बनाउनू । जरो आउनुभन्दा पहिले १ गोली खाएर तातो पानी पिउनाले औलोको जरो नष्ट हुन्छ ।

३ नेत्र-रोग–अपामार्गको जरा पानीसँग मसीनो गरी पिंध्नू र आँखामा सुर्मा जस्तो गरी लगाउनाले फुलो र अरु नेत्र-रोग आराम हुन्छन् ।

४ अथवा–६ मासा अपामार्गको जराको चूर्ण बेलुकाको खाना

१–यो जराले शरीर नै कालो पार्दछ । बड़ो कड़ा हुन्छ ।

खाएपछि पानीले निल्नू र सुत्नु। ३ दिनमा आँखाको रोग आराम हुन्छ।

५ दन्त-शूल–अपामार्गको ताजा जराले दाँत माझनाले दाँत मोती जस्तै चम्कन्छ। यसको दतिउनले दन्तशूल, दाँत हल्लने गिजाको कमजोरी र मुखको दुर्गन्ध पनि हटाउँछ। (यसको पातको रस मल्नाले पनि माथिकै गुण हुन्छ)।

६ कण्ठमाला–५ देखि १५ लालसम्भ अपामार्गको जराको खरानी पानी मिसाई खानाले र गण्डमालाको गाण्टोमा लगाउनाले पनि गण्डमाला नष्ट हुन्छ।

७ सुनिएमा–१ तोला अपामार्गको काढ़ा पिउनाले सारा शरीर सुनिएको आराम गर्दछ।

८ अतिसारमा–३ मासा अपामार्गको ताजा पातको काढ़ा चिसो भएपछि मह मिलाई पिलाउनाले अतिसार र आउँ नष्ट हुन्छन्।

९ जलोदरमा–१ तोला अपामार्गको काढ़ा अदुवाको रस मिलाई पिलाउनाले मिर्गौलाबाट पैदा भएको जलोदर नष्ट हुन्छ।

१० शूलमा–६ मासा अपामार्गको पातको रस पिउनाले शूल र आन्द्राको विकार समेत नष्ट हुन्छन्।

११ उपदंशमा–अपामार्गको ताजा रस घाममा वाक्लो गरी अलिकति अफीम मिलाएर लेप गरे उपदंशको प्रारम्भिक घाउमा फाइदा गर्छ।

१२ पथरीमा–६ मासा अपामार्गको ताजा जरा पानीमा पिंधेर पिलाउनाले पिसाबबाट पथरी टुक्रा-टुक्रा गरेर निकाल्दछ र वृक्कशूल (मिर्गौलाको शूल) पनि एकदम आराम गर्छ।

१३ अथवा–१ तोला अपामार्गको बोटको काढ़ा पकाएर पिउनाले पथरी गल्दछ। पित्ताऽश्मरी र अलकाई पनि नष्ट हुन्छ।

१४ कानको रोगमा–अपामार्गको जरा पिंधी रस निकाल्नू; रस-भन्दा आधा तिलको तेल मिलाएर पकाउनू, तेलमात्र बाँकी रहेपछि छानेर शीशीमा राख्नू। त्यो २-३ थोपा तताएर कानमा हाले

बहिरोपन जान्छ ।

१५ अथवा–२० तोला अपामार्गको क्षार, ४० तोला तिलको तेल, १६० तोला पानी मिलाई त्यसमा १० तोला अपामार्गको पञ्चाङ्ग थिचेर बनाएको लेदो मिलाई पकाउनू, जब तेल मात्र बाँकी रहन्छ तब निकालेर छानेर राख्नू । यो तेलले कानको हरकिसिमको दर्दमा आराम गर्छ । बहिरोपन र कान पाक्ने रोग पनि आराम गर्छ ।

१६ खोकीमा–२ देखि ४ लालसम्म अपामार्गको क्षारमा मह मिलाई चाट्नाले कफको खोकी नष्ट हुन्छ ।

१७ मस्तकको रोगमा–अपामार्गको बिउको धूलो नस हाल्नाले मस्तिष्कको पुरानो रोग, पीनास, अधा दुखेको मस्तकको जडता र मस्तकमा कफ जमेर भएको पीडा र मस्तकमा कीरा परेर दुख्ने पनि यसले आराम गर्छ । कफ पातलो पारेर निकालिदिन्छ र कीराहरू पनि झारी दिन्छ ।

१८ अथवा–अपामार्गको बिउको धूलोमा तुलसीको बिउ, वायु-विडंग, सुठो, मरिच, पिप्ला, अलैंची, जेठीमधु आदि सुलभ भए जति मिलाए माथि लेखिएका रोगमा झन् फाइदा हुन्छ ।

१९ अथवा–माथि लेखिएका औषधिको लेदो बनाई त्यसमा तिलको तेल पकाएर प्रयोग गर्‍यो भने पनि उत्तम हुन्छ ।

२० अलकाईमा–३ मासा अपामागको बिउ पिंधेर बेहान-बेलुका चौलानीसँग पिलायो भने अलकाई बाट आउने रगत बन्द हुन्छ ।

२१ अथवा–अपामार्गको जरा, बिउ र पात कुटेर धूलो बनाउनू र बराबर मिश्री मिलाएर ६ मासाको मात्रा गरी पानीसँग पियो भने पनि अलकाईको रगत बन्द हुन्छ ।

२२ भस्माग्निमा–अपामार्गको बिउको धूलो १ तोला खाई पानी पिउनाले भस्मक (पेट भरी खाएर आउने बित्तिकै खाएको एकदम भस्म भएर भोक लागीहाल्ने) रोग नष्ट हुन्छ ।

२३ रति-शक्तिको कमजोरीमा–६ मासा अपामार्गको जराको

धूलोमा २ रत्ती वंग-भस्म मिलाई खानाले प्रबल कामोद्दीपन हुन्छ।

२४ रक्त-प्रदरमा–२ तोला सेतो अपामार्गको पञ्चांग (जरा, हाँगा, पात, फल र फूल) १ तोला भेड़ाको रौंको भस्म र २ तोला सुनौला गेरू पिंधेर चूर्ण गर्नू, यो ६ मासा चूर्ण गाईको काँचो दूधमा पिउनाले रक्त-प्रदर आराम हुन्छ।

२५ प्रसव-बिलम्बमा–रविवार पुष्य नक्षत्रमा काठको हतियारले खनेको अपामार्गको जरा व्यथा लागेको बखत कम्मरमा बाँधिदिनू, तुरुन्त बच्चा निस्कन्छ (बच्चा हुनेवित्तिकै खोलीहाल्नुपर्दछ, नत्र भयङ्कर परिणाम हुन्छ)।

२६ अथवा–माथिकै औषधि पिंधेर तल्लो पेटमा लेप गरिदिए पनि चाँड़ै बच्चा हुन्छ।

२७ भूतोन्मादमा–३ देखि ६ मासासम्म अपामार्गको रस पिउनाले भूतोन्माद तुरुन्त नष्ट हुन्छ, मुटु हल्लने पनि बन्द हुन्छ।

२८ विषमा–६ मासा अपामार्गको जराको धूलो चपाउनाले र अपामार्गको पात पिंधेर टोकेको ठाउँमा लगाउनाले बौलाहा कुकुरले टोकेको, बिच्छीको र विषैला मूसाको विषमा पनि आराम गर्छ।

२९ भोक नष्ट गर्नु परेमा–१ तोला अपामार्गको बिउमा १ माना दूध हाली खीर पकाउनू र खानू, ३-४ दिनसम्म भोक लाग्दैन। मस्तकको रोग पनि नष्ट गर्छ।

३० सर्पको विषमा–अपामार्गको फूलको डाँठ र बिउको चूर्ण सर्प र अरू विषैला जानवरले टोकेको ठाउँमा लगाउनाले विष नष्ट हुन्छ।

३१ दमाको रोगमा–आधा तोला अपामार्गको जराको चूर्णमा सात दाना मरिचको धूलो मिलाई वेहान-बेलुका चीसो पानीसँग दिनाले २ वर्षको पुरानो दम नष्ट हुन्छ। ७ दिनसम्म पथ्यपूर्वक औषधी खानुपर्दछ। पथ्य—गहुँको रोटी र भात मात्र खानू। छाती र घाँटीमा घ्यूको मालिश गर्नू। (कसैलाई वमन हुन्छ नडराउनू)।

गुर्जो

जरोमा १ देखि १० सम्म
क्षयमा ११
गोड़ा पोल्नेमा १२
मुटु हल्लने र उन्मादमा १३
कान दुखेमा ४
अरुचिमा १५
कमल पित्तमा १६
हिक्कामा १७
अग्निमन्द भएमा १८
दिशा खलास नहुनेमा १९
पित्तको दोषमा २०
वात रक्तमा २१, २२
गर्मीको फोड़ा फुन्सीमा २३
सूजाकमा २४
वातमा २५
कफका रोगमा २६
आम वातमा २७
श्लीपदमा २८
तागत वढाउनमा २९
वमनमा ३०
श्वेत-प्रदरमा ३१, ३२
मधु-मेहमा ३३
सर्प-विषमा ३४, ३५

नेपाली—गुर्जो। हिन्दी—गिलोय। संस्कृत—गुडूची।

१ जरोमा—१ तोला गुर्जोको काढ़ामा मिश्री मिलाई पिए पित्तको जरो जान्छ।

२ अथवा—१ तोला गुर्जोको काढामा २ रत्ती सानो पिप्लाको धूलो मिलाएर पिलाउनाले कफ-ज्वर नष्ट हुन्छ।

३ अथवा—नीमको रूखमा लहरा चढ़ेको गुर्जोको ३ लाल सत्व[1]

१—गुर्जोको चीनो पनि भन्दछन्। चीनी निकाल्ने काइदा गुर्जोको ताजा लहरा लिएर टुक्रा-टुक्रा पारेर काट्नू र ढिकीमा थिच्नू, त्यसलाई माटाको भाँडोमा हाल्नू र पानी पनि हालीदिनू, ४ घण्टासम्म भिजेपछि हातले खूवसँग मल्नू र चौटा पखालेर मिल्काइदिनू। अनि झोल कपड़ामा छान्नू र ४ घण्टा त्यसै रहनदिनू, तब ४ घण्टापछि माथिको पानी बिस्तारै फ्याँको दिनू (पानी फ्याँक्दा होश गर्नू सत्व पनि जाला) र तल जमेको सत्व घाममा सुकाई सुकेपछि शीशीमा राख्नू। जुनसुकै बूटीको सत्व निकाल्नु परे पनि यही काइदाले निकाल्नू।

महमा मिलाएर चाट्नाले पित्तको जरो नष्ट हुन्छ ।

४ अथवा–१ तोला गुर्जोको काढ़ा वा १ तोला गुर्जो रसमा २ लाल पिप्ला र मह मिलाई चाटे पुरानो जरो र खोकी जान्छ ।

५ अथवा–१-२ तोला गुर्जोको रस मात्र पिए जरो जान्छ ।

६ अथवा–१ मासा त्रिफलाको धूलोमा ४ मासा गुर्जोको रस र मह मिलाई चाट्नाले पुरानो जरो, क्षयको जरो, वेलुका आउने मन्द जरो र अरू किसिमका जरोलाई पनि आराम गर्छ ।

७ अथवा–आधा तोला गुर्जोको रस, आधा तोला असुरोको रस र ५ लाल पिप्लाको धूलोमा मह मिलाएर खानाले पुरानो कफ-ज्वर, पित्त-ज्वर र क्षय-ज्वर आदि नष्ट हुन्छ ।

८ अथवा–आधा तोला गुर्जो, अथवा आधा तोला चिराइतो र १ मासा मरिच मिलाई काढ़ा पकाएर दिनाले अनेक किसिमका ज्वर र औलोको ज्वरलाई पनि फाइदा गर्छ ।

९ अथवा–१ तोला गुर्जोको जराको काढ़ा पकाएर पिउनू । यसले १ वा २ अथवा ३ दिन बिराएर आउने जरो पनि नष्ट हुन्छन् ।

१० अथवा–आधा तोला गुर्जो आधा तोला चिराइतो र आधा तोला सुठो १ माना पानी हाली पकाउनू र १ चौथाई बाँकी रहेपछि छान्नू र शीशीमा राख्नू । यो औषधी दिनको ३ पटक ३ मात्रा गरी पिउनू, जरो निको भएपछिको नातागतमा फाइदा गर्छ । यसले आँतको जरो सफा गरी रुचि पनि बढ़ाउँछ ।

११ क्षयमा–३ लाल सुकुमेल, ४ लाल वंशलोचन र ३ मासा गुर्जोको चिनी महसँग चटाउनाले क्षय नष्ट हुन्छ ।

१२ गोड़ा पोल्नेमा–गुर्जो र अरिणको बिउ दहीमा पिंधेर लगाउनाले हात-गोड़ा पोल्ने व्यथा नष्ट हुन्छ ।

१३ मुटु हल्लने र उन्मादमा–६ मासा गुर्जो र ६ मासा घोड़ताप्रेको काढ़ा बनाएर पिउनाले मुटु हल्लने र पागल-पन रोग जान्छ ।

१४ कान दुखेमा–गुर्जो पानीमा घोटेर मनतातो पारी कानमा

हाल्नाले कानको मयल जान्छ र कान दुखेको पनि नष्ट हुन्छ ।

१५ अरुचिमा–६ मासा गुर्जोको रसमा ३ लाल पिप्लाको धूलो र मह मिलाई खाए भोक बढ्दछ । फियोको रोग र खोकी पनि नष्ट हुन्छ ।

१६ कमल-पित्तमा–६ मासा गुर्जोको पात पिंधेर त्यसमा मोही मिलाएर पियो भने कमल-पित्त नष्ट हुन्छ ।

१७ हिक्कामा–गुर्जोको धूलो र सुठोको धूलो मिलाएर नस हाल्यो भने हिक्का बन्द हुन्छ ।

१८ अग्नि मन्द भएमा–१ तोला गुर्जो, आधा तोला दालचीनी र १ माना पानी मिलाई काढ़ा बनाउनू र १ चौथाई बाँकी रहेपछि यसको ३ मासा बनाउनू । बेहान, दिउँसो र बेलुका १-१ मात्रा पिउनू; अग्नि तीक्ष्ण भई जे खाए पनि हजम हुन्छ ।

१९ दिशा खलास नहुने भएमा–आधा तोला गुर्जोको धूलो शखर-सँग खानू, दिशा खलास हुन्छ ।

२० पित्तको दोषमा–आधा तोला गुर्जोको धूलो र आधा तोला मिश्री मिलाई खाने गरे पित्तकोप र पित्तसम्बन्धी अरू रोग पनि नष्ट हुन्छ ।

२१ वात-रक्तमा–४-५ जङ्गीहर्रोको धूलो शखरमा गोली बनाएर खानू र १ तोला गुर्जोको काढ़ा पिउनू । यसले वात-रक्त शान्त हुन्छ ।

२२ अथवा–१ तोला गुर्जोको काढ़ामा आधा तोलादेखिन् १ तोलासम्म अरिणको तेल र २-३ लाल शुद्ध गोकुल धूप मिलाई खाने अभ्यास गर्नाले वातरक्त नष्ट हुन्छ ।

२३ गर्मीको फोड़ा-फुन्सीमा–आधा तोला दूधलहरो र आधा तोला गुर्जोको काढ़ा पकाएर पिउनाले गर्मीबाट पैदा भएका फोड़ा-फुन्सी आदि रोगहरू र अनेक प्रकारका रक्त-दोष पनि नष्ट हुन्छन् ।

२४ सूजाकमा–६ मासा गुर्जोको रसमा ३ मासा पाखानभेदको चूर्ण मह मिलाई खानाले सूजाक नष्ट हुन्छ ।

२५ वातमा–गुर्जोको काढ़ामा अरिणको १ तोला तेल मिलाई

पिउने गर्नाले पुरानो वात र गठिया आदि नष्ट हुन्छन्। यसले पिसावका रोग पनि नष्ट हुन्छन्।

२६ कफका रोगमा–३ मासा गुर्जोको धूलो मह मिलाएर चाट्नाले कफका विकारहरू शान्त हुन्छन्।

२७ आम-वातमा–आधा तोला गुर्जोको धूलो र २ मासा सुठो महमा मिलाई चाट्नाले आम-वात नष्ट हुन्छ।

२८ श्लीपदमा–आधा तोला गुर्जोको धूलो गो-मूत्रसित खानाले श्लीपद रोग नष्ट हुन्छ।

२९ तागत वढ़ाउनामा–२ तोला गुर्जोको रसमा १-२ मासा पिप्लाको धूलो मिलाई वेहान रोज सेवन गरे तागत खूव वढ्छ र क्षय नष्ट हुन्छ। पाचन-शक्ति उत्पन्न हुन्छ, भोक जाग्छ र पेट पनि वलियो हुन्छ।

३० वमनमा–६ मासा गुर्जोको रसमा वा १ तोला गुर्जोको काढ़ामा मह मिलाई पिउनू। यसले पित्तज-वमन नष्ट हुन्छ।

३१ श्वेत-प्रदरमा–३ मासा गुर्जोको काढ़ा पिउने गर्नाले श्वेत-प्रदर र त्यसवाट भएका उपद्रवहरू नष्ट हुन्छन्।

३२ अथवा–आधा तोला गुर्जो र आधा तोला कुरिलोको जरोको काढ़ा पकाएर पिउनाले श्वेत-प्रदर नष्ट हुन्छ।

३३ मधुमेहमा–६ मासा गुर्जोको चूर्ण र ६ मासा मिश्री मिलाई सेवन गर्नाले मधुमेह (पिसाववाट चिनी जाने रोग) नष्ट हुन्छ। (खाली पेटमा सेवन गर्नू)।

३४ सर्प-विषमा–गुर्जोको जराको काढ़ा पिउनाले सर्पको विष नष्ट हुन्छ।

३५ अथवा–गुर्जोको गानो १।२ मासा पानी पिंधेर पिउनाले वमन भएर सर्प-विष निक्लन्छ।

रातीगेड़ी

आधामा १	स्नायु जालको कमजोरीमा ९
कपाल दुखेमा २	अलकाईमा १०
तिमिर रोगमा ३	उपदंशमा ११
गण्डमालामा ४	प्रमेहमा १२
खोकीमा ५	श्वेतप्रदरमा १३
सूजाकमा ६	श्वेत कुष्ट १४
गठिया वातमा ७	जोर्नि दुखेमा १५
वायुको दर्दमा ८	सर्प विषमा १६

नेपाली—रातीगेड़ी। हिन्दी—घूघुँची। संस्कृत—गुञ्जा।

१ आधामा–रातीगेड़ीको जरा पानीमा घोटेर नस हाल्नाले आधा (आधा कपाल दुख्ने) नष्ट हुन्छ।

२ कपाल दुखेमा–रातीगेड़ीको चूर्ण सुँघ्नाले कपाल दुखेको नष्ट हुन्छ।

३ तिमिर रोगमा–रातीगेड़ीको जरा बाख्रीको मूतमा घोटेर अञ्जन गर्नाले असाध्य तिमिर रोग नष्ट हुन्छ।

४ गण्डमालामा–१ पाउ रातीगेड़ीको जरा र फलको काढ़ा आधा पाउ तिलको तेलमा पकाउनू, तेलमात्र बाँकी रहेपछि निकालेर कपड़ाले छान्नू। यो तेल गण्डमालामा मालिश गर्नाले भयङ्कर गण्डमाला पनि नष्ट हुन्छ।

५ खोकीमा–२-३ रत्ती रातीगेड़ीको जरा २-३ मासा सुठोको धूलो-सँग दिनाले खोकी र सुक्खा खोकी पनि नष्ट हुन्छ।

६ सूजाकमा–३० रत्ती सेतो रातीगेड़ीको जरा पिंधेर त्यसको अर्क निकालेर मिश्रीसँग खानाले सूजाक नष्ट हुन्छ।

७ गठिया-वातमा–राती गेड़ीको पातमा रायोको तेल मिलाएर

गठियामा बाँध्नाले गाँठको सूज नष्ट हुन्छ ।

८ वायुको दर्दमा–रातीगेड़ीको पातको रस निकालेर तेलमा मिलाई मालिस गर्नाले वायुको दर्द आराम हुन्छ ।

९ स्नायु-जालको कमजोरीमा–आधा रत्तीदेखि १ रत्तीसम्म रातिगेड़ीको चूर्ण दूधमा पकाएर सुकुमेलको धूलो ३ लाल छरेर पिउनाले स्नायु-जालको शक्ति बढ्दछ । (मात्रा अलीकति मात्र बढ्ता भयो भने पनि वमन र दिशा हुन्छ, विचार गरेर मात्र दिनू) ।

१० अलकाईमा–१।२ मासा रातीगेड़ीको जरा नरिवलको पानीसित दिनाले अलकाई नष्ट हुन्छ ।

११ उपदंशमा–३ मासा सेतो रातीगेड़ीको जरा र ३ मासा सेतो जपापुष्पको जरा पानीमा पिंधेर पिउनाले र उपदंशको घाउमा पनि लगाउनाले यसले उपदंश (भिरङ्गी) नष्ट हुन्छ ।

१२ प्रमेहमा–३।४ मासा रातीगेड़ीको पातमा रस दूधसित पिउनाले प्रमेह नष्ट हुन्छ ।

१३ श्वेत-प्रदरमा–३ मासा रातीगेड़ीको जरा रातभर पानीमा भिजाएर वेहान-वेलुका छानेर पिउनाले श्वेत-प्रदर नष्ट हुन्छ ।

१४ श्वेत-कुष्ठमा–रातीगेड़ी र चितूको जरा पानीमा पिंधी लगाउनाले श्वेत-कुष्ठ नष्ट हुन्छ ।

१५ जोर्नि दुखेमा–रातीगेड़ीको पात तोरीको तेलमा पकाई छानेर राख्नू । जोर्निमा मालिश गर्नाले दर्द आराम हुन्छ ।

१६ सर्पको विषमा–[1]रातीगेड़ीको जरा सर्पले टोकेको ठाउँमा घोटेर लगाउनाले र यसको पातले वमन गराउनाले सर्पको विष उत्रन्छ ।

१–यो विषैला वस्तु हो मात्रा धेरै पऱ्यो भने झाडा र वान्त हुन्छ, कमजोरी र बेचैनी पैदा गर्छ; यसको विष हटाउन घ्यू, दूध र बेलको गुदो दिनुपर्दछ । साधारण मात्रा १ रत्तीदेखि २ रत्तीसम्म हो ।

मसला (गोरख मुण्डी)

आँखाको रोगमा १, २, ३
वात-रक्तमा ४, ५
सन्धिवातमा ६
आमवातमा ७
अलकाईमा ८, ९, १०, ११, १२
कण्ठमालामा १३, १४, १५
पथरीमा १६, १७
जुकामा १८, १९
गुल्ममा २०
तागतमा २१, २२, २३, २४, २५, २६
नपुंसकतामा २७
कम्पवातमा २८
यौवन-स्थिर राख्नामा २९
अनेक प्रयोगहरूमा ३०
स्त्रीको स्तन-शैथिल्यमा ३१
लिङ्ग-शक्ति बढ़ाउनामा ३२

नेपाली—मसला। हिन्दी—गोरखमुण्डी। संस्कृत—मुण्डी।

१ आँखाको रोगमा–गोरखमुण्डीको सग्लो यौटा फूल खाली पेटमा निल्यो भने १ वर्षसम्म आँखा दुख्तैन।

२ अथवा–चैत्र महीनामा गोरखमुण्डीको ५-७ फूल चपाएर पानी-सँग निले आँखाको तन्दुरुस्ती र तेज हरबखत कायम रहीरहन्छ।

३ अथवा–गोरखमुण्डीको जरा छायामा सुकाएर चूर्ण बनाउनू र त्यो चूर्ण बराबर मिश्री मिलाएर ६ मासाको मात्रा गरी गाईको दूधसित खानाले आँखाका तमाम रोग नष्ट हुन्छन्।

४ वात-रक्तमा–६ मासादेखि १ तोलासम्म गोरखमुण्डी पञ्चांग चूर्ण गरेर १ तोला घ्यू र ६ मासा महमा मिलाएर दिनको २ पटक गुर्जोको काढ़ासँग निल्नाले भयंकर वात-रक्त र कुष्ठरोग नष्ट हुन्छ।

५ अथवा–गोरखमुण्डीको चूर्ण र कुटकीको चूर्ण बराबर मिलाई ६ मासा लिई मह र घ्यूसँग चाट्नाले वात-रक्त नष्ट हुन्छ।

६ सन्धि-वातमा–८ मासा गोरखमुण्डीको चूर्ण तातो पानीसित फाँकी मार्नाले सन्धिवात नष्ट हुन्छ)।

७ आम-वातमा–३-३ मासा गोरखमुण्डी र सुठोको चूर्ण बनाएर तातो पानीसित खानाले आमवात नष्ट हुन्छ ।

८ अलकाईमा–६ मासा गोरखमुण्डीको चूर्ण गाईको दूधसित पियो भने अलकाई नष्ट हुन्छ ।

९ अथवा–६ मासा गोरखमुण्डीको धूलो र २ लाल कपूर मिलाई दूधसित पिउनाले अलकाई नष्ट हुन्छ ।

१० अथवा–३ मासादेखि ६ मासासम्म गोरखमुण्डीको जराको बोक्राको धूलो मोहीसित पिउनाले अलकाई नष्ट हुन्छ ।

११ अथवा–गोरखमुण्डीको जराको बोक्रा पिंधी लेदो बनाएर अलकाईको खटिरामा बाँध्नाले पनि अलकाई आराम हुन्छ ।

१२ अथवा–गोरखमुण्डीको पञ्चाङ्ग उखेलेर उसको धुवाँ अलकाईको खटिरामा दियो भने अलकाईको खटिरा सुकेर खस्दछ ।

१३ कण्ठमालामा–गोरखमुण्डीको जराको बोक्रा पिंधी चटनी बनाएर गण्डमालाको गाँठोमा बाँध्नाले गण्डमाला नष्ट हुन्छ ।

१४ अथवा–३॥ तोला गोरखमुण्डी राती भिजाउनू र बेहान मलेर छानेर पिउनू, गण्डमाला एकदम नष्ट हुन्छ (बच्चालाई मात्रा घटाउनू)।

१५ अथवा–गोरखमुण्डीको जरा गोरखमुण्डीको रससँग पिंधेर लेप गर्नाले र ६ मासा गोरखमुण्डीको रस पिउनाले गण्डमाला नष्ट हुन्छ ।

१६ पथरीमा–१ तोला गोरखमुण्डीको काढ़ा पिए पथरी नष्ट हुन्छ।

१७ अथवा–१ तोला गोरखमुण्डी र गोखुरको काढ़ा पिए पथरी जान्छ ।

१८ जुकामा–६ मासा गोरखमुण्डीको जराको चूर्णमा वायुविडङ्ग मिलाई सेवन गर्नाले जुका नष्ट हुन्छन् ।

१९ अथवा–२ मासा गोरखमुण्डीको विउको चूर्ण फाँको मारी पानी पिउनाले जुका नष्ट हुन्छ ।

२० गुल्ममा–१ तोला गोरखमुण्डीको जराको धूलो मोहिमा मिलाएर छानेर पिउनाले गुल्म रोग नष्ट हुन्छ ।

११ तागतमा–६ मासासम्म गोरखमुण्डीको बिउ पिंधी बराबर मिश्री मिलाएर प्रतिदिन दूधसित खानाले अत्यन्त तागत बढ्दछ र मनुष्य दीर्घायु पनि हुन्छ।

२२ अथवा–गोरखमुण्डीको बोट फूल नआउँदै उखेल्नू र छायामा सुकाई राख्नू। सुकेपछि चूर्ण बनाउनू। १ तोला चूर्ण मह र घ्यूसित खानू। ४० दिनसम्म खाए मनुष्य अत्यन्त बलियो र दीर्घायु हुन्छ।

२३ अथवा–यसै विधिले फूलमात्र खाए पनि हुन्छ।

२४ अथवा–६ मासा गोरखमुण्डीको जराको धूलो २ वर्षसम्म लगातार दूधसित खायो भने मनुष्यको शारीरिक संगठन चौपट्ट असल हुन्छ, कपाल कहिल्यै पनि फुल्दैन र चाउरी पनि पर्दैन।

२५ अथवा–१ तोला गोरखमुण्डीको पात र जरा पिंधेर एक मात्रा गरी खानू। ३ दिनसम्म खायो भने मनुष्यको काम-शक्ति बेहद बढ्दछ।

२६ अथवा–६ मासा गोरखमुण्डीको पात र जरा पिंधी श्रावण-भाद्रमा गाईको घ्यूसित, चैत-बैशाखमा महसित, ज्येष्ठ-आषाढ़मा मिश्रीसित, माघफाल्गुनमा काङ्गीसँग, असौज-कार्तिकमा गाईको दूधसँग र मङ्सिरपूसमा मोहीसँग सेवन गरे मनुष्यको काम-शक्ति, स्तम्भन र वलवीर्य अत्यन्त बढ्दछ। शरीरमा कुनै रोग पनि लाग्दैन।

२७ नपुंसकतामा–गोरखमुण्डीको ताजा जरा पानीमा पिंधेर लेदो पारी कलईदारभाँड़ामा हाल्नू, चौगुना (लेदोको चतुर्गुण) तिलको तेल पनि हाल्नू, तेलको चौगुना पानी हालेर मन्द-मन्द आगोमा पकाउनू; तेलमात्र बाँकी रहेपछि छानेर बोतलमा राख्नू। यो तेल १० थोपा-देखि ३० थोपासम्म पानमा लगाएर दिनको २।३ पटक खानाले नपुंसकता जान्छ। यही तेल कामेन्द्रियमा मालिश पनि गर्नू।

२८ कम्प-वातमा–आधा तोला गोरखमुण्डीको धूलो र १ मासा ल्वाङ्को धूलो मिलाई तातो पानीसित खानू, कम्पवात नष्ट हुन्छ।

२९ यौवन स्थिर राख्नामा–गोरखमुण्डीको पञ्चाङ्ग छायामा सुकाइराख्नू, आवश्यकतामा यसको हलुवा बनाई खानू। यौवन स्थिर

रहन्छ । कपाल कहिल्यै पनि फुल्दैन ।

३० अनेक प्रयोगहरू :-

यसको चूर्ण नीमको रससँग लियो भने नपुंसकता नष्ट हुन्छ ।
,, ,, मिश्री सित ,, ,, वीर्यको कमजोरी जान्छ ।
,, ,, वासी पानी सित ,, ,, भगन्दर, रक्त-पित्त, दम र तिजरो दूर हुन्छ ।
,, ,, बाख्रीको दही सित ,, ,, मृतवत्सा-रोग नष्ट हुन्छ ।
,, ,, शखरसँग ,, ,, जलोदर दूर हुन्छ ।
,, ,, मरिचसँग ,, ,, जरो जान्छ ।
,, ,, जीरासँग ,, ,, दाह दूर हुन्छ ।
,, ,, गो-दुग्धसँग ,, ,, चित्त-भ्रम र प्रमेह हट्दछ ।
,, ,, धनियाँ सँग ,, ,, आँखाको रोग आराम हुन्छ ।
,, ,, कपूर सँग ,, ,, अलकाई नष्ट हुन्छ ।
,, ,, कागतीको रससँग ,, मृगी दूर हुन्छ ।
,, ,, जाइफलको चूर्ण मिलाई बाख्रीको दूधसित दिनाले स्त्रीहरू गर्भ धारण गर्न समर्थ हुन्छन् ।

३१ स्त्रीको स्तन-शैथिल्यमा–गोरखमुण्डीको पञ्चाङ्ग र पिप्ला बराबर लिई पानीमा पिंधेर यो लेदोको चौगुना तिलको तेलमा तेलको चौगुना पानी मिलाउनू र पकाउनू तेल मात्र बाँकी रहेपछि झिकेर छानी राख्नू। यो तेलमा रुवो भिजाएर स्तनमा बाँध्ने गर्नाले र यही तेल नाकमा हाल्नाले पनि लत्रेको स्त्रीको स्तन साह्रो भएर आउँछ ।

३२ लिंग-शक्ति बढ़ाउनामा–गोरखमुण्डीको पञ्चाङ्गमा पानी हाली पिंध्नू र लेदोको चारगुना तिलको तेल हाली पकाउनू र माथिको जस्तै गरी पकाएर छान्नू यो तेल ७ मासा रोज ४० दिनसम्म खानाले कामेन्द्रिय अत्यन्त तेजिलो हुन्छ ।

दालचीनी

रुघाको जरो १
न्यूमोनियाँ र खोकी २
क्षय ३
कपाल दुखेमा ४
दाँतको रोग ५
कानको रोग ६
अतिसार ७, ८
मन्दाग्नि र कब्जियत ९
वायुको दर्द १०
पेट दुखेमा ११
पिसाबको रोग १२
अलकाई १३
वमन १४
स्वर बसेमा १५
आँखा फर्फराएमा १६
अण्ड-वृद्धि १७
स्मरण-शक्तिमा १८
पक्षाघात १९.
स्तम्भन २०
बिच्छीको विष २१

नेपाली—दालचीनी। हिन्दी—दालचीनी। संस्कृत—दारुसिता।

१ रुघाको जरोमा–३॥ मासा दालचीनी। ५ रत्ती ल्वाङ र १५ रत्ती सुठो २ माना पानीमा काढ़ा पकाएर आधा माना बाँकी भएपछि निकाल्नू र छान्नू। ५-५ तोलाको मात्रा गरी दिनको ३ पटक दिनाले रुघाको जरो र त्यसका उपद्रवहरू पनि शान्त हुन्छन्।

२ न्यूमोनियाँ र खोकीमा–३ मासा दालचीनी, १ मासा मरिच, ३ मासा जेठीमधु, ४ ओटा कण्टकारीको फल र २ तोला मिश्री १ माना पानीमा पकाउनू र १ चौथाई बाँकी भएपछि निकाली छान्नू। यो औषधि दिन भरमा ३ मात्रा गरी पिलाउनाले न्यूमोनियाँ र अत्यन्त बढ़ेको खोकीमा पनि आराम गर्छ। कफ काटिन्छ र शरीर हलका हुन्छ। दम र गला बसेकोमा पनि फाइदा गर्छ। मुखको दुर्गन्ध नष्ट हुन्छ। यसले छातीमा जमेको कफ काटेर निकालिदिन्छ र वमन पनि रोकिदिन्छ।

३ क्षयमा–बेहान दूधमा दालचीनीको तेल ५ थोपासम्म मिलाई क्षय-रोगीलाई पिलाउने गर्‍यो भने क्षयका उपद्रव, कफबाट रगत आउने खोकी जरो इत्यादि नष्ट भई बिस्तारै-बिस्तारै आराम हुन्छ। यो औषधि खानेबित्तिकै क्षयको शक्ति हट्दै जान्छ।

४ कपाल दुखेमा–दालचीनीको तेल निधारमा र कञ्चटमा मल्नाले सर्दीबाट पैदा भएको शिरदर्द आराम हुन्छ।

५ दाँतको रोगमा–दालचीनीको तेल कपासको फाहामा राखेर खोक्रो दाँत भित्र हाली च्याप्यो भने दाँतका कीरा र दन्त-शूल समेत नष्ट हुन्छ। दाँतको बाहिर (गालामा) पनि लगाउनू।

६ कानका रोग–दालचीनीको तेल २-३ थोपा कानमा हाल्नाले कानका अरु रोग र बहिरोपन समेत नष्ट हुन्छ। (कान पोल्यो भने तिलको तेलमा मिसाई हाल्नू)।

७ अतिसारमा–४ मासा दालचीनी र १ तोला खयर मिलाएर पिंध्नू। २५ तोला तातो पानीमा यो औषधि हाली छोपिदिनू। २ घण्टापछि छानेर २ मात्रा बनाई पिउनू। यसले अतिसार नष्ट हुन्छ।

८ अथवा–६ रत्ती दालचीनीको चूर्ण र ६ रत्ती खयरको चूर्ण मिलाएर तातो पानीसित पिए पनि अतिसार आराम हुन्छ।

९ मन्दाग्नि र कब्जियतमा–५ रत्ती सुठो, ५ रत्ती दालचीनी र ५ रत्ती अलैंची पिंधी भात खाने बेला खाई भात खानाले खाएको हजम हुन्छ, भोक लाग्दछ र दिशा खलास पनि हुन्छ।

१० वायुको दर्दमा–दालचीनीको तेल मलिदिए वायुको दर्द जान्छ।

११ पेट दुखेमा–३ मासा दालचिनी र ३ मासा सुठोको धूलो मिलाएर तातो पानीसँग खानाले पेट दुखेको आराम हुन्छ। पेट फुल्ने, वायु गुड़गुड़ गर्ने दिशा खलास नहुने र आन्द्राको दोष समेत नष्ट भई शरीर फुर्तिलो हुन्छ। आउँको दोष पनि नष्ट हुन्छ।

१२ पिसाबको रोगमा–३ मासा दालचीनी, ३ मासा गोखुर र २ मासा मिश्रीको काढ़ा पिउनाले पिसाब सफा हुन्छ र स्त्रीको मासिक-

धर्म पनि समय-समयमा ठीक-ठीक सँग हुन्छ ।

१३ अलकाईमा–दालचीनीको काढ़ा पिए र त्यसैले अलकाईको खटिरा धोए केही दिनमा अलकाई बैलाउँछ र रगत पनि बन्द हुन्छ ।

१४ वमनमा–तातो पानीमा २।३ थोपा दालचीनीको तेल मिलाई पियो भने वमन बन्द हुन्छ ।

१५ स्वर बसेमा–३ मासासम्म दालचिनी र मिश्रीको काढ़ा पकाई पिउनाले स्वर खुल्दछ ।

१६ आँखा फर्फराएमा–दालचीनीको तेल आँखामा लगायो भने फर्फराउने नष्ट हुन्छ । आँखाको तेज बढ़ी आँखा ठण्डा गर्छ ।

१७ अण्ड-वृद्धिमा–अण्डमा पानी जमे ६ मासा दालचीनीको काढ़ाको सेक्नन र अण्डकोशमा दालचीनीको तेल मल्नाले आराम हुन्छ ।

१८ स्मरण-शक्तिमा–१ मासा दालचिनी, १ मासा घोडताप्रे र १ तोला मिश्रीको काढ़ा पकाई पिउने गर्नाले स्मरण-शक्ति तेज हुन्छ, बुद्धि बढ़दछ र पागलपन र छारे रोग इत्यादि पनि नष्ट हुन्छन् ।

१९ पक्षाघातमा–१ तोला दालचीनीको तेल, ५ तोला तिलको तेल र ३ रत्ती कपूर मिलाई मालिस गर्नाले वातका तमाम रोग र पक्षाघात समेत नष्ट हुन्छन् ।

२० स्तम्भनमा–दालचीनी दाँतले चपाई यसको रस कामेन्द्रियमा लगाएर रमण गर्नाले स्तम्भन भएर दुवै जना प्रसन्न हुन्छन् ।

२१ बिच्छीको विषमा–दालचीनी र अञ्जीर पिंधेर लगाउनाले बिच्छीको विष नष्ट हुन्छ । दालचीनीको तेल लगाए पनि हुन्छ ।

घ्यूकुमारी

आँखाको रोगमा १, २, ३
कानको रोगमा ४
मस्तिष्कको रोगमा ५
जरोमा ६, ७
फियो बढ़ेमा ८
कमल-पित्तमा ९
फोड़ामा १०
वायु-गोलामा ११
पेटको रोगमा १२
मासिक-धर्मको रोगमा १३
वायुको व्यथामा १४
मधुमेहमा १५
शूलमा १६
यौवन स्थिर गर्नामा १७
विषमा १८

नेपाली—घ्यूकुमारी। हिन्दी—ग्वारपाठा। संस्कृत—कुमारी।

१ आँखाको रोगमा–घ्यूकुमारीको गुदी हलेदो मिलाई तताएर आँखामा वाँध्नाले आँखा दुखेको आराम हुन्छ।

२ अथवा–१ मासा घ्यूकुमारीको गुदी र ३ रत्ती अफीम मिलाएर सानो पोको वनाउनू र पानीमा डुवाई आँखा पुछ्नाले र त्यसको १।२ थोपा रस आँखामा हाल्नाले पनि आँखा दुखेको आराम हुन्छ।

३ अथवा–घ्यूकुमारीको गुदी र हलेदोको चूर्ण मिलाएर तताई पैतालामा वाँध्नाले आँखा दुखेकोमा आराम हुन्छ।

४ कानको रोगमा–घ्यूकुमारीको रस तातो पारेर दाहिने कान दुखेको भए देव्रे कानमा र देव्रे कान दुखेको भए दाहिने कानमा हाल्नाले कानको पीडा नष्ट हुन्छ।

५ मस्तिष्कको रोगमा–१ तोला घ्यूकुमारीको रस खाने गर्नाले र कपालमा यसको रस हाल्नाले मस्तिष्कका रोग नष्ट हुन्छन्, मगजको गर्मी शान्त हुन्छ। मस्तिष्क-विभ्रम आदि रोग पनि नष्ट हुन्छन्।

६ जरोमा–१ तोला घ्यूकुमारीको जरा तातो पानीसँग पिउनाले

वमन भएर धेरै दिनको पुरानो जरो नष्ट हुन्छ ।

७ अथवा–१ तोला घ्यूकुमारीको रस पिउनाले जरोबाट भएको कब्जियत, जिभ्राको सफेदी र दाह पनि नष्ट हुन्छ ।

८ फियो बढ़ेमा–१ तोला घ्यूकुमारीको गुदीमा २।३ रत्ती शुद्ध स्वागको धूलो हाली खाने गर्नाले फियो बढ़ेकोमा आराम गर्छ ।

९ कमल-पित्तमा–१।२ तोला घ्यूकुमारीको गुदी सेवन गर्ने गऱ्यो भने कमल-पित्तको आँखाको र शरीरको पनि पहेंलोपन नष्ट भएर रगत चढ़ेर आउँछ । यसले शरीरको गर्मी नष्ट गरी पित्त-सम्बन्धी विस्फोटक र चर्म-रोग आदि नष्ट गर्छ । यो औषध लगाउनु पनि पर्छ ।

१० फोड़ामा–घ्यूकुमारीको गुदी पकाएर बाँधे फोड़ा चाँड़ै पाक्दछ ।

११ वायु-गोला–घ्यूकुमारीको गुदी ६ मासा, गाईको घ्यू ६ मासा, हर्रोको धूलो १ मासा र सिंधेनुन १ मासा मिलाएर खाए वायु-गोला नष्ट हुन्छ ।

१२ पेटको रोगमा–५ तोला ज्वानोमा घ्यूकुमारीको गुदीको सातपल्ट भावना दिनू, सुकेपछि कागतीको रसको फेरि ७ पटक भावना दिनू र सुकाएर राख्नू । ३ मासादेखि ६ मासाको मात्रा तातो पानीसँग खानाले अजीर्ण, पेट फुल्ने, मन्दाग्नि र अरु किसिमका पेटका रोग पनि नष्ट हुन्छन् ।

१३ मासिक-धर्मको रोगमा–१ तोला घ्यूकुमारीको गुदीमा ३ लाल पलाशको क्षार छरेर खानाले मासिक-धर्म शुद्ध हुन्छ ।

१४ वायुको व्यथामा–घ्यूकुमारीको रस, हलेदो र सिंधेनुन मिलाएर खानाले कब्ज, मन्दाग्नि, मन्दाग्निको कारणले भएको खोकी, मासिक धर्मको रुकावट, पाण्डु रोग र गुल्म (गोला) आदि नष्ट हुन्छन् । पाचन-क्रिया सुधर्न्छ, दिशा खलास हुन्छ, नयाँ र शुद्ध रगत उत्पन्न हुन्छ र शक्ति पनि बढ़्दछ ।

१५ मधुमेहमा–१ तोला घ्यूकुमारीको गुदी १ मासा गुर्जोको

चीनीसँग खानाले मधुमेह नष्ट हुन्छ ।

१६ शूलमा–६ मासा घ्यूकुमारीको जराको धूलो खानाले शूल नष्ट हुन्छ ।

१७ यौवनस्थिर गर्नामा–प्रतिदिन ३।४ तोला घ्यूकुमारीको गुदी खाने गर्नाले त्यसलाई कुनै रोगले पनि छुँदैन, दाँत बलिया हुन्छन्, स्वर कोइलीको जस्तो हुन्छ, कपाल कालो रहन्छ, मुखमा चाउरी पर्दैन र शरीरमा तागत खूब बनिरहन्छ ।

१८ विषमा–घ्यूकुमारीको रसको सेवनले तमाम विषहरू नष्ट पार्दछन् । लगाउनू पनि पर्दछ ।

चम्सूर

दम र खोकीमा १
कब्जियतमा २
हिक्कामा ३
आउँमा ४
फियो बढ़ेमा ५
अलकाईमा ६
मस्तिष्कको व्यथामा ७
सूतिका-रोगमा ८
कम्मरमा दुखेमा ९
सुनिएमा १०
दाह र खुजलीमा ११
उपदंशमा १२
दुग्धवृद्धिमा १३
रगत बिग्रे मा १४
चोटमा १५

नेपाली—चम्सूर। हिन्दी—हार्ली। संस्कृत—चन्द्रशूर।

१ दम र खोकीमा—१ तोला चम्सूरको बोटको काढ़ा पकाएर खानाले दम र खोकी नष्ट हुन्छ।

२ कब्जियतमा—चम्सूरको जरा सुकाउनू र चूर्ण गर्नु। यो चूर्ण १ तोला खाएर पानीले निल्नाले दिशा खलास हुन्छ र बराबर दिशाको इच्छा भई रहने रोगमा आराम गर्छ।

३ हिक्कामा—एक तोला चम्सूरको बोट पिंधेर चटनी खानाले आमाशयबाट पैदा भएको हिक्का नष्ट हुन्छ।

४ आउँमा—एक तोला चम्सूरको जराको चूर्ण र मिश्री मिलाई खानाले आउँ नष्ट हुन्छ। दिशाबाट आउने रगत भए पनि रोकिन्छ।

५ फियो बढ़ेमा—चम्सूरको गेड़ाको चूर्ण ६ मासा र नौसादर ३ रत्ती मिलाई तातो पानीसँग दिनाले फियो र कलेजा बढ़ेको नष्ट हुन्छ। पिसाब सफा गर्छ र कामोत्तेजना पनि गर्छ।

६ अलकाईमा—६ मासा चम्सूरको गेड़ाको शर्बत बनाई पिउनाले अलकाई नष्ट हुन्छ।

७ मस्तिष्कको व्यथामा–६ मासा चम्सूरको गेड़ा चूर्ण गरी मिश्री मिलाई दूधसँग दिनाले मस्तिष्क बलियो हुन्छ, सन्धिवात, स्नायु-जालको पीडा नष्ट हुन्छ र मगज (बुद्धि) पनि बढ्दछ।

८ सूतिका रोगमा–६ मासा चम्सूरको गेड़ाको काढ़ा पकाई पिउनाले सूतिका-रोग नष्ट हुन्छ र सुत्केरी मोटाउँछन्।

९ कम्मर दुखेमा–चम्सूरको गेड़ा पिंधी तताएर लेप गर्नाले कम्मर दुख्ने, सन्धि-पीडा र सुनिएकोमा पनि लाभ हुन्छ।

१० सुनिएकोमा–चम्सूरको गेड़ा पिंवेर कागतीको रस मिलाई सूजमा लेप गऱ्यो भने सुनिएकोमा आराम हुन्छ।

११ दाह र खुजलीमा–६ मासा चम्सूरको गेड़ाको लेदो बनाई पिउनाले दाद र खुजली नष्ट हुन्छ।

१२ उपदंशमा–एक तोला चम्सूरको गेड़ा पकाएर काढ़ा पिउनाले उपदंशको विष नष्ट हुन्छ।

१३ दुग्ध-वृद्धिमा–एक तोला चम्सूरको गेड़ा दूधमा पकाएर दूध पिउनाले स्त्रीको दुग्ध-वृद्धि हुन्छ।

१४ रगत बिग्रेमा–६ मासा चम्सूरको गेड़ा पानीमा पिंवेर पिउ-नाले र घाउ आदिमा लगाउनाले पनि रगत बिग्रेको नष्ट हुन्छ।

१५ चोटमा–चोट लागेको ठाउँमा चम्सूरको ताजा गेड़ा पिंघेर पानी मिलाई तताई तात्तातै चोट लागेको ठाउँमा बाँधिदिनू। यसले चर्म-रोग, वातरोग, नेत्ररोग र चोटमा समेत फाइदा गर्छ।

चरिअमिली

आँखाको जालोमा १
गिजाको रोगमा २
शूलमा ३
अग्निमान्द्यमा ४, ५
बच्चाको फोड़ा फुन्सीमा ६
अलकाईमा ७
सर्पको विषमा ८
मुख नभएको फोड़ामा ९
धतूराको नशामा १०
आउँमा ११
कपाल दुखेमा १२
अन्तर्दाहमा १३
बेर्नु निस्केमा १४
सुनिएकोमा १५

नेपाली—चरिअमिली । हिन्दी—चूका । संस्कृत—चांगेरी ।

१ आँखाको जालोमा—चरिअमिलीको रस सुर्मा लगाए जस्तो गरी आँखामा लगाउनाले आँखाको जालो नष्ट हुन्छ । चरिअमिलीको रस आँखामा हाले पनि हुन्छ, यसले आँखाको लाली पनि काटिन्छ ।

२ गिजाको रोगमा—चरिअमिलीको पातको रसले कुल्ला गऱ्यो भने गिजाको असाध्य रोग पनि नष्ट हुन्छ ।

३ शूलमा—१ तोला चरिअमिलीको पातको काढ़ामा एक लाल मुटेको हीङ छरेर पिलाउनाले पेटको शूल नष्ट हुन्छ ।

४ अग्निमान्द्यमा—एक तोला चरिअमिलीको काढ़ा बनाएर पिलाउनाले पाचन-शक्ति ठीक भएर भोक जगाउँछ ।

५ अथवा—एक तोला चरिअमिलीको चटनी चटाउनाले भोक र पाचन-शक्ति बढ्दछ, दिशा खलास गर्छ र आउँलाई पनि ठीक गर्छ ।

६ बच्चाको फोड़ा-फुन्सीमा—चरिअमिलीको पुल्टिश बनाई बाँध्नाले बच्चाको फोड़ा-फुन्सी नष्ट हुन्छ र सुनिएको पनि नष्ट हुन्छ ।

७ अलकाईमा—चरिअमिलीको कोशा पिंध्नू र अलकाईमा सहन सकिने तातो लगाउनू, चर्चराए नौनी मिलाए पनि हुन्छ; यसले

अलकाई नष्ट हुन्छ। यो एक तोला खानाले संग्रहणी, कोढ़ र रगतको विकार पनि नष्ट हुन्छ।

८ सर्पको विषमा–२ तोला चरिअमिली पिंधेर पानी मिलाई खिलाउनू र यही औषधी टिकिया गरी टोकेको घाउमा लगाएर बाँधिदिनाले सर्पको विष नष्ट हुन्छ।

९ मुख नभएको फोड़ामा–चरिअमिलीको पात पिंधेर लगाए फोड़ा जान्छ।

१० धतूराको नशामा–२।३ तोला चरिअमिलीको ताजा पातको रस पिलाउनाले धतूराको नशा नष्ट हुन्छ।

११ आउँमा–१ तोला चरिअमिली चटनी जस्तो पिंधी मोहीसँग दिनको २।३ पटक ततायर पिलाए पुरानो आउँ नष्ट हुन्छ।

१२ कपाल दुखेमा–चरिअमिलीको रसमा प्याजको रस मिलाएर शिरमा लेप गर्नाले पित्तवाट कपाल दुखेको आराम हुन्छ।

१३ अन्तर्दाहमा–१।२ तोला चरिअमिलीको पात पिंधेर मिश्री मिलाई पिलाउनाले अन्तर्दाह (भित्रको दाह) नष्ट हुन्छ।

१४ वेर्नु निस्केमा–चरिअमिलीको पातको रसमा घ्यू पकाएर गुदामा लगाउनाले वेर्नु निस्कन बन्द हुन्छ।

१५ सुनिएमा–चरिअमिली पानीमा पिंधेर पुल्टिस जस्तो बनाई तात्तातै सूजमा बाँधे दाह र पीडा शान्त हुन्छ र सूज आराम हुन्छ।

अरिण

आँखाको रोगमा १, २
नाथ्रो फुटेमा ३
गृध्रसी वातमा ४, ५
फियो बढ़ेमा ६
कमल-पित्तमा ७
अलकाईमा ८, ९
आन्द्रा बढ़ेमा १०
आउँमा ११
मिर्गौलाको दर्दमा १२
लिङ्गको कमजोरीमा १३
छालाको रोगमा १४
घाउ र फोड़ामा १५
दिशा लगाउनामा १६
स्तनको शिथिलतामा १७
थुनेलो भएमा १८
बच्चाको दिशा र वमनमा १९
अण्ड-वृद्धिमा २०
सन्तति-निग्रह गर्नु परेमा २१
गाँठो भएमा २२

नेपाली—अरिण। हिन्दी—अरण्ड (रेंड)। संस्कृत—एरण्ड।

१ आँखाको रोगमा–शुद्ध अरिणको तेल आँखामा हाल्नाले भित्रको कचरा निक्लन्छ र दूषित पानी बगेर आँखा सफा हुन्छ।

२ अथवा–अरिणको पात जौको पिठोमा मिलाई पुल्टिस बनाउनू र आँखामा बाँध्नू। यसले आँखा सुनिएको नष्ट हुन्छ।

३ नाथ्रो फुटेमा–अरिणको गेड़ाको बोक्राको भस्म नाकमा राखेर सुँघ्नाले नाकबाट रगत बग्ने बन्द हुन्छ।

४ गृध्रसी वात-रोगमा–१ तोला अरिणको तेल गोमूत्रमा मिलाएर एक महीना पिउनाले गृध्रसी, उरुस्तम्भ र अरु तमाम वात रोग नष्ट हुन्छन्।

५ अथवा–अरिणको पात गाईको घ्यूमा मिलाई आगामा पकाएर दुखेको ठाउँमा सेकिदिनू, वातले दुखेको आराम हुन्छ।

६ फियो बढ़ेमा–अरिणको पञ्चांग हाँड़ीमा भरेर हाँड़ीको मुख

कपड़मिट्टी गरेर पोल्नू र भस्म बनाउनू। १ तोला यो भस्ममा ४ तोला गाईको गहुँत मिलाएर पियो भने फियो बढ़ेको नष्ट हुन्छ।

७ कमल-पित्तमा–१ मासा अरिणको जराको चूर्णमा मह मिलाएर चाट्नाले कमल-पित्त नष्ट हुन्छ।

८ अलकाईमा–अरिणको हरियो पात पिंधेर गुदामा बाँध्नाले र यसको ५।६ ओटा गेड़ा रोज खानाले अलकाई नष्ट हुन्छ।

९ अथवा–अरिणको गेड़ाको गुदी र नौनी बराबर मिलाई पिंध्नू र अलकाईको खटिरामा दल्नू, १२।१५ दिनमा खटिरा बैलाउँछ।

१० आन्द्रा[1] बढ़ेमा–आन्द्रा बढ्ने रोग शुरू हुनेबित्तिकै अरिणको तेल खाने गर्‍यो भने यो रोग त्यसै आराम हुन्छ, चिर्नु पर्दैन।

११ आउँमा–आउँ बढ्ने रोग शुरू हुनेबित्तिकै अरिणको तेल खान शुरू गर्‍यो भने रोग बढ्न सक्तैन र आराम हुन्छ।

१२ मिर्गौंलाको दर्दमा–अरिणको गेड़ाको गुदी पिंधी तातो पारेर लेप लगाउनाले मिर्गौंलाको पीडा शमन हुन्छ।

१३ लिंगको कमजोरीमा–अरिणको गेड़ा र तिलको तेल बराबर पिंधेर मूत्रेन्द्रियमा मालिश गर्नाले मूत्रेन्द्रियको कमजोरी नष्ट हुन्छ।

१४ छालाको रोगमा–१ तोला अरिणको जराको काढ़ा बनाएर पिउनाले चर्म-रोग नष्ट हुन्छ।

१५ घाउ फोड़ामा–अरिणको जराको काढ़ाले घाउ धुनू र अरिणको पात पिंधेर लगाउनू, घाउको बिग्रेको मासु सफा भई नयाँ मासु पलाउँछ। फोड़ा पनि बैलाउँछ।

१६ दिशा लगाउनामा–अरिणको तेल १ तोलादेखि २॥ तोला-सम्मको मात्रामा पिउनाले खूब राम्रोसँग दिशा हुन्छ, केही डर हुँदैन; कसैलाई कमजोरी छ भने पनि यसले केही बिगार गर्दैन। (यसको गन्धले पिउन नसक्नेलाई कागतीको रस मिलाएर पिलाउनू)।

१७ स्तनको शिथिलतामा–अरिणको पात कागतीको चूकमा पिंधेर

१–यसलाई डाक्टरीमा Appedicitis भन्दछन्।

स्तनमा लेप गर्नाले स्त्रीका स्तनको शैथिल्य जान्छ ।

१८ थुनेलो भएमा–स्त्रीलाई थुनेलो भएको बखत २ पाउ अरिणको पात लिएर २॥ पाथी पानीमा एक घण्टासम्म पकाएर छान्नू, स्त्रीलाई उत्तानो पारी सुताउनू । यो पानी स्त्रीको छातीमा १०।१५ मिनटसम्म धारा दिई रहनू, अनि स्तनमा अरिणको तेलको मालिश गर्नू र अघि पकाएको पात मसीनो गरी पिंधी त्यसको पुल्टिश स्तनमा बाँधिदिनू गाँठो फुटेर दूधको प्रवाह ठीकसित आउँछ र दुखन हट्दछ । (यसमा अरिणको पानीले सेके पनि हुन्छ) ।

१९ बच्चाको दिशा र वमनमा–बच्चाको पेटमा दूध जमेर सड्दछ र दिशा-वमन भई जरोको वेग पनि खूब हुन्छ; तब यस्तो अवसरमा १० थोपादेखि २० थोपासम्म अरिणको तेल चटाइदिनू । यसले सम्पूर्ण विकार नष्ट भई आन्द्रा नरम गरेर आराम गराई दिन्छ ।

२० अण्ड-वृद्धिमा–अरिणको जरा अमिलो (चूक) मा पिंधेर मनतातो पारी लेप गर्नाले अण्डकोषको सूज नष्ट हुन्छ ।

२१ सन्तति-निग्रह गर्नु परेमा–ऋतु-स्नान पछि (चौथो दिन) अरिणको यौटा गेड़ाको गुदी खानाले एक वर्षसम्म गर्भ रहँदैन ।

२२ गाँठो भएमा–कसैलाई नसा गुट्मुटिएर वा मासुकै गाँठो जस्तो भएर आउँछ । यस्तो भएमा अरिणको फूल जम्बा गरी पिंधी तताएर गाँठो भएको ठाउँमा खूबसित मिची तानतुन गरी यसको लेप लगाएर बाँधिदिनू, ३।४ दिनमा ठीक हुन्छ ।

मेवा

मन्दाग्निमा १
अतिसारमा २
फियो वढ़ेमा ३, ४
जुकामा ५
उपदंशको खटिरामा ६
गाण्टो भएमा ७
दुग्ध-वृद्धिमा ८
पेटका सम्पूर्ण रोगमा ९
दाद र खुजलीमा १०
अलकाईमा ११
जरोमा १२
भोक वढ़ाउने र अरू रोगमा १३
विच्छीको विषमा १४

नेपाली—मेवा। हिन्दी—पपीता। संस्कृत—वातकुम्भ।

१ मन्दाग्निमा—ज्वानो १५ तोला, सिंधेनुन, संचरनुन र सावरीनुन १-१ तोला यौटा शीशीमा हाल्नू र त्यसमा कागती र अदुवाको रसले भरिदिनू, अनि वन्द गर्नू, फेरि एक महीनासम्म त्यसै राखी छाड़नु। यो औषधी ३ मासा लिनू र त्यसमा १ रत्ती मेवाको सत्त्व[1] हाली खानू। यसले भयंकर मन्दाग्नि पनि नष्ट गरिदिन्छ।

२ अतिसारमा—मेवाको काँचो फल काटेर सुकाउनू त्यसको ६ मासा चूर्ण तातो पानीसित खायो भने पुरानो अतिसार पनि नष्ट हुन्छ।

१—काँचो मेवाको रूखको फलमा यौटा चक्कूले चार ठाउँमा विस्तारै कोर्नू फलमन्तिर एउटा काठको कटौरा बाँधिदिनू र भोलिपल्ट बेहान काठको कटौरामा परेको मेवाको दूध भिक्नू र एउटा हाँडीमा बालुवा राखेर चुलोमा वसाल्नू र आँच दिनू। त्यो तातो बालुवामाथि दूधको कटौरा राखी सेकाउनू जब दूध तातेर खुवा जस्तो हुन्छ; तब गोली बनाएर राख्नू, एकछिन पछी त्यो सुक्छ। यसलाई "मेवाको सत्त्व" भन्दछन्। यस्तै मेवाको सत्त्व डाक्टरी दुकानमा "पेपीन" नामले चल्ती भएको हुन्छ, तर ज्यादै महगो हुन्छ।

३ फियो बढ़ेमा–३॥। मासा काँचो मेवाको दूध, ३॥। मासा मिश्री मिलाएर यसको ३ भाग गर्नू र दिनको ३ पटक पानीसित खानाले केही दिनमा फियो र कलेजा, जस्तै बढ़ेको भए पनि आराम हुन्छ।

४ अथवा–१ तोला मेवाको सुकाएको फलको धूलो र नुन मिलाई रोज ३ समय खाने गर्‍यो भने पनि फियो र कलेजा बढ़ेको पनि आराम हुन्छ।

५ जुकामा–१। मासा देखि ३॥। मासा मेवाको दूध, गाईको दूधसित खायो भने जुका नष्ट हुन्छन्। (लामो-गोल र च्याप्टो जुकामा खूब असर गर्छ)।

६ उपदंशको खटिरामा–मेवाको दूध लगायो भने उपदंशको व्रण सेतो चट्टा (दाद) र छालाको अरु रोग पनि नष्ट हुन्छन्।

७ गाण्टो भएमा–मेवाको दूध लगाउनाले गाण्टो फैलिएर नष्ट हुन्छ।

८ दुग्ध-वृद्धिमा–मेवाको काँचो फलको तर्कारी पकाएर खायो भने स्त्रीको दूध बढ्दछ र बच्चा हृष्ट-पुष्ट हुन्छन्।

९ पेटका सम्पूर्ण रोगमा–१ रत्ती मेवाको सत्त्व मिश्री अथवा दूधसित खायो भने मन्दाग्नि र पेटका समस्त रोग नष्ट हुन्छन्। रुचि बढ्दछ, खाएको हजम हुन्छ र पेटका जुका मर्दछन्। बच्चा र बुढ़ालाई त यसले अत्यन्त हित गर्दछ।

१० दाद र खुजलीमा–काँचो मेवा काटदा आएको दूध दाद या चिलाउने ठाउँमा लगाउनू, यसले दाद र चिलाउने आदि रोग नष्ट हुन्छन्।

११ अलकाईमा–काँचो मेवाको दूध अलकाईको खटिरामा लगाए उसको जरा नै खलबलिन्छ र अलकाई नष्ट हुन्छ। (तर यो लगाउँदा अत्यन्त दाह हुन्छ, सहन नसक्ने भए नौनी मिलाई लाउनू असल छ)।

१२ जरोमा–६ मासादेखि १ तोलासम्म मेवाको पात पिंधी त्यसमा मिश्री मिलाई पिलाए जरो नाश गर्छ र हृदयलाई बल दिन्छ।

१३ भोक बढ़ाउनामा र अरु रोगमा–मेवाको पाकेको फल खानाले अग्नि प्रदीप हुन्छ, भोक बढाउँछ, खाएको पचाउँछ, पेट फुलेको नष्ट गर्छ र मूत्र सफा गर्छ। यसले पेट पोल्ने व्यथा, फियोको व्यथा र पथरी पनि नष्ट गर्छ। यसले शरीरको मोटोपन हटाउँछ, थुकमा आउने रगत हटाउँछ, रक्तार्श र पिसाबको नलीको घाउ पनि नष्ट गर्छ। यो अमृतमय छ।

१४ बिच्छीको विषमा–मेवाको काँचो फलको दूध बिच्छीले टोकेको ठाउँमा लगाउनाले विष नष्ट हुन्छ। यसको बिउ पिँधेर लगाए पनि हुन्छ।

पिंडालु

सूजनमा १
खल्वाटमा २
अलकाईमा ३
रगत आएमा ४
घाउमा ५
फोड़ामा ६
कुकुरले टोकेकोमा ७
अरिङाल र बारुलाहरूको विषमा ८
बिच्छीको विषमा ९

नेपाली—पिंड़ालु । हिन्दी—अरवी । संस्कृत—आलुकी ।

१ सूजनमा—कालो पिंडालुको पात (कर्कलो) को रस लिएर त्यसमा नुन हालेर गाएटामा र सूजमा लेप गर्नाले सूज र गाएटाहरू नष्ट हुन्छन् ।

२ खल्वाटमा—कालो पिंडालुको रस निकालेर शिरमा लेप गर्नाले खल्वाट नष्ट हुन्छ र नयाँ रौं उम्रन लाग्छ ।

३ अलकाईमा—कालो पिंडालुको रस पिउनाले रगत आउने अलकाई नष्ट हुन्छ ।

४ रगत आएमा—कर्कलोको रस निकालेर लगाउनाले र पिलाउनाले पनि रक्त-वाहिनी शिराबाट रगत निक्लन बन्द हुन्छ ।

५ घाउमा—कर्कलोको रस लगाए घाउको दोष नष्ट भई घाउ भरिन्छ ।

६ फोड़ामा—कर्कलोको डाँठ पिंधेर फोड़ामा बाँध्नाले फोड़ा नष्ट हुन्छ र पोल्न पनि बन्द हुन्छ । कुनै फोड़ा जहरीलो भएर अत्यन्त पोल्ने हुन्छ त्यो पनि यसले ठीक गर्छ ।

७ कुकुरले टोकेमा—पागल कुकुरले टोकेमा टोक्ने बित्तिकै कालो पिंड़ालु घोटेर लगाउनाले कुकुरको विष नष्ट हुन्छ ।

८ अरिङ्गाल र बारुलाहरूको विषमा—कर्कलोको चोप लगायो भने अरिङाल, बच्छ्यूँ, माउरी र बारुलाको विष पनि नष्ट हुन्छ ।

९ बिच्छीको विषमा—पिंडालुको गाना घोटेर लाउनाले बिच्छीको विष नष्ट हुन्छ । स्याल र मूसाहरूले टोकेकोमा पनि कालो पिंडालुले आराम गर्छ ।

अमला

मुखको रोगमा १
नेत्र-रोगमा २, ३, ४, ५, ६
अजीर्णमा ७
नाथ्रो फुटेमा ८
अतिसारमा ९
अलकाईमा १०
हिक्कामा ११
रक्त-पित्तमा १२
पित्त-ज्वरमा १३
मूत्रकृच्छ्रमा १४
सूजाकमा १५
गठिया वातमा १६
आउँ-रगतमा १७
मूत्र-रोगमा १८
श्वेत-प्रदरमा १९
सोम रोगमा २०
घेरै रोगहरूमा २१

नेपाली—अमला। हिन्दी—आँवला। संस्कृत—आमलकी।

१ मुखको रोगमा–अमलाको पात पानीमा पकाएर कुल्ला गर्नाले मुख-पाक र दाँतका रोग पनि नष्ट हुन्छन्।

२ नेत्र-रोगमा–१ मासा अमला थिचेर २ घण्टासम्म पानीमा पकाउनू र छानेर दिनमा ३ पटक आँखामा हाल्नाले नेत्रका रोग नष्ट हुन्छन्।

३ अथवा–७ मासा अमला थिचेर पानीमा भिजाउनू। २।३ घण्टा भएपछि निचोरेर चौटा फ्याँकी दिनू र त्यही पानीमा फेरि ७ मासा अमला भिजाउनू। यस्तो क्रमले ४।५ पटक गरेपछि अनि त्यो झोल आँखामा हाल्ने गर्नाले केही दिनमा आँखाको फुलो काटिन्छ। आँखामा कुनै रोग पनि लाग्दैनन् र आँखा तेजिलो हुन्छ।

४ अथवा–हरियो अमलाको रस आँखामा लाउनाले आँखाको लाली नष्ट हुन्छ।

५ अथवा–हरियो अमला थिचेर मनतातो गरी आँखामा पट्टी बाँध्नू।

यसले आँखा दुख्ने, घोच्ने, पोल्ने इत्यादि सबै नष्ट हुन्छन् ।

६ अथवा–अमलाको गेड़ाको गुदी लिएर पानीमा पकाउनू र यो पानीले आँखा धुनाले घेरै पुरानो आँखा दुख्ने रोग पनि नष्ट हुन्छ ।

७ अजीर्णमा–२।३ तोला अमलाको कमलो पात पिंधी मोहीसँग दियो भने यसले अतिसार र अजीर्ण पनि आराम गर्छ ।

८ नाथ्रो फुटेमा–अमलाको पात र कपूर मिलाई पानीमा पिंधी शिरमा लेप गर्नाले नाकबाट रगत आउन बन्द हुन्छ ।

९ अतिसारमा–अमला पानीमा पिंघेर नाइटो बरिपरि पर्खाल जस्तो लगाएर नाइटोमा अदुवाको रस भरिदिनू । यसले अत्यन्त भयंकर नदीको वेग जस्तै दुर्जय अतिसार पनि नाश गर्दछ ।

१० अलकाईमा–अमला पिंघेर पानी मिलाई यौटा माटाको भाँड़ा भित्र लेप गर्नू । त्यो भाँड़ामा मोही भरेर त्यो मोही रोगीलाई पिलाउनू । अलकाई नष्ट हुन्छ ।

११ हिक्कामा–१ तोला अमला र कैथ (अमिलोबेल) को रस, ३ लाल पिप्लाको धूलो महमा मिलाई चाट्नाले हिक्का नष्ट हुन्छ ।

१२ रक्त-पित्तमा–दहीसँग मिलाई ६ मासा अमला खानाले रक्त-पित्त नष्ट हुन्छ ।

१३ पित्त-ज्वरमा–पाकेको अमलाको रस निकालेर खलमा घोटूनू, बाक्लो भएपछि फेरि अरु रस हालेर घोट्नू । यस्ता प्रकारले ५।७ पटक रस हाल्दै घोट्दै जानू, अनि सुकेपछि धूलो बनाएर राख्नू । यो चूर्ण अत्यन्त पित्त-नाशक हुन्छ । यसको सेवनले चित्तको घबराहट, प्यास र पित्तको जरो समेत नष्ट गर्छ ।

१४ मूत्रकृच्छ्रमा–२ तोला अमलाको रसमा १ मासा अलैंचीको धूलो मिलाएर पिलाउनाले मूत्रकृछ्र (पिसाब पोल्ने) नष्ट हुन्छ ।

१५ सूजाकमा–अमलाको चूर्ण पानीमा मिलाएर पिलाउनाले र त्यही पानीले लिङ्गमा पचका दिनाले[1] सूजाकको जलन शान्त हुन्छ र

१–पचका दिने बखतमा पिसाब फिरेर मात्र दिनू ।

विस्तारै-विस्तारै पीप आउन बन्द हुन्छ र घाउ पनि पुरिंदै जान्छ।

१६ गठिया वातमा–२ तोला सुकेको अमला र २ तोला पुरानो शक्कर १॥ पाउ पानीमा पकाएर १ चौथाई पानी बाँकी रहेपछि मलेर छानी पिलाउनाले गठिया वात (जोर्नि दुख्ने) आराम हुन्छ। (यो औषधी खाँदा नुन छाड्नुपर्दछ)।

१७ आउँ-रगतमा–१ तोला सुकेको अमला पानीमा पिंधी खानाले रक्तातिसार, आउँ, अलकाई र पित्त-आदि नष्ट हुन्छन्।

१८ मूत्र-रोगमा–अमला पिंधी छानेर मिश्री मिलाई पिउनाले पिसाववाट रगत आउन बन्द हुन्छ, रक्त-पित्त र रक्तार्श पनि नष्ट हुन्छ।

१९ श्वेत-प्रदरमा–१ मासा अमला भित्रको गेड़ा पिंधेर पानीमा मलेर छानेर त्यसमा मिश्री र मह मिलाएर खानाले श्वेत-प्रदर नष्ट हुन्छ।

२० सोम-रोगमा–६ मासा अमलाको रस, १ कोशा पाकेको केरामा मह र मिश्री मिलाएर खानाले सोम-रोग नष्ट हुन्छ।

२१ धेरै रोगहरूमा–१ पाउ गाईको नौनी आगोमा तताउनू, त्यसमा २ तोला अमलाको चूर्ण हाल्नू र चलाउनू, अनि २ तोला बरको कमलो पात पिंधेर लेदो बनाई हाल्नू, हल्लाउनू र पकाउनू। जब सबै औषधी मिलीसक्छ, तब झिकेर राख्नू। यो औषधी ९ मासादेखि २ तोलासम्मको मात्रामा खानू, पथ्य खाली दूध-भात मात्र खानाले अलकाई र अरू तमाम रोगहरू नष्ट हुन्छन्। रोगी र अवस्था हेरी प्रयोग गर्नू, अत्यन्त गुणकारक छ; यसले धेरै रोगहरूमा फाइदा गर्छ।

आँप

नेत्र-पीडामा १
नाथ्रो फुटेमा २
कान दुखेमा ३
घाँटीको रोगमा ४
अतिसारमा ५, ६, ७
आमातिसारमा ८
अलकाईमा ९, १०, ११
रक्तस्रावमा १२
सूजाकमा १३
श्वेत-प्रदरमा १४, १५
रक्त-प्रदरमा १६
हिक्कामा १७
लू लागेमा १८
आगाले पोलेमा १९
दादमा २०
खोकीमा २१
हैजा र प्लेग २२
गण्डमालामा २३
तागत बढ़ाउनामा २४
कब्जियतमा २५
सर्पको विषमा २६
माकुराको विषमा २७

नेपाली—आँप । हिन्दी—आम । संस्कृत—आम्र ।

१ नेत्र-पीडामा—आँपको फूल पिंधेर आँखामा बाँध्नू, आँखा दुखेको नष्ट हुन्छ ।

२ नाथ्रो फुटेमा—आँपको कोयाको गुदी पिंधी सुँघ्नाले नाथ्रो फुटेको आराम गर्छ ।

३ कान दुखेमा—आँपको पातको रस मनतातो पारी कानमा हाल्नाले कर्ण-शूल नष्ट हुन्छ ।

४ घाँटीको रोगमा—आँपको सुकेको पात चिलिममा राखेर धूम्रपान गर्नाले घाँटी भित्रका रोग नष्ट हुन्छन् ।

५ अतिसारमा—२ तोलादेखि ४ तोलासम्म आँपको अत्तरछालाको रस दिनको २ पटक पिउनाले अलकाई, रक्त-प्रदर, अतिसार र अरु जुनसुकै कारणबाट भएको रक्त-स्राव पनि आराम हुन्छ ।

६ अथवा–आँपको कोयाको गुदी, बेलको चाना र मिश्री बराबर लिई ३ मासादेखि ६ मासासम्म तातो पानीको साथ पिउनाले अतिसार नष्ट हुन्छ।

७ अथवा–आँपको कोयाको गुदी मात्र खानाले पनि अतिसार नष्ट हुन्छ।

८ आमातिसारमा–आँपको कोयाको गुदी, गुँद र इन्द्रजौ बराबर पिंधेर चूर्ण गर्नू। १ मासाको मात्रा दिनमा २-३ पटक तातो पानीसित दिनाले जवान मनुष्यको अतिसार नष्ट हुन्छ।

९ अलकाईमा–आँपको कोपिला पानीसँग पिंधेर मिश्री मिलाई २ तोला खानाले रगत आउने अलकाई नष्ट हुन्छ।

१० अथवा–१। तोला आँपको कोपिलाको रस, १। तोला फणिरको पातको रस मिसाई त्यसमा १ पाउ दूध पिलाउनू र मिश्री पनि मिलाई ८ दिनसम्म सेवन गर्नाले रगत आउने अलकाई पनि नष्ट हुन्छ।

११ अथवा–१ तोला आँपको अन्तरछाला पिंधेर पानी मिलाई पिउनाले पनि अलकाई नष्ट हुन्छ।

१२ रक्तस्रावमा–अलकाई, प्रदर, अतिसार वा अरू कुनै कारणबाट हुने रक्तस्रावमा २ तोलादेखि चार तोलासम्म आँपको अन्तरछालाको रस दिनमा २ पटक पिलाउनाले आराम गर्छ।

१३ सूजाकमा–३।४ मासा आँपको बोक्रा थिचेर १ पाउ पानीमा बेलुका भिजाई दिनू। बिहान मली छानेर पिउनू। ७ दिनसम्म यही रीतिले पिउने गऱ्यो भने सूजाक नष्ट हुन्छ।

१४ श्वेत-प्रदरमा–आधा तोला आँपको अन्तरछालाको रस वा १ तोला अन्तरछालाको ठण्डा काढ़ामा १ तोला चूनको निथारेको पानी मिलाएर ७ दिनसम्म लिनाले श्वेत-प्रदर आराम हुन्छ।

१५ अथवा–आँपको बोक्रा र आँपको फलको बोक्राको रस ५ तोला पानी मिलाएर २-२ घण्टामा दिनाले फोक्सो, जरायु र आन्द्राबाट हुने रक्तस्राव पनि बन्द हुन्छ; श्वेत-प्रदर पनि नष्ट हुन्छ।

१६ रक्त-प्रदरमा–१०-१५ रत्ती आँपको कोयाको गुदी चूर्ण गरी छानी पानीको साथ पिलाउनाले रक्त-प्रदर र आन्द्राको जुकाहरू मर्दछन् ।

१७ हिक्कामा–आँपको पात चिलिममा राखेर धुँवा पिउनाले हिक्का बन्द हुन्छ ।

१८ लू लागेमा–२ तोला आँपको फूल भुङ्ग्रोमा तताएर रस निकालेर मिश्री मिलाई पिउनू, यसले लू र लूका उपद्रव शान्त हुन्छन् ।

१९ आगाले पोलेमा–आँपको कोयाको गुदी पानीमा भिजाई पिंधेर पोलेको ठाउँमा लगाउनू । यसले पोलेको ठण्डा गर्छ ।

२० दादमा–आँप टिपूदा भेट्नोबाट आएको चोप दादमा लगाउनाले दाद नष्ट हुन्छ ।

२१ खोकीमा–आँपको पात पिंधी चिलममा राखेर धूम्रपान गर्नाले खोकी नष्ट हुन्छ ।

२२ हैजामा र प्लेगमा–हैजा वा प्लेग चम्केको बखत काँचो आँप पोलेर मिश्री मिलाएर चटनी तैयार गर्नू । यो सेवन गर्नाले हैजा वा प्लेगबाट संरक्षण हुन्छ ।

२३ गण्डमाला–आँपको फल र आँपको फलको बोक्राको रसले रोहिणी-रोग (डिप्थेरिया) र कण्ठमालालाई फाइदा गर्छ ।

२४ तागत बढ़ाउनुपरेमा–आँपको पाकेको रस र दूध पिउनू, तागत बढ्दछ ।

२५ कब्जियतमा–पाकेको आँपको रस पिउनाले दिसा खलास हुन्छ ।

२६ सर्पको विषमा–आँपको जरा र पात पिंधी सर्पले टोकेको ठाउँमा लगायो भने सर्प-विष नष्ट हुन्छ । यसले बिच्छीको विष पनि नष्ट गर्छ ।

२७ माकुराको विषमा–अमचूर पानीमा पिंधेर लगाउनाले माकुराको विष नष्ट हुन्छ ।

काउलो

क्षय-कासमा १
रक्त-पित्तमा २
रक्तातिसारमा ३
मूत्राघातमा ४
हृदय-रोगमा ५
शुक्र-मेहमा ६
हाड़ भाँचिएमा ७
फोड़ामा ८
रक्त-स्रावमा ९
उपदंशमा १०
पातलो वीर्य भएमा ११
पिसाव सफा गर्नामा १२
सर्पको विषमा १३
बिच्छीको विषमा १४

नेपाली—काउलो । हिन्दी—कोह । संस्कृत—अर्जुन ।

१ क्षय-कासमा—काउलोको बोक्राको धूलोमा असुरोको पातको रसको ७ पटक भावना दिनू । ३।४ मासाको मात्रामा मह र मिश्री वा गो-घृतसित चटाउनाले क्षयको खोकी (कफमा रगत आउने) नष्ट हुन्छ ।

२ रक्त-पित्तमा—१ तोला काउलोको बोक्रा रात भर पानीमा भिजाएर राख्नू, बेहान मलेर छानी अथवा पकाएर काढ़ा बनाई पिउनाले पनि रक्तपित्त नष्ट हुन्छ ।

३ रक्तातिसारमा—६ मासा काउलाको बोक्रा पिंधेर त्यसमा बाख्रीको दूध र मह मिलाएर पिउनाले रक्तातिसार नष्ट हुन्छ ।

४ मूत्राघातमा—मूत्राघातमा १ तोला काउलोको अन्तरछालाको काढ़ा पकाएर पिलाउनू । मूत्राघात नष्ट हुन्छ ।

५ हृदय-रोगमा—गहुँ र काउलोको अन्तरछाला बराबर मिलाई पिंध्नू, यसको १ तोला धूलो गाईको दूध र गाईको घ्यूमा पकाउनू र त्यसमा मिश्री र मह मिलाई खानाले उग्र हृदय-रोग पनि नष्ट हुन्छ ।

६ शुक्रमेहमा—६ मासा काउलोको बोक्रा र ३ मासा श्रीखण्डको काढ़ा पकाएर पिउनाले शुक्रमेह नष्ट हुन्छ ।

७ हाड़ भाँचिएमा–हाड़ भाँचिएको ठाउँमा हाड़ तानतुन पारी राम्रोसित जोड़ी (सोझो पारी) काउलोको बोक्रा खूब मसीनो गरी पिंधेर त्यो ठाउँमा लगाई काम्रो बाँधिदिनू। ५।७ दिनमा हाड़ जोरिन्छ।

८ फोड़ामा–काउलोको बोक्रा मसीनो पिंधी फोड़ामा पुल्टिस लगाउनाले फोड़ा थाक्दछ।

९ रक्तस्रावमा–चोट-पटक लागेर वा अरु कारणले रक्तस्राव भएको छ भने ६ मासा काउलोको बोक्रो मसीनो गरी पिंधी दूधसित पिलाई दिनू, स्राव रोकिन्छ।

१० उपदंशमा–काउलोको काढ़ा पकाई उपदंशको घाउ धुनाले उपदंशको घाउ र अरु उपद्रवहरू समेत नष्ट हुन्छ।

११ पातलो वीर्य भएमा–काउलोको अत्तरछाला छायामा सुकाउनू र चूर्ण गर्नू। यसको १ तोला चूर्ण मिश्री मिसाएको दूधसित सेवन गर्नाले धातु पुष्ट हुन्छ र तागत खूब बढ्दछ।

१२ पिसाब सफा गर्नामा–१ तोला काउलोको बोक्रा र गोखुरको काढ़ा पकाई सेवन गर्नाले मूत्र-सम्बन्धी रोग र पथरी समेत आराम गर्छ।

१३ सर्पको विषमा–काउलोको बोक्राको खरानी सर्पले टोकेको घाउमा लगाउने र खाने गर्नाले सर्प-विष नष्ट हुन्छ।

१४ बिच्छीको विषमा–काउलोको बोक्रा पिंधी बिच्छीले टोकेको ठाउँमा लगाउनाले बिच्छीको विष नष्ट हुन्छ। वच्छयूं, अरिङाल र माउरीले टोकेको विष पनि नष्ट हुन्छ।

चुत्रो

जरोमा १, २, ३
दाँत दुखेमा ४
आँखाको रोगमा ५, ६, ७, ८, ९, १०
कमल-पित्तमा ११
मुख-पाकमा १२
कण्ठमालामा १३
सूजमा १४
अलकाईमा १५, १६, १७
झाड़ा लागेमा १८
वायुले पेट दुखेमा १९
गठिया वातमा २०
अण्ड-वृद्धिमा २१
उपदंशमा २२
प्रदरमा २३
सर्प र बिच्छीको विषमा २४
रसाञ्जन बनाउने तरीका २५
आर्को तरीका २६
रसाञ्जन शुद्ध गर्ने तरीका २७

नेपाली—चुत्रो। हिन्दी—दारुहल्दी। संस्कृत—दारुहरिद्रा।

१ जरोमा—१ तोला चुत्रोको जराको काढ़ा खानाले जरो उत्रन्छ।

२ अथवा—१५ तोला चुत्रोको जरा २ माना पानी हालेर पकाउनू, आधा माना पानी बाँकी रहेपछि छानेर शीशीमा राख्नू। २॥ तोला-देखि ५ तोलासम्मको मात्रा गरी पिलाउनाले जरो नष्ट हुन्छ।

३ अथवा—१५ लालको मात्रामा रसाञ्जन दिनको ३ पटक चिसो पानीसँग दिनाले औलोको जरो नष्ट हुन्छ[1]। भोक लाग्छ र दिशा खलास हुन्छ। रोगीलाई पैल्हे रगत, आउँ परेको थियो भने यो औषधि दिनुभन्दा पहिले १ पटक जुलाबको औषधी दिएपछि मात्र यसको प्रयोग गर्नू (नत्र आउँको रोग फेरि पल्टने सम्भावना हुन्छ)। खालो पेटमा औषधी दिनू। प्यास लाग्छ; तर पानी नदिनू। १ घण्टापछि पसीना आउँछ र नातागत हुन्छ, अनि दूध पिलाउनू र सुत्न दिनू। रोगी सुतेर उठेपछि उसको तबियत एकदम ठीक हुन्छ।

१-यसले पेटमा अलि गर्मी गर्छ।

पित्त-ज्वरमा चुत्रोको काढ़ा नै दिनू असल छ, कब्जियत छ भने चिराइतो मिलाएर चुत्रोको काढ़ा दिनू।

४ दाँत दुखेमा–चुत्राको फलको काढ़ा पकाएर कुल्ला गर्नाले दाँत दुखेको र गिजा दुखेको पनि नष्ट हुन्छ र गिजा बलियो हुन्छ।

५ आँखाको रोगमा–रसाञ्जन, फटकिरी र नौनी मिलाएर लगाउ-नाले (बाहिरपट्टि लेप गरे) आँखा दुखेको, लाली र उज्यालोमा हेर्न नहुने इत्यादि रोग नष्ट हुन्छन्।

६ अथवा–चुत्रोको जरा पानीमा घोटेर आँखाभित्र हाले पनि आँखाका रोग नष्ट हुन्छन्।

७ अथवा–रसाञ्जन स्त्रीको दूध वा बाख्रीको दूधमा घोटेर लगाउ-नाले आँखाको डिल सुनिएको र अरु आँखाका रोग पनि नष्ट हुन्छन्।

८ अथवा–चुत्रोको जरा वा डाँठ स्त्री वा बाख्रीको दूधमा घोटेर लगाए पनि आँखाका रोग नष्ट हुन्छन्।

९ अथवा–रसाञ्जन, गेरू र अफीम पानीमा घोटेर आँखा बाहिर लगायो भने चसचसी घोच्ने पोल्ने र लाली समेत नष्ट हुन्छन्। आँखा पाकेको र परेलाका रोगहरू पनि नष्ट हुन्छन्।

१० अथवा–बजारको रजाञ्जन ल्याई १० गुना पानीमा भिजाएर राम्रोसित छानी एउटा शीशीमा भरिराख्नू। ७ दिनमा १ पटक शलाकाले आँखामा लाउने गर्‍यो भने आँखाका तमाम रोग नष्ट हुन्छन् र आँखाको तेज कायम रहिरहन्छ।

११ कमल-पित्तमा–१ तोला चुत्रोको जराको काढ़ामा (सेलाएपछि) मह मिलाई पिउनाले कमल-पित्त नष्ट हुन्छ।

१२ मुख-पाकमा–चुत्रोको काढ़ा बनाएर कुल्ला गर्नाले मुखको घाउ खटिरा आदि नष्ट हुन्छन्।

१३ गण्डमालामा–रजाञ्जन र कपूर नौनी मिलाएर लेप जस्तो गरी कण्ठमालामा लगायो भने कण्ठमाला नष्ट हुन्छ।

१४ सूजमा–रसाञ्जनको लेप गर्नू, सूज नष्ट हुन्छ।

१५ अलकाईमा–४ लाल रराञ्जन, ४ लाल नीमको फलको गुदी र १ मासा मुनका मिलाई खल गरी ३ गोली बनाउनू। राती सुत्ने वेला पानीसित १ गोली खानाले अलकाई (रगत भएको) नष्ट हुन्छ।

१६ अथवा–रसाञ्जन र नौनी मिलाएर अलकाईको खटिरामा लगाउनाले अलकाई नष्ट हुन्छ।

१७ अथवा–१ तोला रसाञ्जन ५ तोला पानी मिलाएर अलकाईको खटिरा धुने गर्नाले अलकाई नष्ट हुन्छ।

१८ झाड़ा लागेमा–चुत्रोको जराको बोक्रा र सुठो बराबर लिएर पिधेर ३।३ मासाको मात्रा गरी दिउसो २।३ पटक दिनाले झाड़ा बन्द हुन्छ।

१९ वायुले पेट दुखेमा–६ मात्रा चुत्रोको जराको बोक्रा र शखरको काढ़ा बनाएर पिउनाले पेटको वायु र पेट दुख्ने आदि रोग नष्ट हुन्छ।

२० गठिया वातमा–१ तोला चुत्रोको डाँठको काढ़ा बनाएर पिउनाले पसीना र दिशा लागेर गठिया वात नष्ट हुन्छ।

२१ अण्ड-वृद्धिमा–१ तोला चुत्रोको जराको काढ़ामा गहुँत मिलाएर पिउनाले अण्ड वृद्धि नष्ट हुन्छ।

२२ उपदंशमा–रसाञ्जनको लेप र ६ मासा चुत्रोको काढ़ाको सेवन गरे उपदंश, गण्डमाला, सैन, भगन्दर, व्रण र विसर्प आदि रोग नष्ट हुन्छन्।

२३ प्रदरमा–६ मासा त्रिफलाको काढ़ामा १ मासासम्म रसाञ्जन हालेर सेवन गर्नाले रक्त-प्रदर र गर्भाशयको शिथिलता नष्ट हुन्छ।

२४ सर्प र बिच्छीको विषमा–रसाञ्जनको लेप गर्नाले सर्प र बिच्छीको विष नष्ट हुन्छ।

२५ रसाञ्जन बनाउने तरीका–वर्षाको आखीरमा चुत्रोको पञ्चांग ल्याई राम्रोसँग सफा गरी कुटेर काढ़ा पकाएर छान्नू र छानेको रस फेरि पकाउनू, जब बाक्लो हुन्छ, तब निकालेर ठण्डा भएपछि ठूलो मुख भएको शीशीमा राख्नू। यसलाई "रसाञ्जन" भन्दछन्।

२६ आकों तरीका–चुत्रोको जरा ४ तोला लिएर साना-साना टुक्रा गर्नू र १ मानो पानी हालेर पकाउनू, ८ तोला पानी बाँकी रहेपछि उतार्नू र रात्रोसँग छान्नू; अनि ८ तोला वाख्रीको दूध मिलाएर फेरि पकाउनू, बाक्लो भएपछि निकाल्नू र शीशीमा राख्नू। यसलाई 'रसाञ्जन' भन्दछन्।

२७ बजारको रसाञ्जन शोध्ने तरीका–बजारको रसाञ्जन फोहोर मिलेको हुन्छ। १ तोला रसाञ्जनमा १० तोला पानी मिलाएर भिजाउनू, गली सकेपछि कपड़ामा विस्तारै छान्नू र सुकाएर काममा लिनू।

दूध

पुष्टिमा १, २, ३
रक्त-पित्तमा ४, ५, ६
कपाल दुखेमा ७, ८, ९
सर्दीबाट कपाल दुखेमा १०, ११
अधामा १२, १३, १४, १५
जीर्ण जरोमा १६
पिसाब पोल्नेमा १७, १८, १९
आँखा पोल्नेमा २०
पित्त-विकारमा २१
हाड़ भाँचिएमा २२
छातीको दर्दमा २३
रुघामा २४
पाण्डु, क्षय र ग्रहणीमा २५
उदावर्तमा २६
पागलपनमा २७
निर्बल मस्तिष्कमा २८, २९
निद्रा नलागेमा ३०, ३१
बुद्धि मन्द भएमा ३२
सन्निपातमा ३३
खल्वाट भएमा ३४
आँखा दुखेमा ३५, ३६, ३७
फुलो परेमा ३८, ३९
नाथ्रो फुटेमा ४०, ४१, ४२
नाक सुनिएमा ४३
कान दुखेमा ४४, ४५, ४६
कानभित्रको खटिरामा ४७
कान पाकेमा ४८
मुख-पाकमा ४९
घाँटीको खटिरामा ५०
गण्डमालामा ५१
घाँटीको घाउमा ५२
जिभ्रो फुटेकोमा ५३
मुखवाट रगत आएमा ५४
खोकीमा ५५
दममा ५६
न्यूमोनियाँमा ५७
वमनमा ५८
हिक्कामा ५९
अतिसारमा ६०, ६१, ६२
आमातिसारमा ६३
जुकामा ६४
गर्मी सम्वन्धी व्यथामा ६५
कलेजा दुखेकोमा ६६
कलेजा सुनिएकोमा ६७, ६८
फियो बढ़ेमा ६९, ७०
अलकाईमा ७१

लुतो आदिमा ७२
दादमा ७३
सैनमा ७४
शरीर भित्रको घाउमा ७५
डण्डीफोर र चायामा ७६, ७७
श्वेत-प्रदरमा ७८
रक्त-प्रदरमा ७९
योनिकण्डूमा ८०
योनि संकीर्ण गर्नु परेमा ८१
थुनिलो भएमा ८२
स्तन बढ़ाउनामा ८३
बच्चाको कर्ण-शोथमा ८४
बच्चाको सुक्खा खोकीमा ८५
बच्चाको आउँमा ८६
बच्चा मोटाउनामा ८७, ८८
बच्चाको बिफरबाट रक्षामा ८९,९०
विफरको गर्मीमा ९१
कटि-पीडामा ९२
थकाईमा ९३
आगाले पोलेमा ९४
धतूरो र करवीर आदिको विषमा९५
सङ्खिया आदि विषमा ९६
मैनशिलको विषमा ९७
कोदोको विषमा ९८
काँचको चूर्ण खाएमा ९९
गन्धकको विषमा १००
पाराको विषमा १०१

नेपाली—दूध । हिन्दी—दुध । संस्कृत—दुग्ध ।

१ पुष्टिमा—गाईको दूध, घ्यू र मह[1] मिलाएर पिउनू, मोटाइन्छ ।

२ अथवा—गाईको दूधमा घ्यू र चिनी मिलाएर सधैं खानाले पुष्टि हुन्छ र बल पनि बढ्दछ ।

३ अथवा—दूध ३।४ पटक उमाल्नू र ठण्डा बनाउनू । त्यसमा मह मिलाएर १०१ पटक धारधुर गर्नू र उभिएर पिउनू । केही दिन यही क्रमले पियो भने शरीरको रोग-व्याधि हराउँछ र शरीरको रगत बढ्दछ ।

४ रक्त-पित्तमा—गाईको दूधमा ८।१० गेड़ा मरिचको चूर्ण र मिश्री हालेर पिउनू, रक्त-पित्त नष्ट हुन्छ ।

५ अथवा—गाईको दूधमा पाँचगुना पानी मिलाएर पकाउनू, दूध मात्र बाँकी रहेपछि पिउनू, रक्त-पित्त नष्ट हुन्छ ।

१—मह र घ्यू बराबर नपरोस्, बराबर भयो भने विष जस्तो हुन्छ ।

६ अथवा–दूध र पानी बराबर मिलाएर पकाउनू, दूध मात्र बाँकी रहेपछि ठण्डा गराएर पिलाउनु। यसले उदर-वात, शूल प्रवाहिका, रक्त-पित्त र तृषा आदि नष्ट हुन्छन्। यसले रक्त-विकारमा अमृत जस्तो गुण गर्दछ।

७ कपाल दुखेमा–चिप्लो दुङ्गामा सुठो दूधमा घोटेर बाक्लो पारी शिरमा लेप गरेर रुवो टाँसीदिनु। जस्तै पुरानो शिर-दर्द भए पनि ७।८ घण्टामा आराम हुन्छ।

८ अथवा–रुवोको मोटो फाहा बनाएर दूधमा भिजाएर शिरमा बाँध्नु। माथिबाट फेरि आर्को कपड़ाले बाँध्नु र माथिबाट फेरि अलिअलि दूध हाल्दैगर्नू, अनि साँझ शिर धोएर नौनी लगाएर सुत्नु; ३ दिनसम्म यो क्रिया गर्नाले रक्त-विकार र पित्तबाट उठेको शिर रोग नष्ट हुन्छ।

९ अथवा–१ माना गाईको दूधमा ३ तोला सफा गरेको अमिली हाल्नु र १ घण्टा भिजाई दिनु र आगोमा पकाउनू, दूध फाटेपछि झिकेर कपड़ामा छान्नु र त्यो पानीमा मिश्री मिलाएर चिसो पार्नु र खान दिनु; ३।४ दिनमा कपाल दुखेको आराम हुन्छ। यही पानी कपालमा मालिस गरे पनि हुन्छ। यसले गर्मीबाट कपाल दुखेको आराम गर्छ।

१० सर्दीबाट कपाल दुखेमा–हावा नलाग्ने कोठामा बसेर दूधको बाफ शिर र नाकबाट लिनु र दूधले नै कपाल धुनु, सर्दीबाट कपाल दुखेको आराम हुन्छ।

११ अथवा–एउटा सूती कपड़ा दूधमा भिजाएर कपाल दुखेको ठाउँमा बाँधीदिनु र माथिबाट फलाटिनको टुक्राले बाँध्नु, १।२ घण्टा भएपछि निकाल्नु। यस्ता प्रकारले ३।४ पटकसम्म गर्नु, आराम हुन्छ। यसले गर्मी र सर्दीले कपाल दुखेको भए पनि आराम हुन्छ।

१२ अधा (आधा कपाल दुख्ने) मा–अधा दुखेर रोगी बेचैन भएको छ भने त्यसलाई दूध र तात्तातो जलेबी मात्र खान दिई अरु

केही खान नदिनु । ३।४ दिनमा अधा आराम हुन्छ ।

१३ अथवा–१ माना गाईको दूधमा १ तोला कागजी बदाम दुक्रा-दुक्रा बनाएर हाल्नु र त्यसमा मिश्री मिलाई खीर जस्तो बनाएर खानु, केही दिन निरन्तर यसको सेवन गर्नाले रोग निर्मूल हुन्छ ।

१४ अथवा–गो-दुग्धको खुवा बनाएर पेड़ा बनाउनु र त्यही पेड़ा बिरामीलाई खान दिनु । अरु केही चीज पनि नखुवाउनु, ३।४ दिनमा रोग निर्मूल हुन्छ ।

१५ अथवा–गो-दुग्धको खुवामा पानी हालेर खूब पकाउनु, अनि त्यसमा चामल हालेर खीर पकाउनु र मिश्री मिलाएर खानाले अधा दुखेको नष्ट हुन्छ ।

१६ जीर्ण-ज्वरमा–आधा माना गाईको दूधमा १ तोला गाईको घ्यू, १ मासा सुठो, एउटा छोहरा र ५।७ ओटा मुनक्का हालेर पकाई ठण्डा पारे र पिउनु, यसले पुरानो जरो आराम गर्छ ।

१७ पिसाब पोलेमा–आधा माना बाख्रीको ताजा दूधमा पानी मिलाएर त्यसमा मिश्री वा शखर हालेर पिउनाले मूत्र-दाह र मूत्रकृच्छ्र नष्ट हुन्छ । गरम चीज केही नखानू ।

१८ अथवा–गाईको दूधमा शखर वा चीनी मिलाएर पिउनाले मूत्रकृच्छ्र र पिसाबबाट बालुवा जस्तो आउने रोग आराम हुन्छ ।

१९ अथवा–१ माना ततापको दूधमा चिनी र चिनी बराबर घ्यू हाली पिउनाले पनि मूत्रकृच्छ्र नष्ट हुन्छ ।

२० आँखा पोल्नेमा–गाईको काँचो दूधमा एउटा टालो भिजाएर तह पारेर त्यस भित्र फटकिरीको धूलो हाली आँखामा राखीछोड्नाले आँखा पोल्ने रोग नष्ट हुन्छ ।

२१ पित्त-विकारमा–७ तोला गो-दुग्धमा आधा तोला वा १ तोला सुठो घोटेर खुवा जस्तो बाक्लो बनाउनू र त्यसमा चिनी मिलाउनू । अनि त्यसको ३ मासा बराबरको गोली बनाएर राती सुत्ने बेलामा १ गोली खानू, यो खाएपछि पानी नपिउनु । केही दिनसम्म यसको

अभ्यास गर्नाले पित्त-सम्बन्धी तमाम बिकारहरू नष्ट हुन्छन् ।

२२ हाड़ भाँचिएमा–१ माना गाईको दूध, १ तोला मुनक्का, २ ओटा छोहरा र ३ मासा जेठीमधु पकाएर त्यसमा २ तोला घ्यू र १ मासा काँचो लाहा पिंधेर हाल्नु र ठण्डा भएपछि पिलाउनु । यसले चोटपटक लागेको र हाड़ भाँचिएको समेत आराम गर्छ ।

२३ छातीको दर्दमा–१ माना गो-दुग्धमा १०।१५ थोपा भलायोको (भलाया पोलेर त्यसबाट निक्लेको) तेल मिलाएर पिलाउनु । यसबाट छातीको पीडा आदि रोग नष्ट हुन्छन् ।

२४ रुघामा–१ माना वा आधा माना गाईको तातो दूधमा १०।१२ दाना मरिच र मिश्री मिलाएर पिउनाले रुघा आराम गर्छ ।

२५ पाण्डु क्षय र ग्रहणीमा–फलामको कराहीमा पकाएको दूध पिउने गर्नाले पाण्डु, क्षय र ग्रहणी रोग समेत आराम हुन्छन् ।

२६ उदावर्तमा–काँचो दूधमा पानी हालेर लस्सी बनाउनु र पिउनु । यसले मूत्र-रोगबाट पैदा भएको उदावर्त रोग नष्ट हुन्छ ।

२७ पागलपनमा–रोगीको कपाल खौरेर शिरमा चार तह गरेर कपड़ा राख्नु र त्यसमा बाख्रीको दूध चुहाउँदै गर्नु, यस्तो किसिम-सित रात-दिन गरी १२ घण्टासम्म शिरमा दूध परी रहोस् । यो औषधीको प्रयोगले केही दिनमा पागलपन नष्ट हुन्छ ।

२८ निर्बल मस्तिष्क भएमा–केही रोग नलागेकी बाख्रीलाई असल-असल पोसिलो घाँस र अन्न खानदिनु, त्यस बाख्रीको दूध बिरामी-लाई पिउन दिनु; यसले मस्तिष्क खूब बलियो हुन्छ ।

२९ अथवा–स्त्री (स्वास्नीमानिस) को दुग्धमा कपड़ा भिजाएर रोगीको शिरमा राखीदिनु र आधा घण्टामा फेरि आर्को ताजा कपड़ामा दूधले भिजाई बदलिदिनू । यस्ता प्रकारले ४।५ दिन प्रयोग गरे मस्तिष्क खूब बलियो हुन्छ र मुटु हल्लने व्यथा पनि नष्ट हुन्छ ।

३० निद्रा नलाग्ने (उन्निद्र रोग) मा–उपर्युक्त विधिले शिरमा दूधले भिजाएको कपड़ा राख्नू र हातगोड़ामा मालिस पनि गर्नू ।

यसले निद्रा खूब पर्दछ ।

३१ अथवा–यही विधि बाख्रीको दूधले गरे पनि त्यही गुण हुन्छ ।

३२ बुद्धि मन्द भएमा–आधा रत्ती दालचिनी वा सुकुमेल चपाएर गाईको दूध पिए बालकको बुद्धि खूब तीव्र हुन्छ ।

३३ सन्निपातमा–सन्निपात भएको रोगीको शिरमा र पैतालामा गोदुग्ध वा बाख्रीको दूध मलीदिनू, जरो उत्रन्छ र बकवाद आदि हुने उपद्रव पनि शान्त हुन्छन् ।

३४ खल्बाट भएमा–गाईको काँचो दूध कपड़ामा भिजाएर खोइरो लागेको कपालमा राखिदिनू । १५।२० दिनमा रौं उम्रन्छन् र आराम हुन्छ ।

३५ आँखा दुखेमा–काँचो दूधको नौनी निकाली दूध आँखामा हाल्नू, आँखा दुख्ने र रातो भएको पनि नष्ट हुन्छ ।

३६ अथवा–आँखा दुखेको हतपती आराम भएन र दुःख दियो भने छोरी पाएकी स्त्रीको दूध २ थोपा आँखामा हाल्नू । एकछिनमा घोच्ने र पोल्ने आदि नष्ट भई आँखा तेजिलो समेत हुन्छ ।

३७ अथवा–बाख्रीको दूधमा फड़केको मसीनो रूवो भिजाउनू र काँचो माटाको भाँड़ामा राख्नू, ५।६ घण्टा पछि त्यो फाहा आँखामा राखेर बाँधिदिनू, बाँधेको २ घण्टापछि खोल्नू र ४ घण्टा त्यसै राख्नू, अनि पछि यस्तै रीतिले लगाउनू र बाँधेर सुत्नू । यसबाट आँखाका तमाम रोग नष्ट हुन्छन् ।

३८ फुलो परेमा–स्त्रीको दूधमा रिट्ठाको बोक्रा राखेर खूब खल गर्नू र बत्ती जस्तो लामो बनाएर राख्नू । आवश्यकतामा पानीमा घोटेर सलाई (शलाका)-ले आँखामा लगाउनू । केही दिन लगातार लगाउनाले पुरानो फुलो, जालो बसेको र आँखा बन्द भएको भए पनि ठीक हुन्छ र आँखा निर्मल हुन्छ ।

३९ अथवा–उपर्युक्त विधिले रिट्ठाको सट्टा जरायोको सींगबाट पहिलेको औषध बनाए पनि हुन्छ । यो औषध आँखालाई अतीव

लाभदायक छ।

४० नाथ्रो फुटेमा–गधीको दूध रोगीको शिरमा मर्दन गर्नू (२ घण्टासम्म दूधको चीसो रहीरहोस्), ६।७ दिनसम्म यही रीतिले मालिश गर्नाले नाथ्रो फुट्ने रोग नष्ट हुन्छ।

४१ अथवा–ब्राह्मीको दूध पिलाउनाले (घ्यू मिलाएर पिलायो भने झन् उत्तम हुन्छ) नाथ्रो फुटेको आराम हुन्छ।

४२ अथवा–स्त्रीको दूध नस हाल्नाले नाथ्रो फुट्ने रोग नष्ट हुन्छ।

४३ नाक सुनिएमा–रुघा वा पिनास भएर नाक सुनिएमा दूधको नस हाल्नू र दूधले कुल्ला गर्नू, आराम हुन्छ।

४४ कान दुखेमा–हावा नलाग्ने ठाउँमा रोगीलाई राखी दूध तताई दूधको वाफ कान भित्र पुऱ्याउनू। यसले कान दुखेको नष्ट हुन्छ।

४५ अथवा–ब्राह्मीको दूध र कागतीको अमिलो मिलाएर मनतातो पारी कानमा हाल्नू, एकै छिनमा कानको पीडा नष्ट हुन्छ।

४६ अथवा–छोरी पाएको स्त्रीको दूधमा अलिकति अफीम मिलाएर मनतातो पारी कानमा हाल्नू। तत्काल पीडा नष्ट हुन्छ।

४७ कान-भित्रको खटिरामा–कान, भित्र ताजा दूध हालेर रूवोले कान बन्द गरिदिनू, दिनभरमा ३।४ पटक हाल्नू। यसले कान-भित्रका खटिरा आदि नष्ट हुन्छन्।

४८ कान पाकेमा–स्त्रीको दूध कानभित्र हाल्नू। यसले कान पाकेको नष्ट हुन्छ।

४९ मुख पाकमा–दिनको ३।४ पटक काँचो दूधले कुल्ला गर्नू। यसबाट मुख-पाक नष्ट हुन्छ।

५० घाँटीको खटिरामा–दूधले कुल्ला गर्नू, घाँटी भित्र र घाँटी बाहिर पनि दूध मल्नू। यसले घाँटीका खटिरा आदि नष्ट हुन्छन्[१]।

५१ गण्डमालामा–दिन भरमा ३।४ पटक गरी जम्बा ३ घण्टासम्म

१–एक किसिमको खाटरा हुन्छ; २४ घण्टामा घाँटी सुनिएर बच्चाको सास बन्द हुन्छ। त्यसलाई 'रोहिणी' भन्दछन्। यो उपचारले त्यो पनि नष्ट हुन्छ।

दूधको मालिस गर्नू। गण्डमाला फुटेको भए पनि एकदम आराम गर्छ।

५२ घाँटी–घाँटी भित्रको घाउमा बाख्रीको दूधले कुल्ला गर्नू। जस्तै घाउ भएको भए पनि आराम हुन्छ।

५३ जिभ्रो फुटेमा–बाख्रीको दूधले कुल्ला गर्नू। यसले जिभ्रो फुटेको र मुख पाकेको भए पनि नष्ट हुन्छ।

५४ मुखबाट रगत आएमा–खोक्दा मुखबाट रगत आउने भए भेड्रीको दूध पिलाउनू। यसले रगत बन्द हुन्छ[1]।

५५ खोकीमा–गर्मीबाट उत्पन्न भएको खोकीमा बाख्रीको दूधमा मिश्री मिलाएर पिलाउनू। खोकी नष्ट हुन्छ।

५६ दममा–पहिलो बेते भैंसीको बिगौती-दूध सुकाएर मसीनो गरी पिंधी राख्नू दमको रोगीलाई यसको चूर्ण १ तोला तातो पानीमा खानदिनू। यसबाट दमको रोग आराम हुन्छ।

५७ न्यूमोनियाँमा–न्यूमोनियाँ (कफोल्बण सन्निपात) मा दूधले छाती सेकीदिनू। यसले कफोल्बण सन्निपात आराम हुन्छ।

५८ वमनमा–चीसो दूध १।१ घुट्को गरी पिलाउनू र तातो दूधले पेट सेकिदिनू। वमन रोकिन्छ।

५९ हिक्कामा–स्त्रीको दूधले नस हाल्नू। यसले हिक्का बन्द हुन्छ। यसैमा झिंगाको विष्ठा मिलाएर नस दिए पनि हिक्का बन्द हुन्छ। अथवा चन्दन मिलाएर पनि नष्ट हुन्छ।

६० अतिसारमा–१ माना गाईको दूधमा १ दुक्रा फलाम पोलेर भ्वाईं पार्नू। ६।७ पटक झ्वाईं पारे-पछि मिश्री मिलाई त्यो दूध पिलाउनू। यसले अतिसार नष्ट हुन्छ।

६१ अथवा–१ माना गो दूधमा रातो माटो पोलेर माथिको जस्तै झ्वाईं पारी पिलाए पनि हुन्छ।

६२ अथवा–१ माना गाईको वा बाख्रीको दूधमा ढुङ्गाका टुक्रा

१–यसले फोक्सोबाट आउने रगतमा फाइदा गर्दैन। फोक्सोबाट आउने रगतमा नं० ५५ को औषध-सेवन गर्नें गर्नू।

हाली पकाउनू र शीतल भएपछि मिश्री हालेर पिलाउनू। यसले अतिसार नष्ट हुन्छ

६३ आमातिसारमा–काँचो दूध पेटमा मलेर आगोले सेक्नू। यसबाट आमातिसार नष्ट हुन्छ।

६४ जुकामा–केही दिन भेड़ीको दूध सेवन गर्नाले जुका नष्ट हुन्छ।

६५ गर्मी-सम्बन्धी रोगमा–१ माना गाईको वा बाख्रीको दूध लिएर एउटा कोरा (काँचो) हाँड़ीमा हाल्नू, जुनेली रातमा चन्द्रमाको उज्यालो पर्ने गरी एउटा थाममा झुण्ड्याउनू र बेहान त्यसमा ३ तोला मिश्री मिलाएर ५।७ पटक धारधूर गरी रोगीलाई पिलाउनू। गर्मीबाट पैदा भएका हरकिसिमको रोग आराम हुन्छ।

६६ कलेजा दुखेकोमा–कलेजा वाहिर दूधले सेके दुख्न बन्द हुन्छ।

६७ कलेजा सुनिएकोमा–कलेजा सुनिएको छ भने दस फूलेर आउँछ र देब्रे कोल्टे फर्क्यो भने कलेजा दुख्तछ। त्यसमा काँचो दूधले १।। घण्टासम्म सेकिदिनू, आराम हुन्छ।

६८ अथवा–आधा तोला मकोय (धोतीलाएको फल) को रसमा दूध मिलाई पिलाए पनि कलेजा सुनिएको नष्ट हुन्छ।

६९ फियो बढ़ेकोमा–२ माना गाईको दूध तताउनू, ३-४ भल्को उम्लेपछि त्यसमा ४ तोला कल्मी सोरा हाल्नू र चुलोबाट निकाल्नू, दूध फाटेर झोल चौटा छुटिन्छ, अनि कपड़ामा छान्नू। यो पानी ३ दिनसम्म पिलाउनू। (यो पानी पिएपछि देब्रे कोल्टो सुत्नू) यो औषधी खाँदा मुङ वा रहरको खिचड़ी घ्यू हाली खानदिनू। एक छाक बेलुका मात्र खानू ३ दिनमा राम्रो आराम भएन भने ७ दिनसम्म यो क्रिया गर्नू, घ्यूको सेवन गनू अवश्यमेव फियो र कलेजा बढ़ेको आराम हुन्छ।

७० अथवा–१५-२० दिनसम्म तातो दूधले सेक्नू। कलेजा र फियो बढ़ेको आराम हुन्छ।

७१ अलकाईमा–बिरालीको दूध अलकाईको खटिरामा लगाउनू, तत्काल पीडा शान्त हुन्छ। केही दिन निरन्तर लगाए खटिरा बैलाउँछ

र रगत आउन पनि बन्द हुन्छ ।

७२ चिलाउने रोग (लुतो आदि) मा–चिलाएको ठाउँमा गोदुग्ध मालिस गर्नू र धुनू । सारा शरीर चिलाउँछ भने दूधमा पानी मिलाई त्यसले खूबसित मर्दन गर्नू । आराम हुन्छ ।

७३ दादमा–दाद भएको ठाउँमा दिनको २ पटक दूधले सेक्नू । १।२ दिनमा नै चिलाउन बन्द हुन्छ । केही दिनसम्म लगातार सेके दाद निर्मूल हुन्छ ।

७४ सैनमा–मसीनो कपड़ाको बत्ती बनाएर दूधमा भिजाएर सैन भएको घाउभित्र राखिदिनू । घाउको प्वाल सानो छ भने घाउ चिरेर ठूलो प्वाल पार्नू, सैन आराम हुन्छ ।

७५ शरीर भित्रको घाउमा–दूध पिउने गर्नाले शरीर-भित्रको घाउ आराम हुन्छ ।

७६ दण्डीफोर र चायामा–ब्राह्मीको दूधमा बेलुका सर्स्यूं भिजाएर राख्नू र बेहान मसीनो पिंधी मुखमा मल्नू र एक छिनपछि तातो पानी र साबुनले धुनू । यसले दण्डीफोर, मुखको दाग र चाया जान्छ र मुख चन्द्रमा जस्तो उज्वल हुन्छ ।

७७ अथवा–स्त्री र गधीको दुग्धको खुवा बनाएर राती मुखमा मर्दन गरी सुत्नू र बेहान मनतातो पानीले धुनू । यस्तो गर्नाले चन्द्रमाको जस्तो मुख हुन्छ ।

७८ श्वेत-प्रदरमा–दूधमा पानी मिसाएर योनिमा[1] गर्भाशय भित्र पचका हालेर सफा गर्ने गर्नू, केही महीनामा श्वेत-प्रदर आराम हुन्छ ।

७९ रक्त-प्रदरमा–ब्राह्मीको दूधमा रातो माटो तताएर १० पटक झ्वाई पार्नू चिसोगराउनू र पिलाउनू, यसले रक्तप्रदर नष्ट हुन्छ । दूध र मिश्री मिलाई खाने गरे पनि हुन्छ ।

८० योनिकण्डूमा–मलमलको कपड़ा दूधमा भिजाएर चिलाएको योनिमा राखिदिनु । दिनभरमा ३।४ पटक राख्नाले ७ दिनमा

१–पाठेघर ।

योनिकण्डू (योनि चिलाउने) नष्ट हुन्छ ।

८१ योनि संकीर्ण[1] गर्नु परेमा–पहिलो बेते घोड़ीको बिगौती-दूधमा कपड़ा भिजाएर राखी छाड्नु । आवश्यकतामा स्नान गरेको २ घण्टा-पछि त्यो कपड़ा योनिमा राख्नु । यसले योनि सङ्कीर्ण हुन्छ । धेरै दिन प्रयोग गऱ्यो भने रक्त र श्वेत दुवै किसिमका प्रदर पनि नष्ट हुन्छन् ।

८२ थुनिलो भएमा–दिनको ४।५ पटक काँचो दूधले सेक्ने गर्नु, थुनिलो बढ्न सक्तैन र बिस्तारै-बिस्तारै घट्दै जान्छ । ६।७ दिनमा आराम हुन्छ ।

८३ स्तन बढाउनमा–तातो पानीमा तौलिया भिजाएर स्तनमा खूब मर्दन गर्नु, रातो भए पछि त्यसमा भेड़ीको दूध मालिस गर्नु । यसले स्तन[2] बढ्दछ ।

८४ बच्चाको कर्ण-शोथमा–दूधले सेके कानको सूजन आराम हुन्छ ।

८५ बच्चाको सुक्खा खोकीमा–१० तोला गाईको दूध, ९ मासा गाईको घ्यूमा १० तोला पानी मिसाएर पकाउनु । पानी घटी सकेपछि त्यसमा २ तोला मिश्री मिलाएर अलि-अलि बच्चालाई पिलाउने गर्नु । यसले सूखा (हूपिङ्ग-कफ) खोकी नष्ट हुन्छ ।

८६ बच्चाको आउँमा–५ तोला घोड़ीको दूध तताएर बच्चालाई पिलाउनू । बच्चाको आउँ नष्ट हुन्छ ।

८७ मोटाउनामा–केही दिनसम्म भेड़ीको दूध पिलाउने गऱ्यो भने बालक हृष्ट-पुष्ट हुन्छन् । पेट-सम्बन्धी पीडा केही हुँदैन ।

८८ अथवा–बाख्रीको काँचो दूधमा पानी मिलाएर पिलाउने गऱ्यो भने पनि बच्चाहरू खूब मोटा हुन्छन् ।

८९ बिफरबाट रक्षा–बिफर वा दादुरा फैलिएको बखतमा १४ दिनसम्म बालकलाई घोड़ीको दूध पिलाए बिफर आदि रोगबाट

१–कतिपय योनिका रोगले योनि-गह्वर खुलेर ठूलो छिद्र हुन्छ ।

२–उमेर पुगी सकेपछि पनि कुनै स्त्रीको स्तन देखिदैन, अतः यो क्रिया गनलि रोग नष्ट हुन्छ र स्तन पुष्ट हुन्छन् ।

रक्षा हुन्छ ।

९० अथवा–गधीको दूध पिलाउनाले पनि बिफर सम्बन्धी संक्रामक रोगहरूबाट रक्षा हुन्छ ।

९१ बिफरको गर्मीमा–गाईको काँचो दूधमा गाईको घ्यू र मिश्री मिलाई पिलाउनाले बिफर र दादुरामा घुसेको गर्मी नष्ट हुन्छ ।

९२ कटि-पीडामा–वृद्धहरूलाई प्रायः कटि पीडाको रोग हुन्छ, त्यसमा दूध मालिस गरेर सेक्नू, पीडा नष्ट हुन्छ ।

९३ थकाईमा–धेरै परिश्रम गरेर थाकेको भए गो-दुग्ध ततार्इर सेवन गर्नू । थकाई नष्ट हुन्छ ।

९४ आगोले पोलेमा–बाख्रीको दूधमा अमला पिंधेर लेप लगाए आगोले पोलेको दाह र घाउ आदि नष्ट भई नयाँ मासु पलाएर आउँछ ।

९५ धतुरो र करवीर आदि विषमा–गाईको आधा माना दूधमा १ तोला चिनी हालेर खानाले धतूरो र करवीर आदिको विष लागेमा आराम हुन्छ ।

९६ सङ्खिया आदि विषमा–गाईको दूध वमन हुने गरी पिलाउनू; सङ्खिया, नीलोतुथो, वत्सनाभ र मुर्दाशङ्ख आदिको विष नष्ट हुन्छ ।

९७ मैनशिलको विषमा–गाईको दूधमा मह मिलाएर ३ दिनसम्म बराबर पिलायो भने मैनशिलको विष नष्ट हुन्छ ।

९८ कोदोको विषमा–गाईको काँचो दूध पिए कोदोको विष नष्ट हुन्छ ।

९९ काँचको चूर्ण खाएमा–गाईको दूधमात्र ३ दिन खानाले काँचको चूर्ण खाएको विकार नष्ट हुन्छ ।

१०० गन्धकको विषमा–गाईको दूधमा घ्यू मिलाएर खानाले अशुद्ध गन्धकको दोष नष्ट हुन्छ ।

१०१ पारोको विषमा–दूधमा १ तोला अरिणको तेल मिलाई पिउने गर्‍यो भने पारोको उपद्रव शान्त हुन्छ ।

दही

अजीर्णमा १
तृषा (तिर्खा) मा २
सूर्यावर्तमा ३
कोढ़मा ४, ५, ६
अलकाईमा ७
राती नदेखेमा ८
दाद र चिलाउनेमा ९
दाहमा १०
प्रवाहिकामा ११
अतिसारमा १२, १३
कफ-ज्वरमा १४
निद्रा नलागेमा १५
मुखको नीलो कालो दागमा १६
जाइफलको नशामा १७
काँचको टुक्रा खाएमा १८
करवीर आदिको विषमा १९
वारुलो आदिको विषमा २०

नेपाली—दही । हिन्दी—दही । संस्कृत—दधि ।

१ अजीर्णमा—गाईको दही बराबर पानी मिलाई पिए अजीर्ण नष्ट हुन्छ ।

२ तृषा (तिर्खा) मा—पुरानो इँटको टुक्रा सफा गरेर धुनू र आगामा ततार्इ रातो गरेर गाईको दहीमा झ्वार्इ गर्नू र तृषाको रोगीलाई अलि-अलि गरी पिलाउनू । यसो गर्नाले तृषा शान्त हुन्छ ।

३ सूर्यावर्तमा—सूर्योदयभन्दा पहिले दही र भात ३ दिनसम्म खानू । यसले सूर्यावर्त[1] नष्ट हुन्छ ।

४ कोढ़ (कुष्ठ) मा—चितू र सहिजनको बोक्रा पिंधेर दहीको पानीमा मिलाई लेप गर्नाले कुष्ठ नष्ट हुन्छ ।

५ अथवा—अलैंची र पुनर्नवा खूब मसीनो गरी पिंधी त्यसमा दहीको पानी मिलाई लेप गर्नाले कुष्ठ नष्ट हुन्छ ।

६ अथवा—खयर र लोध मसीनो गरी पिंधी दहीको पानीमा मिलाई कुष्ठमा लेप गर्नाले कुष्ठ नष्ट हुन्छ ।

७ अलकाईमा—दहीको सेवनले अलकाईको रगत आउन बन्द हुन्छ ।

८ राती नदेखेमा—दहीको पानीमा आफ्नो थूक मिलाई अञ्जन

१—मध्याह्नसम्म जात-जात सूर्यको तेज बढ्दै जान्छ, उति कपाल दुख्छ, घाम कम भएपछि आराम हुन्छ, यसलाई 'सूर्यावर्त' भन्दछन् ।

गर्नू वा दहीको पानीमा मरिच मिलाई लगाए रतौंधी आराम हुन्छ।

९ दाद र चिलाउनेमा–अमला, चकमकेको गेड़ा र खयर बराबर पिंध्न र त्यसमा दही मिलाई लेप गर्नाले दाद चिलाउने व्यथा नष्ट हुन्छ।

१० दाहमा–दहीबाट आएको पानी लगाउनाले जुन अङ्गको दाह भए पनि नष्ट हुन्छ।

११ प्रवाहिकामा–दहीको पानीमा मह मिलाएर चटाउनाले प्रवाहिका नष्ट हुन्छ।

१२ अतिसारमा–दही भात खानाले अतिसार नष्ट हुन्छ।

१३ अथवा–दही र १ तोला अमला खाए अतिसार नष्ट हुन्छ।

१४ कफ वातमा–दहीमा सुठो, मरिच, पिप्ला, सिंधेनुन र रायोको धूलो मिलाएर खानाले कफ र वात नष्ट गर्छ, अग्नि प्रदीप्त हुन्छ, शरीर बलियो बनाउँछ र कान्ति बढाउँछ। (हेमन्त र शिशिर ऋतुमा दहीको सेवन गर्नाले शरीर हृष्ट-पुष्ट हुन्छ र कुनै रोगले पनि एकासि आक्रमण गर्न सक्तैन)।

१५ निद्रा नलागेमा–दही शिरमा मल्ले निद्रा पर्छ। मगज ठण्डा हुन्छ।

१६ मुखको कालो दागमा–दही मुखमा मल्नाले मुखको कालो दाग चाया नष्ट हुन्छ। मुख नरम हुन्छ।

१७ जाइफलको नशामा–दहीमा मिश्री मिलाएर खानाले जाइफलको नशा जान्छ।

१८ काँचको टुक्रा खाएमा–अन्नको साथ काँचको टुक्रा आदि खाइए १, २ माना गाईको दही खानू, उपद्रव शान्त हुन्छ।

१९ करवीर आदिको विषमा–गाईको दहीमा चिनी मिलाएर पियो भने करवीर, रातीसेड़ी, धतूरो र अरू विषादि चीजहरू खाएर भएका उपद्रवहरू नष्ट हुन्छन्।

२० बारुलो आदिको विषमा–बारुलो, बच्छयूँ, अरिङ्गाल, माउरी र भिंगाहरूले टोकेमा गाईको दही मले विष शान्त हुन्छ र शरीर ठंडा हुन्छ।

मोही

औलाको जरोमा १
कफ रोगमा २
पेटका रोगमा ३, ४, ५, ६
दिसा खलास नहुनेमा ७
अजीर्णमा ८, ९, १०
गानुगोलामा ११
झाड़ावान्तमा १२
हैजाको प्यासमा १३
रुचि नभएमा १४
ग्रहणीमा १५ देखि २१
कफोदरमा २२
अतिसारमा २३, २४
आउँमा २५
दाहमा २६, २७
रुघा आदिमा २८
अलकाईमा २९ देखि ३५
पिसाब बन्द भएमा ३६
पिसाब पोलेमा ३७
अधामा ३८
कोढ़मा ३९
वातज प्रदरमा ४०
रक्त-प्रदरमा ४१
करवीरको विषमा ४२
काँचको विषमा ४३
जाइफलको नशामा ४४
बर्रोको नशामा ४५

नेपाली—मोही। हिन्दी—मट्ठा। संस्कृत—तक्रम्।

१ औलोको जरोमा—गाईको मोही तताउनू, फाट्तछ, अनि कपड़ामा छानेर त्यसको पानीको डुस्[१] दिनू। औलोको ज्वर नष्ट हुन्छ।

२ कफ-रोगमा—१ माना मोहीमा ३ मासा सुठो, मरिच र पिप्लाको चूर्ण हालेर पिउनाले कफ-सम्बन्धी रोग नष्ट हुन्छन्।

३ पेटका रोगमा—२ मासा पिप्ला र सिंधेनुन हालेर मोही पिउनाले

१—डाक्टरी पसलमा डुस दिन यन्त्र पाइन्छ, त्यसमा पानी भरर रबड़को नली लगाएर गुदद्वार भित्र पसाल्नू बिस्तारै-बिस्तारै त्यो पानी गुदद्वार भित्र पस्दछ, अनि एक छिनपछि त्यो निकाल्नू, यसो गर्दा पेटमा भएको मल बाहिर आउँछ, यसलाई 'डुस' दिने भन्दछन्। वैद्य शास्त्रमा 'वस्तिक्रिया' भन्दछन्।

वात-जन्य पेटका रोगहरू नष्ट हुन्छन् ।

४ अथवा–२।२ मासा चिनी र मरिच हालेर मोही पिउनाले पित्तजन्य पेटका रोगहरू नष्ट हुन्छन् ।

५ अथवा–सुठो, मरिच, पिप्ला, ज्वानो, जीरा र सिंधेनुन बराबर मिलाई चूर्ण बनाउनु र संरक्षण गरी राख्नु, यो चूर्ण ४।५ मासा हालेर मोही पिउनाले कफजन्य पेटका रोग नष्ट हुन्छन् ।

६ अथवा–सुठो, मरिच, पिप्ला, सिंधेनुन र यवक्षार बराबर मिलाई चूर्ण बनाउनु र संरक्षण गरी राखी यो चूर्ण ४।५ मासा हालेर मोही पिउनाले वात, पित्त र कफ तीनै दोषबाट पैदा भएका पेटका रोग नष्ट हुन्छन् ।

७ दिशा खलास नहुनेमा–३ मासा ज्वानो र बिरेनुन मिलाई गाईको मोही पिउनु, यसले दिशा खलास हुन्छ ।

८ अजीर्णमा–मोहीमा १ मासा नुन, जीरा र २ लाल फुराएको हीङ हाली पिउनु, अजीर्ण नष्ट हुन्छ ।

९ अथवा–अरु केही नखाई खाली मोही मात्र पिउनु, चिल्लो धेरै खाएर भएको अजीर्ण नष्ट हुन्छ ।

१० अथवा–मुम् बदामको अजीर्णमा मोही मात्र पिउनाले आराम हुन्छ ।

११ गानु गोलामा–मोहीमा १ मासा पिप्लाको चूर्ण मिलाई खानु, वायुगोला नष्ट हुन्छ ।

१२ झाड़ावान्त (हैजा) मा–गाईको मोही (दही र पानी बराबर भएको) पिउनाले हैजा आराम हुन्छ ।

१३ हैजाको प्यासमा–कुल्फाको बिउ ७ दिनसम्म मोहीमा भिजाउनु र (हरएक दिन मोही बदल्ने गर्नु) छायामा सुकाएर राख्नु । हैजाको प्यासमा यो बीज पिंधेर खुवाउनु, हैजाको प्यास नष्ट हुन्छ ।

१४ रुचि नभएमा–५ लाल रायो, ५ लाल जीरा, २ लाल भुटेको हीङ, ५ लाल सुठो र सिंधेनुनको चूर्ण गर्नु, अनि गाईको दहीमा

मथेर कपड़ामा छान्नू र पिउनु (यसमा खान सकेसम्म मोही पनि मिलाएर पिउनु)। यसले अरुचि नष्ट हुन्छ।

१५ ग्रहणीमा–गाईको मोहीमा १ तोला कालो मुसली पिंधेर खान दिनु। पथ्य मोही र भात मात्र दिनु, यसले ग्रहणी आराम गर्छ।

१६ अथवा–मोहीमा सुठो र पिप्लाको धूलो २ मासा हालेर पिउनु। यसले पनि ग्रहणी नष्ट हुन्छ।

१७ अथवा–१ माना मोही र १ तोला खरबूजाको बिउ पिंधेर खाने गर्नू यसले ४० दिनमा ग्रहणी नष्ट हुन्छ।

१८ अथवा–मोहीमा ६ मासादेखि १ तोलासम्म सुठोको धूलो मिलाएर पिउने गऱ्यो भने ग्रहणी नष्ट हुन्छ।

१९ अथवा–मोहीमा ६ मासा चितूको जराको बोक्रा मिलाएर खाए पनि ग्रहणी नष्ट हुन्छ।

२० अथवा–मोहीमा २ देखि ६ मासासम्म हर्रोको धूलो मिलाएर खाए आउँरगत भएको ग्रहणी पनि आराम हुन्छ।

२१ अथवा–२।३ दाना खजूर अथवा छोहोरा गाईको मोहीसित खानू, ग्रहणी नष्ट हुन्छ।

२२ कफोदरमा–मोहीमा जीरा, मरिंच, ज्वानो, पिप्ला र सिंधेनुन जरावर गरी ५ मासा मिलाई खायो भने कफोदर र कफ-सम्बन्धी पेटको रोग नष्ट हुन्छ।

२३ अतिसारमा–ताजा मोहीमा १।२ मासा भुटेको जीराको धूलो मिलाएर पिउनू, यसो गर्नाले अतिसार नष्ट हुन्छ।

२४ अथवा–एक चौथाई (आधा पाउ) मोहीमा १ तोला असल मह मिलाई पिउनाले पनि अतिसार नष्ट हुन्छ।

२५ आउँमा–मोही, भात र मिश्री मिसाएर खानू, आराम हुन्छ।

२६ दाहमा–मोहीमा कपड़ा भिजाएर रोगीलाई ओढ़ाउनु, दाह आराम हुन्छ।

२७ अथवा–मोहीमा कपड़ा डुबाएर शरीरमा मल्नु, दाह

शान्त हुन्छ ।

२८ रुघा आदिमा–गाईको मोहीमा चिनी मिलाएर पिउनाले गर्मीमा लू लाग्दैन; रुघा, प्यास र दाह नष्ट हुन्छन् ।

२९ अलकाईमा–चितु (ताल्चेफूल) पिंधेर नयाँ माटाको भाँड़ा भित्र लेप गर्नू र सुकाउनू, अनि त्यो भाँड़ामा दही जमाएर त्यसको मोही बनाउनू र त्यो मोही रोगीलाई पिलाउनू, अलकाई नष्ट हुन्छ ।

३० अथवा–१-१ मासा सुठो, मरिच, पिप्ला र बिरेनुन मोहीमा हालेर पिउनू । अलकाई नष्ट हुन्छ ।

३१ अथवा–मोही र नुन मिलाएर पिउने अभ्यास गर्नाले पनि अलकाई नष्ट हुन्छ ।

३२ अथवा–मोहीमा सिंधेनुन र ३।४ मासा ज्वानोको धूलो मिलाएर पिउनाले वायुगोला र अलकाई आराम हुन्छ ।

३३ अथवा–मोहीमा १ मासा पिप्लाको धूलो हाली पिउनाले पनि अलकाई आराम हुन्छ ।

३४ अथवा–पवैको साग मोहीमा पकाएर खानाले अलकाईबाट रगत आउन बन्द हुन्छ ।

३५ अथवा–ब्राक्लो मोहीसित हुरहुरेको साग खानाले अलकाई-बाट रगत आउन बन्द हुन्छ ।

३६ पिसाब बन्द भएमा–मोहीमा १।२ मासा जवाखार र चिनी मिलाई पिउनाले ठण्डा गर्छ, पिसाब खोल्छ । र यसले मिर्गौला पनि शुद्ध हुन्छ ।

३७ पिसाब पोलेमा–मोहीमा ३ मासा शुद्ध गन्धक मिलाएर पिउनाले पिसाब पोल्न बन्द हुन्छ ।

३८ अधामा–सूर्योदयभन्दा पहिले मोही र भात चिनी मिसाएर खाने गर्नाले ३।४ दिनमा अधा कपाल दुख्ने नष्ट हुन्छ ।

३९ कोढ़मा–चितु र सहिजनको बोक्रा पिंधेर मोहीसित मिलाई लेप गर्नाले कुष्ठ नष्ट हुन्छ ।

४० वातज प्रदरमा–५ मासा मिश्री २।३ मासा जेठीमधु र ३।४ मासा तिलको तेलमा बाक्लो मोही मिलाएर पिउनाले वातज प्रदर नष्ट हुन्छ ।

४१ रक्तप्रदरमा–फलामको टुक्रा आगामा तताएर मोहीमा भवाईं पार्नु र त्यो मोही रोगिणीलाई पिलाउनू । रक्तप्रदर आराम हुन्छ ।

४२ करवीरको विषमा–बाक्लो मोही र चिनी पिउनाले करवीरको विष नष्ट हुन्छ ।

४३ काँचको विषमा–कसैले काँचको टुक्रा वा चूर्ण खाएको छ भने त्यसलाई गाईको मोही पिलाउनु, काँचको उपद्रव शान्त हुन्छ ।

४४ जाइफलको नशामा–बाक्लो मोही र चिनी खायो भने जाइफलको नशामा आराम गर्छ ।

४५ बर्रोको नशामा–बर्रोको गेड़ाको नशामा पनि बाक्लो मोही, चिनी र भात खानदिनू, नशाले छोड्छ ।

नौनी र घ्यू

आँखा पोलेमा १
आँखा रातो भएमा २
कपाल दुखेमा ३
आधा कपाल दुखेमा ४, ५
अमल पित्तमा ६
कान पोलेकोमा ७
वहिरोपनमा ८
कान्ति बढ़ाउनामा ९
गर्मीमा १०, ११
हृदय-रोगमा १२
फोक्सोबाट रगत आउनेमा १३
रक्तपित्तमा १४, १५
नाथो फुटेमा १६
कफका रोगमा १७
खोकीमा १८
स्वरभङ्गमा १९
न्यूमोनियाँ र दममा २०
दाह, मूर्च्छा र जरोमा २१
उन्माद र चौथिया जरोमा २२
चातुर्थिक जरोमा २३
हातगोड़ा पोलेमा २४
पाण्डु रोगमा २५
हिक्कामा २६
रक्तातिसारमा २७
अग्निमन्दमा २८
परिणामशूलमा २९
वायुको रोगमा ३०
पेटको कमजोरीमा ३१
वातविकारमा ३२
पित्त र वातको उपद्रवमा ३३
सूजमा ३४
अलकाईमा ३५
अण्डवृद्धिमा ३६
धातुको रोगमा ३७
पिसाव रोकिएमा ३८
हातगोड़ा फुटेमा ३९
गर्भिणी स्त्रीको रगतमा ४०
आगाले पोलेको घाउमा ४१
विसर्पमा ४२
वच्चाको छातीको कफमा ४३
वच्चाको विफर र दादुराको गर्मीमा ४४
वच्चाको दाँत आउनेमा ४५
वच्चाको प्यासमा ४६
भलायो र स्यूँडीको विषमा ४७
करवीरको विषमा ४८

धतूराको विषमा ४९
अरु विषमा ५०
अफीम आदिको विषमा ५१
मद्यको नशामा ५२

नेपाली—नौनी। हिन्दी—मक्खन। संस्कृत—नवनीत।

१ आँखा पोलेमा-गाईको नौनी आँखामा लगाउनु। आँखा पोलेको नष्ट हुन्छ।

२ आँखा रातो भएमा—गाईको घ्यूमा मह मिलाएर अञ्जन लगाउनु। आँखा रातो भएको नष्ट हुन्छ।

३ कपाल दुखेमा—गाईको ताजा घ्यू शिरमा, हालेर मल्नु। पित्तले कपाल दुखेको आराम हुन्छ।

४ आधा (अधकपाली) मा—गाईको १ माना दूधमा ३।४ तोला गो-घृत र ४ मासा मिश्री मिलाएर बेहान पिलाउनु, अधकपाली नष्ट हुन्छ।

५ अथवा—बेहान र बेलुका गाईको ताजा घ्यूको नाकमा नस हाल्नाले ७ दिनमा आधा रोग नष्ट हुन्छ।

६ अमल-पित्तमा—१ माना गाईको घ्यमा आधा सेर कुरिलाको जरोको लेदो हाली पकाएर छान्नु। १ तोला यो घ्यूको सेवन गर्नाले अमल-पित्त, रक्त-पित्त, तृषा, मूर्च्छा र वमन नष्ट हुन्छ।

७ कान पोलेकोमा—नौनी मनतातो पारेर कानमा हाल्नु। कानको दाह नष्ट हुन्छ।

८ बहिरोपनमा—ब्राह्मीको घ्यू मनतातो पारी कानमा हाल्नाले बहिरोपन नष्ट हुन्छ।

९ कान्ति बढ़ाउनामा—राती मुखमा घ्यू घसेर सुत्नू। मुखको कालो दाग नष्ट हुन्छ र मुख सुन्दर हुन्छ।

१० गर्मीमा—२ तोला गाईको नौनीमा बराबर मिश्री मिलाएर खानु। यसो गर्नाले गर्मी-सम्बन्धी रोग नष्ट हुन्छन्।

११ अथवा—शरीरमा गर्मी घुसेर राता-राता दाग र फोड़ा जस्तो हुन्छ (कालो रङ्गको पनि हुन्छ) त्यो फुटेर पानी निस्कन्छ, त्यसमा

१०० पटक धोएको घ्यू[1] लगाउनू। गर्मीका उपद्रवहरू शान्त हुन्छन्।

१२ हृदय रोगमा–२ माना गाईको घ्यूमा १ सेर काउलाको काढ़ाको लेदो हाली पकाउनु, घ्यू मात्र बाँकी रहेपछि निकालेर छान्नु। यो घ्यूको सेवन गर्नाले सम्पूर्ण प्रकारका हृदय रोग नष्ट भई छाती खूब बलियो हुन्छ।

१३ फोक्सोबाट रगत आउनेमा–२ तोला गाईको नौनी, १ तोला मिश्री, १ मासा काँचो लाहा र २ लाल मुँगा-भस्म खाने गर्नु। यसले फोक्सोबाट रगत आउने र छातीको कमजोरी नष्ट हुन्छ।

१४ रक्त-पित्तमा–एक भाग गाईको घ्यूमा ४ भाग असुरोको रस हालेर पकाउनू, घ्यू मात्र बाँकी रहेपछि निकालेर छान्नु। आधा तोलादेखि १ तोलासम्मको मात्रामा दूधसित खाने गर्नाले उभो र उँधो दुवै किसिमका रक्तपित्त आराम हुन्छन्।

१५ अथवा–१ तोला गाईको घ्यू र आधा तोला महमा १ तोला गोबरको रस मिलाई पिउनाले रक्त-पित्त नष्ट हुन्छ।

१६ नाथ्रो फुटेमा–गाईको ताजा घ्यूको नस हाल्नु नाथ्रो फुटी रहने व्यथा आराम हुन्छ।

१७ कफका रोगमा–१ तोला गाईको घ्यूमा ५।५ लाल सुठो, मरिच र पिप्ला मिलाएर खानाले कफका तमाम उपद्रव नष्ट हुन्छन्।

१८ खोकीमा–नौनी र चिनी बराबर मिलाएर २ तोला बेहान-बेलुका खानाले वातज (सुक्खा) खोकी नष्ट हुन्छ।

१९ स्वर-भङ्गमा–खाना खाएपछि १ तोला घ्यूमा १ मासा मरिचको धूलो मिलाएर चाट्नाले घाँटी बसेको आराम हुन्छ र स्वर पनि खुल्दछ।

२० न्यूमोनियाँ र दममा–पुरानो घ्यूमा कपूर र सिंघेनुन मिलाएर छातीमा मालिस गर्नाले न्यूमोनियाँ र दम आदिमा छातीमा जमेको

१–घ्यूमा पानी मिलाएर फेट्नू र एक छिन पछी त्यो पानी फ्याँकी दिनू र फेरि पानी हाल्नू र मल्नू यस्ता प्रकारले १०० पटक धोएको घ्यूलाई 'शतधौतघृत' भन्दछन्।

कफ पातलो पारेर नष्ट गर्दछ ।

२१ दाह, मूर्च्छा र जरोमा–शतधौत घृत लगाउनाले दाह, मूर्छा र जरोमा समेत आराम गर्छ ।

२२ उन्माद र चौथिया जरोमा–गाईको घ्यूमा गोदुग्ध, दही र गोबरको रस बराबर हालेर पकाउनु घ्यू मात्र बाँकी रहेपछि छानेर पिउनु । मात्रा १ तोला । यसले चौथिया (४।४ दिनमा आउने) जरो, उन्माद (पागलपन) र छोप्ने व्यथा (छारे रोग) आदि नष्ट हुन्छन् ।

२३ चातुर्थिक जरोमा–पुरानो घ्यूमा हींग मिलाएर नस हाल्नाले चौथिया जरो नष्ट हुन्छ ।

२४ हात-गोड़ा पोलेमा–गाईको घ्यू मल्नाले हात-गोड़ा पोलेको नष्ट हुन्छ ।

२५ पाण्डु-रोगमा–१ माना घ्यूमा १ पाउ सुठोको लेदो हाली पकाउनू र राख्नू । यो घ्यूले ग्रहणी, पाण्डु, फियो र खोकीलाई आराम गर्छ ।

२६ हिक्कामा–३।३ तोला गाईको घ्यू मनतातो पारेर पिलाउनू । हिक्का बन्द हुन्छ ।

२७ रक्तातिसारमा–गो-दुग्धबाट नौनी निकालेर मह र मिश्री बराबर मिलाई चटाउनू । यसले रक्तातिसार नष्ट हुन्छ ।

२८ अग्निमन्द भएमा–१ माना गाईको घ्यूमा १ पाउ जीरा र धनियाँको लेदो हालेर पकाउनू र छानी राख्नू । यसले वमन, अरुचि र अन्निमान्द्य नष्ट हुन्छ ।

२९ परिणाम-शूलमा[1]–१ माना गाईको घ्यूमा १ पाउ पिप्लाको काढ़ाको लेदो हालेर पकाउनू । घ्यूमात्र बाँकी रहेपछि निकालेर छान्नू । यो घ्यू १ तोलामा आधा तोला मह मिलाएर खानाले परिणाम-शूल नष्ट हुन्छ र शरीर फुर्तिलो हुन्छ ।

१–खाएको अन्न पच्ने बखतमा शूल (पेट दुख्ने) हुने रोगलाई 'परिणाम शूल' भन्दछन् ।

३० वायुको रोगमा–१ तोला गाईको घ्यूमा १ मासा सिंधेनुन मिलाएर खानाले वायुको उपद्रव हुँदैन।

३१ पेटको कमजोरीमा–१ तोला गाईको घ्यू, १ मासा सुठो र १ मासा जवाखार मिलाएर खानाले पेट बलियो हुन्छ।

३२ वात-विकारमा–शत-धौत घृत घस्नाले हात-गोड़ाको वातिक सूज नष्ट हुन्छ।

३३ पित्त र वातको उपद्रवमा–खाली पेटमा मिश्री मिलाएर भैंसीको दूध पिउनाले पित्त र वातको उपद्रव शान्त हुन्छ र वीर्य पनि वढ्दछ।

३४ सूजमा–भेड़ीको घ्यू मालिस गर्नाले वात, कम्प र सूजमा पनि फाइदा गर्छ।

३५ अलकाईमा–नौनी र तिल १।१ तोला मिलाई चपाउनू, यसले अलकाईलाई शान्त पार्दछ, दाँत बलियो र शरीर पनि दृढ़ गर्दछ।

३६ अण्ड-वृद्धिमा–१।१ तोला गाईको घ्यू र १ मासा सिंधेनुन मिलाएर पिउनाले र अण्डमा लेप गर्नाले अण्ड-वृद्धि नष्ट हुन्छ।

३७ धातुको रोगमा–१ माना घ्यूमा १ पाउ धनियाँ र १ पाउ गोखरू काढ़ाको लेदो हालेर पकाउनू। घ्यू मात्र वाँकी रहेपछि निकालेर छान्नू र १ तोलाको मात्रामा खानू। यसले मूत्राघात, मूत्रकृच्छ्र र धातुका रोग पनि नष्ट हुन्छन्।

३८ पिसाब रोकिएमा–२ तोला घ्यूमा १ तोला शखर मिलाई खानाले रोकिएको पिसाव खुल्छ।

३९ हात-गोड़ा फुटेमा–गाईको घ्यूमा सिपीको भस्म बराबर मिलाई लेप गर्नू। हात-गोड़ा फुटेको नरम हुन्छ।

४० गर्भिणी स्त्रीको रगत भएमा–शत-धौत घृत शरीरमा मल्नू। गर्भ स्थिर भई रगत थामिन्छ।

४१ आगोले पोलेको घाउमा–घ्यू मात्र वा घ्यमा चुनको पानी हाली फेटेर लगाउनू, ठण्डा गर्छ।

४२ विसर्पमा–शत-धौत घृत लगाउनू, विसप नष्ट हुन्छ ।

४३ बच्चाको छातीको कफमा–गो-घृतको मालिस गर्नू र सेक्नू, आराम हुन्छ ।

४४ बच्चाको बिफर र दादुराको गर्मी गड्मा–१ तोला नौनी र आधा तोला मिश्रीमा १ मासासम्म जीराको धूलो मिलाएर दिनाले बच्चाको बिफर र दादुराको गड्को गर्मी नष्ट हुन्छ ।

४५ बच्चाको दाँत आउनेमा–बच्चाको गिजामा घ्यू मलिदिनू, दाँत चाँड़ै आउँछ, तकलीफ हुँदैन ।

४६ प्यासमा–१ माना गाईको दूधमा २ तोला घ्यू मिलाएर पिलाउनू, प्यास शान्त हुन्छ ।

४७ भलायो र सिउँड़ीको विषमा–गाईको नौनी लगाउनाले भलायो उच्छ्रको र सिउँड़ीको दूध आँखामा परेर पोलेको पनि आराम गर्छ ।

४८ करवीरको विषमा–नौनी मनतातो पारी पिलाउनू, करवीरको विष उत्रन्छ ।

४९ धतूराको विषमा–आधा माना गाईको घ्यू पिलायो भने धतूरो र रसकपूरको विष नष्ट हुन्छ ।

५० अरु विषमा–शत-धौत घृत मल्नाले माउरी र वारुलो आदिको विष नष्ट हुन्छ ।

५१ अफीम आदिको विषमा–गाईको घ्यू र दूध मिलाएर पिलाउनू, अफीम आदिको विष नष्ट हुन्छ ।

५२ मद्यको नशामा–२ तोला गाईको घ्यूमा चिनी मिलाउनु र खानू, रक्सी र जाँड़ आदिको विष (नशा) नष्ट हुन्छ ।

गहुँत

कफ रोगमा १
दिशा लगाउनामा २
पाण्डु रोगमा ३
कान पाकेमा ४
बच्चाको पेटको रोगमा ५
" न्यूमोनियाँमा ६

नेपाली—गहुँत । हिन्दी—गोमूत्र । संस्कृत—गोमूत्र ।

१ कफ-रोगमा–३।४ तोला गोमूत्र पिउनाले कफजन्य रोगहरू नष्ट हुन्छन् ।

२ दिशा लगाउनामा–गहुँत जति पटक कपड़ामा छानेर पियो, उति पटक दिसा हुन्छ ।

३ पाण्डु-रोगमा–वेहान रोगीको बलाऽनुसार गहुँत कपड़ामा छानेर २१ दिन अथवा ४२ दिनसम्म पिलाउनू, पाण्डु रोग नष्ट हुन्छ।

४ कान पाकेमा–मनतातो गहुँतले कान धुने गर्नाले कानबाट पीप आउन बन्द हुन्छ ।

५ बच्चाको पेटको रोगमा–२।३ तोला गहुँतमा २।२ मासा चिनी र नुन पिंधेर मिसाउनू र पिलाउनू, यसले पेटका रोग नष्ट हुन्छन् ।

६ बच्चाको न्यूमोनियाँमा–छातीमा कफ जमेको छ भने १।२ पटक २।३ तोला गहुँत छानेर त्यसमा १ मासासम्म हलेदोको धूलो मिलाएर पिलाउनू, न्यूमोनियाँ नष्ट हुन्छ ।

गोबर

पसीना रोक्नु परेमा १
वेर्नु निस्केमा २
सुकेलुतोमा ३
बिफरको घाउमा ४
घाउमा ५
कम्मर दुखेमा ६
मृत गर्भमा ७
अन्नमा किरा परेमा ८
बारीको किरामा ९

नेपाली—गोबर। हिन्दी—गोबर। संस्कृत—गोमय।

१ पसीना रोक्नु परेमा–नुन राखेको पुरानो माटाको भाँड़ो पिंधेर त्यो बराबर सुकेको गुइँठा पनि पिंधी पसीना आएको ठाउँमा मल्नू, पसीना आउन बन्द हुन्छ।

२ बेर्नु निस्केमा–गाईको गोबर तताएर निस्केको बेर्नु सेक्नू र बिस्तारै भित्र पसालेर लँगोटा लगाईदिनू, ३।४ दिनमा बेर्नु निस्कन बन्द हुन्छ।

३ सुकेलुतोमा–शरीरमा गोबर खूबसित मल्नू र तातो पानीले स्नान गर्नू। केही दिनमा दिव्य देह भई फोड़ा, फुन्सी र चिलाउने आदि सबै रोग नष्ट हुन्छन्।

४ बिफरको घाउमा–गुइँठाको सफा खरानी कपड़ामा छानेर घाउमा भरिदिनू। बिफर वा दादुरा फुटेको र सिफर भईसकेको भए पनि ठीक हुन्छ।

५ घाउमा–सफा गुइँठाको खरानी घ्यूमा मुछेर घाउमा लगायो भने घाउ आराम हुन्छ।

६ कम्मर दुखे (त्रिक-शूल) मा–गुइँठाको आगाले सेक्नू, कम्मर दुखेको नष्ट हुन्छ।

७ मृतगर्भमा–७ तोला गोबरको रस १ माना गाईको दूधमा

मिलाएर पिलायो भने गर्भमा मरेको बच्चा तत्काल बाहिर निस्कन्छ।

८ अन्नको कीरामा–गुइँठाको खरानी राखेर त्यसमाथि अन्न राख्नाले अन्नमा कीरा लाग्दैन।

९ बारीको कीरामा–तर्कारीको बारीमा कीराले दुःख दियो भने गुइँठाको खरानीको धूलो तर्कारीहरूका डाँठमा र पातहरूमा छरिदियो भने कीराहरू मर्दछन्।

नुन

औलोको जरोमा १, २, ३, ४
खोकीमा ५
दममा ६, ७
हिक्कामा ८
अजीर्णमा ९
पेट दुखेमा १०
गानोको रोगमा ११
दिशा खलास नहुनेमा १२
कपाल दुखेमा १३
कान दुखेमा १४
दाँत दुखेमा १५, १६
घाँटीभित्र सुनिएमा १७
फियो बढ़ेमा १८
हुक पसेमा १९
छोप्ने व्यथामा २०
आमवातमा २१
सुनिएमा २२, २३
थकाईमा २४
मर्केकोमा २५
पुरानो घाउमा २६
लुतो आदिमा २७
दाद र चर्मदलमा २८
खटिरामा २९
कैटे र कल्यौतामा ३०
गोडा फुटेमा ३१
श्वेत कुष्ठमा ३२
सेतो र कालो दागमा ३३
गण्डमालामा ३४
मुसामा ३५
जुकामा ३६
आगाले पोलेमा ३७
वच्छय आदिको विषमा ३८
अफीम र धतुरो आदिको विषमा ३९

नेपाली—नुन । हिन्दी—नमक । संस्कृत—लवण ।

१ जरोमा–मसीनो गरी पिंधेको १ मुठी सिंधेनुन एउटा कराईमा हालेर भुट्नू, रङ्ग बदलिएपछि झिक्नू, चिसो भएपछि छानेर शीशीमा राख्नू । यो धूलो खाली पेटमा जरोको रोगीलाई १ ठुलो चम्चा बराबर तातो पानीमा दिनू । २।३ घण्टासम्म केही खान नदिनू । प्यास चोपट्ट लाग्छ, असह्य भयो भने अलीकति मात्र पानी दिनू ।

भोक लागेपछि हलुका खाना खानदिनू । ठण्डा बचाउनू । २।३ मात्रा खाएपछि जस्तो जरो भए पनि रोकिन्छ । एकुन्द्रो, दुइ दिने, तिजारो र चातुर्थिक जरो पनि नष्ट हुन्छन् । यो अमूल्य औषधी हो । यसले क्षयको जरो पनि आराम गर्छ ।

२ अथवा–२॥ तोला सिंघेनुन २॥ माना तातो पानीमा गालेर अलि-अलि पिलाउनू । यसले न्यूमोनियाँ र औलोलाई पनि नष्ट गर्छ ।

३ अथवा–२॥ तोला सिंघेनुन आगोमा तताएर कालो भएपछि दिनको ३ पटक २।२ मासाको मात्रामा दिनाले पनि न्यूमोनियाँ र औलामा फाइदा गर्छ ।

४ अथवा–१ मासा नुन १ चौथाई तातो पानीमा मिलाएर दिउसो ४।५ घण्टाको अन्तर गरेर पिलाउनू । पहिला पटकमा नै पसीना आएर जरो उत्रन्छ र आराम हुन्छ ।

५ खोकीमा–सिंघेनुनको ढिको आगामा तताएर अलीकति पानीमा भवाई पार्नु र त्यो पानी खोकी लागेको मानिसलाई दिनमा ३ पटक पिलाउनू, खोकी नष्ट हुन्छ ।

६ दममा–सिंघेनुनका साना-साना टुक्रा पारेर यौटा गोल्फुमा हाल्नू र त्यसमा आँकको दूध हाल्नू । यस्ता किसिमले ७ पटक आँकको दूध सुकाएपछि यौटा पालाले गोल्फुको मुख बन्द गरी कपड़मिट्टी गर्नू र ४।५ धार्नी गुइँठाले छोपी आगो लगाई दिनू । गुइँठा जलेर आगो निभेपछि निकालेर त्यो भस्म शीशीमा संरक्षण गरेर राख्नू । यो भस्म रूखो दमको रोगीलाई नौनीसित र कफको रोगीलाई मिश्रीसँग खानदिनू । जस्तो दम भए पनि नष्ट हुन्छ । तेल, अमिलो र पीरो नखानू ।

७ अथवा–कक्कड़को चिलिममा ठेकाको सट्टा नुनको ढिको राखेर कक्कड खाने गर्नू । ६ मैह्रापछि त्यो ठेका मसीनो गरी पिंधेर राख्नू १।२ लालको मात्रा गरी पुरानो दमको रोगीलाई तातो पानीमा खान-दिनू । चिसो पानी एकदम बन्द गर्नू । यसले पुरानो दम पनि नष्ट हुन्छ ।

८ हिक्कामा–नुन पिंधी मसीनो गरी नस हाल्नू, यसले हिक्का र मगजको कीरा पनि नष्ट हुन्छ ।

९ अजीर्णमा–खाने कुरा खाई सकेपछि १ मासा नुन खान दिनु, अजीर्ण नष्ट हुन्छ ।

१० पेट दुखेमा–बिरेनुन, टिमुर सिंधेनुन बराबर मिलाई पिंधी २ मासाको मात्रा गरी तातो पानीसित खान दिनू, पेट दुखेको आराम हुन्छ ।

११ गानोको व्यथामा–बिरेनुन, टिमुर र ज्वानो बराबर मिलाएर पिंधी त्यसमा घ्यूकुमारीको लेदो हाली डल्लो बनाई भुङ्ग्रामा घुसारी दिनु, पाकेपछि निकालेर आधा तोलाको गोली बनाउनु । दिनको ३ पटक १।१ गोली तातो पानीमा दिनु । यसले गानो निर्मूल हुन्छ ।

१२ दिशा खलास नहुनेमा व्यथामा–५ तोला पिंधेको नुनको धूलो १ पाउ घ्यूमा हालेर खूब फेटेर शीशीमा हालीराख्नू । १ तोला यो औषधी राती सुत्ने वेला तातो पानी सित खान दिनू । वेहान दिशा खलास हुन्छ । केही दिन लगातार खायो भने कोष्ठ-बद्धता निर्मूल हुन्छ ।

१३ कपाल दुखेमा–१ मासा सिंधे नुनको धूलो जिभ्रामा राखेर पानीले निल्नू र मसीनो नुनको धूलो नस पनि हाल्नू । कपाल दुखेको नष्ट हुन्छ ।

१४ कान दुखेमा–१ तोला पानीमा ४ तोला सिंधेनुन घोली, त्यसमा १० तोला तिलको तेल मिलाई पकाउनू र पानी मरेपछि तेल छानी शीशीमा हालीराख्नू । कान दुखेको वेला गरम गरी ३।४ थोपा कानमा हाल्नू, कान दुखेको आराम हुन्छ । केही दिन यसको अभ्यास गर्नाले कान पाकेको नष्ट भई बहिरोपन पनि नष्ट हुन्छ ।

१५ दाँत दुखेमा–सिंधेनुन आगामा पोलेर मसीनो गरी पिंधू र शीशीमा हालिराख्नू । यो धुलोले दाँत माज्ने गर्‍यो भने दाँत दुख्ने र कीरा लागेको भए पनि आराम गर्छ । दाँतलाई सफा र बलियो

बनाई दिन्छ ।

१६ अथवा–नुन-पानीले कुल्ला गरे पनि दाँत दुखेको आराम हुन्छ।

१७ घाँटी-भित्र सुनिएमा–केटाकेटीको घाँटी सुनिएर दुख्ने भएमा सिंघेनुनको धुलोमा मह मिलाएर दुखेको ठाउँमा लगाइदिनू, आराम हुन्छ ।

१८ फियो बढ़ेमा–यौटा काँसको भाँड़ामा १ माना पानी हालेर त्यसमा २ लाल सिंघेनुन हाल्नू र त्यो भाँड़ा रातभर खुला ठाउँमा राखी दिनू । बेहान फियोको रोगीलाई दाहिने गोड़ाको बुढ़ी औंलाले देब्रे गोड़ाको बुढ़ी औंलामा टेकाएर शरीरको बोझ औंलामा मात्र पर्नेगरी उभ्याउनू र त्यो पानी पिलाउनू । यस्ता प्रकारले १४ दिनसम्म त्यो पानी पिलायो भने फियोको रोग आराम हुन्छ । औषधी खान शुरू गर्नेबित्तिकै कसैलाई दिशाबाट रगत आउँछ, तर डराउनुपर्दैन; आफैं आराम हुन्छ ।

१९ हुक पसे (पार्श्वशूल) मा–नुन पिंधेर २ ओटा पोको पार्नु र तोरीको तेलमा चोपेर आगामा सेकाई हुक पसेको ठाउँमा पालो-पालोसित सेक्नु र १ मासा नुनको धूलो दिन भरमा ३ पटक तातो पानीसित खान दिनु, हुक पसेको आराम हुन्छ ।

२० छोप्ने व्यथा (मृगी) मा–छोप्नेबित्तिकै रोगीको हातमा अलीकति नुन हालिदिनू, आराम हुन्छ ।

२१ आमवातमा–२।३ मासा नुन तातो पानीसित दिनको २।३ पटक खानाले र तिलको तेलमा नुन मिलाएर दुखेको ठाउँमा मदन गर्नाले धेरै दिनदेखि बन्द भएको जोड़ खुल्दछ र दुखेको र सुनिएको पनि आराम गर्छ ।

२२ सुनिए (शोथ) मा–नुन पानीमा हालेर तताएर छयाप-छयाप गरी लेप जस्तो लगाउँदै र सेक्दै गर्‍यो भने सुनिएको आराम हुन्छ ।

२३ अथवा–तात्तातो नुन-पानीमा सुनिएको अङ्ग डुबाए पनि आराम हुन्छ ।

२४ थकाईमा–तात्तातो नुन-पानीले गोड़ा खूबसित मलेर धोयो भने हिंड़ेको थकाई आराम गर्छ ।

२५ मर्केको (मोच) मा–मर्केको मात्र छ र घाउ भएको छैन भने नुन-पानी मिसाएर तताएर तात्तातै लेप गरिदिनू । मर्केको र दम्को पसेको पनि आराम गर्छ ।

२६ पुरानो घाउ (क्षत) मा–गह्राउने घेरै दिनको फोहोर भएको घाउमा २ माना पानीमा ३ माना नुन मिलाएर दिनको २ पटक त्यो घाउ धुनू । यसले सड़ेको बिग्रेको घाउ र पुरानो घाउको पीप सफा गरी चाँड़ै पुरिदिन्छ ।

२७ चिलाउने (लुतो आदि) मा–२०।२५ माना तातो पानीमा ५ तोला नुन मिलाएको पानीले स्नान गर्ने गऱ्यो भने लुतो-आदि रोग नष्ट हुन्छन्[1], पित्तबाट पैदा भएका साना-साना खटिराहरू पनि नष्ट हुन्छन् ।

२८ दाद र चर्मदलमा–नुनको ढिको पानीमा घोटेर दाद भएको ठाउँमा लेप गरिदिनू । केही दिनसम्म लगाउने गऱ्यो भने पुराना दाद पनि नष्ट हुन्छन् । आराम भइसकेपछि नौनी लगाउने गऱ्यो भने दाद निर्मूल भई फेरि आउँदैन[2] । १ दिनमा ३।४ पटक लगाउने गऱ्यो भने चर्मदल (एक किसिमको कड़ा दाद) भैंसे पनि नष्ट हुन्छ ।

२९ खटिरामा–जुन खटिरा पाक्नू न थाक्नू भएको छ, त्यसमा नुन पानी बाक्लो गरी लेप गरिदिनू र त्यसमाथि तातो खिचड़ी अथवा भात राखी बाँधीदिनू (दिन भरमा ३ पटक लगाउनू) खटिरा चाँड़ै पाकेर फुट्दछ ।

३० कैटे[3] र कथ्यौतोमा–तातो पानीमा नुन पिंधेर गाढ़ा गरेर दिन

---

१ नुन-पानी रौं भएको ठाउँमा धेरै नलगाउनू, यसले रौं चाँड़ै फुलाई सेतो पारि दिन्छ ।

२–कुनै किसिमको दाद हिउँदमा आराम हुन्छ, फेरि बर्सातमा पैदा हुन्छ ।

३–भिरङ्गी (सिफलिस) को कीरा परेपछि कैटे पैदा हुन्छ, त्यो तिघ्राको जोर्निमा डल्लो भएर आउँछ ।

भरमा ३।४ पटक लेप गरिदिनू, यसले कैटे र कल्यौतो आराम हुन्छ।

३१ गोड़ा फुटेमा–४ तोला पहेंलो मईन आगामा पगालेर २ तोला नुनको मर्सानो धूलो मिलाएर राख्नू। यो आगोमा पगालेर फुटेको र प्वाल परेको ठाउँमा भरिदिनू। आराम हुन्छ।

३२ सेतो दाग (श्वेतकुष्ठ) मा–सिंधेनुनको ढिको पानीमा घोटेर शुरूको श्वेत-कुष्ठमा दिनको ३ पटक लगाई दिनू। यसले श्वेत-कुष्ठको चिह्नसम्म पनि हटाई दिन्छ।

३३ सेतो र कालो दागमा–मुखमा वा अरु ठाउँमा भएको दागमा चुक-अमिलोमा वा पानीमा नून घोटेर राती लेप गर्नु र भोजनको पहिलो गाँसमा नुन खाएर अनि भोजन गर्नू, दाग जान्छ।

३४ गण्डमाला (कण्ठमाला) मा–नुन र बबूरको गूँद बराबर लिएर मसीनो गरी पिंध्नु र पानी मिलाएर यौटा झुम्रोमा लगाउन्, अनि गण्डमाला भएको ठाउँमा टाँसीदिनू। बेहान र बेलुका अलि-अलि नुन पनि पानीसित खाने गर्नू[२] गण्डमाला नष्ट हुन्छ।

३५ मुसा (मस्सा) मा–नूनको ढिको पानीमा घोटेर मुसामा लगाउने गर्नू, केही दिनमा मुसा सुकेर नष्ट हुन्छ।

३६ जुकामा–मसीनो गरी पिंधेको नून ३ मासा बेहान गाईको मोहीसित पिलाउने गर्नू, केही दिनमा धेरै दिनका पुराना जुकाहरू पनि नष्ट हुन्छन्।

३७ आगाले पोलेमा–आगाले पोल्नेबित्तिकै पोलेको अङ्ग नुनको धूलोमा गाड़िदिनू वा पोलेको ठाउँमा हावा नपस्ने गरी नुनको धूलो

१–सेतो दाग पहिले अलिकति मात्र शरीरमा उत्पन्न हुन्छ। त्यसलाई उपेक्षा गनलि सारा शरीर भरमा हुन्छ र कुरूप बनाई दिन्छ। अतः सुरूमा नै औषध गर्नुपर्दछ। यो एक प्रकारको कुष्ठ हो; तर सर्ने रोग होइन।

२–घाँटीका वरिपरि गाण्टागाण्टी आई बालकहरूलाई दुःख दिन्छ, यसलाई 'गण्डमाला' भन्दछन्। यसमा क्षयरोगको कीटाणु पाइन्छ, अतः चाँडै नै औषधो गर्न पर्दछ।

हालिदिनू । फोको पनि उठ्दैन र दाह पनि हुँदैन ।

३८ बच्छ्यू आदिको विषमा–चुक अमिलोमा नुन मसीनोसित पिंधी टोकेको ठाउँमा मल्नू र लेप गरिदिनू । यसले बच्छ्यूँ, अरिङ्गाल, माउरी र बिच्छी आदिका विष नष्ट हुन्छन् । (अमिलो नपाए पानीमा पिंधेर लेप गरे पनि हुन्छ) ।

३९ अफीम र धतुरो आदिमा–कसैले अफीम आदि विष खायो र ज्यान-जानलाग्यो भने नुन चर्को भएको पानी पेट भरी पिलाउनू र वमन गराउनू, विष नउत्रेसम्म यस्तै किसिमसित वमन गराईरहनू; विष नष्ट हुन्छ र प्राण बाँच्दछ ।

मह

आँखाका रोगमा १, २,
आँखाका फुलोमा ३
रतौंधी (राती नदेख्ने) मा ४
आँखाको कमजोरीमा ५
कानको रोगमा ६, ७
दाँतको रोगमा ८, ९
दादमा १०
खटिरामा ११, १२, १३
चिलाउनेमा १४
घाउमा १५, १६, १७, १८, १९
खोकीमा २०, २१, २२
वमनमा २३, २४, २५, २६
गठियावातमा २७
आगाले पोलेमा २८, २९
वातरक्तमा ३०
निद्रा नाश गराउनामा ३१
गण्डमालामा ३२
दमगा ३३
रक्तप्रदरमा ३४
जुकामा ३५
हिक्कामा ३६
हाड़ भाँचिएमा ३७
मोटोपन हटाउनामा ३८, ३९
पुंसत्व बढ़ाउनामा ४०, ४१, ४२
जरोमा ४३
क्षयको जरोमा ४४, ४५, ४६
प्रमेहमा ४७ देखि ५३
मूत्रनलीको घाउमा ५४
बेरीबेरी रोगमा ५५
मुखको सुन्दरतामा ५६
फियो बढ़ेमा ५७
बच्चाको दाँत आउनेमा ५८, ५९
खोकीमा ६०
स्याल र कुकुर आदिको विषमा ६१
वारुलोले टोकेमा ६२
मूसाको विषमा ६३

नेपाली—मह । हिन्दी—शहद । संस्कृत—मधु ।

१ आँखाका रोगमा–२ तोला गुर्जोको रस, १ तोला मह र १ तोला सिंधेनुन मिलाएर खूब खल गर्नू । आँखा दुखेको अवस्थामा सलाई[१] ले

१–शीशा वा जस्तो गालेर आँखाका रोग नष्ट हुने बूटीहरूको रसमा झवाई-पारेर शलाका (सलाई) जस्तो बनेकोलाई 'सलाई' भन्दछन् ।

गाजल जस्तो गरी लगाउनाले आँखाका सम्पूर्ण रोग नष्ट हुन्छन ।

२ अथवा–१ मासा गुर्जोको रस, १ मासा सिंघेनुन र १ मासा मह मिलाएर नियम गरेर रोज आँखामा लगाउनाले आँखा चिलाउने, दुख्ने र मोतीबिन्दु समेत नष्ट हुन्छ ।

३ आँखाको फुलोमा–महमा सिंघेनुन घोटेर लगाउनाले केही दिनमा फुलो र पोल्ने पनि नष्ट हुन्छ ।

४ रतौंधी (राती नदेख्ने) मा–मह सलाईले लगाउनु । रतौंधी नष्ट हुन्छ ।

५ आँखाको कमजोरीमा–बेहान बेलुका सलाईले आँखामा मह लगाउनाले दृष्टिक्षीणता नष्ट हुन्छ र आँखाको तेज पनि बढ्दछ ।

६ कानको रोगमा–मह मनतातो पारी कानमा हाल्नाले कान दुख्न नष्ट हुन्छ र कानको घाउ पनि नष्ट हुन्छ ।

७ अथवा–महमा सिंघेनुन, कडुवा तेल र अदुवाको रस मिलाएर मनतातो गरी कानमा हाल्नाले कान दुखेको नष्ट हुन्छ ।

८ दाँतको रोगमा–मह र अमिलो मिलाएर दाँत माझ्नाले दाँत सफा र बलियो हुन्छ ।

९ अथवा–चाँड[1] नै दाँत झर्ने, गिजा सुनिने, पीप आउने र दाँत दुख्ने रोग लाग्यो भने प्रतिदिन महले कुल्ला गर्नू, आराम हुन्छ ।

१० दादमा–सुँपको बिउ पिंधेर मह मिलाई दादमा लगाउनाले दाद नष्ट हुन्छ ।

११ खटिरामा–खटिरामा मासु सड्केको छ भने मह र घ्यू मिलाएर लेप गर्नू, घाउ शुद्ध हुन्छ ।

१२ अथवा–विषाएको घाउ छ भने मह लगाई दिनू, आराम हुन्छ ।

१३ अथवा–चोट लागेको ठाउँमा वरिपरि व्रण निक्ल्यो भने मह र घ्यू लगाई दिनू, आराम हुन्छ ।

१४ चिलाउनेमा–चोट लागेको ठाउँमा वरिपरि झेरै खटिरा आएर

१–डाक्टरहरू यस रोगलाई 'पायरिया' भन्दछन् ।

चिलाउन पनि लाग्यो भने केही दिनसम्म मह लगाउने गर्नू, आराम हुन्छ।

१५ घाउमा–मह लगायो भने घाउ चाँड़ै आराम हुन्छ।

१६ अथवा–कालो तिल पिंधेर मह मिलाएर घाउमा लगायो भने घाउ चाँड़ै नै भरिन्छ र आराम हुन्छ।

१७ अथवा–मह लगाएर आराम भएको घाउमा कालो दाग बस्दैन।

१८ अथवा–फोड़ामा पहिले नै मह लगाएर बाँधी दिएको छ भने फोड़ा बस्तछ, पाक्दैन। (फोड़ामा पीप भई सकेको छ भने मात्र पाक्दछ)।

१९ अथवा–भयङ्कर घाउ भएको छ, सुनिएको छ र पीप आएको छ भने सफा कपड़ा महले भिजाएर घाउमा राखिदिनू, बिस्तारै पीप आउँछ र घाउ सुकेर जान्छ, अनि घाउ आराम हुन्छ।

२० खोकीमा–१ तोला महमा १ मासासम्म मरिचको धूलो हाली चाट्नाले खोकी आराम हुन्छ।

२१ अथवा–१।१ तोला मह दिनको ३ पटक चाट्नाले कफ निक्लन्छ र खोकी आराम हुन्छ।

२२ अथवा–५ तोला महमा २।। तोलासम्म जवाखार मिलाएर चाट्नाले कफ निक्लन्छ र खोकी आराम हुन्छ।

२३ वमनमा–१ तोला श्रीखण्डको काढ़ामा अलीकति मह र मिश्री मिलाएर पिलाउनाले पित्त-वमन नष्ट हुन्छ।

२४ अथवा–आधा तोला मुनक्का पिंधेको लेदो अलिकति मह मिलाएर पिउनाले वमनमा फाइदा हुन्छ। प्यास र दाह पनि नष्ट हुन्छ।

२५ अथवा–१ तोला गुर्जोको काढ़ामा ठण्डा भए पछि अलिकति मह मिलाएर पिउनाले वमन नष्ट हुन्छ।

२६ अथवा–आधा तोला मह र १ मासा जङ्गी हर्रोको धूलो मिलाएर चाट्नाले जरतै वमन भए पनि आराम हुन्छ।

२७ गठिया वातमा–महमा कपड़ा भिजाएर दुखेको ठाउँमा

बाँधिदिनू, वातको वेदना नष्ट हुन्छ ।

२८ आगोले पोलेमा–पोल्नेबित्तिकै मह लगाइदिनू, जलन शान्त हुन्छ र जैलेसम्म घाउ आराम हुँदैन, मह लगाउँदै जानू ।

२९ अथवा–आगोले पोलेमा घाउ निको भइसकेपछि सेतो दाग बस्तछ । त्यो दाग हटाउनालाई रूवाको फाहा महले भिजाएर दागको ठाउँमा बाँधिदिनू, केही दिनमा सफेदीपन गएर छालाकै जस्तो रङ्ग हुन्छ ।

३० वात-रक्तमा–आधा तोला महमा १ तोला घ्यू, आधा तोला तिलको तेल र १ तोला मिश्री मिलाएर पिउनू । वात-रक्त आराम हुन्छ ।

३१ निद्रा-नाश गराउनामा–मह र घोड़ाको राल मिलाएर आँखामा लगाउनाले धेरै निद्रा लाग्ने रोग नष्ट हुन्छ ।

३२ गण्डमालामा–१ तोला सिप्लीकानको जराको काढ़ामा ठण्डा भए पछि अलिकति मह मिलाएर पिलाउनू । गण्डमाला नष्ट हुन्छ ।

३३ दममा–१ तोला त्रिफला र ५ लाल पिप्लाको चूर्णमा मह मिलाएर चाट्नू दम नष्ट हुन्छ ।

३४ रक्त-प्रदरमा–१ तोला डुम्रीको रसमा अलीकति मह मिलाएर चाट्नाले रक्त-प्रदर नष्ट हुन्छ ।

३५ जुकामा–महमा ३ मासा कालीकाठको गेडाको चूर्ण, ६ मासा त्रिफला र २ लाल पिप्लाको चूर्ण मिलाएर चाट्नाले जुका नष्ट हुन्छ ।

३६ हिक्कामा–महमा बिरेनुन र ६ मासा बिमिरोको रस मिलाएर पिउनाले हिक्का बन्द हुन्छ ।

३७ हाड़ भाँचिएमा–महमा कपड़ा भिजाएर भाँचिएको ठाउँमा काम्रो[1] बाँधिदिनू र ३ तोला मह पनि रोगीलाई केही दिन पिलाउनू, भाँचिएको हाड़ जोरिन्छ र आराम हुन्छ ।

३८ मोटोपन हटाउनामा–तातो पानी सेलाएपछि २ तोला मह

१–काम्रो दुइटा काठको छेस्को राखी त्यो ठाउँ हल्लन नपाउन गरी बाँधी दिनू, यसलाई 'काम्रो' भन्दछन् ।

मिलाएर प्रतिदिन सेवन गर्नु। वेकामको बोसो घटेर शरीर ठीक हुन्छ।

३९ अथवा–महमा १ तोला त्रिफलाको कांढ़ा मिलाई पिउनाले मोटापन रोग नष्ट हुन्छ।

४० पुँस्त्व बढ़ाउनामा–दूधमा मह मिलाएर पिउनाले पुरुषत्व वढ्दछ, वीर्यदोष नष्ट हुन्छ र नयाँ रगतका कण बढ्दछन्।

४१ अथवा–इन्द्रियमा बिस्तारै-बिस्तारै सुपारी बचाई मह मल्ने गर्नाले नसाको दुर्बलता नष्ट हुन्छ।

४२ अथवा–सुँघुरको बोसोमा मह मिलाई मालिस गर्नाले पनि लिङ्गको शिथिलता नष्ट हुन्छ।

४३ जरोमा–१ तोला अमिलो दारिमको रसमा मह मिलाएर सेवन गर्नाले पित्त ज्वर शान्त हुन्छ र पातलो झाड़ा पनि बन्द हुन्छ।

४४ क्षयको जरोमा–अवस्था हेरी ५ मासा महमा ९ मासा घ्यू मिलाएर सेवन गर्नाले शरीरको क्षय हुन रोकिन्छ र बलको वृद्धि हुन्छ।

४५ अथवा–२ तोला महमा ४ तोला नौनी मिलाएर वेहान रोगी-लाई चटाउनु क्षयको जरो नष्ट हुन्छ र सम्पूर्ण धातुहरू पुष्ट हुन्छन्।

४६ अथवा–क्षयको जरोमा प्यासले दुःख दिएको छ भने ५ तोला पानीमा १ तोला मह मिलाएर पिलाउनू। तृषा शान्त हुन्छ।

४७ प्रमेहमा–महमा १ मासा हलेदोको धूलो र १ तोला अमलाको रस मिलाएर चाट्नाले प्रमेह नष्ट हुन्छ।

४८ अथवा–१ तोला महमा ३ मासा हलेदोको चूर्ण मिलाएर चटाउनाले प्रमेह नष्ट हुन्छ।

४९ अथवा–१ तोला महमा १ तोला अमलाको रस मिलाई चटाउनू। प्रमेह नष्ट हुन्छ।

५० अथवा–१ तोला महमा १ मासा शिलाजीत मिलाएर चटा-उनू। २१ दिनमा प्रमेह नष्ट हुन्छ।

५१ अथवा–महमा १ तोला सिमलको बोक्राको रस र १ मासा हलेदोको धूलो मिलाएर खानू। प्रमेह नष्ट हुन्छ।

५२ अथवा–महसित पाकेको मालभोग केरा, १ तोला अमलाको रस र आधा तोला मिश्री मिलाएर खाने गरे पुरुषको प्रमेह र स्त्रीको प्रदर पनि नष्ट हुन्छ।

५३ अथवा–मह र १ तोला गुर्जोको रस पिए प्रमेह नष्ट हुन्छ।

५४ मूत्रनलीको घाउमा–मूत्रनलीमा घाउ भएर पिसाब गर्दा कष्ट हुन्छ भने महको पचका लिङ्गेन्द्रिय भित्र हाल्नू, आराम हुन्छ। (पचका हाल्दा पिसाब फिरेपछि मात्र पचका हाल्नू।)

५५ बेरीबेरी[1] रोगमा–१ तोला मह र २ तोला गाईको ताजा घ्यू बेहानबेलुका चाटी १५ मिनटपछि गाईको दूध पिए बेरीबेरी नष्ट हुन्छ।

५६ मुखको सुन्दरतामा–राती सुत्ने बेला मह मुखमा घसेर सुत्नू र बेहान साबुन र तातो पानीले धुनू, केही दिनमा मुख सुन्दर हुन्छ।

५७ फियो बढ़ेमा–१० मासा मह, २ तोला मिश्री, १ रत्ती पिप्ला, ७ गेड़ा मरिच र आधा माना गाईको दूध पिए फियो ठीक भई रगत बढ्छ।

५८ बच्चाको दाँतमा–मह र धङरोको फूलको धूलो मिलाएर बच्चाको गिजामा मल्नाले दाँत चाँड़ै आउँछ र तकलीफ पनि हट्दछ।

५९ अथवा–मह, घ्यू र पिप्लाको धूलो मिलाएर दाँतमा लगाउनाले पनि दाँतको पीडा नष्ट भई दाँत चाँड़ै नै निक्लन्छ।

६० खोकीमा–बच्चाको खोकीमा १ तोला महमा १ रत्ती वंशलोचनको धूलो हालेर चटाउनू। बच्चाको खोकी नष्ट हुन्छ।

६१ स्याल र कुकुर आदिको विषमा–३ तोला मह ५ तोला पानीमा मिलाएर पिलाउनू, घाउमा पनि महको लेप गर्नू, विष उत्रन्छ।

६२ बारुलोले टोकेमा–बारुलाहरूले टोकेको ठाउँमा महको लेप गर्ने र चटाउनाले पनि विष नष्ट हुन्छ।

६३ मूसाको विषमा–१ थोपा सिहुँड़ीको दूधमा आधा तोला कालो निसोथ र मह मिलाएर खानू। अजित नाउँका मूसाको विष नष्ट हुन्छ। (यसले घेरै दिशा लाग्छ)।

१–यो रोगमा गोड़ा सुनिन्छ, दिशा लाग्छ, जरो आउँछ र केही दिनमा हृदय कमजोर हुन्छ।

मैन

वातज-व्रण शूलमा १
गोड़ा फुटेमा २
दर्दमा ३, ४
रेचनी बत्तीमा ५
वातमा (मैनको तेल) ६
भूत-बाधामा ७

नेपाली—मैन। हिन्दी—मोम। संस्कृत—मधूच्छिष्ट।

१ वातज व्रणशूलमा—मैनमा तेल र मिश्री मिलाएर लेप गर्नाले व्रणशूल नष्ट गर्छ।

२ गोड़ा फुटेमा—गोड़ा फुटेकोमा बोसो र मैन पगालेर फुटेको ठाउँमा हालिदिनू, आराम हुन्छ।

३ दर्दमा—५ तोला मैन कचौरामा तताउनू, पग्लेपछि ३ मासा सिंधेनुनको धूलो हाल्नू र यौटा पानीको भाँड़ाको मुखमा कपड़ाले बाँध्नु र मैन छानिएर पानीमा पर्दछ, अनि त्यो रोटी जस्तो बनाई राख्नु। दुखेको ठाउँमा रोटी तातो पारेर सेक्नू; दुख्न एकदम बन्द हुन्छ।

४ अथवा—अङ्गमा दर्द भए आगामा १ चनाजति पहेंलो मैन हाल्नु र धुवाँ दुखेको ठाउँमा लगाउनु, दुखेको आराम हुन्छ।

५ रेचनी बत्ती—७ मासा मैन र २ मासा सिंधेनुन आगामा पगालेर कान्छी औंलाजत्रो मोटो बत्ती बनाउनु र त्यसमा घ्यू लगाएर मलद्वार भित्र हाल्नु र दिसा बस्नु। सुकेको मल निक्लन्छ। कैले कहीं त्यो बत्ती बाहिर आउँछ र मल आउँदैन, यस्तो भयो भने फेरि हाल्नू; १।२ पटकमा दिसा हुन्छ।

६ वातमा मैनको तेल—१ सेर पहेंलो मैन, १ पाउ कपड़छान भएको सज्जीको धूलो र आधा पाउ सावरी नुन भाँड़ामा तताउनू। अनि डमरुयन्त्रबाट तेल निकाल्नू। यस तैलले वातमा फाइदा गर्छ।

७ भूतबाधामा—भूत लागेर मानिस बेहोश भएको छ भने मैनको धुवाँ (धूप) दिनू, बेहोशी नष्ट हुन्छ।

नौसादर

कपाल दुखेमा १
आँखा दुखेमा २, ३
आधा (कपाल) दुखेमा ४, ५, ६
दाँत दुखेमा ७
गला बसेमा ८
श्वासनलीको रोगमा ९
जरोमा १०
खोकीमा ११, १२
फियो बढ़ेमा १३, १४, १५
पिसाबको रोगमा १६
श्वेतकुष्ठमा १७
रक्तपित्त आदिमा १८
घाउमा १९
जहरवातमा २०
चोट लागेमा २१
थुनेलो भएमा २२
मासिक-धर्ममा २३
अण्ड-वृद्धिमा २४
बिच्छीको विषमा २५, २६, २७
सर्पको वचाउमा २८
उपदेशहरू २९

नेपाली—नौसादर। हिन्दी—नौसादर। संस्कृत—नरसार।

१ कपाल दुखेमा—नौसादरको धूलो १।१ मासा ३।३ घण्टामा ३ पटक पानीसित खायो भने कपाल दुखेको नष्ट हुन्छ।

२ आँखा दुखेमा—नौसादर मसीनो पिंधी सलाईले आँखामा लाउनाले जाली, फुलो आदि नष्ट हुन्छन्। मोतीबिन्दु पनि नष्ट हुन्छ।

३ अथवा—नौसादर र फटकिरी बराबर खल गरी आँखामा लगाउनाले पनि आँखाका रोग नष्ट हुन्छन्। मोतीबिन्दु पनि आराम हुन्छ।

४ आधामा—२ रत्ती नौसादर, २ रत्ती कालादाना (लहरेस्यूँड़ी) मसीनो पिंधी पानी मिलाई नाकमा टप्काउनाले र नस हाल्नाले आधा कपाल दुखेको आराम हुन्छ।

५ अथवा—नौसादर र कुटकी खूब पिंधेर शिर र कन्चटमा लेप गर्नाले आधा कपाल दुखेको आराम हुन्छ।

६ अथवा—नौसादर ५ देखि १० रत्तीसम्म दिनको ३-४ पटक खानाले आधा कपाल दुखेको आराम हुन्छ।

७ दाँत दुखेमा—जुनेलो जति नौसादर रूवोको टुक्रामा हाली

दाँतको प्वालमा हाल्नाले दाँत दुखेको तुरुन्त आराम हुन्छ ।

८ गला बसेमा–नौसादर र कुलञ्जन बराबर पानमा राखेर खानाले गला बसेको आराम हुन्छ ।

९ श्वासनलीको रोगमा–१ लाल नौसादर पानमा खानाले श्वास-नलीको रोग नष्ट हुन्छ ।

१० जरोमा–३ रत्ती नौसादर र २।३ गेड़ा मरिच जरो आउनु-भन्दा पहिले तातो पानीमा दियो भने जरो रोकिन्छ ।

११ खोकीमा–१।२ लाल नौसादरको टुक्रा मुखमा राखेर चुस्नाले रुघाबाट भएको खोकी नष्ट हुन्छ ।

१२ अथवा–२।३ लाल नौसादरको धूलो १ तोला असुरोको काढ़ामा हालेर पिउनाले कुकुर-खोकी (सुक्खा खोकी) नष्ट हुन्छ ।

१३ फियो बढ़ेमा–२।३ लाल नौसादरको धूलो २ तोला घ्यूकुमारीको गुदीमा हालेर खानाले फियो र कलेजा बढ़ेको नष्ट हुन्छ ।

१४ अथवा–पौने २ मासा नौसादर, १ तोला मूलाको रससित पिउनाले फियो बढ़ेको नष्ट हुन्छ ।

१५ अथवा–१ रत्तीदेखि ५ रत्तीसम्म नौसादर दिनमा ३ पटक दिनाले फियो र कलेजा-सम्बन्धी रोग नष्ट हुन्छ ।

१६ पिसाबको रोगमा–१ तोला गोखुरूको काढ़ा ३।४ लाल नौसादरको धूलो हालेर पिए मूत्रनलीको रोग र पथरी पनि नष्ट हुन्छ ।

१७ श्वेतकुष्ठमा–नौसादरको धूलोमा मह मिलाएर लगायो भने श्वेतकुष्ठको दाग नष्ट हुन्छ ।

१८ रक्तपित्त आदिमा–नौसादरको धूलो ८ लालको मात्रामा दिनको ३ पटक पार्नासँग खानाले आमाशय, फोक्सो र गर्भाशयबाट हुने रक्त-स्राव आराम हुन्छ । (घेरै दिन खान हुँदैन) ।

१९ घाउमा–१० लाल नौसादरमा ५ लाल पानी मिलाई मलहम बनाउनू, त्यो मलहम घाउमा राखिदिनू, घाउ भरिन्छ र आराम हुन्छ ।

२० जहरवातमा–नौसादरको मलहम लगाए जहरवात नष्ट हुन्छ ।

२१ चोटलागेमा–चोट लागेमा, नील जमेकोमा, हाड़ फुस्किएको वा हाड़ भाँचिएकोमा पनि नौसादरको मलहम बनाई लेप गर्नाले आराम हुन्छ ।

२२ थुनेलो भएमा–थुनेलो भएर थुन गानिएर असह्य वेदना भएको छ भने १ मासा नौसादर दिनको ३ पटक खान दिनाले र नौसादरको मलहम थुनमा लगाउने गर्नाले पनि थुनेलो नष्ट हुन्छ, अरु खटिरा-पटिराले ढाकिएको भए पनि नष्ट हुन्छ ।

२३ मासिक-धर्ममा–नौसादर १ मासाको मात्रामा दिनको ३ पटक दिनाले मासिक-धर्म खुलेर आउँछ ।

२४ अण्डवृद्धिमा–बच्चाको अण्डमा पानी भरिएको छ भने नौसादरको मलहम लगाउनू, आराम हुन्छ ।

२५ बिच्छीको विषमा–नौसादर र हरिताल बराबर पिंधेर बिच्छीको विषमा लगाउनाले बिच्छीको विष नष्ट हुन्छ ।

२६ अथवा–नौसादर, चून र स्वाग यी ३ चीज खूब मसीनो सङ्ग पिंधी सुँघ्नाले बिच्छीको विष उत्रन्छ ।

२७ अथवा–जुनसुकै विषमा पनि ४ मासा नौसादर पानीसित खायो भने विषका विकारहरू सबै नष्ट हुन्छन् ।

२८ सर्पको बचाउमा–नौसादर पानीमा घोलेर घरको वरिपरि छरिदिनाले सर्पहरू त्यसको गन्धले आउँदैनन् ।

२९ उपदेशहरू–

(क) नौसादर ठूलो मात्रा गरी नखानु । १० मासाको मात्रामा खानाले यसको जहरीलो असर देखिन्छ र आमाशय र आन्द्रा आदि विकृत हुन्छन् ।

(ख) यसको विष हटाउन दूध र घ्यू खूब खानु, वमन गराउनु र ठण्डा औषधीको सेवन गर्नु । विष नष्ट हुन्छ ।

माष

पक्षाघातमा १
गठियामा २, ३
अदित वातमा ४
स्नायुको शक्तिमा ५
वात-व्याधिमा ६
हिक्कामा ७, ८
नाथ्रो फुटेमा ९
पित्तको सूजमा १०
निद्रा नलागेमा ११
अजीणमा १२
शरीर दुखेमा १३
फोड़ामा १४
तागत बढाउनु परेमा १५
जरायुको विकारमा १६
दूध बढ़ाउनु परेमा १७
शीतबाट रक्षामा १८
धातुपुष्टिमा १९

नेपाली—माष। हिन्दी—उड़द। संस्कृत—माष।

१ पक्षाघातमा—१ तोला माषको गेड़ा र २ मासा सुठोको काढ़ा पकाएर खानाले पक्षाघात आराम गर्छ।

२ गठियामा—६ मासा अरिणको जराको बोक्रा र ६ मासा माष पकाएर काढ़ा पिउनाले गठिया-वात आराम हुन्छ।

३ अथवा—माषको पञ्चाङ्गको काढ़ा तिलको तेल मिलाएर पकाउनू, यो तेलले गठिया (सन्धिको पीडा) वात र काँधको पीडा नष्ट हुन्छ।

४ अदित वातमा—४ तोला माषको पिठोको वर्री (फुरौला) बनाएर नौनीसित खानू, मुखको अदित-वात नष्ट हुन्छ।

५ स्नायुको शक्तिमा—१ तोला माषको काढ़ामा १ रत्ती सेतीगेड़ीको धूलो मिलाएर पिउनाले स्नायु (नसा) जालको शक्ति बढ्दछ।

६ वात-व्याधिमा—१ तोला माषको काढ़ामा ३ मासा अरिणको जराको धूलो र २ मासा सुठो मिलाई पिउनाले वातव्याधि र आमाशयको विकारबाट पैदा भएको रुघा, अतिसार, प्रवाहिका, लकवा, अलकाई, आमवात र कलेजाका रोगमा समेत आराम गर्छ।

७ हिक्कामा—हलेदो, सनको बोक्रा र माषको पिठो मिलाई चिलिममा हाली तमाखु जस्तै गरी धुवाँ लियो भने हिक्का बन्द हुन्छ।

८ अथवा–माष चिलिममा राखेर धुवाँ लिए हिक्का बन्द हुन्छ ।

९ नाथ्रो फुटेमा–माषको पिठो चिसो पानीमा पिंधी तालुमा लेप गर्नाले नाथ्रो फुटेको थामिन्छ ।

१० पित्तको सूजमा–माष पकाएर सुनिएको ठाउँमा पुल्टिस बाँधे पित्तबाट पैदा भएको शोथ नष्ट हुन्छ ।

११ निद्रा नलागेमा–१ तोला माषको जराको काढ़ा पकाएर पिलाउनाले निद्रा लाग्दछ र हाड़को पीडा पनि नष्ट गर्दछ ।

१२ अजीर्णमा–१ तोला माषको काढ़ा पकाएर १ लाल हींङ मिलाई पिउनाले अजीर्ण नष्ट हुन्छ ।

१३ शरीर दुखेमा–माषको पिठोमा नुन, सुठो र हींङ मिलाएर रोटी बनाउनू र एकापट्टि सेक्नू र आर्कोपट्टि (काँचो भएपट्टि) तिलको तेल लगाएर दुखेको अङ्गमा बाँध्नाले शरीरको पीडा आराम हुन्छ ।

१४ फोड़ामा–माषको पुल्टिस (पीठो पानीमा) पकाएर बाँध्नाले फोड़ा आराम हुन्छ ।

१५ तागत बढाउनु परेमा–माषको छाँटाको पीठो घ्यूमा रातो भुट्नू र मिश्री मिलाई २ तोलाको लड्डू बेहान-बेलुका दूधसित ४०दिन सेवन गर्नू ।

१६ जरायुको विकारमा–प्रकृतिको विचारले ४ तोलासम्म माष भुटेर खाने गर्नाले स्त्रीको जरायु-विकार नष्ट भई खूब हृष्ट-पुष्ट हुन्छन् ।

१७ दूध बढाउनु परेमा–माषको दाल बेहान-बेलुका खानाले स्त्रीको दूध बढ्दछ र बालक हृष्ट-पुष्ट हुन्छन् ।

१८ शीतबाट रक्षा–शरत् ऋतुमा माष खाने गर्नाले शीतबाट रक्षा हुन्छ । शरीर गरम रहन्छ ।

१९ धातु-पुष्टिमा–आधा माना माष, आधा माना गहुँ आधा माना जौ, १ चौथाई मासाँ चामलको पीठो र आधा चौथाई पिप्लाको धूलो आधा माना घ्यूमा भुटेर १ माना चिनीको चास्नीमा माड्नू, ४।५ तोला को लड्डू बेहान-बेलुका दूधसित खानू, रति-शक्ति पनि खूब बढ्दछ ।

परिशिष्ट

द्रव्यको गुणमा कतै दीपन कतै पाचन कतै दीपन पाचन दुवै शब्द लेखिएको हुन्छ—दीपन भनेको अग्नि बढाउने पाचन भनेको आहार पाक गर्ने हो। जो दीपन छ त्यसले पाचन पनि ता गर्छ। अग्नि बढेर तेज भएपछि प्राक गर्दैन र—योटै द्रव्यको गुणमा दीपन पाचन दुइ शब्द लेखिन नपर्ने हो भन्ने शंका पनि हुन्छ, यसमा रहस्य यो छ—

द्रव्यमा भिन्न-भिन्न शक्ति हुन्छ। जसमा दीपन गुण मात्र छ भने त्यसले पाक गर्न शक्तैन जस्तै—यौटा कोठामा डिबिया (बत्ती) बालेको छ भने त्यसले कोठा ता उज्यालो पार्छ; केही वस्तु पाक गर्नसक्तैन। जो पाचन शक्तिवाला छ, त्यसले आहार पाक गर्न शक्तछ, कोठा उज्यालो पार्न सक्तैन, जस्तै दमचूलोको आगो।

कुनै चीज समान गुण भए तापनि तिनीहरूको संयोगमा विरुद्ध गुण पनि उत्पन्न हुन्छ, कुनैमा परस्परकै गुण तीक्ष्ण हुने हुन्छ, कुनै चीज एकै दिनमा केही समयको फरक गरेर पनि खान नहुने छन्; जस्तै—माछा मासु खिचडीहरू खाएका दिन दूध पिउन हुँदैन; विरुद्ध हुन्छ र रक्त दुष्ट गर्दछ। कुष्ठ, वात रक्त जस्ता भयंकर रोग पैदा गर्छ। त्यस्तै उष्ण (गरम) गराएको मह पनि विरुद्ध हुन्छ, मह काढनेहरूले महका चाका पकाएर मह लिन्छन्। त्यसो गरेको महले वमन रिंगटा इत्यादि तुरुन्तै गराइहाल्छ। त्यसो गर्नु हुँदैन। कोही वस्तु पात्रको दोषले विरुद्ध हुन्छ; जस्तै काँसको भाडामा १० दिनसम्म रहेको घिउ विष तुल्य हुन्छ। कुनै मात्रा विरुद्ध हुन्छ जस्तै समभाग घिउ र मह। कालकृत विरुद्ध पनि हुन्छ, राती दही खान हुँदैन आवश्यक परे चिनी र घिउ मिलाइ खानुपर्छ। सातु पनि राति खान हुँदैन; विरुद्ध हुन्छ।

देश-काल संस्कार संयोग इत्यादि कारणबाट द्रव्यको गुण फरक पर्छ, उदाहरणका निमित्त—यौटा मार्सी धान छ, त्यसको लावा बनाउँ सो बहुत हलुका हुन्छ, बहुत कमजोर, अग्नि मन्द भएको बेरामीलाई हित गर्ने हुन्छ। त्यसैको च्युरा बनाउनु सो बहुत दुर्जर हुन्छ, त्यसैको चामलको खट्टे बनाउनु त्यो झन् अपथ्य हुन्छ, त्यसैको भात बनाउनु, अर्कै गुण गर्छ, जाउलोको गुण अर्कै हुन्छ, माडमा अर्कै गुण हुन्छ र रोगीको अवस्थानुसारको पथ्य बताइएको हुन्छ। त्यस्तै घ्यू अमृतै हो, मह पनि हरेक रोगमा अनुपान रूपमा प्रयोग गरिने देव, पितृ, मनुष्य सबैलाई तृप्त गर्ने पंचामृतमध्येकै अमृत हो। यी दुइ चीज बराबर मात्रामा मिलाइयो भने विषको काम गर्छ। त्यस कारण औषध बनाउँदा वा प्रयोग गर्दा द्रव्य मिलाउन पऱ्यो भने आध्यात्मिक दृष्टि भएका ऋषिहरूले देखेर वा अनुभव गरेर लेखिदिएको शास्त्रानुसार नै द्रव्यहरु मेलन, संस्कार, प्रयोग गर्नु श्रेयस्कर हुन्छ। आफ्नो मनमाना गर्दा धोखा पर्ने संभव हुन्छ। शास्त्रमा एक-एक द्रव्यको पृथक्-पृथक् गुण लेखे र पनि ती द्रव्यको संयोगमा भिन्नै गुण लेखेका छन्; जस्तै हर्रो, बर्रो, अमलाहरूको भिन्नै-भिन्नै गुण लेखेर यी ३ द्रव्यको मेल त्रिफलाको गुण भिन्नै लेखिएको छ। त्यो यस प्रकार छ—

हरीतकी (हर्रो) हर्रे

सन्सारमा हर्रो नचिन्ने र प्रयोग नगर्ने मानिस बहुतै कम होलान् इन्द्रले अमृत पान गर्दा १ थोपो जमीनमा गिऱ्यो, त्यसबाट हर्रो उत्पन्न भयो भन्ने प्रमाण छ। हुन पनि विभिन्न तरीकाबाट प्रयोग गर्दा अनेक रोग नाश गरेको अनुभव भैरहेछ। मात्रा र अनुपान कालका भेदले यसले फाइदा नगर्ने कुनै रोगै छैन। यसको सात जात बताएको छ तापनि लोक सुलभ प्रचलित भैरहेको अभया भन्ने ५ रेखा भएको हुन्छ। यसको पनि २ किसिमबाट व्यवहार भै रहेको छ। एकथरि कलिलैमा टिपेर गोमूत्रमा उसिनेर सुकाएर राख्छन्।

कालो वर्णको सानासाना दाना हुन्छ । त्यसलाई जंगी हर्रो भन्दछन् । यसको प्रयोग खोकी लागेमा मुखमा राखेर चुस्ने गछंन् दम र खोकी नाश गर्छ ।

अर्कोथरि परिपक्व भएपछि टिपेर वा आफै भैंमा झरेका जम्बा गरेर राख्छन् । यो पहेंलो रंगको ठूलो हुन्छ, ठीक प्रमाणको भए तौलमा २ तोला हुन्छ; यो उत्तम हो ।

सिन्धूत्थ शर्करा शुण्ठी कणा मधु गुडैः क्रमात् ।
वर्षादिष्वभया प्राश्या रसायनगुणैषिणा ॥

हर्रोबाट रसायनको लाभ चाहने मानिसले वर्षा ऋतु (साउन भदौ) मा सिंधेनुन, शरद् (असौज कार्तिक) मा सखर (चिनी), हेमन्त (मंसीर पूस) मा सुठो, शिशिर (माघ फागुन) मा पिप्ला, वसन्त (चैत वैशाख) मा मह, ग्रीष्म (ज्येष्ठ असार) मा गुड़ (सखर) का साथ सेवन गर्नु ।

द्रष्टव्य—हर्रोको चूर्ण २ मासाको साधारण मात्रा हुन्छ, दिशा कब्ज भएको बलवान् मानिसलाई ५-६ मासाको मात्रा गर्नु पर्छ । मात्रा ठुलो भो भने घेरैपटक दिशा लाग्छ । त्यसमा नुन, सुठो, पिप्लाको चूर्ण हर्राको चूर्ण चार भागको १ भाग मिलाएर तातो पानीसँग भोजनको पछि दुवै टाइम खाने गर्नुपर्छ, अरु चिनी, सखर महहरु मधुर चीज हर्रोको बरोबर वा बढी मिलाएर खाए पनि हुन्छ, रसायन सेवन गर्ने मानिसले परिश्रम अपथ्य आहार उपवासहरू गर्न हुँदैन । ब्रह्मचर्य पालन गर्नुपर्छ स्निग्ध मधुर आहार गर्नु पर्छ ।

उक्त प्रकारले पूरा १ वर्ष सेवन गरेर औषध खान छोडेपछि पनि कमसे कम ३ महीना परेजमा रहनुपर्छ ।

हरीतकी रसायनबाट पाइने फाइदा

अग्नि दीप्त गर्छ । बुद्धि, बल, वीर्य बढाउँछ । नेत्र रोग नाश

गरी तेज बढाउँछ । दिशा पिसाब खलास गर्छ । ग्रहणी, विबन्ध, गानु, गोला, शूल, वमन, हिक्का, हृद्रोग, फीयो, कलेजो बढेको, पथरी, प्रमेह, अर्श, कमलपित्त, दम, खोकी, स्वर बसेको, सूज, पेटका जुका (चूर्ना) रक्त-विकार आदि संपूर्ण रोग निर्मूल हुन्छन् । वृद्धावस्थाले हत्पति आक्रमण गर्नसक्तैन । कपाल फुल्ने र गाला चाउरी पर्ने विरूप हुँदैन ।

साधारण प्रकारले माथि लेखिएका रोगहरू यथा कथंचित् जसो गरी सजिलो हुन्छ उसै गरी सेवन गरे पनि तत्तत् रोग नाश हुन्छन् । त्यसै चपाए पनि अग्नि वर्धक हुन्छ, चूर्ण गरी खाए मल शोधन गर्छ । पकाएर (काढा) पिए दिशा कस्तछ, फुराएर मुखमा राखेर रस चुस्ने गऱ्यो भने त्रिदोष (वायु, पित्त, कफ) नाशक हुन्छ ।

यो चीज सुलभ र सुख प्रयोग, बहु गुण युक्त हुनाले सर्वदा सर्वकाल प्रयोग गरे हानि केही छैन, लाभ असंख्य छ ।

उन्मीलिनी बुद्धिबलेन्द्रियाणां निर्मूलिनी पित्तकफानिलानान् ॥
विस्रंसिनी मूत्र शकृन्मलानां हरीतकी स्यात् सह भोजनेन ॥१॥

अन्नपानकृतान् दोषान् वातपित्तकफोद्भवान् ।
हरीतकी हरत्याशु भुक्तस्योपरि योजिता ॥२॥
लवणेन कफं हन्ति पित्तं हन्ति सशर्करा ॥
घृतेन वातजान् रोगान् सर्वरोगान् गुडान्विता ॥३॥

भोजनका साथ सधैं हर्रोको सेवनले बुद्धि, बल, इन्द्रियशक्तिहरू बढ्दछन् । पित्त, कफ, वायु ठीक प्रमाणमा रहन्छन् । आरोग्यकर हुन्छन्, दिशा पिशाब कफ पित्त जस्ता मलहरू बाहिर निकालिदिन्छ ।

खानपान बाट हुने रोग र ऋतु स्वभावले वात पित्त कफ कुपित भएर हुने काल जन्य रोग पनि भोजन पछि सेवन गरेका हर्रोले हरण गर्छ । नुनका साथ सेवन गर्नाले कफ (कफजन्य रोग) चिनी संग सेवन गर्नाले पित्त (पित्तजन्य रोग) घ्युका साथ सेवन गर्नाले सम्पूर्ण रोग नाश गर्छ ।

हर्रोका विषयमा धेरै लेख्नुभन्दा निम्न श्लोक द्वारा उपसंहार गर्नु योग्य छ ।

हरीतकी मनुष्याणां मातेव हितकारिणी ॥
कदाचित्कुप्यते माता नोदरस्था हरीतकी ॥

मनुष्यका निमित्त आमाले जस्तै अथवा आमाभन्दा पनि बढ्ता हित गर्ने हर्रो छ, किनभने आफूले अनुचित काम गरेमा आमा रिसाउनु हुन्छ, पेटमा परेको हर्रो कुपित हुँदैन र केही हानि गर्दैन ।

त्रिफला

पथ्या बिभीत धात्रीणां फलैः स्यात् त्रिफला समैः ।

हर्रो बर्रो अमला समभाग मिलायो भने त्यो त्रिफला भनिन्छ । त्यसले कफ, पित्त, प्रमेह, विष, कुष्ठ, विषमज्वर, नेत्र रोग, अरुचिहरू नाश गर्छ । मलमूत्र रेचन (खलास) गर्छ । घाउ खटिरा आदि रक्त विकार नाश गर्छ । शीतल छ । सामान्य मात्रा २-३ मासाको हुनुपर्छ । दृष्टि कमजोर हुनेले महसँग रात्री सुत्ने वेला खानु, माटाको वा काँचको गिलासमा बेलुका भिजाइ राख्नू र बिहान त्यो पानीले आँखा धुने गर्नू । पिउने पनि गर्नू । त्यै पार्नाले घाउ खटिरा धुने गर्‍यो भने पनि चाँडै फाइदा हुन्छ । अम्लपित्त अन्तर्दाह हुनेले त्यो पानीमा मिश्री मिलाई पिउनू । पेटमा कब्जियत हुनेले राती तातो पानीसँग आधा तोलाको मात्रा खानू, उपदंशको घाउमा पातलो काढाले धुनू र त्रिफला नै डढाएर कालो भस्म बनाउनू र महमा फेटेर घाउमा लेप लगाउनु चाँडै फाइदा हुन्छ । विद्यार्थीले यो त्रिफला चूर्ण सिंधेनुन मिलाएर राती खाने गर्‍यो भने बुद्धि तीक्ष्ण हुन्छ, स्वर कण्ठ सफा हुन्छ, शरीर पनि पुष्ट हुन्छ र रोगले बाधा गर्दैन । रसायन हुन्छ, त्रिफला चूर्ण पानीमा रयालेर फलामे ताम्के वा कराहीमा लेप गरी बेलुका राख्नू । बिहान त्यो लेप खाने गर्‍यो भने ३-४ महिनामा रसायन हुन्छ । अनेक रोग नाश गर्छ । ग्रन्थान्तरमा त्रिफलाको भाग बनाउँदा अर्कै ढंगले बताएको छ—

एका हरीतकी ग्राह्या द्वौ च योज्यौ बिभीतकौ ।
धात्री फलानि चत्वारि त्रिफलैषा प्रकीर्तिता ॥

१ हर्रो २ बर्रो ४ अमला भन्दा ता सम भाग भएन, भन्ने शङ्का हुन्छ, तर यो पनि सम भागै हुन्छ । किनभने हर्रोको फलको प्रमाण २ तोलाको उत्तम मानिएको छ, बर्राको फलको प्रमाण १ तोलाको छ, अमलाको प्रमाण आधा तोलाको मानिएको छ, तेसो हुनाले मिलाउँदा तौलबाट सम भागै हुनआउँछ, विरोध पर्दैन ।

त्रिकटु

त्यस्तै सुठो मरिच पिप्लाहरूको गुण भिन्न भिन्नै लेखेर यो तीनैवटाको समभागलाई त्रिकटु भन्ने संज्ञा राखेर यसको गुण भिन्नै लेखिएको छ । 'विश्वोपकुल्या मरिचं त्रयं त्रिकटु कथ्यते ।' त्र्यूषण, त्र्योष पनि भनिन्छ । गुण—अग्नि दीपन गर्छ । श्वास, काश, चर्म रोग (चिलाउने खटिरा फुन्सीहरू निस्कने) गानु, गोला प्रमेह, कफ मेदा (मोटोपन) श्लीपद (हाथीपाउ) इत्यादि नाश गर्छ । यसैमा पिप्लामूल मिलाए पछि चतुरूषण भन्ने संज्ञा हुन्छ, यसमा यिनै गुणहरू तीक्ष्ण रूपमा रहन्छन् विशेष फरक पर्ने गुण हुँदैन ।

सुठो

(क) रुचि बढाउने, आमवात (बाथ) नाश गर्ने, पाचन (आहार-पाक) गर्ने, पीरो हलुका स्निग्ध, उष्ण मधुर पाकी (पहिले गरम गरे पनि जाठराग्निले पाक गरे पछि गुलीयो जस्तो शीतल काम गर्ने) वायु, कफ, कब्जियत नाश गर्ने, शुक्र वर्द्धक, स्वर खुलाउने, वमन, श्वास, कास, शूल, हृद्रोग, श्लीपद, सूज, अलकाई (बवासीर) पेट फुलेको इत्यादि नाश गर्छ । आग्नेय गुण बढता हुनाले जलीय भाग सुकाइदिन्छ । दिशा कब्ज गर्छ वायु कफले रोकिएको मल अनुलोमन (वायुलाई तलतिर घचेट्ने) हुनाले खलास पनि गर्छ ।

(ख) अदुवा (आर्द्रक) पनि यस्तै हो । आलो (रसांलो) अवस्थामा भन्दा संस्कार गरी सुकाइएको हुनाले आवस्थिक र संस्कार-

जन्य गुण केही फरक छ। परस्परमा उसको काम उसबाट उसको काम उसबाट पनि लिन सकिन्छ। धेरै विरोध पर्दैन। अदुवाको बोक्रा खुर्केर चुनामा पकाई सुकाएर सुठो बनाउँछन्। बैतडीमा बनेको असल सुठो हुन्छ। भोजनाग्रमा लवणार्द्रक भक्षणको गुण पहिले लेखेको छ हेर्नु होला।

पिप्पली (पिप्ला)

(क) दीपन, मधुर, पाकी, शुक्र वर्धक, रसायन, कटु (पीरो), वात, कफ, श्वास-काश, जलोदर, कुष्ठ, प्रमेह अर्श, प्लीहा (फीयो), शूल, आमवातहरू नाश गर्ने, रेचन (मल निष्काशन) गर्ने हुन्छ। पिप्ला पनि आर्द्र (आलो) ले पित्त शमन गर्छ, शुष्कले पित्त अलि बढाउँछ।

(ख) पिप्लाको चूर्ण महसँग चाट्ने गर्‍यो भने मेदस् (मोटोपना) स्थौल्य नाश गर्छ। श्वास, कास, ज्वर, नाश गर्छ। बुद्धि वर्धक, शुक्र वर्धक हुन्छ।

(ग) गुड पिप्पली—पिप्लाभन्दा द्विगुणा बढ्ता गुड मिलाई खाने गर्‍यो भने जीर्ण ज्वर, अग्नि मान्द्य, कृमि (जुका) पाण्डु (रक्ताल्पता), कास, अजीर्ण इत्यादि रोग नाश हुन्छ।

मरिच

(क) उष्ण, पित्तवर्धक कटु तीक्ष्ण दीपन कफ वात श्वास शूल कृमि (जुका चूर्ना) हरूनाश गर्छ।

(ख) आलो मरिच मधुर पाकी हुन्छ। धेरै गरम (उष्ण) छैन। सुकेर जमेर बसेको घाँटीमा लेसिने कफ यसले पाक गरेर रसाई निकालिदिन्छ।

चतुर्बीज

मेथी, चम्सूर, स्याह्रा जीरा (कालो जीरा), ज्वानु यी ४ बीज

समभाग मिलाएकोलाई चतुर्बीज भन्दछन् । यसको चूर्ण तातो पानी-सँग नित्य सेवन गरे ठूला-ठूला वात व्याधि पनि नाश हुन्छन् । अजीर्ण, शूल, पेट फुलेको, कम्मर कोखा दुख्ने, अरुचि इत्यादि रोग सहजै शान्ति हुन्छन् ।

बेल (बिल्व)

यो सर्वत्र सुलभ र अति प्रसिद्ध चीज पनि हो, अति पवित्र र पौष्टिक रसायन पनि छ । गरम दिनमा पाकेका बेलको सर्बत बनाई प्युने चलन छ, यसले भोक प्यास परिश्रम शान्त गर्छ । दिमाग ठण्डा गर्छ, शरीर पुष्ट गर्छ, विष्टम्भी (दिशा कब्ज) गर्छ, बर्ता खाए अजीर्ण गर्छ ।

आयुर्वेद (निघण्टु) मा पाकेको भन्दा काँचो (बालबेल) को प्रशंसा गरेको छ ।

'फलेषु परिपक्वं यद्गुणवत्तदुदाहृतम् ।

बिल्वादन्यत्र विज्ञेयं ह्यामं तत्तु गुणाधिकम् ॥

अतः यो कच्चै अवस्थामा टिपेर चाना पारी सुकाएर राख्ने चलन छ । यसैलाई बालबेल भन्दछन् । यसको चूर्ण २ मासादेखि ५ मासा सम्म उमेर र अवस्था हेरी मात्रा गरी गुड वा चिनी मिलाई अमिलो दही मोही वा तातो पानीसँग खाने गरे आउँ रगत, केवल आउँ, पखाला, अतिसार, ग्रहणी इत्यादि यावत् पेटका रोग बिल्कुल सफा गरी शरीर हृष्ट पुष्ट बलवर्ण संपन्न गराउँछ । बालकका निमित्त झन् उपयोगी छ, यसमा अलिकति सूठाको चूर्ण मिलाए अरु स्वास्थ्यकर हुन्छ । बेलको पातको रस २ तोलामा मह मिलाएर पियो भने जीर्ण जरो नष्ट हुन्छ । वात व्याधिमा बेलको जराको काढा बहुत उपयोगी छ ।

उदुम्बर (डुम्रो) गूलर

डुम्रीको फल पाकेपछि मीठो हुन्छ; शीतल छ, पित्त, रक्त विकार

बाट हुने व्रण, विसर्प वात-रक्त प्रभृति रोग नाश गर्छ । यसको बोक्रा को काढामा खयरको चूर्ण मिलाइ खाने गऱ्यो भने भयङ्कर वात-रक्त प्रभृति रोग नाश हुन्छ । मात्रा—डुम्री काढा ४ तोलामा खयर चूर्ण १ मासा मिलाउनु पर्छ । पुरानो घाउ खटिरा यसको काढाले धुने गऱ्यो भने चाँडै नै निको हुन्छ । यसको काढा बाक्लो गरी पकाउनू र शिशीमा भरेर राख्नू । यसलाई 'उदुम्बरसार' भन्दछन् । व्रण शोथ, अर्थात् वायु शूल आदि खटिरा हुन आँट्यो भने पहिले शरीरको कुनै अङ्गमा सूजन हुन्छ (सुनिन्छ) दर्द गर्छ । पछि रातो हुँदै जान्छ र पाक्छ । त्यस्तामा सूज देखिनेबित्तिकै यो उदुम्बरसार-को लेप लगाएर कागत टाँसिदिनू । घेरै जसो धातुको रोग हुने मानिसलाई काखीमनि वा काछ (तिघ्राको जोर्नीमा) सूज हुन्छ, साह्रै दर्द हुन्छ—जरो समेत आउँ छ हात वा गोडा नचल्नेसम्म हुन्छ र पाक्छ, बडो दुःख दिन्छ, त्यसलाई कैटे भन्दछन् । त्यस्तो सूज देखिने बित्तिकै उक्त प्रकार लेप गरिदिएमा नपाकीकन सूज बिलाएर जान्छ । उदुम्बरसार नमिले डुम्रीको चोप (दूध) को लेप लगाइदिए पनि उत्तिकै फाइदा हुन्छ । सद्योव्रण (आलो घाउ) मा लेप गरी पट्टी बाँधिदिए जस्तै ठूलो घाउ भए पनि नपाकीकन आराम हुन्छ । ठोकिएको मर्केको ठाउँमा पनि लेप लगाइदिनु छिटै आराम हुन्छ । ग्रेट वारमा विदेशी औषधि महगो र अप्राप्य भएका बखत कलकत्ताका कविराजहरूले टिंचर आयोडीनको सट्टा यो उदुम्बर सारकै प्रयोग गरेर ठूलो फाइदा यश समेत प्राप्त गरेका थिए । रक्त-पित्त दाहमा यसको काढा सेवन गरे फाइदा हुन्छ । आँखा दुखेर सुनिएको रातो भएकोमा पनि यो उदुम्बर सारमा अलिकति फट्किरी मिलाई आँखा भित्र ३ थोपा चुहाइ दिनु बाहिर लेप पनि गरिदिनु फाइदा हुन्छ ।

शतावरी कुरिलो

कुरिलाको जरा साना-साना मूला जस्ता बहुत रसीला हुन्छन् ।

ती जराहरू सफासँग धोएर सफा खलमा थिच्नु र सफा कपडामा निचोर्नु। त्यो रस ४।५ तोलामा २।३ माषा मिश्री मिलाई प्युनु दिमाग ठण्डा हुन्छ; पित्त, रक्त-पित्त, कमलपित्त, दाह, धातु दौर्वल्य प्रमेह प्रदर स्वेत-प्रदर मूत्रदोष शुक्रदोष इत्यादि अनेक रोग नष्ट हुन्छन्। बुद्धि, बल बढाउँछ। नेत्र रोग, हृदयरोग, नाश गर्छ। स्त्री-जाति (गाइ-भैंसी आदि) को दूध बढाउन परेमा यसको रसमा चिनी मिलाइ शरीर र उमेर अनुसार मात्रा गरी ७ दिनसम्म पिलायो भने प्रशस्त दूध आउँछ। शरीर पनि पुष्ट हुन्छ। कुट्न रस निकाल्न नमिले ३।४ वटा जरा तेसै चपाइ दुध वा पानीले नै निल्ने गरे पनि उक्त गुण मिल्छ।

खयर (खदिर) कत्था

यो—गतार्थ प्रायः (पुनरुक्ति भए जस्तो) भो तापनि बोक्राको प्रयोग पहिले दिएको छैन।

खयरको दन्तधावन (दतिवन) लगाउनाले वा तेसै मुखमा राखी रस चुस्ने गरे दाँत हल्लेका भए पनि जम्दछन्, दम खोकी जिभ्राका खटिरा घाँटीका खटिरा नाश हुन्छन्। खदिर कषाय (बोक्राको काढा) ले रक्त-विकार लूतो चिलाउने रोग वात-रक्त कुष्ठ समेत नाश हुन्छ। ठक्कर लागेको मर्केको सुनिएको अङ्गमा यसको लेपले फाइदा गर्छ। प्रमेह प्रदर नाश गर्छ, मुखको कान्ति बढाउँछ।

सिमल (शाल्मली) सेमर

सिमल २ जातको हुन्छ यौटा कूटसिमल अर्को सिमल, कूटसिमल लहरा जस्तो हुन्छ, बहुत लस्सादार कमलो हुन्छ, धातु पुष्ट गर्न र प्रमेह प्रदर मूत्र कृच्छ्र इत्यादि मूत्र दोष धातु दोष दावंल्य रिंगटा पित्त-विकार आदि नाश गरी देह पुष्ट गर्नमा अति उत्तम छ। ४-५ तोला यसको लहरा तेसै चपाए पनि हुन्छ।

अर्को ठुलो रुख हुने सिमलको बोक्राको काढा ४।५ तोलाको मात्रा गरी खाने गरे पित्त, वात-रक्त, रक्त-पित्त आदि रोग नाश गर्छ, धातु पुष्ट गर्छ। यसको फलको रससँग जाउलो भात खानदिनु अतिसार नाश हुन्छ, पुरानो ग्रहणी रोग पनि जान्छ।

सिमलको खोटो प्रवाहिका (आउँ) अतिसार कफ-पित्त रक्त विकार प्रमेह प्रदर, आदि नाश गरी बल-वीर्य पुष्टि बढाउँछ। यसलाई मोचरस भन्छन्।

रसोन (लसुन)

गरुडले स्वर्गबाट अमृत हरण गरी ल्याउ दा १ थोपा दुर्गन्ध भएको जमिनमा गिरेछ र त्यसबाट अमृत तुल्य गुण भएको तर अनिष्ट गन्धवाला लसुन उत्पन्न भयो। यसको विधि पूर्वक सेवन गरे रसायन हुन्छ। शरीरमा भै रहेका रोग निर्मूल पारी बलवर्ण वीर्य बढाइ नीरोगी हृष्ट-पुष्ट दीर्घायु गराउने औषधलाई रसायन भन्दछन्। साधारण तरीकाबाट सेवन गर्दा लशुनको पोटी छोडाएर दिउला मात्र जम्बा गर्नु र घ्यू वा तिलको तेलमा तारेर शिशीमा भरिराख्नु, बिहान-बिहान सानोलाई ३-४ पोटी ठूलोलाई ७-८ पोटीका दरले खाने गर्नू। पछिबाट केही पातलो चीज (दूध, चिया, मोही वा तातो पानी) प्युनू, कमसे कम एक महीना यस किसिमले सेवन गर्नू। गरम चोज परेज गर्नु। घ्यू, दुधसँग पथ्य भोजन गर्नु। परिश्रम, दौड-धूप स्त्री सेवन नगर्नू। पूर्वोक्त रसायनको गुण दिन्छ। अग्नि दीप्त गर्छ, गानु, गोला, दम, खोकी पुरानो ज्वरो पक्षवात जस्ता भयंकर वात व्याधि आम अतिसार ग्रहणी आमवात प्रमेह प्रदर अर्श (अलकाई) पाण्डु रोग, क्षय रोग इत्यादि निर्मूल पार्छ वीर्य वृद्धि गर्छ। कामशक्ति बढाउँछ। यसका गुण अनेक छन्। यसका विषयमा जयपुरका प्रसिद्ध कविराज कृष्णरामजीले लेख्नुभएको छ—

'गुणेष्वेको दोषो गुणिषु नियतं मज्जति यथा

करेष्विन्दोरङ्कः श्रुतिरियमलीकेति कलये ।
तथा ह्युच्चैः पित्त-कफ हृदमरुद् भेदिलशुनं
महातृष्यं लोकैरसुरभितया त्यज्यत इह ॥

चन्द्रमामा रहेको कलङ्क जस्तै घेरै गुणको समूहमा यौटा अवगुण (दोष) तेसै दविन्छ भन्ने यो भनाइ झुट्टै जस्तो लाग्छ; किनभने— अनेक गुणको खानि (महातृष्य) खूब कामशक्ति बढाउने लशुनमा यौटा दुर्गन्ध दोष छ भनेर निन्दित गरेको छ ।

कान पाके दुखेमा लशुनको पोटी डढाएको तेल हाले आराम हुन्छ । सुनिएको दुखेको ठाउँमा यसको लेप लगाउनाले आराम हुन्छ ।

प्राप्तिस्थान—

बाबू माधवप्रसाद शर्मा

के २३।११९, दूधविनायक

वाराणसी–१.

प्राप्ति-स्थान :

बाबू माधव प्रसाद शर्मा

के. २३/११९, पो० बा० नं० १००६, दूधविनायक

वाराणसी-१